# परिच्छेद एक
# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “यो मौसम गजल सङ्ग्रहको कृतिपरक अध्ययन” रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विषयको स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो ।

## १.३. विषय प्रवेश

गजल वर्तमान साहित्यमा एक महत्त्वपूर्ण विधाका रूपमा स्थापित भएको छ । साहित्यका अन्य विधा जस्तै चर्चित यस विधाले वर्तमान मानव जीवनका हरेक पक्षलाई समेट्न सफल रहेको छ ।

घनश्याम न्यौपाने ‘परिश्रमी’ नेपाली गजल साहित्यका अग्रपङ्क्तिका गजलकारका रूपमा स्थापित छन् । गजलसाहित्यमा नै विद्यावारिधि उपाधि हासिल गरेका ‘परिश्रमी’ले थुप्रै गजलसङ्ग्रहहरू प्रकाशित गरिसकेका छन् । तीमध्ये यो मौसम पहिलो गजल सङ्ग्रह हो । यसका बारेमा केही अध्ययन अनुसन्धान गरीए तापनि यसको कृतिपरक अध्ययन भइनसकेकाले यसको समग्र अध्ययन गर्नु अत्यन्त आवश्यक छ ।

## १.४. समस्याकथन

समकालीन नेपाली साहित्यको विविध विधामा आफ्नो बहुमुखी प्रतिभाको परिचय दिने घनश्याम न्यौपाने ‘परिश्रमी’ मूलतः सक्षम गजलकारका रूपमा स्थापित हुन पुगेका छन् । विभिन्न समालोचक तथा शोधकर्ताहरूबाट उनका साहित्यिक कृतिहरूको चर्चा परिचर्चा नभएको होइन तर पनि उनको पहिलो गजलसङ्ग्रह **यो मौसम**को बारेमा कृतिगत रूपमा अहिलेसम्म विस्तृत र व्यापक अध्ययन भएको देखिँदैन । त्यसकारण प्रस्तुत शोधपत्रको समस्या निम्नानुसार रहेका छन् -

(क) गजलको सिद्धान्त र नेपाली गजलको परम्परा के कस्तो छ ?

(ख) घनश्याम न्यौपाने 'परिश्रमी'को साहित्यिक यात्रा के कस्तो छ ?

(ग) गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'का गजलगत मूलभूत प्रवृत्ति र विशेषता कस्ता छन् ?

(घ) घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहभित्र विषयवस्तु, भाव आदिका दृष्टिले के-कस्ता गजलहरू रहेका छन् ?

## १.५. शोधकार्यको उद्देश्य

नेपाली गजल साहित्यको आधुनिक कालअन्तर्गत पुनर्जागरणकालीन प्रतिनिधि गजलकारका रूपमा स्थापित घनश्याम न्यौपाने 'परिश्रमी' नेपाली समालोचनाको फाँटमा युवा समालोचकका रूपमा सुपरिचित छन् । साहित्यको चौतर्फी विधामा उनले पुऱ्याएको अमूल्य योगदान स्वरूप विभिन्न सङ्घसंस्था, पत्रपत्रिका र साहित्यिक कार्यक्रमद्वारा पुरस्कृत, सम्मानित र अभिनन्दित 'परिश्रमी'को अध्ययन अन्वेषण गर्नु नेपाली साहित्यको फाँटमा थप उर्जा पुग्न जाने देखिन्छ । यसकारण प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य निम्न अनुसार रहेकोछ ।

(क) गजलको सिद्धान्त र नेपाली गजलको परम्पराको खोजी गर्ने ।

(ख) घनश्याम न्यौपाने 'परिश्रमी'को साहित्यिक यात्रा र योगदानको निक्र्यौल गर्ने ।

(ग) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा अन्तर्निहित मूल प्रवृत्ति र विशेषताहरूको पहिचान गर्ने ।

(घ) घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्ने ।

## १.६. पूर्व कार्यको समीक्षा

नेपाली साहित्यको विविध विधामा आफ्नो कलम अगाडि बढाउँदै आएका घनश्याम न्यौपाने 'परिश्रमी'को सर्वाधिक योगदान मूलतः गजलकारिताको क्षेत्रमा रहेको छ । आधुनिक नेपाली साहित्यमा गजल विधालाई सक्षम र स्थापित विधाको रूपमा उभ्याउन महत्त्वपूर्ण योगदान दिँदै आएका 'परिश्रमी'को गजलकारिताको बारेमा केही शोध तथा व्याख्या विश्लेषण भए तापनि समग्ररूपमा अध्ययनको कमी देखिएको छ । उनको गजलकारिताको बारेमा गरिएका समीक्षाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

ललिजन रावलले **यो मौसम** गजलसङ्ग्रह (२०५०) को पृष्ठावरणमा उनलाई शृङ्गारिक मूल्य र मान्यता भन्दा पृथक रूपमा नवीन विषयवस्तु, मूल्यमान्यतालाई आत्मसात् गर्दै प्रगतिवादी स्वर सूसेल्ने प्रतिभाशाली गजलकार तथा साहित्यकारको रूपमा मूल्याङ्कन गरेका छन् ।

मनु ब्राजाकीले 'यो मौसम गजलसङ्ग्रह (२०५०) को 'यो मौसमको स्वागत गर्दा' नामक लेखमा घनश्याम न्यौपाने 'परिश्रमी'लाई शाश्वत् विषयलाई नवीन परिप्रेक्ष्यमा नयाँ पाराले प्रस्तुत गर्न सक्ने प्रतिभावान् गजलकार नेपाली गजलकारिताको क्षेत्रमा आफ्नो वैशिष्ट्र्यता प्रदान गर्ने थोरै गजलकारहरू भित्रका एक गजलकारका रूपमा लिएका छन् ।

धरणी गौतमले **यो मौसम** (सौदामिनी प्रकाशन नवलपरासी २०५०) को आमुखमा परिश्रमीका गजलहरूको नवीन मूल्य र मान्यतागत वस्तुतथ्यलाई प्रस्तुत गरेका छन् ।

धमेन्द्र भट्टराईले मिर्मिरे (वर्ष २५, अङ्क ६, पूर्णाङ्क १३३, काठमाडौँ) पृ.१०३ को यो मौसमभित्र डुबुल्की मार्दा नामक लेखमा 'परिश्रमी'लाई गजल विधामा आफ्नो छुट्टै वैशिष्ट्यता प्रदान गर्दै गुणात्मक गजल लेखनमा सचेष्ठ गजल स्रष्टा एवं साहित्यकार व्यक्तित्त्वको रूपमा उभ्याएका छन् ।

रामप्रसाद ज्ञवालीले 'सामाजिक यथार्थको धरातलमा यो मौसम' (सुनकोशी साहित्य प्रतिष्ठान, पूर्वाञ्चल ०५३, ज्येष्ठ पृष्ठ १२९) मा आधुनिककालीन नेपाली कविता विधाकै एक उपविधाका रूपमा रहेको गजलको रूपलाई परिष्कृत र परिमार्जित शैलीमा अगाडि बढाउँदै सङ्ख्यात्मक गजल लेखनभन्दा गुणात्मक लेखनमा सचेत गजलकारका रूपमा घनश्याम न्यौपाने 'परिश्रमी'लाई परिचित गराएका छन् ।

मधुसुदन गिरीले मिर्मिरे, (वर्ष २५, अङ्क ९, पूर्णाङ्क १३६, ०५३) को 'घामको छहारीमा तुषारोको अनुभूति' नामक लेखमा नेपाली कविता यात्रामा गीतिमय, तरल लय विधानको प्रवृतिसहित पुनर्जागरीत गजल विधालाई रुचिपूर्ण विधाका रूपमा स्थापित गराउने नेपाली साहित्यकै महत्त्वपूर्ण व्यक्तित्त्वका रूपमा 'परिश्रमी'लाई मूल्याङ्कन गरेका छन् ।

रमेश गोर्खालीले 'विकासवादी नेपाली गजल र अब्बल प्रतिभा घनश्याम परिश्रमी' - गजल, पूर्णाङ्क ४, काठमाडौँ : प्रवाह परिवार २०५४ (पृष्ठ १९) शीर्षक समीक्षामा नेपाली

गजल क्षेत्रमा परिश्रमीका गजलमा पाइने विषयगत विविधता अभिव्यक्तगत नवीनता र भावगत गम्भीरताको उल्लेख गर्दै उनका गजलहरूलाई उच्च कोटिका गजलका रूपमा मूल्याङ्कन गरेका छन् ।

अमर त्यागीले **वन्दना**, वर्ष १७, अङ्क ३ (काठमाडौँ डी.बी. निरौला २०५५ पृष्ठ ५९) मा 'आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने 'परिश्रमी'को गजलकारिता' शीर्षक समीक्षामा 'परिश्रमी'को गजलकारिताको विविधपक्षको व्याख्या गरेका छन् ।

माधव काफ्ले **नव प्रज्ञापन** (वर्ष ६, पूर्णाङ्क २८, ०५५, पृष्ठ ३७) को 'परिश्रमी'को सार्थक परिश्रमको उदाहरण' नामक लेखमा 'परिश्रमी'लाई नेपाली साहित्यको गजल विद्यामा नवीन मूल्य, मान्यता र कलात्मक सौँचका साथै परिष्कृत र परिमार्जित परम्परालाई अङ्गीकार गरी गजल विधाको समुन्नत विकास गर्नुका साथै यस विधालाई अग्रगति तर्फ उन्मुख गराउन साधनारत साधकका रूपमा मूल्याङ्कन गरेका छन् ।

अमर त्यागीले **मधुपर्क** (वर्ष १७, अङ्क ३, पूर्णाङ्क ४१, २०५५ काठमाडौँ) मा 'नेपाली गजलको परम्परा र प्रवृत्ति' नामक समीक्षात्मक लेखमा नेपाली गजल फाँटमा २०३६ पश्चात् परम्परागत मूल्य मान्यता एवं वैचारिक धरातलमा रहेर नवीन मूल्य मान्यता एवं विषयवस्तुलाई आत्मसात् गरी गजल क्षेत्रमा योगदान गर्ने गजलकारको रूपमा परिश्रमीलाई लिएका छन् ।

धमेन्द्र भट्टराईले नै 'गजलकार 'परिश्रमी' र उनको गजलकारिता' **सृष्टिदृष्टि** - विरगञ्ज प्रतीक प्रकाशन २०५५ (पृष्ठ ६१) शीर्षक समीक्षामा परिश्रमीको गजलकारिताको विषयगत भावगत र वैचारिक मान्यताको आकलन गरेका छन् ।

सुकुम शर्माले 'समकालीन नेपाली द्वैमासिक पत्रिका' (वर्ष ४, पूर्णाङ्क ७, काठमाडौँ २०५६) को 'घामको छहारीमा उभिएका गजलहरूको गाँठो फुकाउँदा' नामक लेखमा 'परिश्रमी' लाई आधुनिक गजल क्षेत्रमा नवीन मूल्य मान्यताको गहन अध्ययनका साथै शृङ्गार र प्रेम वर्णनदेखि अलग रहेर पनि गजल लेख्न सकिन्छ भन्ने मान्यताका अगुवा गजलकारका रूपमा हेरेका छन् ।

अर्जुनप्रसाद पौडेलले "घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०५८) मा परिश्रमीको गजलकारिताको विषय भाव र प्रवृत्तिको बारेमा स्पष्ट पारेका छन् र **यो मौसम** गजलसङ्ग्रहको चर्चा समेत गरेका छन् ।

विजय सुब्बाले **ज्योति** साहित्यिक पत्रिका (वर्ष १, अङ्क १, २०६१, प्रकाशक नेपाल विद्युत प्राधिकरण, विद्युत्कर्मी साहित्यिक समाज) को 'जुनुमामा बाल गजल-सङ्ग्रहका केही सन्देशहरू' नामक समीक्षात्मक लेखमा घनश्याम न्यौपाने 'परिश्रमी' लाई नेपाली बालगजलका प्रर्वतकका रूपमा लिनुका साथै उनका बाल गजलहरूको विभिन्न कोणबाट संक्षिप्त अध्ययन र विश्लेषण गरेका छन् ।

यादव भट्टराईले **छलफल साप्ताहिक** (वर्ष २२, अङ्क २०, २०६१ ज्येष्ठ, काठमाडौँ) को 'जून चुहेको रातमा परिश्रमी' नामक कृति समीक्षात्मक लेखमा 'परिश्रमी'लाई आधुनिक गजल विधाका सशक्त हस्तीका रूपमा मूल्याङ्कन गर्दै **जून चुहेको रात**का गजलहरू प्रगतिशीलताका दृष्टिले महत्त्वपूर्ण रहेको कुरा उल्लेख गरेका छन् ।

कृष्णप्रसाद बस्यालले **अनुराग** (वर्ष १, अङ्क ४, ०६१ पृष्ठ ५८) मा प्रकाशित 'जून चुहेको रातः एक विश्लेषण' नामक लेखमा 'परिश्रमी' को **जून चुहेको रात** गजल सङ्ग्रहको समीक्षा गर्दै उनलाई आधुनिक गजल क्षेत्रका महत्त्वपूर्ण आयामका रूपमा लिएका छन् ।

कपिल लामिछानेले गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' शीर्षकको समिक्षा (२०६१, **रचना**, वर्ष ४४, पूर्णाङ्क ८१, कार्तिक-मङ्सिर पृष्ठ ६३-६६) मा 'परिश्रमी'का गजलमा पाइने विशिष्टताको साथै **जून चुहेको रात** गजलसङ्ग्रहका गजलको सङ्क्षिप्त चर्चा गर्दै यस गजलसङ्ग्रहलाई समसामयिक विसङ्गतिको आलोचकका रूपमा रहेको कुरा उल्लेख गरेका छन् । यसमा यो मौसम गजलसङ्ग्रहको अध्ययन गरिएको छैन् ।

कृष्णप्रसाद बस्यालले "डा. घनश्याम न्यौपाने 'परिश्रमी'को गजलकारिता" (अप्र) त्रिभुवन विश्वविद्यालय, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा प्रस्तुत नेपाली विषय स्नाकोत्तर तहको शोधपत्र (२०६२)मा गजलकार 'परिश्रमी'लाई गजलको संरचनाको सैद्धान्तिक आधार तत्त्वलाई अङ्गिकार गर्दै गजलको रचना गर्ने 'परिश्रमी'ले शृङ्गारिकताको सीमित मानसिकतामा अल्मलिएर बसेको नेपाली गजललाई समसामयिक युग सापेक्ष

विषयवस्तुमा अगाडि बढाउँदै आफ्नो वस्तुवादी-प्रगतिवादी दृष्टिकोणलाई गजलात्मक स्वरूप दिने प्रगतिवादी गजलकारका रूपमा उल्लेख गरेका छन् र **यो मौसम** गजलसङ्ग्रहको समेत अध्ययन गरेका छन् ।

कपिलदेव लामिछानेले घनश्याम न्यौपाने 'परिश्रमी'का गजलको अर्न्तवस्तु नामक समालोचना (२०६२, **यथार्थवादी नेपाली समालोचना** पृष्ठ २९५-२९७) मा 'परिश्रमी'को **जून चुहेको रात** गजल सङ्ग्रह भित्रका गजलको अर्न्तवस्तुका सम्बन्धमा उल्लेख गरेका छन् । शृङ्गारिक विषयमा मात्र केन्द्रित नरही 'परिश्रमी'ले समाजलाई जसरी देखे, भोगे र अनुभव गरे त्यसैको उपजको रूपमा 'जून चुहेको रात' गजल सङ्ग्रह देखापरेको छ । प्रगतिवादी मान्यता अनुरूप शोषित पीडित र सर्वहाराको पक्षमा दृढतापूर्वक उभिनुपर्छ भन्ने मान्यता प्रस्तुत गजलसङ्ग्रहका गजलका सेरहरूले आत्मसात् गरेको पाइन्छ । वर्तमान परिप्रेक्ष्यमा देखापरेको सामाजिक, राजनैतिक, सांस्कृतिक, धार्मिक एवम् आर्थिक विकृति र विसङ्गगति नै 'परिश्रमी'का गजलको अर्न्तवस्तुका रूपमा रहेको हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

कृष्णहरि बरालले **गजल सिद्धान्त र परम्परा** (ललितपुर, सा.प्र. २०६४ पृष्ठ १२९) नामक ग्रन्थमा 'परिश्रमी'को गजलकारिताको मूल्य मान्यता र वैशिष्ट्यको चर्चा गरेका छन् ।

बालिका आचार्यले "डा.घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी व्यक्तित्त्व र **जून चुहेको रात** गजल सङ्ग्रहको अध्ययन" २०६५ (अप्र.) त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जमा प्रस्तुत स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्र मा गजलका मूल्य मान्यतालाई आत्मसात् गरी परिष्कृत र परिमार्जित गजलका स्रष्टा 'परिश्रमी'ले गजलमा समसामयिक विकृति विसङ्गगति अन्याय अत्याचार र शोषण दमनका विरुद्धमा आवाज उठाउँदै आफ्ना गजलहरू लेखेका छन् भन्दै 'परिश्रमी'को गजलकारिताको बाह्य पक्षमा स्वच्छन्दतावादी-प्रगतिवादी प्रवृति रहेको छ भन्ने कुरा उल्लेख गरेकी छन् ।

प्रतिभा पुनले "घनश्याम न्यौपाने 'परिश्रमी'को समालोचनाकारिता' (अप्र.) त्रिभुवन विश्वविद्यालय अर्न्तगत भैरहवा बहुमुखी क्याम्पस, स्नातकोत्तर तह दोस्रो वर्षमा प्रस्तुत शोधपत्र (२०६५) मा गजललाई आफ्नो जीवनको पर्याय ठान्ने 'परिश्रमी' नेपाली गजल विधामा नै पहिलोपटक विद्यावारिधि गर्न सफल व्यक्तित्त्व हुन् भन्दै गजलकै विषयमा

खोज अन्वेषण गर्ने गजल स्रष्टा 'परिश्रमी'लाई गजलका सिद्धान्तकार व्यक्तित्त्वका रूपमा उल्लेख गरेकी छन् ।

विजय सुब्बाले गजल समीक्षा (काठमाडौं दोभान प्रकाशन पृष्ठ १५७-१६७, २०६६) अन्तर्गत 'संरचनात्मक दृष्टिमा **जून चुहेको रात** गजलसङ्ग्रह' शीर्षकको समीक्षामा घनश्याम न्यौपाने परिश्रमीलाई एकजना गम्भीर गजलकारका रूपमा चर्चा गर्दै वर्तमान गजलपुस्तालाई नेतृत्व गरिरहेका गजलकार भनेका छन् । उनले परिश्रमीको गम्भीरता गजल मार्फत् भाव वा विचार सम्प्रेषण गर्दा देश जनता र समाजका लागि गरिनुपर्छ भन्ने पक्षमा एकातिर देखिन्छन् भने अर्कातिर गजल विधालाई स्थापित र लोकप्रिय बनाउन यसको संरचना वा मौलिक पक्षलाई राम्ररी समाउनैपर्छ भन्नेमा पनि देखिन्छन् भनेका छन् । यसरी नै गजलकार 'परिश्रमी'लाई गजलका सेरहरूमा पर्याप्त व्यङ्ग्यभाव ओकल्ने वा हान्नैपर्ने तारोलाई ठाउँमै लगाएर खुत्रुक्कै पार्ने व्यङ्ग्यकारका रूपमा समेत लिएका छन् ।

अमर त्यागीले "घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा सामाजिक चेतनाको अध्ययन" शीर्षकको त्रि.वि.वि.वीरेन्द्र बहुमुखी क्याम्पस चितवन, नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (२०६७) मा गजलकार 'परिश्रमी'का गजलमा पाइने सामाजिक चेतनाको अध्ययन गरेका छन् । यसमा यो मौसम गजल सङ्ग्रहमा पाइने सामाजिक चेतनाको बारेमा अध्ययन गरीए तापनि यस सङ्ग्रहको समग्ररूपमा अध्ययन गरिएको छैन ।

## १.७. अध्ययनको औचित्य महत्त्व र उपयोगिता

नेपाली साहित्यका विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभासम्पन्न साहित्यिक व्यक्तित्त्व 'परिश्रमी' मुख्यतः गजलकारका रूपमा प्रतिष्ठित देखिन्छन् । उनको गजलकारिताको बारेमा शोध कार्यहरू भइसकेका र भइरहेका छन् । तापनि पहिलो गजलसङ्ग्रह **यो मौसम**को कृतिपरक अध्ययन अद्यपर्यन्त नभएकाले यस विषयमा शोधगर्नु औचित्यपूर्ण देखिन्छ ।

प्रस्तुत शोधपत्रको अध्ययनबाट नेपाली साहित्यका अध्येताहरूलाई थप उर्जा र हौसला प्रदान हुनेछ तसर्थ प्रस्तावित शोध औचित्यपूर्ण, महत्त्वपूर्ण र उपयोगी सावित हुनेछ ।

## १.८. शोधकार्यको सीमाङ्कन

बहुमुखी प्रतिभाका सिर्जनकार्य अन्तर्गतका महत्त्वपूर्ण सिर्जनात्मक कृतिका रूपमा रहेको **यो मौसम** गजल सङ्ग्रहमा सङ्कलित गजलहरूको अध्ययन र विश्लेषणमा नै यो शोध सीमित गरिएको छ ।

## १.९. शोधविधि

प्रस्तुत शोधकार्यको लागि निम्नलिखित विधि अवलम्बन गरिएको छ ।

### १.९.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि मुख्यतः पुस्तकालयीय विधि अवलम्बन गरिएको छ । यसका साथै कृतिकार र उनीसँग निकट रहेका सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क गरी जानकारी लिइएको छ ।

### १.९.२. विश्लेषण विधि

शोधकार्यको क्रममा प्राप्त सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक विधिमा प्रस्तुत गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित ७ परिच्छेदमा विभाजन गरिएको छ । यस शोधपत्रको परिच्छेद विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेका छन् :

परिच्छेद-एक : शोध परिचय

परिच्छेद-दुई : घनश्याम न्यौपाने 'परिश्रमी'को सङ्क्षिप्त परिचय र साहित्यिक यात्रा

परिच्छेद-तीन : गजल सिद्धान्त र नेपाली गजल परम्परा

परिच्छेद-चार : गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'का गजलगत मूलभूत प्रवृति र विशेषताहरू

परिच्छेद-पाँच : **यो मौसम** गजल सङ्ग्रहको कृतिपरक अध्ययन

परिच्छेद-छ : गजल सिद्धान्तका आधारमा **यो मौसम** गजलसङ्ग्रहका गजलहरूको संरचनागत अध्ययन

परिच्छेद-सात : शोधनिष्कर्ष

१) सार सङ्क्षेप

२) निष्कर्ष

# परिच्छेद दुई

# घनश्याम न्यौपाने 'परिश्रमी'को सङ्क्षिप्त परिचय र साहित्यिक यात्रा

## २.१ परिचय

घनश्याम न्यौपने 'परिश्रमी'को जन्म २०१५ साल असार १४ गते गण्डकी अञ्चलको स्याङ्जा जिल्ला अन्तर्गत श्रीकृष्ण गण्डकी गा.वि.स.२ बलाम नित्यडाँडामा भएको हो ।[१] पिता रुक्मागत न्यौपाने र माता तारादेवी न्यौपानेको कोखबाट जन्मिएका 'परिश्रमी' विद्यार्थी जीवनदेखि नै साहित्य साधनामा लागेका हुन् ।[२] नवलपरासीको वर्दघाटमा स्थायी वसोवार भएका 'परिश्रमी' २०५९ देखि रूपन्देहीको भैरहवामा बस्दै आएका छन् । नेपालीमा एम.ए. व्याकरणमा आचार्य र गजलमा विद्यावारिधी गरेका 'परिश्रमी' हाल भैरहवा बहुमुखी क्याम्पसमा अध्यापन पेसामा संलग्न रहेका छन् ।[३]

सिस्नुपानी नेपाल (आजीवन सदस्य) स्याङ्गजा साहित्य प्रतिष्ठान (आजीवन सदस्य) गजल सागर नेपाल (संरक्षक) सुदुर पश्चिामाञ्चल गजल मञ्च (प्रमुख सल्लाहकार) आदिजस्ता सङ्घ-संस्थामा आवद्ध रहेका 'परिश्रमी'ले **सगर**, **झरना**, **मुर्च्छना**, **नानी**, **रजस्थल**, **निसाप**, **युगदर्पण** आदि पत्रिकाको सम्पादन पनि गरेका छन् ।[४] 'परिश्रमी' मूलतः गजलकार व्यक्तित्वका रूपमा स्थापित छन् भने समालोचक एकाङ्कीकार, कवि, कथाकार, निबन्धकार र गीतकार व्यक्तित्वका रूपमा पनि परिचित छन् । **जागजाग** कविता २०३१ मा प्रकाशित गरी आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका 'परिश्रमी'ले हालसम्ममा एक दर्जन जति कृति प्रकाशन गरिसकेका छन् ।[५] उनका प्रकाशित कृतिहरू यस प्रकार छन् ।

१. **अन्त्यमा** (खण्डकाब्य २०३६)

२. **यौ मौसम** (गजलसङ्ग्रह २०५०)

३. **घामको छहारीमा** (गजसङ्ग्रह २०५३)

४. **साहित्य सन्दर्भ** (समालोचना सङ्ग्रह २०५५)

---

१. शोधनायकले दिएको जानकारीबाट प्राप्त ।

२. प्रतिभा पुनः, घनश्याम न्यौपाने 'परिश्रमी'को समालोचना कारिता (अ.प्र.) स्नातकोत्तर शोधपत्र नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस २०६५) पृ.८

३. शोधनिर्देशकबाट प्राप्त जानकारीबाट

४. कृष्णप्रसाद बस्याल, घनश्याम न्यौपाने 'परिश्रमी'को गजलकारिता (अ.प्र.) स्नातकोत्तर शोधपत्र नेपाली विभाग, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा (२०६२) को अध्ययनबाट प्राप्त जानकारी ।

५. ऐजन

५. **जुनुमामा** (संयुक्त बालगजल सङ्ग्रह २०६०)

६. **जून चूहेको रात** (गजल सङ्ग्रह २०६०)

७. **राम्रा चाचा मीठा पापा** (बाल गजलसङ्ग्रह २०६३)

८. **गजल भूमिकावली** (२०६३, गजलकृतिहरूको भूमिका)

९. **गजल सौन्दर्य भीमांसा** (गजल सिद्धान्त २०६४)

माथि उल्लिखित साहित्यिक कृतिका अतिरिक्त विभिन्न पाठ्यपुस्तकका साथसाथै विभिन्न पत्रपत्रिकामा लेख रचनाहरू प्रकाशित छन् । मनु बाज्राकीको गजल लेखनबाट प्रभावित भई गजल विधातर्फ आकर्षित भएका 'परिश्रमी'को २०४४ को मधुपर्कमा प्रकाशित 'जिन्दगी त जिएकै छु' नामक गजल नै प्रथम प्रकाशित गजल हो । साहित्यका विविध विधामा पुऱ्याएको योगदान स्वरूप 'परिश्रमी' राष्ट्रिय शिक्षा पुरस्कार (२०४६), रत्न पुरस्कार (गजल विधाका लागि २०४६), काली गण्डकी साहित्य कला पुरस्कार (२०५५), कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कार (२०५६), गजलश्री सम्मान (२०६०), तन्नेरी प्रतिभा पुरस्कार (२०६०) लगायत विभिन्न पुरस्कारबाट पुरस्कृत, सम्मानित र अभिनन्दित भएका छन् ।[६]

गजल सिद्धान्तलाई अनुसरण गर्ने 'परिश्रमी'ले बहरमा गजल रचना गरेका छन् । फारसी बहरको मात्रै पछि नलागी उनले लोकलय एवं स्वनिर्मित लयलाई पनि स्थान दिएका छन् । नेपाली माटोलाई सुहाउने गरी गजल लेख्ने 'परिश्रमी' प्रगतिशील, मानवतावादी, यथार्थवादी, गजलकार हुन् । उनका गजलमा सुख, दुःखका यथार्थ अनुभूति व्यक्त हुनुका साथै सामाजिकता समसामयिकता, दार्शनिक चिन्तन, राष्ट्रियता, रुढीवादप्रति आलोचनाको साथै शृङ्गारिकताको भाव अभिव्यक्त भएको पाइन्छ ।[७]

## २.२. साहित्य लेखनका लागि प्रेरणा र प्रभाव

बाल्यअवस्थादेखि नै साहित्यप्रति आकर्षित भएका 'परिश्रमी'को जन्म पण्डित, पुरोहित परिवारमा भएको हुँदा संस्कृतका श्लोकहरू सुन्दासुन्दै अर्थ नबुझ्दै पनि तिनका लयात्मक कलाले प्रभावित भई कविता लेख्ने र सुनाउने गर्दथे ।[८] २०२८ सालमा जतिवेला उनी कक्षा ८ मा पढ्थे र १३ वर्षका थिए त्यतिवेलादेखि उनले जानेर, बुझेर कविता लेख्न थालेका थिए । आफ्नो अभावग्रस्त बाल्यवस्थाका तिता-मीठा अनुभव एवं अनुभूति र शोषणयुक्त समाज नै उनलाई साहित्यिक जगत्मा प्रविष्ट गराउने कारक

---

[६]. शोधनायकबाट प्राप्त जानकारी ।

[७]. घनश्याम न्यौपाने 'परिश्रमी'का गजलसङ्ग्रहहरूको अध्ययनबाट प्राप्त जानकारी ।

[८]. प्रतिभा पुन, पूर्ववत् पृ.९ ।

तत्त्व भएको बुझिन्छ ।[९] साहित्यका विभिन्न विधा उपविधामा कलम चलाउने 'परिश्रमी'ले कविता लेखनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको मानवतावादी चिन्तनबाट गजल लेखनमा मनु ब्राजाकी तथा ललिजन रावल समालोचनाका क्षेत्रमा डा. ईश्वर वराल र डा.तारानाथ शर्माबाट र कथा लेखनमा विश्वेश्वरप्रसाद कोइरालाबाट प्रभावित देखिन्छन् ।[१०]

## २.३. 'परिश्रमी'को नेपाली साहित्यमा लेखन र प्रकाशनको थालनी

इ.स.१९७४ अर्थात् २०३१ सालमा नेपाली छात्रसंघ गोरखपुरको मुखपत्र 'सिम्रिक'मा 'जागजाग' शीर्षकको कविता प्रथम पटक प्रकाशित गरी घनश्याम न्यौपाने 'परिश्रमी' नेपाली साहित्यमा औपचारिक रूपमा देखापर्नुको साथै यस कविताका माध्यमबाट उनको नेपाली साहित्यमा विधिवत् रूपमा आगमन एवं प्रकाशनको आरम्भ भएको हो ।[११] आन्तरिक र बाह्य प्रेरणा र प्रभाव ग्रहण गरी नेपाली साहित्यको फाँटमा देखिएका 'परिश्रमी'को रचनाका दृष्टिले प्रथम कविता 'आयो वसन्त' हो भने प्रकाशनका दृष्टिले प्रथम कविता 'जागजाग' हो तर दुवै कविता हाल अप्राप्य छन् । २०३६ सालभन्दा अगाडि यिनका कुनै पनि पुस्तकाकार कृति प्रकाशित नभएतापनि २०३६ सालमा प्रकाशित उनको एकमात्र खण्डकाव्य **अन्त्यमा**ले उनको साहित्यतर्फको निरन्तर साधनालाई पुष्टि गर्दछ ।

आफ्नो समर्पित गर्न चाहने 'परिश्रमी' २०३१ मा 'जागजाग' कविता प्रकाशित गरी नेपाली साहित्यमा देखापरेका हुनाले यही समयलाई नै उनको औपचारिक आगमन मानिएको छ ।[१२] उनका प्रारम्भिक चरणका रचना वा कृतिहरूले उनको परिष्कारवादी शैलीशिल्प र स्वच्छन्दतावादी भाव-प्रवृत्तिलाई उजागर गरेको पाइन्छ भने प्रथम चरणकै अन्त्यबाट गद्य लेखनतर्फ आकर्षित भएका 'परिश्रमी'ले गद्य कविताबाहेक गजलमा पनि परिष्कारवादी संचेतनालाई नै आत्मसात् गरेको देखिन्छ भने भावको प्रस्तुतिमा उनले सबै चरणमा स्वच्छन्दतावादी प्रवृत्तिलाई अङ्गालेका छन् ।[१३] यसरी विद्यालयीय अध्ययनको क्रमबाट नै साहित्य साधनामा 'जागजाग' कविताबाट नै औपचारिक रूपमा साहित्य यात्रा आरम्भ गरे भने साहित्यप्रतिको निरन्तर साधनाले वर्तमानसम्म आइपुग्न सफल भएका छन् ।

---

[९]. स्रष्टाबाट प्राप्त जानकारीबाट ।
[१०]. स्रष्टाबाट प्राप्त जानकारीबाट ।
[११]. स्रष्टाबाट प्राप्त जानकारी
[१२]. बालिका आचार्य, "घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी व्यक्तित्त्व र जून चुहेको रात गजलसङ्ग्रहको अध्ययन" शोधपत्र (अ.प्र.) स्नातकोत्तर तह, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज, पृ- ५१ ।
[१३]. घनश्याम न्यौपाने 'परिश्रमी'का कृतिहरूको अध्ययनबाट प्राप्त जानकारी ।

## २.४. घनश्याम न्यौपाने 'परिश्रमी'को साहित्यिक यात्राको विकासका चरणहरू

१९७४ अर्थात् २०३१ सालमा नेपाली छात्र सङ्घ गोरखपुरको मुखपत्र 'सिम्रिकमा' 'जागजाग' शीर्षकको कविताका माध्यमवाट घनश्याम न्यौपाने 'परिश्रमी' औपचारिक रूपमा नेपाली साहित्यकामा प्रवेश गरेको देखिन्छ ।[१४] नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यको ढुकुटीलाई समृद्ध बनाउन सफल परिश्रमी मुख्य रूपमा गजलकारको रूपमा प्रतिष्ठित छन् ।

२०३१ मा प्रकाशित 'जागजाग' कविता प्रकाशित हुनु अगावै रचना गरिएको 'आयो बसन्त कविता' को माध्यमबाट साहित्यिक यात्राको आरम्भ गरे भने पुस्तकाकार कृतिको रूपमा २०३६ मा प्रकाशित **अन्त्यमा** खण्डकाव्य देखापर्छ । मनु ब्राजाकीको गजल लेखनबाट प्रभावित 'परिश्रमी'को २०४४।१०।१८ मा रचना भएको र २०४५ माघको **मधुपर्क**मा प्रकाशित 'जिन्दगी त जिएकै छु' नामक गजल नै 'परिश्रमी'को प्रथम गजल हो भने गजलगत कृति **यो मौसम** (२०५०) हो । साहित्यिक यात्राको क्रममा साढे तीन दशकको अवधि पार गरिसकेका 'परिश्रमी'का एक दर्जनभन्दा बढी पुस्तकाकार कृतिका साथसाथै विभिन्न पत्र-पत्रिकामा प्रकाशित फुटकर कृतिहरूको समग्र अध्ययन एवम् साहित्यिक प्रवृत्तिमा देखिएका खास मोड र परिवर्तनहरूका आधारमा २०३१ बाट हालसम्म गतिशीलता प्राप्त गरिरहेको उनको साहित्ययात्रालाई तीन चरणमा विभाजन गरिएको छ ।

(क) प्रथम चरण (२०३१ देखि २०४४) लेखन कार्यको विकास र कृति प्रकाशनको आरम्भ
(ख) द्वितीय चरण (२०४५- २०५३) गजल तथा समालोचना लेखन प्रकाशन
(ग) तृतीय चरण (२०५४-देखि वर्तमानसम्म) लेखनमा प्रौढता

### १.४.१. प्रथम चरण (वि.सं.२०३१ देखि वि.सं.२०४४)

२०३१ देखि २०४४ सम्मको समयावधिलाई घनश्याम न्यौपाने 'परिश्रमी'को साहित्ययात्राको प्रथमचरण मानिन्छ । लेखन कार्यको विकास र कृति प्रकाशनको आरम्भका रूपमा देखा परेको यस चरणको औपचारिक आरम्भ २०३१ मा नेपाली छात्रसङ्घ गोरखपुरको मुखपत्र **सिम्रिक**मा प्रकाशित 'जाग-जाग' कविताबाट भएको हो । 'जागजाग' कविताको साथै सोही साल प्रकाशित 'उद्योग नगरी मान्छे के भयो' शीर्षकको कविता (हाल दुवै अप्राप्त) र आफ्नै प्रकाशनमा २०३६ मा **अन्त्यमा** खण्डकाव्य, **युगधारा** साप्ताहिक २०४१मा दसैं, **राष्ट्रध्वनि** साप्ताहिक २०४२।२।१६को १४ र २९ पृष्ठमा जीवनयात्रा एवम् **राष्ट्र आवाज** (२०४४) मा 'मेरो

[१४]. स्रष्टाबाट प्राप्त जानकारी ।

छोरो मेरो सर्वस्व' नामक कविता प्रकाशित भएको देखिन्छ ।[१५] यस चरणमा 'परिश्रमी'ले महाकाव्य लेखनको प्रयासको साथै खण्डकाव्य लेखनकार्य गरेको पाइन्छ ।[१६] 'परिश्रमी'का पूर्ण खण्डकाव्य **विलौना**, **पल्टन**, **द्रौपदी** र **बुद्धकी पत्नी** प्रकाशनको अभावमा हराएका र हाल अप्राप्त खण्डकाव्य **पापी** रहेको बुझिन्छ ।[१७] यी काव्यहरूको पूर्ण लेखन भई प्रकाशमा आउन सकेको भए खण्डकाव्य लेखन र प्रकाशनका दृष्टिले यो चरण महत्त्वपूर्ण बन्न सक्ने अनुमान सकिन्छ । यस चरणमा नै लेखन आरम्भ गरी तीन सर्ग मात्र लेखिएको **लक्ष्मी** शीर्षकको महाकाव्यका मङ्गलाचरणको श्लोकहरू यसरी अभिव्यक्त भएको पाइन्छ ।

"इच्छा भो मनमा सुकाव्य रचना गर्ने कुनै सुन्दर
त्यो होस् शुद्ध र शुभ कृति भरिलो कालो नहोस् कर्कर
ब्राह्मी गर्दछु वन्दना म तिमीमा, तिम्रो विना के छ र ?
लक्ष्मी काव्य बनाउने प्रगतिमा लैजाऊ मेरा कर ।[१८]"

यसरी प्रथम चरणमा नै महाकाव्य स्तरको रचनाको प्रारम्भ गरेका 'परिश्रमी'का यस चरणका धेरै रचनाहरू प्रकाशनको अभावमा हराएको दुःखद पीडाको अनुभव समेट्दै यिनका कृतिले सामाजिक कर्तव्यबोध अभिव्यक्त भएको पाइन्छ । यसै चरणको अन्त्यतिरबाट उनी गद्य लेखनतर्फ आकर्षित हुनुको साथै युगानुकूल साहित्यलेखनमा सक्रिय भएर अगाडि बढेको देखिन्छ ।

### २.४.२. द्वितीय चरण २०४५-२०५३)

२०४५ देखि २०५३ सम्मको समयावधि घनश्याम न्यौपाने 'परिश्रमी' को साहित्य यात्राको द्वितीय चरणको रूपमा देखा परेको छ । गजल तथा समालोचना लेखन र प्रकाशनका दृष्टिले यो चरण उल्लेख्य रहेको पाइन्छ । उनको पहिलो गजल सङ्ग्रह **यो मौसम** (२०५०) र **घामको छहारीमा** (२०५३) यसै समयावधिमा प्रकाशित भएकाले गर्दा पनि उनी यस चरणमा सक्रिय गजलकारका रूपमा देखिन्छन्[१९] ।

२०४६ सालमा 'बौलाहा' शीर्षकको कविताका माध्यमबाट तरलतावादी साहित्यिक आन्दोलनको मूल्य र मान्यता अनुरुप देखापरे तापनि यसपछि यिनी कविता

---

१५ स्रष्टाबाट प्राप्त जानकारी ।
१६ पूर्ववत्
१७ पूर्ववत्
१८. कृष्णप्रसाद बस्याल पूर्वत् ।
१९. स्रष्टाबाट प्राप्त जानकारी ।

विधातर्फ सक्रिय रहेको देखिँदैन । गजलतर्फ नै बढी समर्पित भएका कारण उनी यस चरणबाट आधुनिक नेपाली गजलको पुनर्जागृत गजलकार एवं समालोचनाका क्षेत्रमा युवा समालोचकका रूपमा स्थापित हुँदै गएको बुझिन्छ[२०] । गजल र समालोचनाका अतिरिक्त यस चरणमा उनका अन्य फुटकर रचनाहरूमा पच्चीस-तीसवटा कविता, तीस-पैँतीसवटा गजल तीनवटा कथा, आठ-नौ वटा टिप्पणीमूलक लेख एवम् पन्ध्र वटा समालोचनात्मक रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस चरणका उनका टिप्पणीमूलक लेखले मानवीय मूल्यको ह्रास देखाउँदै देश र समाजप्रति सजग र सचेत रहन आह्वान गरेको देखिन्छ भने कविता एवं गजलहरूले समसामयिक सामाजिक, राजनैतिक, आर्थिक विकृति एवम् विसङ्गतिको यथार्थ चित्रण गर्दै मानवता, सहयोग सद्भाव र सुधारका पक्षमा केन्द्रित भएका देखिन्छन् ।

यसरी साहित्ययात्राको द्वितीय चरणसम्म आइपुग्दा घनश्याम न्यौपाने 'परिश्रमी' एक सक्षम र स्थापित साहित्यकार बन्न पुगेका कारण उनको यो चरण गजल तथा समालोचना लेखन र प्रकाशनका दृष्टिले महत्त्वपूर्ण र उपलब्धिमूलक मानिन्छ ।

### २.४.३. तृतीय चरण (२०५४ देखि यता)

२०५४ देखि वर्तमानसम्मको समय घनश्याम न्यौपाने 'परिश्रमी'- को साहित्यिक यात्राको तृतीय चरणको रूपमा देखा पर्दछ । साहित्य लेखनका दृष्टिले प्रौढ लेखनका साहित्यकारका रूपमा स्थापित हुन क्रियाशील 'परिश्रमी'का यस चरणमा **साहित्य सन्दर्भ** (२०५५) समालोचना सङ्ग्रह, **जून चुहेको रात** (२०६०) गजल सङ्ग्रह, **राम्रा चाचा मीठा पापा** (२०६३) बाल गजल सङ्ग्रह, **गजल भूमिकावली** (२०६०) समीक्षा, **गजल सौन्दर्य मीमांसा** (२०६४) सैद्धान्तिक समालोचनाका कृतिहरू प्रकाशित भएको देखिन्छ ।[२१] **साहित्य सन्दर्भ** (२०५५) उनका विगतदेखि वर्तमानसम्मका प्रकाशित अप्रकाशित फुटकर समालोचनात्मक सङ्ग्रह मानिएको छ ।[२२] यस सङ्ग्रहले 'परिश्रमी'लाई आधुनिक पुस्ताको युवा समालोचकका रूपमा स्थापित गराउन सफल भएको छ । यस चरणमा प्रकाशित उनको **जुनुमामा** (२०६०) संयुक्त बालगजलसङ्ग्रह बालहृदयका आवाजहरू बुलन्द गर्ने कृति हो भने **जून चुहेको रात** 'परिश्रमी'को गजलकारिताको उत्कृष्ट नमुना हो । यस चरणका उनका अन्य प्रकाशित फुटकर रचना

---

[२०]. शोधनिर्देशकले दिएको जानकारी प्राप्त ।
[२१]. स्रष्टाबाट प्राप्त जानकारी ।
[२२]. डा. ठाकुर पराजुली, साहित्य सन्दर्भ (२०६०) लेखक घनश्याम न्यौपाने 'परिश्रमी' मन्तव्य खण्डबाट ।

अन्तर्गत दुइवटा कथा एवं तीनवटा एकाङ्की अन्तर्गत कथा नारी चरित्र प्रधान एवं एकाङ्की बाल-एकाङ्कीका रूपमा देखा परेको पाइन्छ ।[२३]

'परिश्रमी'का यस चरणका रचनाहरू स्तरीय बन्दै गइरहेका छन् । विषयगत भाव प्रस्फुटनमा प्रथम चरणदेखि देखा परेको स्वच्छन्दतावादी प्रवृत्ति यस चरणमा पनि कायमै छ भने कविता काव्यतर्फ देखिएको बाह्य शिल्प अन्तर्गतको प्रथम चरणको परिष्कारवादी संचेतना दोस्रो चरणदेखि गजलबाहेक अन्यमा क्रमशः कमी हुँदै गएको पाइन्छ तापनि समसामयिक समस्या विकृति विसङ्गतिको यथार्थ चित्रण गर्दै समानतामुखी समाजको पक्षमा जोडदिने प्रवृत्ति यस चरणमा यथावत् रहेको पाइन्छ । यसै चरणमा उनी गजल र समालोचनाको क्षेत्रमा योगदान पुऱ्याएको कारण विभिन्न सङ्घ संस्थाद्वारा पुरस्कृत, सम्मानित, अभिनन्दित पनि हुँदै आएका देखिन्छन् भने साहित्यिक विकासको फाँटमा विविध सेवा अन्तर्गत साहित्यिक पत्रकारिता एवं शैक्षिक विकासका पूर्वाधार निर्माणतर्फ पनि सक्रिय बन्दै अगाडि बढिरहेको पाईन्छ ।[२४] कृति प्रकाशनका दृष्टिले पनि महत्त्वपूर्ण रहेको यस चरणमा 'परिश्रमी'को साहित्यिक यात्रा निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

यसरी २०३१ सालबाट औपचारिक रूपमा आफ्नो साहित्ययात्रा आरम्भ गरेका 'परिश्रमी'ले आफ्नो साहित्ययात्राको साढे तीन दशकको लामो अवधि पार गरिसकेका छन् । कविता लेखनबाट आफ्नो साहित्ययात्रा आरम्भ गरेका 'परिश्रमी'ले क्रमशः साहित्यका विविध विधामा कलम चलाएर एक सफल साहित्यकारका रूपमा स्थापित भइसकेका छन् । 'परिश्रमी'को साहित्य लेखनको प्रथम चरणभन्दा क्रमिक रूपमा द्वितीय र तृतीय चरण उपलब्धिमूलक बनेको देखिन्छ । लगनशीलता तथा सहनशीलताको गुणले गर्दा प्रशस्त पुस्तकाकार कृतिका साथै अत्यधिक फुटकर रचना दिएर नेपाली साहित्यलाई समृद्ध बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् 'परिश्रमी'ले । साहित्ययात्राको प्रथम चरणमा काव्य लेखनमा सक्रिय 'परिश्रमी'को दोस्रो चरण गजल तथा समालोचना लेखन र प्रकाशनका दृष्टिले महत्त्वपूर्ण बन्यो भने फुटकर रूपमा कविता तथा र टिप्पणीमूलक लेखहरूमा पनि उनको कलम अगाडि बढेको पाइन्छ । अधिक कृतिहरूको लेखन र प्रकाशनले गर्दा घनश्याम न्यौपाने 'परिश्रमी'को साहित्ययात्राको तेस्रो चरण प्रौढ लेखनकालको रूपमा रहेको छ । साहित्यका विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यलाई पुऱ्याएको योगदान स्वरूप 'परिश्रमी' लाई विभिन्न सङ्घसंस्था, पत्रपत्रिका एवं साहित्यिक परिवारले पुरस्कृत सम्मानित र

[२३]. घनश्याम न्यौपाने 'परिश्रमी'का रचनाहरूको अध्ययनबाट प्राप्त जानकारी ।
[२४]. शोधनीर्देशकबाट प्राप्त जानकारी ।

अभिनन्दित गरेको पाइन्छ । गजलका क्षेत्रमा आधुनिक नेपाली गजलको पुनर्जागरणकालका प्रतिनिधि गजलकार एवं समालोचनाका फाँटमा युवा समालोचकका रूपमा स्थापित 'परिश्रमी' नेपाली साहित्यका एक अग्रज साहित्यिक व्यक्तित्त्व हुन् ।

## २.५ निष्कर्ष

२०१५ सालमा स्याङ्जा जिल्ला श्रीकृष्ण गण्डकी गा.वि.स.२ बलाम, नित्यडाँडामा जन्मी संस्कृतमा आचार्य, नेपालीमा एम.ए. र गजलमा विद्यावारिधि उपाधि हासिल गरेका घनश्याम न्यौपाने 'परिश्रमी' त्रि.वि. अन्तर्गत प्राध्यापन पेसामा संलग्न छन् । एकल र संयुक्त गरी 'परिश्रमी'का कविताकाव्य, समालोचना गजल र गजलसिद्धान्त जस्ता विधामा हालसम्म ९ वटा कृति प्रकाशित छन् । २०३१ सालमा ने.छा.संघ गोरखपुर मुखपत्र 'सिम्रिक'मा 'जागजाग' शीर्षकको कविता प्रकाशित गरी आफ्नो औपचारिक साहित्यिक यात्रा प्रारम्भ गरेका 'परिश्रमी'ले लक्ष्मीप्रसाद देवकोटा, मनु बाज्राकी, ललिजन रावल, डा.ईश्वर बराल, डा.तारानाथ शर्मा, विश्वेश्वरप्रसाद कोइरालाबाट प्रभाव ग्रहण गरेको पाइन्छ । 'परिश्रमी'को साहित्य यात्रालाई २०३१ देखि २०४४ सम्म प्रथम चरण, २०४५ देखि २०५३ सम्म द्वितीय चरण र २०५४ देखि वर्तमानसम्म तृतीय चरण गरी तीन चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरण लेखन कार्यको विकास र कृतिप्रकाशनको प्रारम्भ काल, द्वितीय चरण गजल तथा समालोचना लेखन प्रकाशनको काल र २०५४ यताको तृतीय चरण प्रौढ लेखनको कालका रूपमा रहेको छ । यसरी साढे तीन दशक लामो साहित्यिक यात्राले 'परिश्रमी' लाई एक सशक्त समालोचक, आधुनिक नेपाली गजलको पुनर्जागरणकालका प्रतिनिधि गजलकार र गजलसिद्धान्तका व्याख्याताका रूपमा स्थापित गरेको छ ।

# परिच्छेद तीन

# गजलसिद्धान्त र नेपाली गजल परम्परा

## ३.१. गजलको परिचय

गजल अरबी शब्द हो । यसको जन्म अरबमा भएपनि यसले पुष्पित पल्लवित भएर भ्याङ्गिने अवसर भने फारसी भाषामा आएर पायो ।[१] यो स्त्रीलिङ्गी शब्द हो । अरबी भाषाको स्त्रीलिङ्ग शब्दका रूपमा प्रयोग भएको गजल शब्दको शाब्दिक अर्थ स्त्रीका साथ गरीने कुराकानी अथवा स्वास्नी मानिससँगको वार्तालाप भन्ने हुन्छ ।[२] ग+ज+अल पदहरूको यौगिक विधानबाट बनेको अरबी भाषाको गजलमा ग को अर्थ वाणी, जको अर्थ स्त्री र अल्को अर्थ को वा सँग भन्ने रहेको पाइन्छ ।[३] यही अर्थका आधारमा स्त्रीका साथ गरीने वाणीका रूपमा गजललाई लिएको पाइन्छ ।[४] गजलको अर्थ प्रेयसीसँगको प्रेमालाप, हरिणको बच्चा रसी वग्ने र वेच्नेहरूआदि हुन्छ ।[५] रूढ अर्थका दृष्टिले प्रेम र नारीसँग गजलको गहिरो र निकट सम्बन्ध रहेको तथ्यलाई भने स्वीकार गर्नुपर्ने हुन्छ ।[६]

गजलमा भावको अभिव्यक्ति सशक्त रूपमा गरिएको पाइन्छ । शृङ्गारिक प्रणयजन्य विषयवस्तुमा गजलको जन्म भए तापनि वर्तमान समयमा गजलहरू समायानुकूल बन्दै व्यक्तिगत पीडाबाट आमजीवनको पीडा र वेदना अभिव्यक्त गर्ने विधाका रूपमा यसको विकास भएको र विभिन्न विषयवस्तुमा केन्द्रित रहेर गजलको रचना गर्न सकिन्छ भन्ने सत्यलाई आजका गजलहरूले पुष्टि गरीरहेका छन् ।[७] गेयता सङ्गीतसँग अन्योन्याश्रितता, कोमलता, सुकुमारता, अभिव्यक्ति कौशल, उक्तिवैचित्र्य, सूक्तिमयता, शैल्पिक प्राञ्जलता, लघुता, सूक्ष्मता, वा गहनता, भावसघनता, बिम्बमयता, प्रतीकात्मकता, अनुभूतिको तीव्रता, कल्पनाशीलता लौकिक प्रेम, रोचकस्मृति, मनमोहक शब्दविन्यास, चमत्कार प्रधानता, ललित्यपूर्णता, स्वतन्त्रता, जीवनसापेक्ष प्रभावकारी प्रसङ्गको प्रस्तुती मिश्राहरू बीचको अन्तःसम्बन्ध, शिष्ट-शालीन भाषाको प्रयोगजस्ता विशेषताहरू गजलमा हुनु आवश्यक छ भने श्रुतिकटु, अश्लील, दुरूह, क्लिष्ट,

---

१. मनुब्राजाकी 'गजलगाथा' समकालीन साहित्य, वर्ष ३, अङ्क २, पूर्णङ्क १० २०५० बैशाह-जेठ असार) पृ. ५१ ।
२. डा.घनश्याम न्यौपाने 'परिश्रमी' **गजल सौन्दर्य मीमांसा** ।
३. ऐजन् ।
४. मनु ब्राजजाकी पूर्ववत् ।
५. खेम लम्साल, "रूपन्देही जिल्लाका गजलकारहरू" शोधपत्र (अ.प्र.) स्नातकोत्तर तह, नेपाली केन्दीयविभाग त्रि.वि. पृ. १८ ।
६. घनश्याम न्यौपाने 'परिश्रमी' पूर्ववत् ।
७. बालिका आचार्य, "डा. घनशयाम न्यौपाने 'परिश्रमी'को जीवनी व्यक्तित्त्व र जुन चुहेको रात" शोधपत्र (अ.प्र.) स्नातकोत्तर नेपाली विभाग महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज पृ. ६१ ।

अभद्र, अशोभनीय अपशब्द, अपमानहेतु र अनादरवाची शब्दहरू गजलका लागि स्वीकार्य हुँदैनन् ।[८] यसरी ऊर्दू र फारसी साहित्यबाट विकास र लोकप्रियता प्राप्त गर्दै नेपाली सक्षम र सशक्त विधाका रूपमा अगाडि बढिरहेको छ ।

## ३.२ गजलको परिभाषा

कुनै पनि साहित्यिक विधाको परिभाषा दिंदा त्यस साहित्यिक विधामा हुने विशेषताको आधारमा दिने गरिन्छ । गजलको परिभाषा पनि हिन्दी तथा नेपाली भाषाका विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले दिएका छन् । ती मध्ये प्रमुख परिभाषाहरू निम्न छन् :

हिन्दीका सुप्रसिद्ध समालोचक डा.नगेन्द्रका अनुसार गजल ऊर्दूको सर्वाधिक प्रसिद्ध र सरस भेद हो । यसको स्थायी भाव प्रेम हो जसमा रहस्यानुभूति, मस्ती, मदिरापानको मजा, धार्मिक विद्रोह आदि भावनाहरू सञ्चारी रूपमा ओतप्रोत हुन्छन् । विषय अनुरूप यसको एक विशिष्ट काव्यरूप पनि छ जुन मतला, मक्ता, निरह, काफिया र रदिफमा परिबद्ध रहन्छ ।[९]

त्रिलोचन शास्त्रीका अनुसार गजल काव्यको एक विधा हो गेयता यसको सर्त हो गजल गीतजस्तै गाइन्छ पनि कुनै तर गीत र गजलमा भारी अन्तर छ । गीतमा कुनै एउटै विषय वा भावस्थित रहन्छ भने गजलका प्रत्येक सेर स्वतन्त्र हुन्छन् ।

डा.रोहिताश्व अवस्थानाका अनुसार शिल्पका दृष्टिले पाँच, साँत वा तीनभन्दा बढी सेरहरूको समूहको नाम हो गजल ।

त्यस्तै गरी नेपाली साहित्यका वरिष्ठ समालोचक प्रा.डा.वासुदेव त्रिपाठीका अनुसार गजल भनेको वास्तवमा कविताको सानो वा लघु रूप हो ।

डा.कृष्णहरि बरालका अनुसार भाव, कल्पना, बिम्ब तथा प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा प्रयोग गरीने यस्तो काव्य रूपलाई गजल भनिन्छ जसमा एउटै छन्दका तीन वा तीनभन्दा बढी स्वतन्त्र सेरहरू हुन्छन् ।

---

[८]. घनश्याम न्यौपाने 'परिश्रमी' पूर्ववत् ।

[९]. घनश्याम न्यौपाने 'परिश्रमी' **गजल सौन्दर्य मीर्मासा** पृष्ठ ८ ।

देवी पन्थीका अनुसार प्रारम्भमा गजल शब्दको परिभाषा वा अर्थ जेजस्तो भए पनि वर्तमान यो साँगुरो घेराबाट मुक्त भएर देश, समाज र समय कालको प्रतिबिम्ब बोक्ने एउटा लयालु लोकप्रिय, मितव्ययी, सूक्ष्म, कलात्मक पद्यविधा बनेको छ ।

मनु ब्राजाकीका अनुसार गजल भनेको प्रणय, कामना र आन्तिरिक पीडाका हार्दिक भावहरूको सन्तुलित अभिव्यक्ति हो ।

ज्ञानुवाकर पौडेलका अनुसार गजल अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो यसमा सूक्ष्म र तिख्खर अभिव्यक्ति रहेको हुन्छ ।

घनश्याम न्यौपाने 'परिश्रमी'का अनुसार गजल एउटा प्राविधिक र शास्त्रीय काव्य विधा हो । यसको सृजना काफिया मिलेका स्वायत्त सेरहरूको समायोजनबाट हुन्छ । यो भावगाम्भीर्य, प्रतीकात्मकता आदिका दृष्टिले कवितासँग र गेयता, कोमलता, बिम्बमयता, आदिको दृष्टिले गीतसँग सन्निकट देखिन्छ । तर यो गीतमात्र पनि होइन र कविता मात्र पनि होइन । यी दुवैको अविभाज्य विलयन गजलमा भएको हुन्छ । यो एउटै बहरमा आवद्ध कम्तीमा पनि चार सेरहरूमा रचिन्छ । सेरको आधिक्य गजलका लागि स्वीकार्य छैन । प्रणयभाव व्यक्त गर्ने सन्दर्भमा यसको उद्‌भव भएको हो तापनि आजको गजलले यो सीमा नाघेको छ । गजल आज जीवन र जगत्‌का हरेक प्रतिबिम्ब देखाउने ऐना बनिसकेको छ ।

निष्कर्षतः बुद्धिभन्दा बढी हृदय पोखिएको शब्दको मितव्ययिता, गेयता, भावको तीव्रता, शैलीको चमत्कारपूर्णता र आकृति सौष्ठव तथा गौरवपूर्ण अर्थको सहज व्यापकताले युक्त कुनै न कुनै एउटा बहरमा आद्यन्त, आवद्ध, शुद्ध र सन्तुलित काफिया, रदिफ आदिले सुसज्जित, वजन भङ्ग नभएका र स्वतन्त्र अस्तित्त्व भएका प्रभावकारी सेरहरूको समष्टि रूप गजल हो ।

### ३.३ गजलका तत्त्वहरू

आफ्नै बाह्य र आन्तरिक तत्त्वहरू बोकेको गजलको संरचना शास्त्रीय नियमका आधारमा गरिन्छ । संरचनागत गजलको पूर्णताका लागि संरचनागत तत्त्वलाई गजलका आवश्यक अङ्गका रूपमा पनि मानिएको छ जुन निम्न अनुसार छन् ।

### ३.३.१ सेर

सेरहरूको समष्टि रूपबाट गजलको रचना हुन्छ । एउटा सेरमा दुइवटा पङ्क्ति हुन्छन् । सेरको पहिलो पङ्क्तिलाई 'मिसरा ए उला' भनिन्छ भने दोस्रो पङ्क्तिलाई 'मिसरा ए सानी' भनिन्छ ।[१०] हरेकको मिसरा ए उलाले कुनै विषयवस्तुको उपस्थापन गर्दछ र मिसरा ए सानीले त्यसलाई निरूपण सहित पुष्टि गर्दछ । औसत रूपमा गजलहरू पाँचदेखि तेह्रसम्मका हुन्छन् । एउटा गजलमा जतिवटा छन्, त्यति नै पृथक पृथक विषयवस्तु भाव विचार हुन्छन् । त्यसैले प्रत्येकको कथ्य विषयमा पार्थक्य हुनु गजलको मौलिक विशेषता एवं मान्यता पनि हो । कथ्य एउटै भएपनि गजलका प्रत्येक सेर स्वायत्त हुन्छन् । एउटा सेरमा एउटा अनुभव वा अनुभूतिको सम्पूर्ण अभिव्यक्ति हुन्छ वा हुनुपर्दछ किनकि एउटा सेरमा अनुभूतिको सम्पूर्ण अभिव्यक्ति हुन नसकेर त्यसको बाँकी अंश अर्को सेरमा व्यक्त गरिन्छ  भने त्यो रचना गजल हुन सक्दैन ।[११] सेरमा विषयवस्तुको प्रस्तुतिका दृष्टिले गजल गजल मुसलसल र गजल गैरमुसलसल गरी दुई प्रकारका हुन्छन् । एउटा गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुति भएको छ भने त्यस्तो गजललाई गजल मुसलसल भनिन्छ भने विविध विषयवस्तुका सेरहरूबाट बनेको गजललाई गजल गैरमुसलसल भनिन्छ ।[१२]

### ३.३.२ काफिया

स्वर मात्रामा अलिकति पनि गडबडी वा असन्तुलन नभएको अनुप्रासयुक्त अर्थात तुक मिलेको शब्द शब्दाशं वा अक्षर नै काफिया हो । गजलमा काफियाको सर्वाधिक महत्त्व रहेको हुन्छ । यसको प्रयोग रफिदभन्दा अगाडि हुन्छ । मतलाका दुवै मिसरामा र अन्य सेरहरूमा 'मिसरा ए सानी' मा मात्र काफियाको प्रयोग हुन्छ । काफिया बिना गजलको रचना गर्न नसकिने हुँदा काफियालाई गजलरूपी शरीरको मुटुको रूपमा लिइन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले गजललाई जीवन्त बनाउँछ । सेरहरूमा काफियाको पुनरावृत्ति हुनु राम्रो मानिँदैन । संरचनाका आधारमा काफिया पूर्णशब्द, आंशिक शब्द, एकाक्षरी र मिलित गरी चार प्रकारका रहेका छन् ।[१३] सिङ्गा शब्द नै काफियाका रूपमा प्रयोग भएका छन् । त्यस्ता काफियालाई पूर्णशब्द काफिया भनिन्छ भने शब्दभित्रको अंश मात्र काफियाका रूपमा प्रयोग भएको छ भो त्यस्ता काफियालाई आशिंक शब्द काफिया भनिन्छ । एक अक्षर मात्र काफियाका रूपमा प्रयोग

---

१० . घनश्याम न्यौपाने 'परिश्रमी'-गजल सौन्दर्य मीमांसा पृष्ठ २९।
११ . ऐजन ।
१२ . ऐजन ।
१३. वालिका आचार्य पूर्ववत् ।

भएमा त्यस्ता काफियालाई एकाक्षरी काफिया भनिन्छ भने समस्वरात्मक दुइवटा फरक शब्द वा तिनका अंश मिलेर बन्ने काफियालाई मिलित काफिया भनिन्छ ।[१४]

### ३.३.३ रदिफ

मतलाका दुबै मिसरा र अन्य सेरहरूका मिसरा 'ए सानी'को अन्त्यमा प्रयोग हुने उही पद वा पदावलीलाई रदिफ भनिन्छ ।[१५] रदिफ काफियाको ठीक पटछाडिपट्टि प्रयोग गरिन्छ । रदिफ गजलहेतु अनिवार्य तत्त्व भने मानिँदैन तथापि यसको प्रयोगले गजलको सौन्दर्य प्रसाधनमा महत्त्वपूर्ण भूमिका खेल्ने र गायनमा श्रुतिमधुरता समेत थपिने हुनाले अधिकांश गजलकारहरू यसलाई त्याग्न सक्दैनन् ।

शब्दप्रयोगका आधारमा रदिफ एकल र वहुल रदिफ गरी दुई प्रकारका छन् भने रदिफ प्रयोगका आधारमा गजल मुरद्दफ र गैरमुरद्दफ रहेका छन् ।[१६] एउटा मात्र शब्द प्रयोग भएको रदिफ तथा दुई भन्दा बढी शब्द प्रयोग भएको रदिफ वहुल रदिफ मानिन्छ । रदिफ प्रयोग भएको गजललाई मुरद्दफ र रदिफ प्रयोग नभएको गजललाई गैरमुरद्दफ गजल भनिन्छ ।

### ३.३.४ मतला

गजलको पहिलो सेरलाई मतला भनिन्छ ।[१७] मतलाका दुवै सेर गैर मुरद्दफ छ भने मतलामा पनि रदिफ रहँदैन । एउटै गजलमा दुई सेरका मतला पनि हुनसक्छन् । काव्यशास्त्रका अनुसार गजलको मतला प्रसान्त हुनै पर्दछ भनी अनिवार्य नगरिएको भए तापनि यो नियम रूढ बनिसकेको छ ।[१८] मतलाको व्यवस्थापनले गजललाई श्रुतिमधुर बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गजल गायनका क्रममा प्रत्येक सेरहरू पछि मतलाको पुनरावृत्ति गरिन्छ । जसबाट एक प्रकारको श्रुतिमधुरता र झङ्कार मयता प्रकट हुन्छ । यसर्थ काफिया र रदिफ दुवै मिसरामा हुनु गजलका लागि आवश्यक नै ठान्नु उपयुक्त हुन्छ ।

---

१३. बालिका आचार्य पूर्ववत् पृष्ठ ६३

१४. डा. घनश्याम न्यौपाने 'परिश्रमी' -गजल सौन्दर्य मीमांसा पृष्ठ ३४

१५. पूर्ववत् पृष्ठ ३५ ।

१८. वालिका आचार्य पूर्ववत् पृष्ठ ६३

१८. घनश्याम न्यौपाने 'परिश्रमी' गजल सौन्दर्य मीमांसा, पृष्ठ ५५

### ३.३.५ मक्ता

गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ ।[१९] यस शब्दले "समाप्ति" वा "काटिएको" भन्ने अर्थ बुझाउँछ । यसबाट के स्पष्ट हुन्छ भने मक्ता भनेको गजललाई टुङ्ग्याउने अवयव वा अन्तिम सेर हो । मक्ताका मिसरामा गजलकारले आफ्नो उपनाम (तखल्लुस) को पनि प्रयोग गर्ने गर्दछन् ।[२०]

### ३.३.६ तखल्लुस

गजलकारको उपनामलाई तखल्लसु भनिन्छ ।[२१] तखल्लुस गजलको अनिवार्य तत्त्व होइन तर अर्थको चमत्कार एवं कुन गजलको रचनाकार को हो भनि थाहा पाउन यसको प्रयोग गर्ने गरेको पाइन्छ । तखल्लुसको प्रयोग नगरिएको सेरलाई मक्ता भन्न मिल्दैन भनी गजल सिद्धान्तका केही व्यख्याताहरूले उल्लेख गरेको पाइए तापनि यो भनाइ युक्तिसंगत मानिदैन । गजलकारहरूले अन्तिम सेरभन्दा पूववर्ती सेरहरूमा तखल्लुसको प्रयोग गर्दैमा त्यो सेर मक्ता हुँदैन, किनभने मक्ता शब्दले 'अन्तिम सेर' जनाउने हुँदा त्यो गजललाई टुङ्ग्याउने अन्तिम सेरका रूपमा रहेको हुन्छ ।[२२] तखल्लुस गजलका लागि अनिवार्य तत्त्व नभएकाले यसको प्रयोग गजलकारहरूले आफ्नो इच्छा अनुसार गर्न पनि सक्छन् र नगर्न पनि सक्छन् ।

### ३.३.७ वहर (छन्द)

ऊर्दू वा फारसी भाषामा वहरको रूपमा गजल परिष्कारवादी विधा भएकाले गर्दा कुनै न कुनै छन्दमा रचित हुनु यसको शास्त्रीय मान्यता हो । गजलको आन्तरिक तत्त्वको रूपमा रहेको छन्दले यसको भावलाई गतिशील र सशक्त बनाउन सहयोग पुऱ्याउछ । रुक्न (गण)हरूको पुनरावृत्तिबाट बहरहरूको निर्माण हुन्छ ।[२३] नेपाली साहित्यमा प्रयोग गरीने छन्दहरू केही संस्कृत काव्यशास्त्रको आधारमा जस्ताको तस्तै र केही आफ्नो भाषाको विशेषता अनुकूल मौलिक रूपमा निर्माण गरिएको पाइन्छ । छन्द निर्माणका लागि संस्कृत, हिन्दी, नेपाली, उर्दू र फारसीमा आठ रुक्न (गाण) हरूको व्यवस्था गरिएको पाइन्छ ।[२४] उर्दू फारसी भाषाका गजलमा जस्तै समयानुकूल

---

[१९]. गजल सौन्दर्य मीमांसा, पृष्ठ ५७
[२०] पूर्ववत् पृष्ठ ५७
[२१]. घनश्याम न्यौपाने 'परिश्रमी' पूर्ववत् पृष्ठ ५७
[२२]. बालिका आचार्य पूर्ववत् पृष्ठ ६४
[२३]. पूर्ववत् पृष्ठ ६४
[२४]. पूर्ववत् ।

नयाँ छन्दको प्रभाव तथा प्रयोग नेपाली भाषाका गजलमा पनि परेको छ । वर्तमान सामयका गजलहरू लोकलयको विशेषताले युक्त रहेको पाइन्छ ।

## ३.४ नेपाली गजल परम्परा

उर्दू तथा फारसी साहित्यमा सर्वाधिक लोकप्रियता हासिल गरेको गजलको नेपाली इतिहास त्यति लामो छैन । १९४० तिरदेखि लेखिन थालेको नेपाली गजलले झण्डै एकसय पच्चिस वर्षको समयावधि पार गरिसकेको छ ।[२५] नेपाली गजलका प्रर्वतक कवि मोतिराम भट्ट हुन् भन्ने कुरा इतिहासबाट पुष्टि हुन्छ । नेपाली साहित्यमा गजल लेखन प्रारम्भ हुनुमा मोतिरामले बनारसमा प्राप्त गरेको शिक्षा, साहित्यकार तथा सङ्गीतकर्मीहरू सँगको उठबस, तत्कालीन सुन्दरीप्रेमी र सङ्गीतप्रेमी शासक आदि महत्त्वपूर्ण ठहर्छन् ।[२६] वस्तुतः मोतिमण्डलीले नेपाली साहित्यिक भूमिमा गजलको बिउ उमार्ने बिरुवा रोप्ने र फुलाउने फलाउने कार्यमा गरेको योगदान सदासर्वदा स्मरणीय छ ।[२७] क्रमशः शम्भुप्रसाद ढुङ्ग्याल भीमनिधि तिवारी, उपेन्द्रबहादुर 'जिगर' प्रभृतिबाट नेपाली गजलले मौलाउने झाङ्गिने र फस्टाउने फैलिने अनुकूल परिवेश पायो ।[२८] उपेन्द्रबहादुर जिगरको प्रकाशन पश्चात् नेपाली गजल सृजना परम्पराले विश्रान्ति लिएको देखिन्छ ।[२९] यद्यपि गजल शैलीसँग सन्निकट राख्ने खालका पद्यरचना लेखनाथ पौड्याल बालकृष्ण सम, नीलहरि शर्माले यसपश्चात् पनि लेखेको पाइन्छ तरपनि गजल सृजना प्रकृयाले गति लिएको भने पाइदैन । बूँद राना, मनु ब्राजाकीले बीसको दशकदेखि गजल लेखेतापनि प्रकाशनका दृष्टिले २०३५ मा ज्ञानुवाकर पौडेलको एउटा तीन सेरको गजल रूपरेखामा छापिए पछि मात्रै झण्डै चार दशकको अन्तराल पश्चात् सुषुप्तवस्थाबाट नेपाली गजलले जागृति पाएको हो ।[३०] यसरी नेपाली साहित्यको सङ्ख्यागत विकासका लागि ठोस कदम हुनु, नेपाली साहित्य मुद्रण युगमा प्रवेश गर्नु, साहित्यिक अन्तरक्रिया, अभ्यास प्रशिक्षण कार्यमा वृद्धिहुनुजस्ता कार्यले गजल विकासलाई प्रोत्साहन मिलेको छ ।[३१]

यसरी हेर्दा मोतीराम भट्टबाट सुरु भएको नेपाली साहित्यको माध्यमिक काल नै नेपाली गजलको प्राथमिक काल ठर्हछ । कविता विद्याका तुलनामा गजलको अपेक्षित विकास नहुनुले मोतीराम भट्ट (१९४०)बाट प्रवेश पाइ उपेन्द्रबहादुर जिगर

[२५]. घनश्याम न्यौपाने 'परिश्रमी' गजल भूमिकावली भाषा पुस्तक भण्डार चावहिल काठमाडौँ, पृष्ठ ५३ ।
[२६]. कृष्णहरि बराल गजल सिद्धान्त र परम्परा, पृष्ठ १९७ ।
[२७]. घनश्याम न्यौपाने 'परिश्रमी' गजल भूमिकावली पूर्ववत्, पृष्ठ ६१ ।
[२८]. घनश्याम न्यौपाने 'परिश्रमी' गजल भूमिकावली पूर्ववत्, पृष्ठ ६१ ।
[२९]. पूर्ववत्, पृष्ठ २३ ।
[३०]. पूर्ववत्, पृष्ठ २३ ।
[३१]. कृष्णहरि वराल पूर्ववत्, पृष्ठ १९८ ।

(१९९६) सम्म विकसित भई विश्राम लिएको प्रयोगकालीन नेपाली गजल त्यसपछि चार दशकसम्म मौन रह्यो । त्यसकारण यस अवधिलाई पनि नेपाली गजलको प्राथमिक कालका रूपमा हेरिनु उपयुक्त हुन्छ ।[३२] २०३६बाट ज्ञानुवाकर पौडेलको आगमनपछि पुनर्जागृत हुन पुगेको नेपाली गजलमा २९४०को दशक यता थुप्रै नवप्रतिभावान् गजलकारहरू आफ्ना रचनाहरू पस्कने क्रम जारि छ अर्थात् २०३६ पश्चात् हालसम्मको समयमा नेपाली गजलले आफ्नो स्थान उच्च बनाइसकेको छ । त्यसकारण यस अवधिलाई नेपाली गजलको पुनर्जागरण काल वा यसमा विभिन्न गजलकारहरूको भिन्न-भिन्न मत रहेको छ ।

### ३.४.१ प्रथम चरण

मोतीराम भट्टको बनारस बसाइ तथा त्यही प्राप्त गरेको गरेको शिक्षा अनि साहित्यकारहरूको सरङ्गतले गजल लेखनमा सक्रिय भए र उनलाई नै नेपाली साहित्यमा गजल भित्र्याउने श्रेय छ ।[३३] त्यसैले मोतीराम भट्ट (१९२३-१९५३) लाई नेपाली गजलका पिता भनिन्छ ।[३४] भने यस समयलाई मोतीराम युग पनि भनिएको छ । त्यस समयमा लक्ष्मीदत्त पन्त, 'इन्दु' गोपिनाथ लोहनी, नरदेव पाण्डे, शम्भुप्रसाद ढुङ्गेल, मिया अन्जाद हुसेन आदि गजलकारहरू सक्रिय भई लागेका थिए । त्यस बेलाका गजलमा ऊर्दू, हिन्दीकै जस्तो शिल्पशैली पाइन्छ । मोतीराम युगका गजलमा शृङगारिकता र भक्तिभावका विषय बढी पाइन्छन् । यस चरणका गजल विशेषत : प्रेमविषयमा आधारित र शास्त्रीय बहरवद्ध छन् ।[३५] मोतीराम भट्ट लगायत उनका समकालीन कवि शम्भुप्रसाद 'जिगर' नै यस चरणका उल्लेखनीय गजलकारका रूपमा देखापर्दछन् ।

नेपाली गजलको पहिलो चरणमा मोतीराम भट्टका गजलहरू उनको सङ्गीत चन्द्रोदय (१९६३) का अतिरिक्त मोतिग्रन्थावली (२०५४ भाद्र) गजलसङ्ग्रहमा सङ्कलित देखिन्छन् ।[३६] सङगीत चन्द्रोदय (१९६३)मा नरदेव पाण्डे 'सुधा' लक्ष्मीदत्त पन्त 'इन्दु' गोपिनाथ लोहनी 'नाथ, गजब रत्नलाल रत्न र मिया अन्जान हुसेन लगायत शम्भुप्रसाद ढुङ्गेलका प्रारम्भिक दुई गजलहरू पनि सङ्कलित रहेको देखिन्छ ।[३७] मोतीराम भट्टपछि

---

[३२]. कृष्णप्रसाद वस्याल - पूर्ववत्, पृष्ठ ४३ ।
[३३]. खेम लम्साल रूपन्देही जिल्लाका गजलकारहरू त्रि.वि.काठमाडौं शोधपत्र (२०६५) पृष्ठ २३।
[३४]. केशु विरही नेपाली गजल र यसमा प्रयोग भएका केही वहरहरू 'पल्लव साहित्यिक पत्रिका वर्ष ४, पूर्णाङ्क १३, २०६४ कार्तिक , पृष्ठ १७३ ।
[३५]. घनश्याम न्यौपाने 'परिश्रमी' गजल परिचय र नेपाली गजल विकासक्रमको सङ्क्षिप्त अभिलेख ।
[३६]. मोती ग्रन्थावली सम्पा रमा शर्मा राष्ट्रिय युवा सेवाकोष काठमाडौं २०४७ भाद्र ।
[३७]. कृष्णप्रसाद वस्याल पूववत्, पृष्ठ ४४ ।

नेपाली गजललाई महत्त्वपूर्ण गतिशीलता प्रदान गरी अगाडि बढाउने काम शम्भुप्रसाद ढुङगेलबाट भएको हुँदा उनी नेपाली गजलको उत्थापकका रूपमा देखापरेका छन् ।[३८] शम्भुप्रसाद ढुङ्गेलको गजलसङ्ग्रह "शम्भु भजनमाला" (१९८३) मा उनका एकसय भन्दा बढी गजलहरू सङ्कलित भएको पाइन्छ । ढुङगेलपछि नेपाली गजलमा आफ्नो सबल उपस्थिति लिएर भीमनिधि तिवारी र उपेन्द्रबहादुर 'जिगर' देखिन्छन् । नेपाली गजल साहित्यमा भीमनिधि तिवारीले 'बयासी र बीस गजल मेरी' (१९९३) एवं उपेन्द्रबहादुर जिगरले 'एकसय एक' (१९९६) गजलसङ्ग्रह प्रदान गरी गजलका क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसायोग्य नै देखिन्छ ।[३९]

यसरी प्रथम चरण प्रयोगावस्थाको रूपबाट विभिन्न अवस्था पार गर्दै विकसित नेपाली गजलहरू शृङ्गारिकता र प्रेमप्रणयमा जन्मिएको उर्दू र फारसी गजलका प्रभावले शृङ्गारिक देखिनु कुनै अनौठो होइन । ऊर्दू-फारसी संरचनाको गजलबाट प्रभावित भए पनि नेपाली माटो, नेपाली जनजीवनलाई आत्मसात् गरी गजल लेख्नु यस चरणको प्रवृत्ति मान्न सकिन्छ । राजस्तूती, राष्ट्रप्रेम, भक्तिभाव, जीवनका सुखदुःख र सामाजिक, व्यङ्ग्य एवं प्रवृत्ति वर्णन आदिजस्ता पक्षहरू यस चरणका गजलमा विषयवस्तुका रूपमा प्रयोग भएको पाइन्छ । संरचनाका नवप्रयोग र ऊर्दू तथा फारसी गजलका प्रभावले उपलब्धिमूलक नै रहेको देखिन्छ । नेपाली गजल साहित्यको प्रथम चरणका गजलकारहरू निम्न अनुसार देखाउन सकिन्छ ।

[३८]. ऐजन, पृष्ठ ४५ ।
[३९]. ललिजन रावल, समकालिन नेपाली गजल ।

### ३.४.१.२ प्रथम चरणसँग सम्बद्ध अन्य गजलकार

| सि.नं. | गजलकार | सन्दर्भ स्रोत |
|---|---|---|
| १ | तुलसीमेहर श्रेष्ठ | १. तोयनाथ सापकोटा पूर्ववत् पृष्ठ २९ |
| २ | अम्बिकाप्रसाद | ” ” |
| ३ | देवशमसेर | ” ” |
| ४ | खड्कप्रसाद श्रेष्ठ | ” ” |
| ५ | तीर्थप्रसाद आचार्य | ” ” |
| ६ | बहादुरसिंह रावल | ” ” |
| ७ | बखतबहादुर ‘जोगिचा’ | ” ” |
| ८ | कृष्ण रेग्मी | ” ” |
| ९ | चक्रनाथ शर्मा ‘दुबजाली’ | ” ” |
| १० | शम्भुनाथ उपाध्याय | ” ” |
| ११ | नरबहादुर भारती | ” ” |
| १२ | नारायणभक्त माथेमा | ” ” |
| १३ | चक्रपाणी चालिसे | ” ” |
| १४ | शिखरनाथ सुवेदी | कृष्णगौतम, सिर्जनाको सुवास सा.प. (२०५६, पृष्ठ २३८ |
| १५ | नानकप्रसाद मिश्र | ” ” |
| १६ | दीपकेश्वर लोहनी | ” ” |
| १७ | हरिनारायण राउत | तोयनाथ सापकोटा पूर्वत् पृष्ठ २९ |
| १८ | ‘विहाली’ | ” ” |
| १९ | पद्मनाथ पन्त | ” ” |
| २० | झपटबहादुर राणा | ” ” |
| २१ | चेतनाथ शर्मा | ” ” |
| २२ | केशवजी राजकर्णिकार | ” ” |
| २३ | गणेशलाल श्रेष्ठ | ” ” |
| २४ | भुवनप्रसाद ढुङ्गेल | ” ” |
| २५ | श्यामजीप्रसाद अर्याल | ” ” |

### ३.४.२. द्वितीय चरण

तीसको दशकदेखि पुनः जुर्मुराउन थालेका नेपाली गजलको यस चरणलाई पुनर्जागरण काल पनि भनिन्छ । प्रथम चरणमा भन्दा यस चरणका गजलमा प्रवृत्तिमूलक भिन्नता देखिएको र आधुनिकताका विशेषताहरू देखा परेकाले यस चरणलाई आधुनिककाल पनि भन्ने गरिएको छ । २०३० सालदेखि प्रयोगवादी युगको अन्त्य भएकोले नेपाली गजलमा पनि समसामयिकताको ढोका खुल्यो । २०३५ को मधुपर्कमा 'मुक्तक' शीर्षकमा प्रकाशित ज्ञानुवाकर पौडेलका मुक्तकहरूले गजलको छनक दिएको पाइन्छ ।[४०] चार दशकदेखि सुषुप्त अवस्थामा रहेको नेपाली गजललाई बिउँझाउने काम ज्ञानुवाकर पौडेलले नै गरेका हुन् ।[४१] यसर्थ ज्ञानुवाकर पौडेललाई नेपाली गजलको अधुनातन पुनर्जागृतिको यस महायज्ञको होमकर्ता मानिएको छ भने यसलाई निरन्तरता, स्थायित्त्व र गतिशीलता प्रदान गर्नमा २०४०/२०४१ सालतिर गजल क्षेत्रमा उदाएका ललिजन रावलको उपस्थितिलाई पनि महत्त्वपूर्ण रूपमा हेरिएको छ ।[४२] गजलसम्बन्धी परम्परागत मूल्य, मान्यता र शृङ्गारिकताको अन्त्य गर्दै नवीन मूल्य, मान्यता, विषयवस्तु भाव र शैलीमा जोड दिँदै गजल रचना गर्ने प्रमुख गजलकारहरूमा ज्ञानुवाकार पौडेल, ललिजन रावल, मनु ब्राजाकी, रवि प्राञ्जल, घनश्याम न्यौपाने 'परिश्रमी', वियोगी बुढाथोकी, बूँद राना, कृष्णहरि बराल, मनु पौडेल, यज्ञविक्रम शाही, धर्मागत शर्मा 'तुफान' खगेन्द्रप्रसाद बस्याल र निर्मल ढुङ्गाना आदि रहेका छन् ।[४३]

आधुनिक नेपाली गजल साहित्यमा ज्ञानुवाकर पौडेलको आगमन र ललिजन रावलको उपस्थिति पश्चात् गजल विधा परम्परागत गजल प्रवृत्तिको सीमा तोड्दै मानव मनका अन्तर्पीडा र समसमायिक प्रवृत्तिको यथार्थ चित्रण गर्ने परिष्कारपूर्ण विधाको रूपमा स्थापित भएको देखिन्छ ।[४४] गजलको पुनर्जागरणपछि गजल लेखन र प्रकाशन तथा पुस्तकाकार कृतिको प्रकाशनको कार्यमा अधिक तीव्रता आएको पाइन्छ । यसको साथसाथै गजलको पहिचान, विकास, गजलको परम्परागत र वर्तमान अवस्थालाई प्रकाश पार्ने विद्वत्वर्गका समीक्षात्मक लेखहरू र नेपाली भाषा बाहेक नेवारी, राई, मैथिली, भोजपुरी र तामाङ्ग भाषामा समेत गजल लेखिनु र प्रकाशित हुनुले गजल

[४०]. कृष्णहरि वराल, भूमिका 'भित्र कतै दुख्छ भने' नेत्र एटम- काठमाडौँ-दोभान प्रकाशन २०६०, पृष्ठ ९७ ।

[४१]. घनश्याम न्यौपाने 'परिश्रमी' गजल शिल्प शैली र रचनाविधान, 'अनुराग' वर्ष १, अङ्क ४, २०६१, पृष्ठ २५ ।

[४२]. डा. इश्वर वरालसहित अन्य सम्पा, नेपाली साहित्यकोष, काठमाडौँ ने.रा.प्र.प्र. २०५५, पृष्ठ २५५ ।

[४३]. घनश्याम न्यौपाने 'परिश्रमीको भनाईको आधारमा ।

[४४]. अमर त्यागी, नेपाली गजलको परम्परा र प्रवृत्ति मधुपर्क (२०५५ भाद्र) समालोचना विशेषाङ्क, पृ. १४२-१४३ ।

विधाको लोकप्रियता र आकर्षणलाई पुष्टि गर्दछ ।[४५] यस चरणका गजलको विकास, विस्तार, लेखन र प्रकाशन कार्यलाई प्रोत्साहन गर्न विभिन्न पत्रपत्रिका र संघसंस्थाहरूले पुऱ्याएको योगदान उल्लेखनीय रहेको देखिन्छ । गजल विषयमा केन्द्रित मधुपर्क, गरीमा, मिर्मिरे र आरोहण (२०४६) गजल विषयक द्वैमासिक पत्रिका जिय (२०४६), गजल (२०४७), बसुन्धरा (२०४९) कविता (२०५२) नवप्रज्ञापन (२०५२), झरना (२०५३), बन्दना (२०५५), मूर्च्छना (२०५७) एवं वियोगी बुढाथोकीद्वारा सम्पादित प्रकाशित साहित्यिक त्रैमासिक शिवपुरी सन्देश (२०५७ बैशाख आषाढ) गजल विशेषाङ्क[४६] र विभिन्न पत्रपत्रिकाहरूले नेपाली गजलको अवस्था लेखन र प्रकाशन कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने ललिजन रावल एवं दुवसु क्षेत्रीद्वारा सम्पादित पुस्तक 'समकालीन नेपाली गजल' (२०४७) र समसामयिक नेपाली गजल (२०५०) यस कालका महत्त्वपूर्ण उपलब्धि मानिन्छन् ।[४७]

२०३६ सालमा आधुनिक नेपाली गजलमा आएको पुजर्जागरण पश्चात् थुप्रै गजलकार र गजलकृतिहरू देखा परेतापनि आ-आफ्नै निजी विशेषता र शैल्पिक चमत्कारद्वारा दिशावोध गराउने गजलकारहरूमा ज्ञानुवाकार पौडेल, ललिजन रावल, मनु ब्राजाकी, धर्मागत शर्मा, 'तुफान' रवि प्राञ्जल एवं घनश्याम न्यौपाने 'परिश्रमी' रहेका छन् भने गजललाई विशिष्टता र उर्वरता प्रदान गर्ने गजलकारहरूमा बूँद राना, वियोगी बुढाथोकी, कृष्णहरि बराल, मनु पौडेल, यज्ञविक्रम शाही, नारायणप्रसाद शर्मा गैरे, खगेन्द्र गिरी, 'कोपिला' आदि रहेका छन्[४८] ।

ज्ञानुवाकर पौडेलका गजलहरूमा संरचना भन्दा भावपक्ष सबल तथा युगीन प्रतिबिम्ब र मानवीय मनस्थितिको आरोह-अवरोहलाई अभिव्यञ्जित गर्न सफल बनेका छन् ।[४९] ललिजन रावलका गजलहरूमा संरचना र भावपक्ष दुवैको मिश्रण भएकाले समग्र जीवनको उतारचढावलाई कलात्मक सौन्दर्य र प्रतीकात्मक प्रस्तुतिमा अभिव्यञ्जित भएको देखिन्छ ।[५०] भावोच्छाया र शिल्पसौन्दर्यको मञ्जुल सामञ्जस्यतामा देखिएका विचलन मानव जीवनका यथार्थ सुख-दुःखलाई ज्यादै मर्मस्पर्शी रूपमा कलात्मक प्रस्तुतिका पाइन्छ ।[५१] शिल्प र छटाको नवीनता भेटिने धर्मागत शर्मा 'तुफान'का गजलहरू नवीन विशेषता, मानवीय मूल्य

---

[४५]. वालिका आचार्य पूर्ववत्, पृष्ठ ७२ ।
[४६]. मूर्च्छना द्वैमासिक पत्रिका सम्पा अमर त्यागी २०५७ ।
[४७]. अमर त्यागी मधुपर्क पूर्ववत्प पृ. १४२ ।
[४८]. कृष्णप्रसाद बस्याल, पूर्ववत् , पृ. ५१ ।
[४९]. ज्ञानुवाकर पौडेल खण्डहर नयाँ (२०४१) गजलसङ्ग्रहको अध्यायबाट प्राप्त जानकारी ।
[५०]. अमर त्यागी पूर्ववत् -१४३ ।
[५१]. मनु ब्राजाकी, गजलगंगा (२०५०) र काँढाका फुलहरू(२०५७) गजल सङ्ग्रहको अध्ययनबाट प्राप्त जानकारी ।

र समवेदनालाई सुम्सुम्याउदै समतामूलक समाजको अपेक्षा राखेको देखिन्छ ।[५२] यसरी नै गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरूमा संरचनात्मक सर्तकता, मानवीय मूल्यमा देखापरेको ह्रासोन्मुख अवस्था, भावको कलात्मक र शैल्पिक मोहकता एवं मधुरता, सामाजिक विषमताका पक्षहरू यथार्थ रूपमा चित्रण गर्दै समतापूर्ण र मानवतापूर्ण समाजको अपेक्षा तथा राष्ट्रप्रेम र सद्भावका अवस्था एवं विश्वासमा केन्द्रित भएको देखिन्छ । यसै गरी छन्द र संरचनागत सचेतनाको कुशलतामा रवि प्राञ्जलका गजलहरूमा भावको मार्मिक प्रस्तुति देखापर्दछ ।[५३]

यसरी नै आफ्नो सक्रिय सहभागिता जनाउँदै निजी वैशिष्ट्य कायम गर्न प्रयासरत गजलकारहरू मध्ये वियोगी बुढाथोकी, युगीन चेतनाको प्रतिबिम्ब सहित, बूँद राना प्रगतिवादी चेतना लिएर, कृष्णहरि बराल मनका हार्दिक भावहरू सहित,[५४] मनु पौडेल युगीन चेतनाको प्रतिबिम्बमा मानवीय संवेदनालाई हार्दिकता प्रदान गर्दै सरल, तरल लयात्मक एवं कलात्मक गजल लिएर[५५] र यज्ञविक्रम शाही समसामयिकताको यथार्थतालाई आत्मसात् गर्दै प्रेमभावलाई आफ्नो गजलद्वारा सान्त्वनाको सन्देश दिएर, नारायणप्रसाद शर्मा गैरे समसामयिक विकृति, विसङ्गति, अमानवीय व्यवहार, प्रेमप्रणय र प्रगतिवादी स्वरहरू सुसेल्दै गोविन्दराज 'विनोदी' संरचनात्मक सर्तकता, भावगत, सघनता, प्रभावोत्पादन क्षमता शिल्पगत विशेषता र लयात्मक एवं गेयात्मक गुण सम्पन्न गजलहरू लिएर देखा परेका छन् ।[५६] यसरी २०३६ देखि वर्तमानसम्मको गजल सृजन परम्परामा विविध विधामा स्थापित भइसकेका पुराना तथा नव आगन्तुक प्रतिभाहरूले कलम चलाएको देखिन्छ । पचासको दशकको आरम्भपूर्ण नेपाली गजलसङ्ग्रको संख्या न्यून थियो भने पचासको दशकको उत्तरार्द्धदेखि नेपाली गजलसङ्ग्रहहरूको प्रकाशनमा आशातीत प्राप्ति भएको देखिन्छ त्यसैले यस समयावधिलाई कृति प्रकाशनका दृष्टिले नेपाली गजलको उर्वर काल मान्न सकिन्छ ।[५७]

यस चरणमा गजल प्रकाशनका अतिरिक्त विभिन्न गजलकार तथा तिनका गजलसम्बन्धी विभिन्न पक्षमा समालोचकीय लेखहरू पनि प्रकाशित भएको पाइन्छ । यसरी आफ्ना समालोचकीय धारणा प्रस्तुत गर्नेहरूमा ललिजन रावल, दुवसु क्षेत्री, मनु ब्राजाकी, घनश्याम न्यौपाने 'परिश्रमी' घटराज भट्टराई, दयाराम श्रेष्ठ 'संभव', अभि सुवेदी,

---

[५२]. अमर त्यागी पूर्ववत् पृ. १४३ ।
[५३]. अमर त्यागी पूर्ववत् पृ. १४३ ।
[५४]. दुवुस क्षेत्री - समसामयिक नेपाली गजल,पृ. १५९-१६६ ।
[५५]. मनु पौडेल गजलोत्सव (२०५३) ।
[५६]. गोविन्दराज विनोदी निर्मम-निर्मम घडीहरू गजलसङ्ग्रह (२०५६) बाट ।
[५७]. घनश्याम न्यौपाने 'परिश्रमी', गजल भूमिकावली, पृष्ठ ३१ ।

रमा शर्मा, रमेश गोर्खाली, शिव रेग्मी, भरतराज शर्मा, कृष्ण गौतम, शरद्चन्द्र शर्मा, सुकुम शर्मा, नारायणप्रसाद शर्मा, गोपीकृष्ण शर्मा, तुलसी भट्टराई, धर्मेन्द्र भट्टराई, रोशन थापा 'निरव' र विजय सुब्बा देखापरेका छन् । त्यस्तै अमर त्यागी, रामप्रसाद ज्ञवाली, पद्म गौतम, माधवप्रसाद काफ्ले, मधुसूदन गिरी र कृष्णहरि बरालले पनि यस क्षेत्रमा कलम चलाउँदै आइरहेका छन् ।[५८]

निष्कर्षमा भन्नुपर्दा आधुनिक नेपाली गजलको दोस्रो चरण पहिलो चरणको शृङ्गारिकता र प्रेमप्रणयको प्रकृतिलाई अन्त्य गर्दै व्यक्तिले देखेका भोगेका अनुभव गरेका विषय एवं वर्तमान समाजमा घटेका घटनालाई यथार्थ रूपमा प्रतिबिम्बन गर्न सफल भएको छ ।[५९] अर्को अर्थमा भन्दा आधुनिक गजल व्यक्तिको जिन्दगीको चित्र र समाजको यथार्थ प्रतिबिम्ब बनिसकेको छ । सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, धार्मिक र व्यावहारिक जीवनका विभिन्न पक्षहरू आधुनिक गजलका विषयवस्तुका रूपमा देखा परेका छन् भने स्वतन्त्रताको चाहना, क्रान्तिकारी विचारको आह्वान, मानवीय मूल्यको ह्रास, प्रजातान्त्रिक मूल्यमान्यताको स्थापना एवं यसमा देखिएको ह्रास, किसान मजदुर र सर्वहाराको पक्षमा गुञ्जिएका राजनैतिक सर्मथन, शृङ्गारिताको न्यून प्रस्तुति, सभ्यप्रति रोष, वितृष्णा, मानवतामुखी स्वर, मानवतावादी जीवनदृष्टि एवं समसामयिक सामाजिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक विचलनका विकृति र विसङ्गतिहरूप्रति तीक्ष्ण रूपमा व्यङ्ग्य प्रहार गर्न यस चरणका मूल प्रवृत्तिहरू हुन् ।[६०] साहित्यका अध्येताहरूको मन छुन सफल साहित्यको एक उत्कृष्ट विधाका रूपमा रहेको गजललाई सङ्गीतात्मकता, लयात्मकता, भाषागत, सरलता एवं सहजता मात्रात्मक एकरूपताको निर्वाह गरी संरचनागत सचेतनापूर्वक गजल लेखन कार्यले गजल विधाको जीवन्तता यस चरणका गजलकार र तिनका प्रकाशित गजलसङ्ग्रहको नामावली तलको तालिकाबाट देखाइएको छ ।

[५८].कृष्णप्रसाद बस्याल पूर्ववत् पृ. -५२ ।
[५९].बालिका आचार्य पूर्ववत् पृ. ७४ ।
[६०]. बालिका आचार्य पूर्ववत् पृ. ७४ ।

### ३.४.२.२ विभिन्न पत्रपत्रिका मार्फत फुटकर गजल प्रकाशन गराउँदै वर्तमानमा देखापरेका पुराना तथा नयाँ पुस्ताका गजलकारहरूको नामावली

| क.सं. | गजलकार | विशेषता | क.सं. | गजलकार | विषेषता |
|---|---|---|---|---|---|
| १ | अमृतलाल श्रेष्ठ | * | ३३ | चेतनाथ धमला | |
| २ | अविनाश श्रेष्ठ | * | ३४ | जैनेन्द्र जीवन | * |
| ३ | अर्जुन सापकोटा | ● | ३५ | तीर्थ श्रेष्ठ | * |
| ४ | अतीत मुखिया | | ३६ | दूबसु क्षेत्री | * |
| ५ | अमिट निसाचर | ● | ३७ | दीपक कथित | |
| ६ | अमर त्यागी | ● | ३८ | दीपक समीप | |
| ७ | आचार्य प्रभा | | ३९ | दूर्बोध गुरागाई | ● |
| ८ | इन्द्रकुमार श्रेष्ठ | * | ४० | देवेन्द्र अर्याल | |
| ९ | इन्दिरा प्रसाइँ | | ४१ | देवीप्रसाद आचार्य | |
| १० | उज्जवल जि.सी. | | ४२ | धर्मेन्द्र भट्टराई | ● |
| ११ | उत्तम कृष्ण मजगैया | | ४३ | डा.ध्रुवचन्द्र गौतम | * |
| १२ | कविराज पोखरेल | | ४४ | धीरेन्द्र प्रेमर्षी | ● |
| १३ | कालिप्रसाद रिजाल | * | ४५ | धीरेन्द्र मल्ल | * |
| १४ | कृष्णहरि बराल | * | ४६ | ध्रुव मधुकर्मी | * |
| १५ | कसु क्षेत्री | ● | ४७ | नरेन्द्र घिमिरे | |
| १६ | केशव आचार्य | * | ४८ | नरेन्द्र मल्ल | |
| १७ | केशव गौतम | | ४९ | नरेन्द्रराज प्रसाई | * |
| १८ | केशव प्रधान | ● | ५० | नवराज कार्की | |
| १९ | केश पथिक | | ५१ | नवराज पुडासैनी | |
| २० | कविता राई ‘गाउँले’ | | ५२ | नारायण श्रेष्ठ | |
| २१ | खुश्वुराज शाही | * | ५३ | निर्मोही व्यास | ● |
| २२ | खगेन्द्र सुब्बा | | ५४ | निलम कार्की | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | खिमानन्द पोखरेल | | ५५ | नेत्र एटम | ● |
| २४ | गुलब खेतान | * | ५६ | पद्मावती शर्मा | |
| २५ | गोविन्द गिरी 'प्रेरणा' | * | ५७ | पदम गौतम | |
| २६ | गोपाल पौडेल | | ५८ | पाण्डवराज कार्की | ● |
| २७ | गोविन्द विकल | | ५९ | पुष्कर माथेमा | * |
| २८ | गीता क्षेत्री | | ६० | पुष्करराज बुढाथोकी | |
| २९ | चक्रव्यूह क्षेत्री | ● | ६१ | पुष्पहरि क्याम्पाराई | |
| ३० | चंकी श्रेष्ठ | ● | ६२ | पूर्ण रञ्जितकार | * |
| ३१ | चन्दा | | ६३ | प्रकाश घायल | |
| ३२ | चेतन कार्की | | ६४ | प्रकाश बस्नेत | ● |
| ६५ | प्रमोद प्रधान | | १०१ | रमलादेवी शाह | |
| ६६ | प्रमोद स्नेही | ● | १०२ | रत्नशमसेर थापा | * |
| ६७ | प्रकाश अभिलाषी | | १०३ | रामबहादुर पहाडी | |
| ६८ | प्रमोद प्रधान | * | १०४ | रेखा कौशल रेग्मी | |
| ६९ | प्रोल्लास सिंधुलीय | | १०५ | रोशन थापा निरव | ● |
| ७० | बद्रीलाल श्रेष्ठ | | १०६ | रमेश तुफान | ● |
| ७१ | बलराम बन्जारा | ● | १०७ | रमेश प्रभात | |
| ७२ | वागियान शर्मा | ● | १०८ | राजकुमार 'बगर' | ● |
| ७३ | भरत भारद्वाज | ● | १०९ | राजेन्द्र पौडेल | |
| ७४ | भीम राना 'जिज्ञासु' | | ११० | राजेन्द्र विमल | * |
| ७५ | भूपिन व्याकूल | | १११ | रामकाजी कोने | |
| ७६ | भीम विराग | * | ११२ | राम पराजुली | |
| ७७ | मञ्जु काँचुली | | ११३ | राम खनाल | |
| ७८ | माधव काफ्ले | ● | ११४ | रामकृष्ण काफ्ले | |
| ७९ | मनोज न्यौपाने | | ११५ | वेवत बानियाँ | |
| ८० | मणी लोहनी | | ११६ | लब गाउँले | * |

| | | | | | |
|---|---|---|---|---|---|
| ८१ | मायमित न्यौपाने | | ११७ | लोकेश ढकाल | |
| ८२ | मुरारी सिग्देल | | ११८ | विजय बजिमय | * |
| ८३ | युवराज नयाँघरे | * | ११९ | व्याकुल पाठक | ● |
| ८४ | युवराज भट्टराई | | १२० | व्याकुल माइला | |
| ८५ | रत्न प्रजापति | | १२१ | विवश वस्ती | |
| ८६ | रासा | ● | १२२ | विप्लव ढकाली | ● |
| ८७ | राजेश्वर रेग्मी | | १२३ | बसन्तप्रकाश उपाध्याय | * |
| ८८ | राकृत | | १२४ | दिवश पोखरेल | |
| ८९ | रमेशप्रसाद सागर | ● | १२५ | बनमान्छे | |
| ९० | रामकृष्ण भट्टराई | | १२६ | सानुराजा श्रेष्ठ 'अन्जान' | * |
| ९१ | राधाकृष्ण भट्टराई | | १२७ | सुनिल पुरी | |
| ९२ | रघुराम न्यौपाने | | १२८ | सुविद गुरागाइँ | ● |
| ९३ | राम अविराम | ● | १२९ | सुकुम शर्मा | ● |
| ९४ | रेखादेवी | | १३० | सूर्यकुमार श्रेष्ठ | |
| ९५ | रमेश पौडेल | ● | १३१ | सुरेश हाँचेकाली | |
| ९६ | रमेश क्षितिज | ● | १३२ | सुवाशचन्द्र पौडेल | |
| ९७ | राजकुमार दिक्पाल | ● | १३३ | सरस्वती श्रेष्ठ | * |
| ९८ | रमेश चन्द्र घिमिरे | | १३४ | साम्ब ढकाल | |
| ९९ | रमेश समर्थन | | १३५ | शिव आलोक | |
| १०० | रामविक्रम थापा | | १३६ | सनदकुमार वस्ती | ● |
| १३७ | सविना मिश्रा | | १४३ | हरि अधिकारी | |
| १३८ | साधना प्रतिक्षा | | १४४ | हरिनारायण उपाध्याय | |
| १३९ | सीता शर्मा | | १४५ | हीरा आकाश | |
| १४० | सुदीपभद्र खनाल | | १४६ | हरिबहादुर रञ्जितकार | |
| १४१ | सूर्य भण्डारी | * | १४७ | ज्ञानु उदास | |
| १४२ | हरिशरण थापा | | | | |

### ३.५ निष्कर्ष

यसरी प्रस्तुत परिच्छेदमा गजलको परिचय, परिभाषा, यसका तत्त्व र नेपाली गजल परम्परा प्रस्तुत गरिएको छ । समग्रमा १९४० देखि लेखिन थालेको नेपाली गजलले झण्डै एक सय पच्चिस वर्षको समयावधि पार गरेको छ । प्रवृत्तिगत दृष्टिले हेर्दा दुई चरणमा राखेर अध्ययन गर्न सकिने नेपाली गजल परम्पराको प्रथम चरण प्रेम र प्रणयमा सीमित रहेको देखिन्छ भने दोस्रो चरण जीवन र जगत्का यावत् विषयवस्तु समेटेर अघि बढेको पाइन्छ ।

# परिच्छेद चार

# गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'का गजलगत मूलभूत प्रवृत्ति र विशेषताहरू

## ४.१ विषय प्रवेश

गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले २०४४/१०/१८ मा रचना गर्नु भएको र २०५० मा प्रकाशित यो मौसम गजलसङ्ग्रहको पहिलो पृष्ठमा सङ्कलित 'जिन्दगी त जिएकै छु' नामक गजलबाट आफ्नो गजलगत यात्रा आरम्भ गरेका हुन् । गजल विधामा आगमन हुनुभन्दा पहिला गजललाई केवल शृङ्गारिक रचना मात्र सम्झने 'परिश्रमी'ले नकुल सिलवालद्वारा सम्पादित एवं प्रकाशित 'बगर' वर्ष ५ पूर्णाङ्क १० मा रचित मनु बाज्राकीको गजल पढे पश्चात् त्यसबाट पूर्ण प्रभावित र प्रेरित भएर गजल रचना गरेको बताउँछन्।

गजलका मूल्य मान्यतालाई आत्मसात् गर्दै गजलको रचना गर्ने 'परिश्रमी' मूलतः प्रगतिवादी कित्ताका गजलकार हुन् ।[१] उनका गजलहरू सामाजिक विसङ्गति, नाङ्गिएको राजनीति, आर्थिक, सांस्कृतिक, धार्मिक माफिया, वैयक्तिक कुण्ठा तथा विकारजनित प्रणयजस्ता विषयवस्तुमा आरोहित छन्।[२] गजल विधाको ज्ञान, प्रतिभा अध्ययन र स्पष्ट दृष्टिकोणजस्ता महत्त्वपूर्ण कुरामा सजग र सचेत रहँदै सामाजिक यथार्थलाई आत्मसात् गरेर आत्मनिष्ठ अनुभवमा वस्तुपरक यथास्थिति पोख्न सक्ने भाषाका सर्जक 'परिश्रमी'ले कतै लाक्षणिक व्यञ्जनद्वारा च्वास्स मुटु घोच्ने तिखा व्यङ्ग्य प्रहार गर्छन् भने कतै हाक्काहाक्की नै छाती ठोकेर शिष्ट र सरल भाषामा भन्छन् ।[३]

## ४.२ प्रवृत्ति र विशेषताहरू

वस्तुतः शाश्वत् सत्यको सेरोफेरोमा घटना परिवेश र विषयलाई उछिनेर मान्छेका प्रवृत्तिहरूमाथि तिखो व्यङ्ग्य प्रहार गर्दै मान्छेले झेल्नु परेका कठिनाइ, भोग्नु परेका पीडा, सहनुपरेका जालझेललाई कलात्मकताका साथ प्रस्तुत गर्दै मानवतावादको पृष्ठपोषण गर्नु नै 'परिश्रमी'को गजलगत विशेषता रहेको छ ।[४] समाजका विविध विषयवस्तुलाई समेटेर गजलको रचना गर्ने 'परिश्रमी' गजलकार व्यक्तित्त्वको बाह्य

---

१. प्रभात किरण, पलास द्वैमासिक, वर्ष २, अङ्क १, पूर्णाङ्क ७, २०६१ बैसाख-जेठ पृष्ठ १६ ।

२. प्रभात किरण, पलास द्वैमासिक, वर्ष २, अङ्क १, पूर्णाङ्क ७, २०६१ बैसाख-जेठ पृष्ठ १६ ।

३. काफ्ले माधव, नवप्रज्ञापन, वर्ष ६, पूर्णाङ्क २८, आश्विन २०५५ ३६ ।

४. ऐजन पृष्ठ ३८ ।

पक्षमा परिष्कारवादी सचेतना र आन्तरिक पक्षमा स्वच्छन्दतावादी-प्रगतिवादी चेतना रहेको देखिन्छ । 'परिश्रमी'का गजलगत मूल प्रवृत्ति र विशेषतालाई निम्न बुँदाका आधारमा अध्ययन गर्न सकिन्छ :

### ४.२.१. रतिरागात्मकता

रतिरागात्मक विषयवस्तुलाई गजलको अनिवार्य तत्त्व मानिने प्राचीन मान्यता आजको गजलमा परिवर्तन भए तापनि केही मात्रामा प्रेमभाव भने पाउन सकिन्छ । घनश्याम न्यौपाने 'परिश्रमी'ले पनि स्वाभाविक प्रणय विषयक गजल लेखेका छन् । उनका गजलमा प्रेम-प्रेमीका बीचको ठुस्काइ, अलग रहँदाको मधुर स्मृति, मिलनको कोमल चाहना बाहेक प्रेम विषयक गजलमा कहीं कतै अश्लीलता, अशिष्टता छैन ।[८] यसका साथै उनका गजलमा स्वच्छ प्रेमको वर्णन, वार्ता र प्रेमाघातप्रति उचित गुनासा हृदयगत स्वच्छतासाथ सबैका निम्ति स्वागत योग्य भएर देखा परेका उनका केही गजलहरू निम्न अनुसार छन् :

निर्झरको कञ्चन पानीजस्तै हुनुपर्छ तिमी
प्रदूषित नहुनु है सौन्दर्यको सौगातमा सखी
(घामको छहारीमा, पृष्ठ ५९)

पिरतीको सत्यकथा दिलको भाषा बोल्ने गर्छ
घनश्याम टाढा हुँदा राधाको मन पोल्ने गर्छ ।
(घामको छहारीमा, पृष्ठ ३६)

हृदयको केन्द्रबाट पोखिएको
प्रीतिको सौगात मलाई राम्रो लाग्छ
(जून चुहेको रात, पृष्ठ ४)

वासनाकी तिमी भोकी रहिछौ थाहा थिएन
म आफू नै आज अलपत्र परेजस्तो लाग्यो ।
(यो मौसम, पृष्ठ ४९)

[८]. माधव काफ्ले नव रचना वर्ष ४४ पूर्णाङ्क ८१, कार्तिक-मङ्सीर २०६१, साझा प्रकाशन काठमाडौं, पृष्ठ ६३ ।

जब रून्छन् न्याउलीहरू वनैभरि करुण स्वरमा
मेरो दिलको उपवनमा मुटुको स्पन्दन दुःख्छ ।
(यो मौसम, पृष्ठ ७४)

यसरी प्रेमलाई स्वच्छता प्रदान गर्दै नारीलाई सम्मान गर्ने प्रेमपरक गजलहरू उनका प्रायः सम्पूर्ण गजल सङ्ग्रहमा सङ्कलित रहेका छन् ।

### ४.२.२. राष्ट्रप्रेम अर्थात् राष्ट्रियताको भाव

यो देशमा प्रजातन्त्र प्राप्ति पश्चात् पनि प्रशासन र सुरक्षा व्यवस्था झन् विथोलिएको छ । शान्ति सुरक्षा र कानुन संरक्षित अवधारणाहरू सम्झनामै हराएका छन् । यहाँ कहीँ र कतैबाट पनि देश र जनताप्रति पुऱ्याउनु पर्ने कर्तव्यको कार्यान्वयन नभइदिनाले मनपरितन्त्र अर्थात् व्यक्तिवादी विचार बढेर यो देशको माटो नै प्रदूषित बन्न पुगेकोप्रति गजलकारले चिन्ता व्यक्त गर्दै सम्पूर्ण नेपालीमा देशप्रेमको भावना अनिवार्य रूपमा हुनुपर्छ भन्ने कुरालाई आफ्ना गजलका सेरहरूमा यसरी व्यक्त  गर्दछन्-

खुन खराबी जति बढोस् कोही जिम्मेवार छैन
लाग्छ यो राष्ट्रमा अचेल कानुनी सरकार छैन ।
(यो मौसम, पृष्ठ ३२)

माटोलाई मुटुदेखि माया गर्छु भन्ने गर्छन्
उन्नतिको मलजल बालुवामा पोख्नेहरू
(जून चुहेको रात, पृष्ठ-२६)

विरामी छ माटो यहाँ
विग्रेको छ बाटो यहाँ
हटेन किन हो किन
कालो कालो टाटो यहाँ !
(घामको छहारीमा, पृष्ठ -२८)

अहो ! निकै फोहोर भैसकेछ दुनियाँ
सफाइका खातिर एउटा तुफान चाहिन्छ ।
(यो मौसम, पृष्ठ-४१)

यसरी देशको माटोलाई माया गर्नुपर्ने व्यक्तिवादी प्रवृत्तिलाई त्याग्नुपर्ने सन्देश बोकेका उनका गजलहरू राष्ट्रियताको पक्षमा उभिएका देखिन्छन् ।

### ४.२.३. निराशाजनक स्वर

आफ्ना केही गजलमा 'परिश्रमी' जीवनदेखि नै निरास देखिन्छन् । मान्छेहरू प्रति नै वितृष्णा जागेर आउनु, जीवन जीवनयात्रा निरर्थक ठान्नु र परिस्थितिलाई सामना गर्ने सामर्थ्य आफूमा बाँकी नरहेको देख्नु निराशावादी विसङ्गतिबोध हो ।[९] मानिसले मानिसकै प्रगतिमा अवरोध गर्ने, आर्थिक कमजोर हुँदा स्वजन एवं अन्य मानिसहरूबाट समेत अपहेलित, अपमानित र प्रताडित हुनुपर्ने घटनाले गर्दा उनी मान्छेलाई नै घृणा गर्न पुग्छन्, र यस्तो प्रवृतिले मान्छेमा निराशा, उत्पन्न हुनेमात्र नभई मस्तिष्कमा नै गम्भीर असर पर्न जान्छ भन्दै गजलकारले निराशापूर्ण अभिव्यक्त यसरी प्रस्तुत गर्दछन्-

जिन्दगी त जिएकै छु हाँस्न कैले पाइन
त्यसैले त प्रीति गाँस्न कसैसँग रुचाइन ।
(यो मौसम, पृ. १९)

किन तर्सिएझैँ गरी टाढा टाढा हुन खोज्यौ ?
मेरो व्यथा मैसँग छ तिमीलाई सर्ने छैन ।
(जून चुहेको रात, पृष्ठ-२३)

बाहिर काँचै छु भित्र त पाक्न थालेको छु ।
जिन्दगीको यात्राबाट थाक्न थालेको छु ।
(घामको छहारीमा, पृष्ठ-१२)

छाया दिने वटवृक्ष खोज्दै पुग्छु जहाँजहाँ
त्यहीँ त्यहीँ देखापर्छन् काला अरिङ्गालका गोला ।
(जून चुहेको रात, पृष्ठ-१९)

---

[९]. रामप्रसाद ज्ञवाली, सामाजिक यथार्थको धरातलमा **यो मौसम** सुनकोसी, सुनकोसी साहित्य प्रतिष्ठान काभ्रे पृष्ठ १३१

यसरी मान्छेमान्छे बीचको सम्बन्ध टाढा हुँदै गइरहेको वर्तमान समयमा मान्छेले मान्छेप्रति दया, प्रेम, सहयोग, सद्भाव, सहानुभूति र मानवताको व्यवहार नगरेर उल्टै मान्छेलाई डस्ने प्रगतिमा अवरोध खडा गर्ने, उसको भावना र स्वाभिमानमा ठेस पुऱ्याउने कार्यले गर्दा निराशा र कतै व्यङ्ग्य प्रहारका रूपमा लेखिएका 'परिश्रमी'का गजलहरू आफ्नो एक्लो जीवनको अभिव्यक्ति भएतापनि सम्बन्धित सबैले भोग्न र अनुभव गर्न पुगेका शास्वत् अभिव्यक्ति हुन् ।

### ४.२.४. सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य

समाज विकृति र विसङ्गतिले भरिपूर्ण छ । हामी जे चाहन्छौँ, त्यो हुँदैन तर जे चाहँदैनौँ त्यो भइरहेको हुन्छ । समाजमा अन्याय र अत्याचारले जरा गाडिसकेको छ । अन्याय अत्याचार गर्नेहरू दिनप्रतिदिन धनी बनिरहेका छन् भने अन्याय अत्याचार सहनेहरू निरीह र निमुखा बन्दै गइरहेका छन् । समाज सेवाको कार्यमा समाजसेवीको नक्कली मुकुण्डो लगाएका व्यक्तिहरू छन्, जसले समाजसेवाको नाममा आफ्नो अभीष्ट पूरा गरीरहेका छन् । बाह्य रूपमा समाज सेवीजस्ता देखिने नक्कली मुकुण्डोधारीहरूका आन्तरिक कार्य अत्यन्त घृणित र नीच हुन्छन् । समाजसेवी बनेर हिड्ने नक्कली मुकुण्डोधारी समाजसेवी भनाउँदाहरू प्रति गजलकारले चोटिलो व्यङ्ग्य प्रहार गर्दै लेख्छन् -

बालकल्याण सङ्गठनमा मनोनित हुन्छन्
अनाथ ससाना नानीका माम चोरहरू ।
(जून चुहेको रात, पृष्ठ-१)

रावणको पूजा गर्ने यहीँ स्वर्ग भोगिरे'छन्
कठै बरा ! नर्क परे रामायण घोक्नेहरू ।
(जून चुहेको रात, पृष्ठ-२६)

महलमा बस्नेहरू मस्त छन् भोग बिलासमा
झुपडी वरिपरि बादल छ जताततै
(यो मौसम, पृष्ठ-२९)

गरिबीले थिचिएका कठै ! दीनहीन छन्
पैसावालहरूको नै बल छ जताततै
(यो मौसम, पृष्ठ-२९)

यसरी गजलकारले सामाजिक विकासको बाधक बनेका समाजसेवी भनाउँदा व्यक्तिहरूका घृणित र नीच कार्यहरूलाई परिवर्तन गर्न समेत आव्हान गरेका छन् ।

### ४.२.५. जीवनवादी तथा मानवतावादी दृष्टिकोण

चाकडी, चाप्लुसी, नातावाद, कृपावादले जरा गाडेको वर्तमान परिवेशमा इमान, योग्यता, श्रम, सीप, जाँगर आदिजस्ता कुराहरू पछाडिपरेका छन् भने बेइमान भ्रष्ट, शोषक र व्यभिचारी व्यक्तिहरू अग्रपङ्क्तिमा रहेका छन् । मानिसमा मानवीय संवेदना ह्रास हुँदै गइरहेको अवस्थाप्रति व्यङ्ग्य गर्दै आफ्नो जीवनवादी एवम् मानवतावादी दृष्टिकोण गजलमा यसरी व्यक्त गर्दछन् :

'जति मीठो लेखे पनि बाहिरबाट बुझ्ए 'घनु'
नाम चलेको कवि बन्न राजधानी पस्नुपर्छ
(यो मौसम, पृष्ठ-२४)

सधै सबैको बनेर बाँच्न पाए हुन्थ्यो
सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो ।
(घामको छहारीमा, पृष्ठ-६)

आउ यात्रा गर्न सिक मानवीय धरातलमा
के पाउँछौ कसैलाई फसाउने खाडल खनी
(जून चुहेको रात, पृष्ठ-७५)

बाहिर गोरा भएपनि हृदयका काला
मानवताको छातीमा रोप्ने गर्छन् भाला
(जून चुहेको रात, पृष्ठ-२४)

आफ्नै व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुबेका वर्तमान सभ्य भनाउँदाहरूप्रति व्यङ्ग्य गर्दै कविले मानवमा मानवताको गुण भएमा सम्पूर्ण मानवको हित हुने भन्दै सम्पूर्ण मानिसहरूलाई मानवीय धरातलमा यात्रा गर्न आग्रह गर्दै स्वतन्त्रता समानता र विश्वबन्धुत्त्वको भावना अनुरूप अगाडि बढ्न आह्वान गरेका छन् ।

### ४.२.६. राजनैतिक दृष्टिकोण

राजनीतिका नाममा भएका हत्या, हिंसा, नातावाद, कृपावाद, भ्रष्टाचार, चाकरी, चाप्लुसीको साथै राजनैतिक दलका फोस्रा नारा, झुठा आश्वासन र प्रजातान्त्रिक परिवेशमा देखिएका विकृति विसङ्गतिबाट जनताहरू निकै आत्तिएका छन् । नेपाली जनताहरू अव यस्ता प्रवृत्तिको अन्त्य गर्न एकजुट भई अगाडि बढ्नुपर्छ भन्दै गजलकार आफ्ना गजलका सेरहरू मार्फत् प्रजातान्त्रिक वातावरणप्रति जनतालाई सजग र सचेत बनाउन चाहन्छन् र यस्तो राजनैतिक विकृति र विसङ्गतिप्रति तीक्ष्ण व्यङ्ग्य आफ्ना गजलमार्फत् यसरी प्रस्तुत गर्दछन् -

अपराधीले छुट पाउन चाहेजस्तो यो मौसम
बेइमानीले मीत लाउन चाहेजस्तो यो मौसम
(यो मौसम, पृष्ठ-६३)

अन्यायका सही बस्नु अझ कति प्रहार सधै
प्रजातन्त्र भित्र देख्छु खुला दमन द्वार सधै
(घामको छहारीमा, पृष्ठ-१८)

देश यसरी चल्दैन साथी
हुरीबिना रुख ढल्दैन साथी
(चून चुहेको रात, पृष्ठ-५)

प्रजातन्त्र स्वतन्त्रता महलभित्र बन्धित छन्
ऐले पनि यथावत् छ अन्यायको राज यहाँ
(जून चुहेको रात, पृष्ठ-४०)

यसरी प्रजातन्त्र, स्वतन्त्रता, राजनीति एवम् राष्ट्रियतालाई कुल्चिएर आफ्नो सीमित स्वार्थ पूर्तिमा लागेकाहरूको भण्डाफोर गर्दै त्यसका विरुद्ध गरिएका व्यङ्ग्य प्रहार एवम् देश र जनताको चिन्तासँगै मुक्तिकामी जनताका पक्षमा गरिएका समर्थन स्वरूपका गजलहरू उनका चारवटै गजलसङ्ग्रहमा सङ्कलित रहेका छन् ।

## ४.२.७. नारीवादिता

नारीहरू विभिन्न समस्या र बाध्यताले बाँधिएका छन् । कतै उनीहरू बन्धनमा जकडिन बाध्य छन् त कतै पेटपूजाका लागि देहव्यापारमा धकेलिएका छन् । कतै नारी सौन्दर्य शोषणको क्रय विक्रयमा रोइरहेका छन् त कतै स्वयम् व्यभिचारमा संलग्न छन् । त्यसैले नारीलाई जुठो चुलो र शोषणको बन्धनबाट मुक्त हुन स्वयम् कर्मशील बन्दै अन्याय र अत्याचारका विरुद्ध लड्न आफ्ना निम्न गजलांश मार्फत् आग्रह गर्दछन् ।

जूठो चुल्हो मात्र तिम्रो कर्मक्षेत्र कहाँ हो र
नारी उन्मुक्ति अभियान चलाउँदै गर प्रिय
स्वभावैले दास बन्ने संस्कार मेट्नु पर्छ
बन्धन विरुद्ध आवाज गुन्जाउँदै गर प्रिय ।
(यो मौसम, पृष्ठ ४६)

सृष्टि संरक्षिकाहरू बेच्दैछन् देह
पेटपूजा गर्नलाई सर्जामको खोजीमा
(घामको छहारीमा, पृष्ठ ५१)

व्यभिचारीप्रति व्यङ्ग्य र सदाचारीप्रति सहानुभूतिको सद्भाव पोख्ने घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू नारी जागरण सम्बन्धी सशक्त आवाज उठाउने खालका छन् ।

## ४.२.८. आत्माभिमानी प्रवृत्ति

गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' जीवनलाई स्वाभिमानका कसीमा घोटेर बाँच्नुपर्ने कुरामा विश्वस्त बन्दै चाकरी चाप्लुसीको शक्ति चलिरहेको यस देशमा त्यसका विरुद्धमा हुङ्कार भर्छन् ।[७] इमान, नैतिकता, स्वाभिमान र मानवताका भन्दा ठूलो सम्पत्ति

---

[७]. रामप्रसाद ज्ञवाली सामाजिक यथार्थको धरतलमा यो मौसम' सुनकोसी ................ पृष्ठ १३१ ।

केही छैन । मानिसलाई यिनै कुराहरूले उच्चता प्रदान गर्दछन् । त्यसैले आफ्नो अस्तित्त्व बेचेर क्षणिक स्वार्थलाई कसैले पनि महत्त्व दिनुहुँदैन भन्दै गजलकार लेख्छन् ।

अस्मिता नै बेच्यो भने पेट पाल्न पाइन्छ रे
तर आत्मा बेच्ने गीत कहिल्यै गाइन
(यो मौसम, पृष्ठ १९)

तातिएर अनाहकमा विवेकहीन बनी
गल्लीको कुकुरजस्तो भुक्नु हुँदैन ।
हृदय छ भित्र भने सुक्नु हुँदैन
अस्मिता नै गुमाएर झुक्नु हुँदैन ।
(यो मौसम, पृष्ठ ८६)

जिन्दगीमा कसैलाई नपिर्नु साथी
स्वाभिमानको धुरिबाट नगिर्नु साथी !
(जून चुहेको रात, पृष्ठ ५२)

अर्काको सहारा लिई चल्ने बानी छोड्दै छु म
आफ्नै हातले समाएर छाता ओढ्दै छु म ।
(घामको छहारीमा, पृष्ठ २५)

दुखिरहोस् यो घाउ बल्झिरहोस् यो व्यथा
तर नबाँचूं म पराधनी जिन्दगी ।
(जून चुहेको रात, पृष्ठ ५८)

परिश्रमकै पसिनामा बाँच्न चाहने स्वाभिमानी मानिसहरू जस्तेसुकै दुःख व्यथा र कष्ट आएतापनि इमान नैतिकता र स्वाभिमानपूर्ण जिन्दगी बिताउन चाहन्छन् तर स्वाभिमान विक्री गरेर पराधनी जिन्दगी बाँच्न चाहँदैनन् । स्वाभिमानी मानिसहरूमा मानवीय संवेदनालाई बुझ्नसक्ने क्षमता हुने भएकाले उनीहरू अर्काको पीडा व्यथा र वेदना बुझ्दछन् र सोही अनुसार काम गर्दछन् । 'परिश्रमी' भन्दछन् दुःख सुःख पीडा

व्यथा परिश्रम गर्नुपर्ने जुनसुकै र जस्तोसुकै परिस्थितिमा पनि स्वाभिमानपूर्ण जिन्दगी जिउनु पर्दछ र जीवनको सार्थकता पनि यसैमा हुने गर्दछ ।

### ४.२.९. प्रगतिवादी दृष्टिकोण

प्रगतिवादी विचारका गजलकार 'परिश्रमी'का गजलहरू सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, धार्मिक विकृति विसङ्गति वैयक्तिक कुण्ठा तथा विकारजनित प्रणय जस्ता विषयवस्तुमा आरोहित छन् । उनी समतामूलक र शोषणमुक्त समाजको चाहना राख्दछन् । जनताको क्रान्ति र बलिदानबाट आएको प्रजातन्त्रको प्राप्ति पश्चात् पनि जनताले पूर्ण हक र स्वतन्त्रता नपाएकाले यसका निम्ति बाधक बनेका असमान वस्तुस्थितिलाई तोड्नुपर्छ भन्ने भाव आफ्ना गजलहरूको माध्यमबाट व्यक्त गर्दछन् ।

उखेलेर फ्याँक्नुपर्छ जतिसक्यो छिटो
समाजबाट सामन्तका संस्कारको जरो ।
(यो मौसम, पृष्ठ ८४म)

उठ्नुपर्छ भोका पेटले कसेर कम्मर
झुप्राहरूमा चुलोमा आगो बल्छ जरूर
(जून चुहेको रात, पृष्ठ ६२)

माटो मात्र होइन अब ढुङ्गा पनि गल्नुपर्छ
कालो धनले चुलिएका महलहरू ढल्नुपर्छ ।
(घामको छहारीमा, पृष्ठ २९)

यसरी समाजमा समानता र स्वतन्त्रताको पूर्ण हक प्राप्तिका लागि थुप्रै बाधा अवरोधहरूलाई हटाउन बैचारिक लडाइँ लड्ने घनश्याम न्यौपाने 'परिश्रमी'का प्रगतिशील प्रवृतिका गजलहरू उनका सबै गजल सङ्ग्रहमा सङ्कलित रहेका छन् ।

### ४.२.१०. गजलमा स्वयम् परिश्रमी

आफ्ना कृति लेख वा रचनामा स्रष्टा कुनै न कुनै रूपमा आएको हुन्छ । गजल विधासँग प्रगाढ सम्बन्ध र अनिर्वचनीय प्रेम रहेको ठान्ने घनश्याम न्यौपाने 'परिश्रमी' कै शब्दमा उनी सपनामा गजल रच्ने र विपनामा त्यसलाई लिपिबद्ध गर्दै त्यसैमा भोक प्यास र निद्रा भेट्ने कार्यमा लीन हुन चाहन्छन् । उनी आफ्ना गजलमा आफूलाई यसरी उपस्थित गराउँछन् :

साहित्य सङ्गीत कला जे मान्यो त्यही
'घनु' तेरा लागि मीठो गजल जिन्दगी
(घामको छहारीमा, पृष्ठ ४३)

परजीवी बन्न कैल्यै चाहँदैन 'परिश्रमी'
पसिना बगाउनलाई खोजेकै छ ठाउँ हजूर
(जून चुहेको रात, पृष्ठ ७८)
अल्छीहरू कर्मयोगी ठहरिन्छन्
'परिश्रमी' भने हुन्छन् हेला यहाँ
(जून चुहेको रात, पृष्ठ ४८)

यसरी गजलकार घनश्याम न्यौपानेले 'परिश्रमी' आफू परिश्रमको पसिनामा स्वाभिमानी प्रवृतिलाई आत्मसात् गर्दै बाँच्न मन पराउँछन् र आफ्नो जिन्दगीलाई नै गजलसँग तुलना गर्दछन् ।

## ४.३. शैलीशिल्पको प्रयोगका दृष्टिले गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'

लेखकको लेखन कार्यको कुशलता बुझाउने शैलीशिल्प लेखकको विशिष्टता पहिचान गर्ने तत्त्व हो । विचार अभिव्यक्तिको माध्यम भाषा हो भने शैली भाषा प्रस्तुतिको तरिका हो । शैलीको कुशलताको माध्यमले लेखक उच्चता प्राप्त गर्न सफल हुन्छ ।

गजलमा पनि कोमल शब्दको प्रयोगद्वारा कोमल भावको अभिव्यक्ति गरिन्छ । गजलमा सुन्दर, सहज, हार्दिक एवम् कोमलभाव दर्शाउने हृदयस्पर्शी शैलीको आवश्यकता पर्ने हुँदा यस विधामा शैलीलाई लेखनकलाको विशिष्ट प्राप्तिको रूपमा लिइन्छ । यसर्थ गजललाई सम्प्रेषणयुक्त प्रभावकारी र रहस्योद्घाटन गुणले युक्त बनाउनको लागि कोमल भाव सरल, सहज र स्पष्ट अभिव्यक्ति दिन सक्ने सुकोमल गुणयुक्त शब्दहरू, उखानटुक्का, प्रतीक र बिम्बहरूको स्वाभाविक र सान्दर्भिक प्रयोगयुक्त शैलीको प्रयोग गरिन्छ जुन शैलीलाई 'परिश्रमी'ले आफ्ना गजलहरूमा सफल रूपमा प्रयोग गरेको पाइन्छ ।

### ४.३.१ उखान टुक्काको प्रयोग

शैल्पिक चमत्कार र भावको अभिव्यक्तिमा विशिष्टता प्रदान गर्ने हुँदा गजलमा उखान टुक्काको प्रयोग प्रभावकारी र महत्त्वपूर्ण मानिएको पाइन्छ । गजलमा सीमित

शब्दबाट असीमित अर्थ व्यक्त गर्नका लागि समय सान्दर्भिक उखान टुक्काहरूको प्रयोगबाट सेरमा प्रभाव उत्पन्न गर्न सकिएन भने त्यसको प्रयोग निरर्थक हुन्छ । त्यसकारण उखान टुक्का गजलको गुण हो भन्ने ठानेर अप्रासङ्गिक ढङ्गले यिनको प्रयोग गर्नु बुद्धिमता हुँदैन यही कुरालाई ध्यानमा राख्दै घनश्याम न्यौपाने 'परिश्रमी'ले आफ्ना गजलहरूमा सावधानीपूर्वक चमत्कारपूर्ण अर्थ प्रतिपादनका लागि तथा सेरलाई गहन र भावपूर्ण बनाउने उद्देश्यले उखान टुक्काको प्रयोग गर्दछन् । जसले गर्दा उनका गजलहरू सम्प्रेषणयुक्त, रहस्योद्घाटन र प्रभावोत्पादकपूर्ण बन्न पुगेका छन् ।[८] कतै व्यङ्ग्य कतै सन्देशमूलक रहेका समय सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गर्दै परिश्रमी लेख्छन् :

हाँचोको मुखमा घोचो वास्तवमा सत्य रै'छ ।
अपराधी निर्दोष र निर्दोषी हत्यारो भयो ।
(यो मौसम, पृष्ठ ३२)

यौटै हत्केलाले ताली कसरी बजाऊँ
तिमीलाई बिर्सनु जरुरी भइदियो ।
(जून चुहेको रात, पृष्ठ २१)

कहिले काहीँ नजाने गाउँको बाटो सोध्नुपर्छ
विश्वास बिना पनि देउता भाक्न थालेको छु ।
(घामको छहारीमा, पृष्ठ १२)

यसरी समय सन्दर्भ अनुसार विभिन्न उखान टुक्काको प्रयोगले गजलमा गहन अर्थ प्रस्तुत गर्न सफल छन् ।

### ४.३.२ बिम्ब र प्रतीक

काव्यका हरेक शाखा-प्रशाखाका लागि उत्तिकै महत्त्वपूर्ण मानिने बिम्ब र प्रतीक गजलका लागि त अपरिहार्य नै ठानिन्छ ।[९] प्रतीकको अर्थ सङ्केत हुन्छ । प्रतीकले

---

८. बालिका आचार्य- पूर्ववत् पृष्ठ १०३ ।
९. डा.घनश्याम न्यौपाने 'परिश्रमी' गजल सौन्दर्य मीमांसा-पूर्ववत् पृष्ठ १०८ ।

देशकाल र वातावरणसँग सम्बद्ध अर्थलाई पुष्टि गर्दछ ।[१०] प्रतीकद्वारा सङ्केत गरिएको बिम्बले अर्थलाई गाम्भीर्य र ओजस्विता प्रदान गर्दछ ।

गजललाई वैशिष्ट्य प्रदान गर्ने प्रतीक बिम्बको त्यही प्रभावलाई बुझेर घनश्याम न्यौपाने 'परिश्रमी'ले आफ्ना गजलमा प्रजातन्त्रको वर्तमान अवस्थाको प्रस्तुति, मानवीय, प्रवृति, परिवेशगत चित्रण, देशगत अवस्था, जीवनगत अनुभव र समसामयिक विकृति एवम् विसङ्गतिबोधक पीडालाई प्रतीक र बिम्बको सारगर्भित प्रयोगद्वारा शैल्पिक मोहकता प्रदान गरेका छन् ।[११] गजलकार बिम्ब-प्रतीकको सुन्दर संयोजन गर्दै लेख्छन् :

'लैनो भैँसी गोठमा देखी तिर्खा बनाएको
चिसो पानी मिल्यो आखिर मही रहेनछ ।'

खेतबारी जोत्ने गोरु दाम्लोमा कठै
जहिले सुकै साँढे भने फुकेको देखेँ ।
(जून चुहेको रात, पृष्ठ ३०)

बालुवाको ठडिएझैँ महल जिन्दगी
बगेजस्तै वर्षायामको भल जिन्दगी
(घामको छहारीमा, पृष्ठ ४३)

यसरी घनश्याम न्यापाने 'परिश्रमी' नै नेपाली जनजीवन र देशगत वातावरणमा देखिएका र भोगिएका अधिकांश असमानता र विसङ्गतिबोधका कटुसत्यहरूलाई बिम्ब र प्रतीकको सुन्दर संयोजनद्वारा प्रस्तुत गर्न सफल गजलकारका रूपमा देखापरेका छन् ।

## ४.४ घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा प्रयुक्त रसभावहरू

विभिन्न सन्दर्भमा रसलाई भिन्न भिन्न अर्थ लगाइए तापनि साहित्यमा रसको अलग्गै पहिचान र महत्त्व रहेको हुन्छ । साहित्यमा रस भन्नाले साहित्यिक रचना विशेषबाट प्राप्त आनन्दानुभूति बुझिन्छ ।[१२] कसै कसैले त रसलाई काव्यको आत्मा

---

[१०]. घनश्याम न्यापौने 'परिश्रमी' **साहित्य सन्दर्भ** (२०५५) पूर्ववत् पृष्ठ ३९ ।

[११]. अर्जुनप्रसाद पौडेलले - पूर्ववत् पृष्ठ ११८ ।

[१२]. डा.मोहन हिमांशु थापा - **साहित्य परिचय** सा.प्र.का ते.स. २०४७ पृष्ठ २३३-२३४ ।

मानेका छन् । आचार्य विश्वनाथले 'रसात्मक वाक्यम् काव्यम्' भन्दै काव्यमा रसलाई पहिलो स्थान दिएका छन् ।[१३]

गजलपनि साहित्यकै काव्य विधा अर्न्तगतको एक उपविधाका रूपमा स्थापित भइसकेको वर्तमान परिप्रेक्ष्यमा अन्य विधामा स्थापित स्रष्टाहरूपनि गजलप्रति आकर्षित हुनुले पनि यसमा रसको उपस्थिति रहेको हुन्छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ । घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू जीवनका दृष्टिजन्य अनुभूति र भोगाइ एवम् समसामयिक विकृति विसङ्गतिको यथार्थ प्रतिबिम्बन भएकाले रसयुक्त नै रहेका देखिन्छन् । उनका गजलहरू खासगरी शृङ्गार, वीर, शान्त र रौद्र रसले युक्त छन् ।[१४] वर्तमान समाजमा देखापरेका विकृति, विसङ्गति सामाजिक, आर्थिक असमानताका विरुद्ध रोष प्रकट गर्दै लेखिएका रौद्र रसले युक्त गजल, त्यस्तै गरी समाजमा समानता, स्वतन्त्रता, मातृत्त्व, सदाचार, नैतिकता स्थापनाको लागि पछि नहट्न सन्देश दिने, वीर रसले युक्त गजल समाजको अन्याय, अत्याचार, शोषण, दमन जस्ता कुरीतिबाट थाकिसकेका अवस्थामा सृजित शान्त रसले युक्त गजलको साथसाथै प्रेमप्रणयको सुखात्मक अनुभूतिमा उत्पन्न श्रृङ्गार र प्रेमप्रणयको विकारजन्य अनुभूतिबाट उत्पन्न वियोग शृङ्गार रस उनका गजल सङ्ग्रहमा प्रयुक्त छन् । जसका केही नमुनाहरू यस प्रकार छन् :

### ४.४.१ शान्त रस

बाहिर काँचो छु भित्र त पाक्न थालेको छु
जिन्दगीको यात्राबाट थाक्न थालेको छु ।
(घामको छहारीमा, पृष्ठ १२)

### ४.४.२ वीररस

माटोमात्र हैन अव ढुङ्गा पनि गल्नुपर्छ
कालो धनले चुलिएका महलहरू ढल्नुपर्छ
यथास्थितिभित्र सधै गुम्सिएर बस्नु कति
अब हाम्रो समाजको स्वरूप बदल्नुपर्छ ।
(घामको छहारीमा, पृष्ठ २९)

---

[१३]. रामनाथ ओझा र मधुसूधन गिरी - **शोध सिर्जना र संस्कृत काव्यशास्त्र**, न्युहिरा बुक्स इन्टरप्राइजेज प्र.स. २०५८ पृष्ठ ३५६ ।

[१४].घनश्याम न्यौपाने 'परिश्रमी' का गजल सङ्ग्रहहरूको अध्ययनबाट प्राप्त जानकारी ।

### ४.४.३ रौद्र रस

इमान बेची ओहोदाको पगरी गुत्ने छन् असल
चरित्रवान्का गालामा कालोमोसो घस्नुपर्छ
(यो मौसम, पृष्ठ

### ४.४.४ संयोग शृङ्गार

तिमीले प्रीत प्याला भरे मात्र पुग्छ
इशारा मलाई गरे मात्र पुग्छ
(जून चुहेको रात, पृष्ठ ४९)

### ४.४.५ वियोग शृङ्गार

छताछुल्ल पोखिएको मुस्कान मीठो लाग्छ मलाई
सपनीमा तिमी रुँदा चिन्ताले पिरोल्ने गर्छ ।
(घामको छहारीमा, पृष्ठ ३६)

## ४.५ घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा अलङ्कार विधान

काव्यिक गहना मानिने अलङ्कारले काव्यलाई चमत्कारपूर्ण र प्रभावकारितापूर्ण बनाउने कार्य गर्दछ । गजलको भाषिक र भावगत सौन्दर्यमा अलङ्कारको महत्त्वपूर्ण भूमिका रहन्छ । अलङ्कारलाई काव्यको गहना मानिएको हुँदा गजलको सफलता नै अलङ्कारको प्रभावकारितामा निर्भर रहन्छ ।[१६]

अलङ्कारका पनि शब्दालङ्कार र अर्थालङ्कार गरी दुई प्रकार रहेका छन् । शब्दालङ्कार र अर्थालङ्कारका पनि विभिन्न भेद उपभेद रहेका छन् । ती सबै अलङ्कारले काव्यलाई चमत्कारिता र प्रभावकारिता प्रदान गरेका हुन्छन् । यस आधारमा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा रूपगत  र भावगत प्रभाव कायम गर्न आएका शैल्पिक चमत्कार अर्न्तगत विभिन्न अलङ्कारको उपस्थिति देखिन्छ । उनका गजलमा शब्दालङ्कार अर्न्तगत अन्त्यानुप्रास र अन्तरअनुप्रास अलङ्कार एवम् अर्थालङ्कार अर्न्तगत उपमा, उत्प्रेक्षा लोकोक्ति, सम्भावना संसृष्टि र प्रश्नालङ्कारको मुख्य रूपमा प्रयोग भएको देखिन्छ भने गौण रूपमा अतिशयोक्ति र विरोधाभास अलङ्कारको पनि प्रयोग गरिएको पाइन्छ ।[१७]

---

[१६]. मनु ब्राजाकी -**गजलगङ्गा** -गजलसङ्ग्रह सा.प्र.काठमाडौँ २०५१ (भूमिका खण्ड)
[१७]. घनश्याम न्यौपाने 'परिश्रमी' का गजल सङग्रहको अध्ययनबाट प्राप्त जानकारी ।

## ४.६ घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा भाषा प्रयोग

गजल अरबी शब्द भएपनि काव्य विधाका रूपमा यसको जन्म फारसी साहित्यमा भएको देखिन्छ । ऊर्दू र फारसी साहित्यबाट प्रभाव ग्रहण गर्दै १९४० देखि लेखन कार्य आरम्भ भएको गजलको पुनर्जागरण काल र वर्तमान समयका गजलहरूमा पनि ऊर्दू र फारसी साहित्यबाट आयातित गजल विधाले नेपाली गजल लेखनमा आंशिक प्रभाव पारिरहेको वर्तमान अवस्थामा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरूमा पनि त्यो प्रभाव परेको भेटिन्छ । घनश्याम न्यौपाने 'परिश्रमी'का गजल सङ्ग्रहमा सङ्कलित रहेका गजलहरूको भाषिक स्वरूपलाई हेर्दा संस्कृत तत्सम शब्द र आगन्तुक शब्दमा हिन्दी ऊर्दू शब्दको अत्यधिक र केही अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग गरिएको छ[२३] । यसरी नै भाषिक स्तरमा कथ्य र स्तरीय दुवै भाषाको मिश्रित रूप देखिन्छ भने केही क्लिष्ट शब्दको पनि प्रयोग गरिएको पाइन्छ । गजलमा भाव अभिव्यक्त गर्ने क्रममा 'परिश्रमी' कतै म पात्रका रूपमा देखा परेका छन् भने कतै तृतीय पुरुषका रूपमा उपस्थित भएर भावको अभिव्यक्ति गरेका छन् । संवादात्मक र लयात्मक शैलीमा भावको अभिव्यक्ति गर्दै बिम्ब, प्रतीक र उखान टुक्काको प्रयोग गजललाई प्रभावकारी लयात्मक र सौन्दर्यपूर्ण बनाउन पुगेका छन् । 'परिश्रमी'का गजलमा केही कथ्य भाषामा प्रयोग गरीने शब्दहरूको प्रयोगले व्याकरणिक विचलन देखिए तापनि लय र छन्द व्यवस्थाको एकरूपताको लागि यो सामान्य नै मानिन्छ । केही क्लिष्ट शब्दहरूको प्रयोगको साथै लिङ्ग, बचन, पुरुष एवम् भावगत रूपगत तथा वाक्यगत विन्यासमा केही कमीकमजोरी देखिए तापनि उनका गजलमा प्रयुक्त भाषाशैली उच्च तथा मिश्रित श्रेणीमा पर्दछ ।

समग्रमा उनका गजलहरू शृङ्गारिक अभिव्यक्तिभन्दा मानवीय अन्तर्पीडा र आमजनताका चाहना बोकेर सामाजिक यथार्थको संवाहक बनी सम्प्रेषणीय र भाव सघनताका साथ अगाडि बढिरहेका छन् ।[१९]

## ४.७ निष्कर्ष

आधुनिक नेपाली गजल साहित्यका अग्रणी प्रतिभा मनु ब्राजाकीको गजलबाट प्रभावित भएर नै गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले गजलको रचना गर्न लागेका हुन् । २०४४ सालदेखि गजलको रचना प्रारम्भ गरेका 'परिश्रमी'को गजलयात्रा अद्यावधि जारी नै छ । उनको साहित्यिक कृति प्रकाशनको प्रारम्भ २०३६ मा **अन्त्यमा** (खण्डकाव्य) बाट भए पनि गजल सङ्ग्रहको प्रकाशन भने २०५० देखि सुरु भएको हो । परिश्रमीका

---

[२३]. घनश्याम न्यौपाने 'परिश्रमी' का गजलसङग्रहको अध्ययनबाट प्राप्त जानकारी

[१९]. अर्जुनप्रसाद पौडेल, पूर्ववत् पृष्ठ १२८ ।

पुस्तकाकार गजलकृतिहरूमा **यो मौसम** (२०५०) **घामको छहारीमा** (२०५३) **जुनुमामा** (२०६०) **जून चुहेको रात** (२०६०) **राम्रा चाचा मीठा पापा** (२०६३) रहेका  छन् । यी बाहेक उनका प्रशस्त फुटकर गजलहरू पनि प्रकाशित र चर्चित हुँदै आइरहेका छन् । गजलको सैद्धान्तिक ज्ञानका निम्ति देशी विदेशी गजलविज्ञ एवम् अग्रज गजलकारहरूसँग प्रत्यक्ष भेटघाट गर्ने पत्रिका सम्पर्क राख्ने तथा तिनका गजलकृतिहरूको अध्ययनतर्फ लगनशील हुन गम्भींर देखिंदै गएको पाइन्छ ।[२०] जसले गर्दा 'परिश्रमी' आधुनिक नेपाली गजल साहित्यका निम्ति उपलब्धिमूलक बन्न पुगेका छन् ।

गजल लेखन र प्रकाशनको प्रारम्भिक अवस्थादेखि वर्तमानसम्मका फुटकर गजल र पुस्तकाकार गजल कृतिको लेखन र प्रकाशन एवम् गजलको सैद्धान्तिक अध्ययनले 'परिश्रमी'लाई प्रौढ लेखन र उल्लेखनीय गजलकारका रूपमा स्थापित गरेको छ । परम्परागत शृङ्गारिक र प्रेमप्रणय विषयका अतिरिक्त आमजनताका पीडा व्यथा, वेदना र चाहनाका विषयमा समानता स्वतन्त्रता र मानवतामुखी भएर गजल लेख्ने न्यौपानेको गजल लेखन कार्य अत्यन्त प्रशंसनीय रहेको छ । आधुनिक नेपाली गजलको परिवर्तनकारी उद्देश्यलाई प्रगतिवादी मानवतावादी दृष्टिकोणका माध्यमबाट भावाभिव्यक्ति प्रस्तुत गरेर नयाँ गजलकारहरूलाई पनि गजल लेखनका निम्ति उपयुक्त वातावरण सिर्जना गरी दिएकाले न्यौपानेलाई प्रगतिवादी गजलकारका रूपमा हेरिएको पाइन्छ । गजलको रचना विधानमा पनि गजलकार सफल र सतर्क रहेको देखिन्छ । काफिया, मतला, सेर, रदिफ, मिसरा, मक्ता, तखल्लुस, छन्द, लयात्मकता एवम् सरल सहज र हृदयस्पर्शी गजलको प्रस्तुतिलाई 'परिश्रमी'का गजलहरूले आत्मसात् गरेको पाइन्छ ।

यसरी गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' शृङ्गारिक विषयवस्तु बाहेक सामाजिक विषयवस्तु मानवतावादी एवम् राष्ट्रवादी अभिव्यक्तिको साथसाथै समसामयिक प्रजातान्त्रिक एवम् राजनैतिक विकृति र विसङ्गतिको विरोधमा आफूलाई उभ्याउन सफल गजलकारका रूपमा स्थापित हुन पुगेका छन् ।

[२०]. शोध निर्देशकबाट प्राप्त जानकारी ।

# परिच्छेद पाँच

# यो मौसम गजलसङ्ग्रहको कृतिपरक अध्ययन

## ५.१ विषय प्रवेश

**यो मौसम** घनश्याम न्यौपाने 'परिश्रमी'को प्रथम प्रकाशित गजल सङ्ग्रह हो । यस सङ्ग्रहमा 'परिश्रमी'का गजल लेखनारम्भ चरणका ७५ वटा गजलहरू सङ्कलित छन् । २०५० सालमा सौदामिनी प्रकाशन नवलपरासीबाट प्रकाशित यो गजल सङ्ग्रह नेपाली गजल परम्पराको एउटा कडीको रूपमा देखापरेको कुरा ललिजन रावलले यसको आमुख पृष्ठमा उल्लेख गरेका छन् । गजलकारको गजल लेखनारम्भका गजलहरू सङ्कलित यो गजल सङ्ग्रहमा केही कमी-कमजोरीहरू देखापरे तापनि समग्र रूपमा यो एउटा महत्त्वपूर्ण कृतिका रूपमा देखा परेको छ ।

यस गजल सङ्ग्रहमा सङ्कलित पचहत्तर वटा गजलहरू मध्ये ६२ वटा गजलमा काफिया र रदिफ दुवैको प्रयोग गरिएको छ भने बाँकी गजलहरूमा रदिफको प्रयोग गरिएको पाइँदैन । काफिया गजलको अनिवार्य तत्त्व भएकाले यसको प्रयोग बिना गजल लेख्न सकिँदैन भन्ने मान्यता अनुसार गजलकार 'परिश्रमी' काफियाको प्रयोगमा सजग र सचेत रहँदै यसको पूर्ण प्रयोग गरेका छन् । रदिफ गजलको अनिवार्य तत्त्व नभएको हुँदा यसको प्रयोगविना पनि गजल लेख्न सकिन्छ भन्ने मान्यतालाई गजलकारले रदिफको प्रयोग नगरी गजलको रचना गरेर स्पष्ट गरेका  छन् । यस गजल सङ्ग्रहमा रदिफ प्रयोगका आधारमा गजलहरू मुरद्दफ, गैरमुरद्दफ, देखिएका छन् । विषयहरूका दृष्टिले गजलहरू गैरे मुसलसल र मुसलसल गजलका रूपमा रहेका छन् । गजलकार १६ वटा गजलहरूमा घनश्याम र घनु (उपनाम) तखल्लुसको प्रयोग गरेका छन् । ४, ५ र ६ सेरका गजलहरू रहेको यस गजल सङ्ग्रहमा ५२ वटा गजलहरू ६ सेरका २१ वटा गजल र ५ सेरका र २ वटा गजलहरू ४ सेरका रहेका छन् । छन्दगत प्रयोग अन्तर्गत यस सङ्ग्रहका गजलहरूलाई काव्य उच्चारणगत प्रक्रिया अनुरूप अध्ययन गर्दा ९, १०, १२, १३, १४, १५, १६, १७ र १८ गरी जम्मा नौ प्रकारका वार्णिक छन्दको प्रयोग भएका पाइन्छ । यसैगरी ४, ५, ६, ७, ८, ९ र १० वर्णमा मध्य विश्राम गरिएको देखिन्छ । कथ्य उच्चार्थ, प्रक्रियाका आधारमा विश्लेषित यी छन्दगत अध्ययन लेख्य उच्चारणका दृष्टिले फरक पनि हुन  सक्छन् ।

यस गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका शब्दहरूको स्रोत र भाषिक व्यवस्था मिश्रित रहेको देखिन्छ । स्तरीय र कथ्य भाषाको प्रयोग गरिएको यस सङ्ग्रहमा

तत्सम, तद्भव र अत्यधिक आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहमा पच्न नसक्ने केही क्लिष्ट शब्दहरूको समेत प्रयोग देखिन्छ ।

## ५.२ 'यो मौसम' गजल-सङ्ग्रहको संरचना विवरण

| क्र. सं. | विवरण | गजल सङ्ख्या | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | संरचनाका दृष्टिले सबल | ६२ | २०,२१,२२,२३,२५-३७, ३९-४१, ४५-४७, ४९-५३, ५५-६६, ६८-७९, ८१ र ८५ देखि ९२ सम्म |
| २ | आंशिक पालना दृष्टिले | १३ | १९,२४,३८,४२,४४,४८,५४,६७,८०,८२,८३,९३ सम्मका |
| ३ | काफिया<br>क) समभार अन्त्यानुप्रास युक्त<br>ख) असमभार अन्त्यानुप्रास युक्त<br>● समसेर | <br>२५<br>५०<br>५४ | <br>१९,२०,२१,२४,२६,२८,३१,४०,४३,४६,४९,५५,६०, ६७,७०,७२,७५,८१,८२,८६-८८,९० र ९१ सम्म<br>२२-२३,२५,२७,२९,३०,३२-३९,४१,४२,४४,४५,४७, ४८,५०-५४,५६-५९,६१-६६,६८,७१,७३,७४,७६-८०,८३-८५,८७,९२ र ९३ सम्मका |
| ४ | सेर सङ्ख्या<br>● क) ४ का<br>* ख) ५ का<br>● ग) ६ का | २१<br>२<br>२१<br>५२ | <br>५० र ९० का<br>५७,५९,६६,७२,७३,७५-८२, ८४,८५,८७-८९,९१-९३ का<br>१९-४९,५१-५६,५८,६०-६५,६७-७१,७४,८३ र ८६ का |
| ५ | तखल्लुस | १६ | १९-२७,२९-३५,४९,६२,८८,८९ र ९१ का |
| ६ | लयविधान-<br>वार्णिक छन्दहरू<br>क) ९ र १० का वर्णका<br>ख) १२ वर्णका<br>ग) १३ वर्णका<br>घ) १४ वर्णका<br>ङ) १५ वर्णका | <br>१-१<br>८<br>११<br>१६<br>११<br>२३<br>४ | <br>८३-८३<br>२८,३०,३६,३८,५१,५३,५६,५९<br>३५,३९,४४,५०,५५,६०,७०,७७-७९ र ८६<br>२०,२९,३४,३७,४३,५७,६१,६६,७२,८२-८४,८५,८७,९३<br>१९,२३,२५,४०,४१,४२,५२,५४,५८,६८,९२<br>२२-२७,३१-३३,४५,४६,४८,४९,६३,६५,६७,६९,७१,७४-७६,८०,८१,८८-९१ सम्मका<br>२१,२४,२७ र ७३ सम्मका |

| | | | |
|---|---|---|---|
| ७ | च) १६ वर्णका<br>छ) १७ वर्णका<br>ज) १८ वर्णका<br>मध्य विश्राम<br>क) ४ अक्षरमा<br>ख) ५ अक्षरमा<br>ग) ६ अक्षरमा<br>घ) ७ अक्षरमा<br><br>ङ) ८ अक्षरमा<br><br>च) ९ अक्षरमा<br>छ) १० अक्षरमा | १<br><br><br>-<br>१<br>१<br>७<br>१७<br><br>४५<br><br>३<br>१ | २६<br><br><br><br>५३<br>६६<br>२९,३६,३९,५०,५१,५६ र ८३<br>२०,२८,३३-३५,३७,३८,४१,४२,४८,५४,५५,५७,५९,६० र ६४ सम्मका<br>१९,२१-२३,२५,२७,३०,३२,४०,४३,४४,४६,४७,४९,५२, ५८,६१,६२,६५,६७-६९,७०,८२-८९,९०,९१,९२ र ९३<br>२४,६३ र ७१<br>२६ |
| ८ | भाषिक स्तर | - | मिश्रित (स्तरीय+कथ्य) |
| ९ | शब्द स्रोत | - | मिश्रित (तद्भव+तत्सम् र आगन्तुक) |

सन्दर्भ स्रोत : 'यो मौसम' गजल-सङ्ग्रह (२०५०) बाट ।

● यस चिन्हमा समसङ्ख्यामा रचिएको गजललाई जनाइएको छ ।

* यस चिन्हबाट विसम सङ्ख्यामा रचिएको गजललाई जनाइएको छ ।

## ५.३. शीर्षक

दुई शब्द रहेको **यो मौसम** शीर्षकमा मौसम शब्द फारसी भाषाबाट नेपालीमा आयातित आगन्तुक शब्द हो । मौसमको शाब्दिक अर्थ अनुकूल समयावधि ऋतु, याम, आदि हुन्छ ।[1] तर मौसम शब्दले **यो मौसम** गजल सङ्ग्रहमा कुनै एउटा ऋतु वा अनुकूल समयलाई सङ्केत नगरी तत्कालीन समयको (२०५० साल तिरको) सामाजिक र राजनैतिक अवस्थालाई प्रतिबिम्बन गरेको छ । २०४६ सालको जनआन्दोलन पश्चात् पनि देशको सामाजिक आर्थिक राजनैतिक आदि क्षेत्रमा कुनै परिवर्तन नहुँदा निरास बनेका जनताहरू तत्कालीन समयलाई खराब मौसमको रूपमा नियालिरहेको सत्यतालाई यस गजल सङ्ग्रहको शीर्षकले सङ्केत गरेको छ । त्यसकारण यो शीर्षक अभिधा रूपमा नभई लक्षणा वा व्यञ्जना अर्थ संवाहकका रूपमा सार्थकपूर्ण रहेको छ । अर्थात् यो

---

[1]. वसन्त कुमार शर्मा 'नेपाल', **नेपाली शब्दसागर** भाषा पुस्तक भण्डार काठमाडौं (२०६३- पृ. १०९५) ।

सङ्ग्रहको शीर्षक प्रतीकात्मक अर्थको रूपमा रहेको छ । **यो मौसम** नेपाली जनताको चाहना इच्छा र आकाङ्क्षाहरूका विरुद्धमा भएको कुरा बताउँदै गजलकार 'परिश्रमी'ले **यो मौसम** गजलसङ्ग्रहको ४५औं गजलको भावअनुसार सङ्ग्रहको शीर्षक प्रतीकात्मक रूपमा राखेको पाइन्छ । जसको एउटा सेर यस्तो छ -

अपराधीले छूट पाउन चाहेजस्तो यो मौसम
वेइमानीले मित लाउन चाहेजस्तो यो मौसम ।

## ५.४. विषयवस्तु

**यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित गजलहरू तत्कालीन समाजका सामाजिक, आर्थिक नैतिक, शैक्षिक, सांस्कृतिक, राजनैतिक, राष्ट्रियता, नारीसम्बन्धी दृष्टिकोण, प्रजातन्त्र सम्बन्धी दृष्टिकोणको साथसाथै स्वतन्त्रता समानता, स्वाभिमान क्रान्तिचेत, प्रजातन्त्रको आगमनपश्चात् पनि दुख्न पुगेका स्वाभिमानी हृदयहरू, आफूलाई सभ्यताको प्रतीक मान्ने सहरियाहरूको असभ्यपन, नातावाद, कृपावाद, मानवमा हराउँदै गएको मानवीयपन आदि जस्ता विविध बिषयवस्तुहरूमा केन्द्रित छन् । समयानुकूल विभिन्न पक्षहरू समेटिएको यो गजलसङ्ग्रह समाजको यथार्थ चित्रण गर्न सफल रहेको छ । समतायुक्त मानवीय संवेदना सहिष्णुता र शोषणयुक्त समाजको अपेक्षा राख्ने गजलकार 'परिश्रमी'ले समाज सुधार र परिवर्तनको चाहना राखेको पाइन्छ । यस गजलसङ्ग्रहमा रहेका विभिन्न गजलगत बिषयवस्तुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ -

### ५.४.१ सामाजिक विषयवस्तु

स्वयम् निम्नमध्यम वर्गीय नेपाली समाजमा हुर्केका गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले समाजमा हुने गरेका अन्याय, अत्याचार, दमन, शोषण, विकृति, विसङ्गति आदि विविध विषयवस्तुलाई यस गजलसङ्ग्रहमा सङ्कलित गजलहरू हेर्दा समाजको राजनीति धर्म, संस्कृति आर्थिक स्थिति लगायत जुनसुकै क्षेत्रमा पनि सङ्गति भन्दा विसङ्गति देख्न सकिन्छ । त्यस्तै समाजसेवाको नाउँमा समाजसेवीहरूबाट नै शोषण भइरहेको वर्तमान समाजमा गरिबहरू उत्थानको बदलामा अन्याय अत्याचारले झन् गरिब र पीडित बन्दै गइरहेको सत्यतालाई पनि यस सङ्ग्रहमा सङ्कलित गजलहरूले स्पष्ट पारेका छन् । वास्तवमा यो गजलसङ्ग्रहमा सङ्कलित गजलहरूमा अधिकांश नेपाली जीवनले भोगेका विसङ्गत सामाजिक यथार्थको सिंहावलोकन गरिएको छ । सामाजिक विषयवस्तुका गजलहरू **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ २३, २४, २९, ३४, ४१, ५४, ६,

७, का गजलका सेरहरूमा सङ्कलित रहेका छन् जुन गजलका केही सेरहरू यस प्रकार छन् :

शक्तिको पुजारी बन्न नसक्नेलाई समाजमा
खैरियत छैन बोरी बिस्तरा नै कस्नुपर्छ
(यो मौसम, पृ.-२४)

भोक छ जताततै, कोलाहल छ जताततै
विवाद छ, द्वन्द्व छ, खलबल छ जताततै
(यो मौसम, पृ.-२९)

बेइमानहरूलाई मान चाहिन्छ
बदनामहरूलाई शान चाहिन्छ
(यो मौसम, पृ.- ४१)

## ५.४.२ राजनैतिक विषयवस्तु

राजनीतिका नाममा भएका हत्या, हिंसा, नातावाद, कृपावाद, भ्रष्टाचार, चाकरी, चापलुसी प्रजातन्त्रको दुरुपयोग गर्ने नेताहरूको झुटा आश्वासन र फोस्रा नाराहरूले गर्दा जनताहरूका प्रजातन्त्र प्राप्ति पछिका आशा र इच्छाहरू कल्पनामै सीमित रहेको वास्तविकतामा परिणत हुन नसकेको तितो सत्यतालाई, त्यस्तै राजनैतिक परिवेशदेखि टाढा रहेर आफू तटस्थ बन्न खोज्दा आफू सबैतिरबाट एक्लिनु पर्ने र सबैभन्दा बढी अप्ठ्यारो भोग्नुपर्ने वर्तमानको यथार्थलाई प्रजातन्त्र प्राप्तिका निम्ति सहिदहरूले राष्ट्रका खातिर आफ्नो जीवन बलिदान गरेतापनि वर्तमान परिवेशमा प्रजातन्त्र नेताहरूका लागि कमाउने भाँडो भएको तथा राजनीतिमा प्रजातन्त्र आगमन पश्चात् पनि चाकडी चाप्लुसी यथावत् रहेकाले इमान नैतिकवान् र योग्यता भएका व्यक्तिहरू ओझेलमा परेको र भ्रष्ट, बेइमान, सामन्ती प्रवृतिका व्यक्तिहरू अग्रपङ्क्तिमा रहेको कुरालाई र प्रजातन्त्र प्राप्ति पछि पनि प्रजातन्त्रको नक्कली मुकुण्डो लगाएका व्यक्तिहरू प्रजातन्त्रवादी बनेर आफ्नो सामन्ती अभीष्ट पूरा गर्न पाएका छैनन् भन्दै गजलकारले प्रजातन्त्र, स्वतन्त्रता र राजनीति एवम् राष्ट्रियतालाई भजाएर आफ्नो स्वार्थ पूर्तिमा लागेकाहरूको भण्डाफोर गर्दै त्यसका विरुद्ध गरिएका व्यङ्ग्य स्वयम् देश र जनताप्रतिको चिन्तासँगै मुक्तिकामी जनताका पक्षमा गरिएका समर्थन स्वरूपमा गजलहरू उनका **यो मौसम** गजल सङग्रहको

पृष्ठसङ्ख्या- ३२, ३३, ३६, ४०, ४१, ४४, ४६, ५६, ५८, ५९, ६३, ६४, ६५, ६८, ७० र ७८ गजलका सेरहरूमा सङ्कलित छन् । जुन गजलका केही सेरहरू निम्न अनुसार छन् -

मान्छे सक्रिय छन् जताततै
चल्छ राजनीतिको खेल जताततै
(यो मौसम, पृष्ठ ५६)

अपराधीले छूट पाउन चाहेजस्तो यो मौसम
बेइमानीले मीत लाउन चाहेजस्तो यो मौसम ।
(यो मौसम, पृष्ठ ६३)

दासताको जन्जीर यथावत् छ तोडिएको छैन
आन्दोलनले विश्रान्ति नै चाहिसकेको छैन ।
(यो मौसम, पृष्ठ ३३)

प्रकृतिको प्यारो भूगोल रमणीय देश मेरो
शोषक सामन्तको अत्याचारमा सदैव दमित छ ।
(यो मौसम, पृष्ठ ४०)

## ५.४.३ शैक्षिक विषयवस्तु

शिक्षाका क्षेत्रमा बढ्दै गएको विकृति विसङ्गतिको कारणले उत्पन्न शैक्षिक वेरोजगारीको कठोर सत्यलाई पनि गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले **यो मौसम** गजल सङग्रहका गजलका सेरहरूमा व्यक्त गरेका छन् । पढेलेखेका बुद्धिजीवीहरू पनि रोजगारी अभावको चक्रवातमा नेताहरूको झोले बन्न बाध्य र विवश भएका छन् । शैक्षिक संस्थाहरू राजनीति गर्ने प्रमुख स्थल बनेका छन् भने विद्यार्थीहरू राजनीतिमै व्यस्त छन् ।[३] जसले दुःख र परिश्रमपूर्वक अभावको जीवन बाँच्दै शिक्षा प्राप्त गऱ्यो उल्टै ऊ दूई चार पैसाका निमित्त व्याकुल छ । जसले विश्वविद्यालयको उच्चतर उच्चतम उपाधि हासिल गरेका छन्, पदक प्राप्त गरेका छन्, उनीहरू नै स-सानो जागिरका लागि रातदिन रोइरहेका छन् । हामीलाई उच्च योग्यताको उपलब्धि दिने सङ्घ संस्थाले हाम्रो क्षमता प्रदर्शन गर्ने न ठाउँ दिएको छ नत वातावरण नै मिलाइदिएको छ ।

---

[३]. ज्ञवाली रामप्रसाद सामाजिक यथार्थको धरातलमा यो मौसम (सु.सा.प्र.पूर्वाञ्चल वर्ष ८ अङ्क ६, २०५३) ।

भ्रष्ट नेताहरू योग्यतालाई कुल्चिएर आफ्नै भाइ भतिजा, सालासाली छोरीज्वाइँ, नालनाता र कहीँ त नोटका बिटासमेतलाई जागिर दिन्छन् । अनावश्यक ठाउँ पारेर पनि अवसर दिन्छन् ।[४] जुन वर्तमानको यथार्थ हो भन्ने कुरालाई **यो मौसम** गजलसङ्ग्रहका पृष्ठ २३, २४ का गजलका सेरहरूद्वारा यसरी व्यक्त गरेका छन् :

कति धाइराख्नु सधैँ जागिर जाबो खान पनि
डिग्री दिने सर्टिफिकेट बोक्न पनि भार भयो ।
(यो सौसम, पृष्ठ २३)

जति मीठो लेखेपनि बाहिरबाट बुझ्फ ए घनु !
नाम चलेको कवि बन्न राजधानी पस्नुपर्छ ।
(यो मौसम, पृष्ठ २४)

### ५.४.४ प्रेमप्रणय सम्बन्धी विषयवस्तु

गजलको उद्‌भव नै प्रेमप्रणय सम्बन्धी विषयवस्तुबाट भएको हुँदा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू पनि यस मान्यताबाट निकट नै रहेका छन् । मूलरूपमा प्रेमप्रणय नै गजलको विषयवस्तु हुनुपर्छ भन्ने मान्यता आज लेखनमा पनि सफल देखिन्छ । उनले आफ्ना गजलमा स्वच्छ प्रेमको वर्णन, वार्ता र प्रेमाघात प्रति उचित गुनासाको साथै स्वच्छ र पवित्र प्रेम नै युगयुगसम्म अमर रहने हुँदा सबैलाई यस्तै प्रेम गर्न पनि आग्रह गरेका छन् । उनका प्रेमसम्बन्धि विषयमा आधारित गजलहरू **यो मौसम** गजल सङ्ग्रहका पृष्ठ ४९, ५१, ६२, ६४, ७७, ८९ र ९३ पुष्ठमा सङ्कलित छन्, जसका केही सेरहरू निम्न छन् :

तिमी आयौ जाडोको घाम जस्तै नजिकिँदै
न्यानो न्यानो अनुभव विथोल्न सकिँन
(यो मौसम, पृष्ठ ७७)

बासनाकी तिमी भोकी रहिछौ थाहा थिएन
म आफू नै आज अलपत्र परेजस्तो लाग्यो
. (यो मौसम, पृष्ठ ४९)

[४].ऐजन् ।

मलम थियो तिम्रो प्रीति मेरो 'घाउ' निको पार्न
आज यै घाउमा नूनको धूलो छरेजस्तो लाग्यो ।
(यो मौसम, पृष्ठ ४९)

## ५.४.५ नारी सम्बन्धी दृष्टिकोण

गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले **यो मौसम** गजल सङ्ग्रहमा नारी सम्बन्धी विभिन्न समस्या र वाध्यताहरूको व्याख्या गर्दै नारीलाई जुठो चुलो शोषणको बन्धनबाट मुक्त हुन एवम् कर्मशील बन्दै अन्याय र अत्याचारका विरुद्ध लड्न **यो मौसम** गजल सङ्ग्रहका पृष्ठ सङ्ख्या ४६ र ५२ का गजलका सेरहरूमार्फत् आव्हान गरेका छन्, । जसका केही अंशहरू निम्न अनुसार छन् -

जुठो चुलो मात्र तिम्रो कर्मक्षेत्र कहाँ हो र ?
नारी उन्मुक्ति अभियान चलाउँदै गर प्रिये !
स्वभावैले दासी बन्ने संस्कार मेट्न सक्नुपर्छ
बन्धन विरुद्ध आवाज गुन्जाउँदै गर प्रिये !
(यो मौसम, पृष्ठ ४६)

नठान लहरा मलाई थाँक्रो बन्न किन खोज्छौ
मेरो आफ्नै अडान छ नहेर भो दाउ अव ।
(यो मौसम, पृष्ठ ५२)

## ५.४.६ स्वाभिमान सम्बन्धी विषयवस्तु

गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' जीवनलाई स्वाभिमानका कसीमा घोटेर बाँच्नुपर्ने कुरामा विश्वस्त देखिन्छन् । चाकरी चाप्लुसीको शक्ति चलिरहेको यस देशमा उनी त्यसका विरुद्धमा हुङ्कार भर्छन् ।[५] इमान, नैतिकता, स्वाभिमान र मानवता भन्दा ठूलो सम्पत्ति केही छैन । मानिसलाई यिनै कुराहरूले उच्चता प्रदान गर्दछन् । त्यसकारण आफ्नो अस्मिता बेचेर क्षणिक स्वार्थलाई कसैले पनि महत्त्व दिनुहुँदैन भन्ने कुरा

[५] रामप्रसाद ज्ञवाली सामाजिक यथार्थको धरातलमा यो मौसम, सुनकोसी, पृष्ठ १३१

गजलकार परिश्रमीले **यो मौसम** गजल सङ्ग्रहका पुष्ठ १९, ३७, ४३, ४५, ५७ र ८६ पृष्ठका गजलहरू मार्फत् अभिव्यक्त गरेका छन्, जसका केही सेरहरू निम्न छन् :

तातिएर अनाहकमा विवेकहीन बनी
गल्लीको कुकुरजस्तो भुक्नु हुँदैन ।
(यो मौसम, पृष्ठ ८६)

हृदय छ भित्र भने सुक्नु हुँदैन
अस्मिता नै गुमाएर झुक्नु हुँदैन ।
(यो मौसम, पृष्ठ ८६)

अस्मिता नै बेच्यो भने पेट पाल्न पाइन्छ रे
तर मैले आत्मा बेच्ने गीत कहिल्यै गाइनँ ।
(यो मौसम, पृष्ठ १९)

अत्याचारीहरू अनेक षडयन्त्र रच्छन्
ढृढ स्वाभिमान कत्ति गल्न नदेऊ
(यो मौसम, पृष्ठ ४३)

धेरैले कुल्चे निर्ममतापूर्वक बढ्न नदिन
सहँदै पीडा अव त माथि उठेर पल्टाएको छु ।
(यो मौसम, पृष्ठ ५७)

## ५.४.७ प्रगतिवादी दृष्टिकोण

गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले प्रगतिशील विषयवस्तुलाई पनि आफ्ना गजलमा गजलको विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । समतायुक्त र शोषणमुक्त समाजको चाहना राख्ने परिश्रमीले प्रगतिवादी चिन्तनलाई आत्मसात् गर्दै सामाजिक विभेद र सामन्ती प्रवृत्तिको अन्त्य गरी समतापूर्ण र शोषणरहित समाजको स्थापनामा जोड दिएका छन् । गरिबहरू पनि आफ्नो हक अधिकारको लागि अन्याय र अत्याचारको विरुद्धमा लडनुपर्ने, देश विकासका लागि सबैभन्दा पहिला गरिबको झुपडीबाट सुरुवात गर्नुपर्ने, स्वस्थ, समतापूर्ण र शोषणरहित समाजको स्थापनाका लागि गरिबहरूको स्थितिमा सुधार ल्याई धनी र गरिब बीचको विभेदको खाडल पुर्नु जरुरी पर्ने समाजमा

पूर्ण हक प्राप्तिका लागि तमाम व्यवधान हटाउन बैचारिक लडाइ लड्ने घनश्याम न्यौपाने 'परिश्रमी'का प्रगतिशील प्रवृतिका गजलहरू **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ सङ्ख्या २८, ३३, ३७, ५०, ५२, ६०, ६५, ६७, ७१, ८०, ८१ र ९० पृष्ठमा रहेका छन्, जसका केही सेरहरू यस प्रकार छन् :

ठूला साना, धनी गरिब बीचको दरार पुर्नुपर्छ
धर्ती स्वर्ग बन्थ्यो सबै समान भैदिए
(यो मौसम, पृष्ठ ५०)

ढुक्क पर्नुहुन्न आजै इतिहासले धिक्कार्ने छ
जनताले पूर्णहक पाइसकेको छैन साथी
(यो मौसम, पृष्ठ ३३)

उखेलेर फ्याँक्नुपर्छ जति सक्यो छिटो
समाजबाट सामन्तका संस्कारको जरो
(यो सौसम, पृष्ठ ८४)

दिवास्वप्न होइन देख्ने, पसिना बगाउनुपर्छ
छतहरू बाँकी सबै हुनुपर्छ ढलाइ अब ।
(यो मौसम, पृष्ठ ९०)

### ५.४.८ निराशापूर्ण अभिव्यक्ति

कहिले स्वजन त कहिले अन्यबाट समेत शोषित, अपहेलित, अपमानित र प्रताडित हुँदै सहानुभूतिको एक शब्दसम्म नपाएर भित्रभित्रै थाक्न, पाक्न, विश्वासघात सहँदै र मान्छेसँग झण्डै घृणा गर्न पुगी प्रीत र मीत लाउन नमान्ने न्यौपानेका जीवन, निराशा व्यङ्ग्य प्रहारकासाथ **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ १९,४८-२३, २५-२६, २९, ३५, ३६, ३८, ३९, ४०, ४२, ४८, ५२, ५३, ५५, ५८, ६१, ६६, ६९, ७२, ७४, ७५, ७८, ७९, ८२, ८३, ८७, ८८, ८९, र ९१ मा रचना गरिएका छन्, जसका केही सेरहरू निम्न अनुसार छन् :

जिन्दगी त जिएकै छु हाँस्न कहिल्यै पाइनँ
त्यसैले त प्रीति गाँस्न कसैसँग रुचाइनँ ।
(यो मौसम, पृ.१५)

नहाँस ए मान्छेहरू विजोग मेरो देखेर
मान्छेसँग कुनै पनि साइनो मैले लाइनँ
(यो मौसम, पृ.१९)

व्यक्तिगत काम थियो उनलाई भेटदाखेरी
आँखामा कसैको त्यहीँ नै चाकरी भयो ।"
(यो मौसम, पृ.-५५)

## ५.४.९ देशप्रेमको भावना

वर्तमान समयमा जे सोच्यो त्यो भएको छैन, तर जे सोचेको छैन त्यो भएको छ । सयौँ नेपाली सहिदको बलिदानी पश्चात् आएको प्रजातन्त्र पनि सीमित सत्तासीन, सामन्त उच्च वर्गमा मात्र निहित छ तर देश र जनताको स्थिति दिनप्रतिदिन बिग्रँदै गएको छ । शान्ति, सुरक्षा र कानुन संरक्षित अवधारणहरू सम्भनामै हराएका छन् । भ्रष्ट नेताहरूका पतित र घृणित कार्यहरूले यो देशको माटो नै प्रदूषित भइसकेको अवस्थाप्रति गजलकार चिन्ता व्यक्त गर्दै सबै नागरीकमा देशप्रेमको भावना अनिवार्य रूपमा हुनुपर्छ भन्ने कुरा **यो मौसम** गजल सङ्ग्रहको पृ.ष्ठ ३१, ४७ ४६ र ८० का गजलांशहरूमा देख्न पाइन्छ जसका केही सेरहरू यस प्रकार छन् :

खुनखराबी जति बहोस् कोही जिम्मेवार छैन
लाग्छ यो राष्ट्रमा अचेल कानुनी सरकार छैन
(यो मौसम, पृ.९२)

अहो ! निकै फोहर भैसकेछ दुनियाँ
सफाइका खातिर एउटा तुफान चाहिन्छ ।
(यो मौसम, पृ. ४१)

## ५.५. यो मौसम गजल सङ्ग्रहको शैली-शिल्प

शैलीले लेखनको लेखन कुशलतालाई जनाउने हुँदा लेखन विशिष्टता प्राप्तिमा शैलीको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले शैल्पिक विशेषताको चाहना र ज्ञान लेखन कलाका लागि अपेक्षित मानिन्छ । अर्कोतिर विचार र भावको संवाहक भाषाको व्यक्तित्त्व र अस्तित्त्वमा पनि शैलीलाई महत्ता प्राप्त भएको हुँदा गजलमा त भाषालाई अभ्र सुन्दर, सहज, हार्दिक एवम् लेखन कलाको विशिष्ट प्राप्तिका रूपमा लिइन्छ । तसर्थ गजललाई

सम्प्रेषणयुक्त अभिव्यक्ति दिन सुकोमल गुणयुक्त शब्दहरू, उखान टुक्का र बिम्बप्रतीकहरूको स्वाभाविक र सान्दर्भिक प्रयोगयुक्त शैलीलाई महत्त्वपूर्ण मानिएको छ । जुन घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा अधिक मात्रामा प्रयोग भएको छ ।

### ५.५.१ उखान टुक्काको प्रयोग

गजललाई प्रभावोत्पादकता एवम् शैल्पिक चमत्कार प्रदान गर्न उखान टुक्काको प्रयोग प्रभावकारी मानिन्छ । गजलमा सीमित शब्दबाट असीमित अर्थ वा भाव प्रस्फुटनका निम्ति उखान टुक्काको प्रयोग महत्त्वपूर्ण मानिएको छ । गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहका गजलहरूमा पनि कतै व्यङ्ग्य त कतै समय सन्दर्भको पहिचानका क्रममा उखान टुक्काको प्रयोग गरिएको छ ।

"हाँचोको मुखमा घोचो वास्तवमा सत्य रै'छ
अपराधी निर्दोष र निर्दोषी हत्यारो भयो ।"
(यो मौसम, पृ.३२)

पैसा भए ऐश हुन्छ सक्नेले कमाऊ
कमाउन मिसावटी दुकान चाहिन्छ ।
(यो मौसम, पृ. ४१)

हुटिट्याउँले सगरलाई धान्न खोजेजस्तै
सूर्यलाई हत्केलाले छेक्न खोज्ने यहाँ छन् ।
(यो मौसम, पृ. ६८)

### ५.५.२ प्रतीक र बिम्ब

प्रतीकको अर्थ सङ्केत हुन्छ । प्रतीकले देश काल र वातावरणसँग सम्बद्ध अर्थलाई पुष्टि गर्दछ ।[५] प्रतीकद्वारा सङ्केत गरिएको बिम्बले अर्थलाई गाम्भीर्य र ओजस्विता प्रदान गर्दछ । त्यसैले गजलमा बिम्ब र प्रतीकको प्रयोगलाई महत्त्वपूर्ण रूपमा लिन सकिन्छ । गजललाई विशिष्टता प्रदान गर्ने बिम्ब प्रतीकको यही महत्त्वलाई बुझेर नै गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'ले **यो मौसम** गजलसङ्ग्रहका गजलहरूमा प्रजातन्त्रको

[५]. डा. घनश्याम न्यौपाने 'परिश्रमी' **साहित्य सन्दर्भ** (२०५५) प. -३९ ।

तत्कालीन प्रस्तुति, मानवीय प्रवृति परिवेशगत चित्रण, देशगत अवस्थ, जीवनगत अनुभव र समसामयिक विकृति र विसङ्गतिलाई प्रतीक र बिम्बको सारगर्भित प्रयोगद्वारा शैल्पिक मोहकतापूर्ण बनाएको देखिन्छ । उनका अधिकांश गजलहरूमा प्रतीक र बिम्बको सुन्दर संयोजन गरिएको छ ।

यहाँ प्रजातन्त्र पश्चात् पनि जनताका चाहना र इच्छाहरू कल्पनामै सीमित रहेको कटुसत्यलाई ओकल्दै प्रजातन्त्रलाई चिसो पानीसँग तादात्म्य देखाई सुन्दर प्रतीक एवम् बिम्बको प्रयोगलाई निम्न गजलांशले देखाएको छ :

लैनो भैँसी गोठमा देखी तिर्खा बताएको
चिसो पानी मिल्यो आखिर मही रहेनछ ।
(यो मौसम, पृ.९६)

## ५.६. 'यो मौसम' गजल सङ्ग्रहमा रसविधान

साहित्य रचना विशेषबाट पाइने आनन्दलाई रस भनिन्छ । विभिन्न विद्वान्हरूले रसलाई विभिन्न अर्थमा परिभाषित गरे तापनि साहित्यमा रसको अलग्गै पहिचान र महत्त्व रहेको छ । साहित्यमा रस भन्नाले साहित्यिक रचना विशेषबाट प्राप्त आनन्दानुभूति बुझिन्छ ।[६] यसर्थ पनि साहित्यकै काव्य विधा अन्तर्गतको एक उपविधा भएको र वर्तमानका प्रशस्त जन जिब्राहरू यस तर्फ आर्कर्षित भएकोले गजलमा रस नरहने प्रश्न नै उठ्दैन । पूर्वीय आचार्य विश्वनाथले त काव्यमा रसको महत्त्वलाई प्रमुख रूपमा स्वीकार्दै "वाक्यम् रसात्मकम् काव्यम्" भनेका छन्[७] । रस नौ प्रकारका हुन्छन् भने यसका स्थायीभाव पनि नौ प्रकारका नै हुन्छन् । यसप्रकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा रसभावहरूमध्ये मुख्यरूपमा शृङ्गार वीर, रौद्र र शान्त रसको प्रयोग गरिएको पाइन्छ ।

### ५.६.१ वीररस

जीवनवादी एवम् मानवतावादी विचारले गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'मा देखिएको प्रगतिवादी चिन्तनको प्रभाव स्वरूप उनका गजलमा वीररसको प्रयोग भएको पाइन्छ । जीवनवादी, मानवतावादी प्रगतिवादी सोचाइमा आम जनसमुदायले देखेका, भोगेका र अनुभव गरेका तथा जनचाहनाको इच्छालाई आफ्ना

---

[६]. डा. मोहन हिमांशु थापा, **साहित्य परिचय**, सा.प्र. काठमाडौं ले. स (२०४७) पृ.२३३
[७]. पूर्ववत् पृ.- २३४

गजलमा व्यक्त गर्दै वर्गीय विभेदको अन्त्य समतामूलक र शोषणरहित समाजको चाहना तथा मानवीय आकाङ्क्षाहरू प्रतिविम्बित गजलहरू वीररस एवम् भावबाट अभिप्रेरित भएको मान्न सकिन्छ, जसका केही नमुना निम्न अनुसार छन् :

मृत्यु मलाई नजिस्क्या तेरै विरुद्ध लड्दै छु
जति खसेको छु तल उति उचाइ चढ्दै छु ।
(यो मौसम, पृष्ठ ३७)

उखेलेर फ्याँक्नुपर्छ जतिसक्यो छिटो
समाजबाट सामन्तका संस्कारका जरा ।
(यो मौसम, पृष्ठ ८४)

## ५.६.२ रौद्ररस

गुरुजन वा आत्मीयजनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा[८] अर्थात् शत्रुको अपमानपूर्ण व्यवहार देश र धर्मको अपकार एवम् अपमानबाट[९] रौद्ररसको उत्पत्ति हुन्छ । घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा देश र जनता आत्मीय रूपमा आएका देखिन्छन् । देश र जनता उपर अधर्म र अपमान भइरहेको अवस्थामा आततायी अन्यायी र अधर्मी उपर रोष प्रकट गरी त्यसका विरुद्धमा आवाज उठाउनु पर्ने भावहरू पनि आएका छन् । यसर्थ यस प्रवृतिका गजलहरूमा रौद्र रसको उपस्थिति रहेको मान्न सकिन्छ । जस्तै

अपराधीले छुट पाउन चाहे जस्तो यो मौसम
बेइमानीले मीत लाउन चाहेजस्तो यो मौसम
(यो मौसम, पृष्ठ ६३)

कालो धन्दा गर्ने महान् चरित्रवान् कहलिन्छन्
पसिना बगाउँछ जसले उसको घरबार छैन ।
(यो मौसम, पृष्ठ ९२)

---

[८] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, सा.प्र, काठ. ते.स..२०५५) पृष्ठ ६० ।
[९] मोहन हिमांशु थापा, पूर्ववत् **साहित्य परिचय**, पृष्ठ ४४ ।

रौद्ररसका उदाहरणका रूपमा आएका उपर्युक्त गजलांशहरूमा प्रजातन्त्रका नाउँमा बढेको अन्याय अत्याचारका साथै समय पनि बेइमानी र अपराधी बनेको कुरा व्यक्त गरिएको छ । यहाँ हेर्दा प्रजातन्त्र देश र जनता आवलम्बनका रूपमा र तिनका अन्याय अत्याचार र शोषण उद्दीपन विभाव एवम् व्यक्त कठोरता र बाध्यता सञ्चारी भावका रूपमा रहेकोले यहाँ क्रोध भावको उत्पत्ति भई रौद्र रसको उपस्थिति रहेको देखिन्छ ।

### ५.६.३ शृङ्गाररस

गजलमा शृङ्गार रसको प्रसङ्ग चल्दा रतिरागात्मक प्रणयवर्णनको सन्दर्भ अन्तर्गत संयोग शृङ्गार र वियोग शृङ्गार दुवै अगाडि आउँछन् भने वियोग शृङ्गारमा नायक वा नायिका दुवैमध्ये कुनै एकले अर्काको कल्पनामा पूर्व रागलाई स्मरण गरेको वियोगात्मक अवस्थाको वर्णन पाइन्छ ।[१०] संयोग शृङ्गारलाई सम्भोग र वियोग शृङ्गारलाई विप्रलम्भ शृङ्गार भनिन्छ[११] । घनश्याम न्यौपाने परिश्रमीको **यो मौसम** गजलसङ्ग्रहमा भने वियोग शृङ्गारको मात्र उपस्थिति रहेको पाइन्छ ।

### ५.६.३ १ वियोग शृङ्गार

मरूभूमिको तिर्खा भो प्रतीक्षाको घडी
परेको छ पिरतीको आगोमा तड्पिन ।
(यो मौसम, पृष्ठ ९३)

म आएको अनायास घृणा गरेजस्तो लाग्यो
अब तिम्रो मप्रति नै माया मरेजस्तो लाग्यो
बासनाकी तिमी भोकी रहिछौ थाहा थिएन
म आफू नै आज अलपत्र परेजस्तो लाग्यो
तिमीलाई परिभाषा प्रेमको थाहा रै'न छ कि
सधै भोको माया अन्तै कतै सरेजस्तो  लाग्यो ।
(यो मौसम, पृष्ठ ४९)

---

१० मोहन हिमांशु थापा, पूर्ववत् पृष्ठ २३७-२३८
११ मोहन हिमांशु थापा, पूर्ववत् पृष्ठ २३७-२३८

टाढा भइदिन बिर्सूं भन्छु बैगुनीलाई
तर सम्भनाले सताउँछ रातोदिन ।

(यो मौसम, पृष्ठ ९३)

माथिको उदाहरणमा नायक र अव्यक्त प्रस्तुत नायिका आलम्बनको रूपमा देखिएका छन् । परकीय उद्दीपन अन्तर्गत मरूभूमि, प्रतीक्षाको घडी र आगमन एवम् उद्दीपनमा पिरती, मुस्कान, तिर्खा, घृणा, वासना, सम्भना देखिएका छन् । छटपटी, डाहा, चिन्ता, मोह, वियोग, सञ्चारीभावका रूपमा आएका छन् । यहाँ प्रत्यक्ष रूपमा नायकको एकालापीय वियोग वर्णनले समष्टिमा वियोग शृङ्गारको उपस्थिति जनाएको पाउन सकिन्छ ।

### ५.६.३.२ संयोग शृङ्गार

तिमी आयौ जाडोको घामजस्तै नजिकिँदै
न्यानो न्यानो अनुभव विथोल्न सकिनँ

(यो मौसम, पृष्ठ ६६)

नायक नायिकाको मिलनमा संयोग श्रृङ्गार रसको उत्पति हुने गर्दछ । उक्त सेरमा नायक नायिकाको मिलन भएपनि उनीहरू विलासको अवस्थामा रहेको पाइदैन । नायक नायिका आलम्बन, जाडोको घाम उद्दीपन, न्यानो अनुभव हुन् । नायक नायिकाको मिलन भएर दुवैको इसारा पश्चात् प्रेम प्रणयको रतिरागात्मक अनुभव हुने भएकाले उक्त सेरमा शृङ्गार रस अन्तर्गत संयोग शृङ्गार रसको प्रयोग भएको छ ।

## ५.७ यो मौसम गजल सङ्ग्रहमा अलङ्कार विधान

कविता विधाको उपविधा र कोमल शब्दद्वारा कोमल भावको प्रस्तुति गजलमा गरीने भएकाले गजलको भाषिक र भावगत सौन्दर्यमा अलङ्कारको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । अलङ्कारलाई काव्यको गहना मानिएको हुँदा “गजलको सफलता नै अलङ्कारको प्रभावकारितामा निर्भर रहन्छ” ।[१२] अलङ्कारले गजलमा शैल्पिक चमत्कार र सौन्दर्य प्रदान गर्ने हुँदा यो काव्यको गहना मानिएको हो । अलङ्कारलाई पनि शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भागमा बाँडिएको छ । शब्दालङ्कार र अर्थालङ्कारका विभिन्न प्रकारहरू रहेको पाइन्छ । तापनि ती सबै अलङ्कारका प्रकारले काव्यमा शैल्पिक चमत्कार

[१२]. मनु ब्राजाकी, गजलगङ्गा गजलसङ्ग्रह सा.प्र काठमाडौं (२०५१) भूमिका खण्डमा ।

र प्रभावकारिता ल्याउने कार्य गर्दछन् । अलङ्कारको प्रभावबाट घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू पनि टाढा रहन सकेका छैनन् । उनको **यो मौसम** गजलसङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कार दुवै अलङ्कारको प्रयोग भएको छ । शब्दालङ्कार अन्तर्गत अन्त्यानुप्रास र अन्तरअनुप्रास अलङ्कार तथा अर्थालङ्कारमा उपमा, उत्प्रेक्षा, लोकोक्ति, सम्भावना र प्रश्नालङ्कारको प्रयोग भएको देखिन्छ । अलङ्कार प्रयोगका दृष्टिकोणले 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहका गजलहरू उत्कृष्ट रहेका छन् ।

### ५.७.१ शब्दालङ्कार

शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्नुलाई नै शब्दालङ्कार मानिन्छ ।[१३] घनश्याम न्यौपाने परिश्रमीको **यो मौसम** गजलसङ्ग्रहमा शब्दालङ्कार अन्तर्गत अन्त्यानुप्रास र अन्तरअनुप्रास अलङ्कारको प्रयोग गरेको देखिन्छ । काव्यिक अभिव्यक्तिका शब्दमा एउटा वा धेरै वर्ण (अक्षर) क्रमैले दोहोरिए भने अनुप्रास अलङ्कार एवम् पाउको अन्त्यमा एकै समानका वर्ण (अक्षर) दोहोरियो भने अन्त्यनुप्रास अलङ्कार हुन्छ ।[१४] गजल सम विषम दुवै सेर सङ्ख्यामा रचिए पनि गजलका प्रथम सेरलाई मतला भनिन्छ जसका दुबै मिसरा (चरण) रदीफ र काफिया दुबैको प्रयोगले अन्त्यानुप्रासयुक्त भई आएका हुन्छन् र त्यसपछिका सेरका दोस्रो मिसरा (चरण) को अन्तिममा कतै काफिया मात्र वा कतै रदीफ र काफियाको प्रयोग मतला भागको अन्त्यानुप्राससँग मिल्ने गरी अर्थात् श्रुत्यनुप्रासको (सजातीय शब्दको तुकबन्दी मिलेको) रूपमा अन्तरअनुप्रास अलङ्कार बनेर आएका हुन्छन् ।[१५] घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा गजलको मतलामा दुबै मिसराको अन्त्यमा समान अक्षर दोहोरिन्छन् भने अन्य सेरहरूमा 'मिसरा ए सानी'को अन्त्यमा मात्र एउटा वा धेरै अक्षरहरू क्रमशः दोहोरिएर आउने भएकाले अन्य सेरहरू अन्तर अनुप्रासयुक्त अलङ्कारका रूपमा देखिएका छन् । उक्त गजलसङ्ग्रहका गजलहरू अन्तरअनुप्रास र अन्त्यानुप्रास अलङ्कारको प्रयोगले प्रभावकारी बन्न पुगेका छन् । **यो मौसम** गजल सङ्ग्रहमा पाइने अन्त्यानुप्रास र अन्तरअनुप्रास अलङ्कारलाई तलको गजलबाट स्पष्ट पार्न सकिन्छ ।

△

| - वेइमानहरूलाई मान चाहिन्छ O | मतला, अन्त्यानुप्रास

| - वदनामलाई शान चाहिन्छ O |

△

---

[१३]. केशवप्रसाद उपाध्याय पूर्ववत् पृ.११२ ।

[१४]. हिमांशु थापा, पूर्ववत्, पृ.२५३ र २५५ ।

[१५]. भरतराज पन्त, नेपाली अलङ्कार परिचय, ने.रा.प्र.प्र काठमाडौँ (२०५६) पृ.- १२६ ।

△
| जमाना सायद उल्टिएर हो कि, O
| चरित्रवान्लाई सुरापान चाहिन्छ O ➡ अन्तरअनुप्रास
△

| जो कोहीको भर पर्नु हुँदैन भन्छन् O
| विश्वासिलो पात्र अचेल शैतान चाहिन्छ O ➡ अन्तरअनुप्रास
△

| 'पैसा भए ऐश हुन्छ' सक्नेले कमाऊ O
| कमाउन मिसावटी दुकान चाहिन्छ O ➡ अन्तरअनुप्रास
△

(यो मौसम, पृ.४१)

सङ्केत -

| सेर

- मिसरा

O रदिफ

△ काफिया

माथिका गजलमा गजलको पहिलो सेर मानिने मतलाको दुबै मिसराको अन्त्यमा समान अक्षर "चाहिन्छ" दोहोरिएर आएका हुँदा मतलामा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको देखिन्छ भने अन्य सेरहरूमा दोस्रो मिसरा अर्थात् 'मिसरा सानी'को अन्त्यमा मात्र अक्षर (चाहिन्छ) दोहोरिएर आएकाले अन्य सेरहरू अन्तरअनुप्रास अलङ्कारका रूपमा देखिएका छन् ।

## ५.७.२ अर्थालङ्कार

शब्दको अर्थमा मात्र सौन्दर्य एवम् चमत्कारको सिर्जना भयो भने अर्थालङ्कार हुन्छ[१६] । अर्थालङ्कारका विविध भेद उपभेद मध्ये घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा मुख्यरूपमा उपमा, उत्प्रेक्षा, लोकोक्ति, सम्भावना, संसृष्टि र प्रश्नालङ्कार जस्ता अलङ्कारहरू पाइन्छन् । जसले गजलमा भाव प्रखरताको वृद्धिको कार्यमा चमत्कारिता देखाएका छन् । अर्थालङ्कारका विभिन्न भेद र उदाहरण निम्न अनुसार देखाउन सकिन्छ ।

---

[१६]. मोहन हिमांशु थापा, पूर्वत् प. २५३

### ५.७.३. उत्प्रेक्षा अलङ्कार

उपमेयमा उपमान आदिको सम्भावना कल्पित गरीएमा उत्पेक्षा अलङ्कार हुन्छ[१७] । हो, कि, निश्चिय, मानौं, सम्भवतः, यदा आदि जस्ता वाचक शब्दको प्रयोग यस अलङ्कारमा गरिएको हुन्छ । 'परिश्रमी'का गजलका निम्न गजलांशमा उत्प्रेक्षा अलङ्कार झल्किएको छ ।

मैले मीठो माया माग्दा किन रुखो बोली दियौ
यस्तो बोली दियौ मानुँ कि छातीमा गोली दियौं ।
(यो मौसम, पृ. ९१)

यहाँ मीठो मायाको अपेक्षा राख्ने प्रेमीलाई प्रेमीकाले गोली समान रुखो बोली दिएको प्रसङ्गमा आहत हुन पुगेको छटपटीमा गोली उपमानको सम्भावना कल्पित गरिएकोले उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ ।

### ५.७.४ लोकोक्ति अलङ्कार

लोकोक्ति अलङ्कारमा लोक उक्तिको प्रयोग हुन्छ[१८] । लोकोक्तिको प्रयोगले काव्यलाई सौन्दर्यपूर्ण, चमत्कारपूर्ण र प्रभावकारी बनाउँछ । लोकोक्ति अलङ्कारमा जनमानसमा प्रचलित उखान-टुक्काहरूको प्रयोग गरिएको पाइन्छ । लोकोक्ति अलङ्कारको प्रयोग गर्दै गजलकार लेख्छन् ।

'हाँचाको मुखमा घोँचो' वास्तवमा सत्य रै'छ ।
अपराधी निर्दोष निर्दोषी हत्यारो भयो ।

यहाँ अपराधी भएपनि बलियोले छुट पाउने र कमजोर निर्दोष व्यक्ति भएपनि दोषी बन्ने परिवेशमा लोकोक्तिमा चलेको उखान-टुक्काको प्रयोगले प्रस्तुत सेरमा लोकोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ ।

[१७]. केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ.-२६५-२६६
[१८]. केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ.११९

### ५.७.५ स्वभावोक्ति अलङ्कार

कुनै पनि प्राणी वा वस्तुको मिल्दोजुल्दो र सुहाउँदो वर्णन भए स्वभावोक्ति अलङ्कार बन्छ[१९] । सामाजिक वेमेल नातावाद, कृपावाद, आफू अन्यायमा पर्नुपर्दाको व्यथा, आफूलाई सभ्यताको ठेकेदार ठान्ने सहरियाहरूको असभ्यता, आर्थिक, सामाजिक, वर्गीय विभेदका पीडा र व्यथाहरू गजलकार 'परिश्रमी' आफू स्वयंले असम्भव र अनुभूति गरेको हुँदा आफ्ना गजलमा सामाजिक आर्थिक वर्गीय विभेदको यथार्थ अभिव्यक्ति दिएका छन् । समसामयिक परिवेश पनि उनका गजलमा सजीव भएर आएको देखिन्छ । उनका पीडा र व्यथाग्रस्त गजलका स्वभावोक्ति अलङ्कारको प्रयोगले अर्थमा सौन्दर्य ल्याउने गरेको देखिन्छ ।

भोक छ जतातत‌ै, कोलाहल छ जतातत‌ै
विवाद छ, द्वन्द्व छ खलबल छ जतातत‌ै ।'
(यो मौसम, पृ. २९)

### ५.७.६ संसृष्टि अलङ्कार

शब्द र अर्थ अलङ्कारको मिसावट तिल-चामल जस्तै छुट्टिने गरी प्रयोगमा आएमा संसृष्टि अलङ्कार भनिन्छ[२०] । 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको निम्न गजलाशंमा संसृष्टि अलङ्कार रहेको छ । ।

माहिरहरू छेउ लागेर बसे हुन्छ यहाँ
उच्च पदमा अन्धा अर्थात् अनजान चाहिन्छ ।
(यो मौसम, पृ.-४१)

उपर्युक्त पङ्क्तिमा योग्य व्यक्तिहरू पछि परेका र अयोग्य व्यक्तिहरू अगाडि बढेका क्रियासँग पारस्परिक विरोध जनाउँदै आउँदा विरोध अलङ्कार देखिन पुगेको छ भने अर्कोतिर अयोग्य व्यक्ति योग्य व्यक्तिका स्थानमा रहेको प्रतीकात्मक अर्थ ध्वनित हुने हुँदा अतिशयोक्ति अलङ्कार स्पष्ट देखिई यहाँ संसृष्टि अलङ्कार बन्न पुगेको छ ।

---

[१९]. डिल्लीराम तिमल्सिना र माधव भण्डारी, छन्द र अलङ्कार, विद्यार्थी पुस्तक भण्डार, (का.) (सा.प्र.) चौ.स. (२०५४) पृष्ठ २९ ।

[२०]. भरतराज पन्त, पूर्ववत् पृ. ११४ ।

### ५.७.७ प्रश्नालङ्कार

प्रश्न गरिएको अलङ्कारलाई प्रश्नालङ्कार भनिन्छ । सबैतिरको असफलतापछि कुनै बेला हतप्रभ हुन पुगेका गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' स्वयम्कै निम्न अन्तरभावको गजल प्रस्फुटनले प्रश्न गर्न पुग्दा प्रश्नालङ्कारको उपस्थिति बन्न पुगेको देखिन्छ :

यता जाऊँ वक्रदृष्टि उता जाऊँ वक्रदृष्टि
कतैबाट स्नेह पाउन सकिएन कसो गरूँ ?
(यो मौसम, पृ. २५)

## ५.८ यो मौसम गजल सङ्ग्रहमा प्रयुक्त भाषा

गजल अरबी शब्द भएपनि काव्य विधाका रूपमा यसको जन्म फारसी साहित्यमा भएको देखिन्छ । फारसी र उर्दु साहित्यबाट प्रभाव ग्रहण गर्दै १९४० देखि गजल लेखन कार्य आरम्भ भएको हो । यसपछि पुनर्जागरणकाल र वर्तमान समयका गजलकारहरूमा पनि उर्दु र फारसी भाषाको प्रभाव परेको देखिन्छ । उर्दु र फारसी साहित्यबाट आयातित गजल विधाले नेपाली गजल लेखनमा प्रभाव पारेको अवस्थामा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू पनि उर्दु र फारसी भाषाबाट प्रभावित बन्न पुगेका छन् । 'परिश्रमी'को **यो मौसम** गजलसङग्रहमा सङ्कलित रहेका गजलहरूको स्वरूप हेर्दा संस्कृत तत्सम शब्द र आगन्तुक शब्दमा हिन्दी, उर्दु शब्दको अत्याधिक प्रयोग भएको देखिन्छ भने केही तत्भव शब्दको पनि प्रयोग भएको पाइन्छ । भाषिक स्तरमा कथ्य र स्तरीय रूप देखिएको छ । गजलमा भाव अभिव्यक्त गर्ने क्रममा गजलकार 'परिश्रमी' कतै 'म' पात्रका रूपमा देखापरेका छन् भने कतै तृतीय पुरुषका रूपमा उपस्थित भएर भावको अभिव्यक्ति प्रस्तुत गरेका छन् । संवादात्मक, व्यङ्ग्यात्मक शैलीमा भावको अभिव्यक्ति गर्दै बिम्ब प्रतीक र उखनटुक्काको प्रयोगले गजललाई प्रभावकारी, लयात्मक र सौन्दर्यपूर्ण बनाउन पुगेका छन् । यस सङ्ग्रहमा सङ्कलित गजलहरू शृङ्गारिक र प्रेमप्रणय भन्दा मानवीय अन्तःपीडा र आमजनताका चाहनालाई सामाजिक यथार्थको धरातलमा सम्प्रेषणीय रूपमा प्रस्तुत गरिएको पाइन्छ । समानता, स्वतन्त्रता, मानवता, भातृत्वको सन्देश बोकेको उक्त गजलसङ्ग्रह एउटा उत्कृष्ट गजलसङ्ग्रहका रूपमा देखापरेको छ ।

## ५.९ निष्कर्ष

नेपाली गजलको प्राथमिक कालका गजलकार उपेन्द्र बहादुर 'जिगर'को **एक सय एक** (१९९६) गजलसङ्ग्रहको प्रकाशन पछि चार दशकसम्म सुषुप्त रहन पुगेको गजल विधालाई ज्ञानुवाकर पौडेलले २०३६ सालमा पुनर्जागृत गरेको देखिन्छ । २०४१ मा ललिजन रावलको आगमनले आधुनिक नेपाली गजलले निरन्तरता र स्थायित्व प्राप्त गरेको देखिन्छ । मनु ब्राजाकीको गजल लेखनबाट अत्यधिक प्रभावित भएका घनश्याम न्यौपाने 'परिश्रमी' २०४४ बाट गजल लेखनमा सक्रिय भएर देखापरेका हुन् । २०४५ को हिउँद महिनाको **मधुपर्क**मा प्रकाशित 'जिन्दगी त जिएकै छु' उनको पहिलो गजल हो । २०४४ बाट गजल लेखनमा लागेका 'परिश्रमी'को गजल लेखन कार्य वर्तमान समयमा पनि जारी नै रहेको देखिन्छ । घनश्याम न्यौपाने परिश्रमीको कृति प्रकाशन २०३६ बाट भएपनि उनको गजलसङ्ग्रहको प्रकाशन चाहि २०५०बाट भएको छ । पुस्तकाकार गजलकृतिहरूमा **यो मौसम** (२०५०), **घामको छहारीमा** (२०५३), **जुनुमामा** (२०६०), **जून चुहेको रात** (२०६०), **राम्रा चाचा मीठा पापा** (२०६३) रहेका छन् । यी बाहेक उनका प्रशस्त फुटकर गजलहरू पनि प्रकाशित र चर्चित हुँदै आएको पाइन्छ । गजलको सैद्धान्तिक ज्ञानका निम्ति अग्रज गजलकार एवम् स्वदेशी र विदेशी गजल विद्वान्हरूसँग प्रत्यक्ष भेटघाट गर्ने तथा तिनका कृतिहरूको गहन अध्ययनमा लगनशील हुँदै गएका 'परिश्रमी' आधुनिक नेपाली गजल साहित्यका निम्ति उपलब्धिमूलक बन्न पुगेका छन् ।

गजल लेखन-प्रकाशनको प्रारम्भिक अवस्थादेखि वर्तमानसम्मका फुटकर गजल पुस्तकाकार गजल कृतिको लेखन र प्रकाशन एवम् गजलको सैद्धान्तिक अध्ययनले 'परिश्रमी'लाई प्रौढ लेखन र उल्लेखनीय गजलकारका रूपमा स्थापित गरेको छ । परम्परागत शृङ्गारिक र प्रेमप्रणय विषयका अतिरिक्त आमजनताका पीडा, व्यथा, वेदना र चाहनाका विषयमा समानता, स्वतन्त्रता र मानवतामुखी भएर गजल लेख्ने न्यौपानेको गजल लेखनकार्य अत्यन्त प्रशंसायोग्य रहेको छ । आधुनिक नेपाली गजलको परिवर्तनकारी उद्देश्यलाई प्रगतिवादी-मानवतावादी दृष्टिकोणका माध्यमबाट भावाभिव्यक्ति प्रस्तुत गरेर नयाँ गजलकारहरूलाई पनि गजल लेखनका निम्ति उपयुक्त वातावरण सिर्जना गरिदिएकाले न्यौपानेलाई प्रगतिवादी गजलकारका रूपमा हेरिएको पाइन्छ । गजलको रचना विधानमा पनि गजलकार सफल र सर्तक रहेको देखिन्छ । काफिया, मतला, सेर, रदिफ, मिसरा, मक्ता, तखल्लुस, छन्द, लयात्मकता एवम् सरल, सहज र हृदयस्पर्शी गजलको प्रस्तुतिलाई न्यौपानेका गजलहरूले आत्मसात् गरेको पाइन्छ । आदर्श र यथार्थ बीचको द्वन्द्वात्मक अनुभूतिको रूपमा **यो मौसम** गजलसङ्ग्रह

देखापरेको छ । सामाजिक वेमेल, खण्डित आदर्श, चारैतर्फ फैलिएको नातावाद, कृपावाद धोका खाएको असफल प्रणय, चरम गरिबी र आर्थिक विपन्नता, नेताहरूले जनतामाथि गरेको कृतध्नता, आफू अन्यायमा पर्नुपर्दाको व्यथा, भौतिक तथा यान्त्रिकताले जकडिएको मानवता, आफूलाई सभ्यताको ठेकेदार ठान्ने सहरियाहरूको असभ्यता अपराधकेन्द्री राजनीति, वर्गीय विभेद, आर्थिक विभेद, राष्ट्रघाती, प्रजातन्त्रको दुरुपयोग र समसामयिक विकृति-विसङ्गतिको यथार्थ चित्रण **यो मौसम** गजलसङ्ग्रहमा भएको देखिन्छ । गजल लेखनको प्रारम्भिक समयदेखि वर्तमानसम्म प्रशस्त फुटकर गजल रचना, प्रशस्त पुस्तकाकार गजलकृतिहरूको प्रकाशन, गजलको सैद्धान्तिक अध्ययन एवम् गजल साहित्यप्रतिको अथक साधनाले घनश्याम न्यौपने 'परिश्रमी'लाई नेपाली गजल साहित्यमा उल्लेख्य गजलकार एवम् गजलविज्ञका रूपमा स्थापित गरिसकेको छ ।

# परिच्छेद छ

# गजल सिद्धान्तका आधारमा यो मौसम गजलसङ्ग्रहका गजलहरूको संरचनागत अध्ययन

## ६.१. जिन्दगी त जिएकै छु

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित पहिलो गजल हो । लेखनका दृष्टिले पनि परिश्रमीको यो पहिलो गजल हो । 'परिश्रमी'ले **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित गजलहरूको विषय सूचीमा शीर्षक दिए तापनि गजलमा शीर्षक उल्लेख भने गरेका छैनन् । छ सेरमा संरचित यस गजलमा पाइन, रुचाइन, लाइन, गाइन, धाइन, खाइन जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गजल गैरमुरद्दफ अन्तर्गत पर्दछ । आत्मपरक शैलीमा लेखिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अक्षरको उच्चारणको आधारमा १५ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा 'घनश्याम' तखल्लुसको प्रयोग गरिएको छ । यस गजलमा प्रत्येक सेरहरूको विषयवस्तु फरक फरक भएकोले यसलाई गैरमुसलसल गजका रूपमा लिन सकिन्छ । गजलको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाचौँ, छैटौँ सेरमा क्रमशः १३, १२, १०, १५, १३, १४ गरी जम्मा ६६ वटा शब्दहरू प्रयोग भएका छन् ।

यो गजलको पहिलो सेरमा गजलकारले निराशाजनक स्वर प्रस्तुत गरेका छन् । आफू बाँचेर पनि हाँसो र खुसी साथ रम्न नपाएकोले गर्दा कसैसँग प्रीति गाँस्ने चाहना पनि नभएको कुरा स्पष्ट पारेका छन् । दोस्रो सेरमा गजलकारले आफ्नो दयनीय अवस्था देखेर आफूलाई उपहासको पात्र नबनाऊ भन्दै मानिसमा भएको स्वार्थीपनदेखि आफू टाढा रहन खोज्दै कसैलाई आफ्नो बनाएर साइनो लाउन नचाहेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा आफू भोकै र नाङ्गै भएर हिड्नुपर्दा पनि कसैबाट सहयोग र सहानुभूति पाउन नसक्दा मानिसमा मानवीय प्रवृत्ति हराउदै गएको र दानवीय प्रवृत्ति बढ्दै गएको कुराप्रति व्यङ्ग्य गरेका छन् ।

गजलकारले आफ्नो स्वाभिमानी प्रकृतिलाई गजलको चौथो सेरमा व्यक्त गरेका छन् । स्वाभिमानपूर्ण जीवन जिउन चाहने गजलकारले आफ्नो पेट भर्नका लागि आफ्नो अस्मितामा आँच आउने कुनै पनि काम नगर्ने कुरा व्यक्त गरेका छन् । पाँचौँ सेरमा आफ्नै परिश्रम र मिहिनेतमा रमाउन चाहने 'परिश्रमी' चाकरी र चाप्लुसी गर्ने काममा कहिल्यै अगाडि बढ्न चाहँदैनन् । गजलको अन्तिम सेरमा बाहिरबाट दानी देखिने तर

वास्तविक विचार भने अपवित्र भएका नीच, घृणित व्यवहार भएका मानिसहरूलाई पनि व्यङ्ग्य गर्दै आफू कसैको दयाको पात्र नबनी स्वाभिमानपूर्ण जीवन जिउनुमा नै जीवनको वास्तविकता झल्कनेमा विश्वस्त देखिन्छन् ।

## ६.२. **बोलूँ त बोल्न हुन्न**

यो मौसम गजल सङ्ग्रहको पृष्ठ २० मा सङ्कलित दोस्रो गजल हो । छ सेरमा संरचित यस गजलमा भइरहेछु, बाँचिरहेछु, साँचिरहेछु जस्ता शब्दांश काफियाको प्रयोग गरिएको छ । रदिफको रूपमा 'आज' दुई अक्षरको शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । यस गजलमा तखल्लुसको रूपमा 'घनु'को प्रयोग गरिएको छ । उच्चारणको आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको छ । गजलकारको आत्मालापीय शैलीमा लेखिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । गजलको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाचौँ र छैटौ सेरमा क्रमशः १२, १०, १०, १०, १३ र १३ गरी जम्मा ६८ वटा शब्दहरूको प्रयोग गरिएको छ । शब्दस्रोतको आधारमा शमन, वेदन, व्यथा जिजीविषा जस्ता तत्सम र केही आगन्तुक शब्दको समेत प्रयोग भएको छ । प्रत्येक सेरमा फरक फरक विषयवस्तुको प्रयोग गरिएकोले विषयवस्तुका दृष्टिले यसलाई गैरमुसलसल गजल मान्न सकिन्छ ।

गजलको पहिलो सेरमा गजलकारले आफूमाथि अन्याय, अत्याचार, शोषण र दमन हुँदा पनि त्यो चुपचाप सहेर बस्नुपर्ने वाध्यात्मक स्थितिको उल्लेख गरेका छन् । दोस्रो सेरमा आफूभित्रको पीडा झन्-झन् बढिरहेको छ तर त्यसमा मलमपट्टि लगाउने कुनै माध्यम नभएकोले त्यो पीडा झन् बल्झिरहेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा गजलकारले आफू अभावमय जीवन बाँच्नुपरेकोले सबैतिरबाट अपमान सहनुपरेको र आफन्त भनाउँदाहरूबाट समेत अपमानित हुनुपर्दा आफूभित्र वेदना र व्यथाहरू सल्बलाइहेको छ भनेका छन् ।

अभावमय जीवनका कारण आफू सबैको दृष्टिमा कसिङ्गर बन्नुपरेको कुरा गजलकारले यस गजलको चौथो सेरमा व्यक्त गरेका छन् । पाँचौँ सेरमा गजलकारले शोषक र सामन्तहरूले सधैँ निमुखा र गरिबमाथि अन्याय अत्याचार शोषण र दमन गरेर समाजमा आफ्नो शक्ति प्रर्दशन गरेको देखिन्छ, जसले गर्दा आफ्नो जीवनका सुन्दर सपनाहरू, रहरहरू सबै चकनाचुर भइसकेको र केवल जीवन जिउने आशामात्र बाँकी रहेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा आफू बेसहारा बन्दै घात प्रतिघातबाट प्रताडित भएपनि गजल लेखेर नै आफ्नो जीवन चलाउने कुरा स्पष्ट पारेका छन् ।

## ६.३. पल्हाउन सकिन म

यो मौसम गजलसङ्ग्रहको, पृष्ठ २१ म रहेको शीर्षकको गजल तेस्रो गजल हो । छ सेरमा संरचित यस गजलमा गुट्मुटिएको, भुट्भुटिएको, लुटिएको, चुटिएको जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा एकअक्षरी 'छु' को प्रयोग छ । 'घनु' तखल्लुसका रूपमा प्रयोग भएको यस गजलका १७ अक्षरको लय विधानको प्रयोग गरिएको पाइन्छ । यसमा सामाजिक जीवनका विसङ्गति, विपन्नता, अभाव र शोषणप्रति तीव्र रोष प्रकट गर्दै आत्मनिष्ठ शैलीमा युगीन यथार्थको चित्रण गरेका छन् । समाजमा व्याप्त अन्याय अत्याचारको यथार्थ चित्रण गरिएको यस गजलको विषयवस्तु मुसलसल भए तापनि प्रत्येक सेरहरू आफैमा पूर्ण छन् । प्रत्येक सेरहरूमा क्रमशः १३, १३, १४, १६, १५, १७ गरी जम्मा ८८ वटा शब्दको प्रयोग यस गजलमा गरिएको छ । यस गजलमा तत्सम, तत्भव झर्रा नेपालीका शब्द प्रयोग भएका छन् ।

पहिलो सेरमा गजलकारले आफू अलिकति माथि उठेर अन्याय अत्याचारका विरुद्ध आवाज उठाउने चाहना भएको तर समाजमा जरा गाडेर बसेका अन्यायी, अत्याचारीको व्यवहारबाट आफू सधैँ त्रसित बन्नुपर्दा भित्रभित्रै छट्पटाइरहेको पीडालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा बाहिरबाट हेर्दा मानवता जस्तो देखिने तर वास्तवमा मानवताको खोल मात्र ओढेका, दानवीय प्रवृत्ति भएका मानवबाट आफू लुटिएको, आफ्नो अस्तित्व बेच्न बाध्य गराइएको यथार्थलाई चित्रण गरेका छन् । गजलकारले तेस्रो सेरमा निराशाजनक स्वर प्रस्तुत गर्दै आफ्नो जीवन अनेकौं चोट व्यथा समस्या र जालझेलबाट ग्रसित बनेकोले जीवनलाई उद्देश्यहीन देख्नथालेका छन् ।

साँच्चै नै अनेकौं चोट व्यथा र समस्याबाट आहत बनेका गजलकारले विना कुनै कारण आफू अनेकौं झुटा आरोपबाट दण्डित हुनुपर्दा आफ्नो सुन्दर जीवनलाई पनि श्राप ठान्न पुग्दछन् । पाँचौं सेरमा जीवनका सुन्दर सपनाहरू सपनामानै चकनाचुर भएकोले आफ्नो मनलाई चिन्ताले जलन गरीरहेको कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा चोटै चोटले आहत बन्दै व्यथामय जीवन बाँच्न विवश हुनुपरेको कुरालाई सरल शब्द र सुन्दर भावका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

## ६.४. जसलाई आफ्नो ठानी

यो गजल **यो मौसम** गजल सङ्ग्रहको चौथो गजलका रूपमा पृष्ठ २२ मा सङ्कलित गरिएको छ । छ सेरमा संरचित यस गजलमा हुँदो, छुँदो, नहुँदो, पिउँदो, रुँदो, खुदो जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ जसमा 'रहेछ' तीन अक्षरबाट बनेको एउटा शब्दको रदिफ

प्रयोग भएको छ । 'घनु' तखल्लुसको प्रयोग गरिएको यो गजल आत्मपरक शैलीमा लेखिएको छ । मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै निराशाजक स्वर प्रस्तुत गरिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ । यस गजलका सेरहरूमा क्रमशः १४, १४, १२, १३, १३, १५ गरी जम्मा ८१ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

समग्रमा निराशाजनक स्वर प्रस्तुत भएको यस गजलको पहिलो सेरमा आर्थिक असमानताका कारण आफन्तहरू पनि आफूदेखि टाढा बनेको कुरा व्यक्त गरेका छन् । साथै मान-सम्मान पाएका व्यक्तिहरू घमण्डी हुँदा रहेछन् भन्ने भाव पनि व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नै सहृदयी मित्र पनि अलिकति माथि पुगेपछि मित्रताको नाता तोड्न चाहेको तितो यर्थाथप्रति व्यङ्ग्य गरेका छन् । तेस्रो सेरमा गजलकारले शोषक सामन्त र फटाहाहरूको दानवीय व्यवहारबाट ग्रसित बनेको समाजमा मानवताको धिपधिपे बत्ती बालेर बस्नेहरू आफ्नो पीडालाई शान्त पार्न भट्टीमा गएर पिउन बाध्य हुनुपरेको कुरालाई व्यक्त गरेका छन् ।

गजलको चौथो सेरमा निराशाजनक स्वर प्रस्तुत गर्दै आफू जिउँदो लास सरी बाँचेको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा समस्याबाट मुक्ति पाउने उपाय नभएपछि आँखाबाट स्वतः आँसु झरेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा शोषक र सामन्तहरू दानी बन्दै आफूलाई दयाको पात्र बनाई 'खुदो'लाई 'मह' मानी दिएर झुक्याएको व्यवहारप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

समग्रमा यस गजलमा पद पाएपछि वास्तविक धरातल बिर्सने अभिमानी प्रवृत्तिप्रति व्यङ्ग्य प्रकट गर्दै एक किसिमको प्रलोभन देखाएर अन्यथा व्यवहार गर्ने स्वार्थी प्रवृत्ति र भ्रम सृजना गर्नेहरूप्रति गुनासो पोखिएको छ । परोक्षभूतको प्रयोग भएको यस गजलमा तत्सम, मौलिक र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

## ६.५. मौन भई बाँच्नु पनि

यो गजल **यो मौसम** गजल सङ्ग्रहको पृष्ट २३ मा सङ्कलित पाँचौं गजल हो । छ सेरमा संरचित यस गजलमा सार, कारागार, बजार, भार, जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले मुरद्दफ रहेको यो गजलमा 'भयो' एकाक्षरी रदिफका रूपमा प्रयोग गरिएको छ । समाजमा हरेकजसो क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । 'घनु' तखल्लुसको प्रयोग गरिएको यस गजलमा १५ अक्षरको लय विधान प्रयोग गरिएको छ । यस गजलमा सेरहरूमा क्रमशः १४, १५, १४, १५,१५, १५ गरी जम्म ८६ वटा

शब्दहरूको प्रयोग गरिएको छ । आफन्तको नाता जोड्नेहरू नै धोकेवाज भएको भाव व्यक्त यस गजलमा 'बजार' छिपाएर' 'पार' जस्ता आगन्तुक शब्द प्रयोग गरिएको छ ।

यो गजलको पहिलो सेरमा गजलकारले समाजमा गरिब र निमुखा जनता आफ्ना इच्छा, आकाङ्क्षा, भावनाहरूलाई आफूभित्र नै कुण्ठित गरी मूक भई आफन्तहरू नै आफ्नो प्रगतिका बाधक बन्दै आफूमाथि पटक-पटक चोट पुऱ्याउने कारक बनेकोमा चिन्ता व्यक्त गरेका छन् । तेस्रो सेरमा न्याय अन्याय छुट्याएर न्याय दिने कानून पनि सम्पन्नशाली र फटाहाहरूले आफ्नो मुट्ठीमा राखिसकेका छन्, जसले गर्दा गरिब जनताहरू निर्दोष भए तापनि दण्डित हुनुपर्ने यथार्थतालाई छर्लङ्ग पारेका छन् ।

गजलको चौथो सेरमा गजलकार दिनप्रति दिन बढ्दै गएको महँगीले गर्दा आफूजस्तै गरिब जनताहरू एकपेट खान र एकसरो लाउन नसक्ने अवस्थामा पुगेको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा गजलकारले शैक्षिक बेरोजगारीको कठोर सत्यलाई आत्मसात् गर्दै हातमा शैक्षिक प्रमाणपत्रहरूको मुठो लिएर जहाँतहीँ भौंतारिदै हिँड्दा त्यसबाट खाएको हन्डर र ठक्करले हैरान भएको पीडालाई पोखेका छन् । गजलको अन्तिम अर्थात् छैटौं सेरमा गजलकारले चारैतिरबाट समस्या र जटिताले थिल्थिएको आफ्नो जीवन बीचमै अलपत्र परेको अनुभूति व्यक्त गरेका छन् ।

## ६.६. माथि चढ्ने प्रयास गर्दा

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ १४ मा सङ्कलित छैटौं गजल हो । ६ सेरमा संरचित यस गजलमा घस्नुपर्छ, डस्नुपर्छ, बस्नुपर्छ, कस्नुपर्छ, पस्नुपर्छ जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ भने रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल हो । 'घनु' तखल्लुसको प्रयोग भएको यस गजलमा १७ अक्षरको लय विधानको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले गैरमुसलसल रहेको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १३, ११, १०, १४, १४, १४ गरी जम्मा ७० शब्दहरूको प्रयोग गरिएको छ ।

समाजमा हरेक क्षेत्रमा बढ्दै गएको विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्दै लेखिएको यो गजलको पहिलो सेरमा गजलकार अर्काको उन्नति र प्रगतिमा वाधा पुऱ्याउने कतिपय दुष्ट मानिसहरूको व्यवहारबाट दिक्क भएका छन् र त्यस्ता मानिसका विरुद्धमा आवाज उठाउँदा झन् बढी समस्या आइपर्ने हुँदा चुप लागि बस्नु पर्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा वेइमान र नैतिकताहीन मानिसहरूले नै समाजमा आधिपत्य कायम गरेको र चरित्रवान् र सच्चा व्यक्तिहरू पछाडि परेको कुरालाई व्यङ्ग्य प्रहार गर्दै चरित्रवान्का गालामा कालोमोसो घस्नुपर्छ भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति

दिएका छन् । तेस्रो सेरमा शक्तिशाली बन्नको लागि सिधासाधा र गरिबहरूको पसिना चुस्नुपर्छ भन्दै व्यङ्ग्य गरेका छन् ।

चौथो सेरमा आफ्नै मान्छेहरूबाट समेत धोका खाएकोले विश्वासको पर्खाल नै भत्किएको र जता गए पनि समस्यामा अल्झिनुपर्ने कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा समाजमा बढ्दै गएको विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गर्दै शक्तिशाली मानिसले समाजमा गरिब र निमुखाहरू अन्याय, अत्याचार, शोषण र दमन जस्ता कुकर्महरू बढाउँदै गएकोले सामान्य मानिसहरू समाजबाटनै लखेटिनु पर्ने अवस्थाको बारेमा स्पष्ट पारेका छन् । अन्तिम सेरमा गजलकारले वर्तमान समयमा अन्य अन्य क्षेत्रझैँ साहित्य पनि गुटबन्दी, चाकरी र चाप्लुसीमा फस्न थालेको, जतिसुकै प्रतिभाशाली कवि, साहित्यकार होस्, उसले कवि भनिनु छ वा आफूलाई साहित्यकार भनाउनु छ भने राजधानी पस्नुपर्ने हुँदा अन्य क्षेत्रझैँ साहित्य पनि राजधानीमुखी भएको कुरालाई गजलको माध्यमबाट यसरी व्यक्त गरेका छन् :

जति मीठो लेखे पनि बाहिरबाट 'बुझ ए घनु' !
नाम चलेको कवि बन्न राजधानी पस्नुपर्छ ।

### ६.७. वाध्यताको प्राचीर

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ २५मा सङ्कलित सातौँ गजल हो । ६ सेरमा संरचित यो गजल काफिया प्रयोगका दृष्टिले दुर्बल रहेको छ । भने रदिफका रूपमा 'कसो गरूँ' दुई शब्दको प्रयोग गरिएको छ । 'घनु' तखल्लुसको प्रयोग गरिएको यस गजलमा १५ अक्षरको लय विधान प्रयोग गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १२, १२, १२, १४, १४, १४, १४ गरी जम्मा ७८ शब्दहरूको प्रयोग छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजल अन्तर्गत पर्दछ ।

जीवनको निस्सारता, उद्देश्यहीनता, अर्थहीनता, निरर्थकता जस्ता भाव प्रस्तुत गरिएको यस गजलको पहिलो सेरमा गजलकारले आफ्नो लक्ष्यमा पुग्ने चाहना हुँदाहुँदै पनि बीचमा आइपर्ने समस्या र वाध्यतालाई पार लगाउन नसकेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नो जीवनका सुन्दर सपना-कल्पनालाई साकार रूप दिन नसकेकोमा खिन्नता प्रकट गरेका छन् । तेस्रो सेरमा आफ्नो जीवनलाई सार्थक र उद्देश्यमूलक बनाउने चाहना हुँदाहुँदै पनि आफूले सार्थक बनाउन नसकेको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा समुद्रको मोती झिक्न आफै समुद्रमा डुब्नुपर्छ भन्ने थाहा हुँदाहुँदै समुद्रमा डुब्न नसकेको भन्ने सेरको माध्यमबाट आफ्नो लक्ष्य प्राप्तिको लागि आफूले गर्नुपर्ने काम थाहा हुँदाहुँदै पनि गर्न नसकेको कुरा उल्लेख छ । पाँचौं सेरमा गजलकारले आफूमाथि जताततैबाट वक्रदृष्टि मात्रै हुने गरेको माया र स्नेह गर्ने कोही पनि नभएको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा गजलकारले आफन्तहरूबाट माया र सद्भावको अपेक्षा राखेका छन् तर माया र सद्भावको भीक माग्दै हिड्न नहुने कुरा उल्लेख गरेका छन् ।

## ६.८. वेचैन छु

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ २६ मा सङ्कलित रहेको छ । जुन **यो मौसम** गजलसङ्ग्रहको आठौं गजलको रूपमा रहेको छ । ६ सेरमा संरचित यस गजलमा जान्न, छान्न, हान्न, ठान्न, मान्न जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । चारवटा अक्षरहरू मिलेर बनेको 'सकिएन' शब्द रदिफका रूपमा प्रयोग गरिएको यो गजल मुरद्दफ गजल हो । 'घनु' तखल्लसुको प्रयोग भएको यो गजलमा १८ वटा अक्षरको लय विधान प्रयोग गरिएको छ । गजलकारको आत्मालापीय शैलीमा लेखिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । समाजका विविध समस्यामा केन्द्रित भएर रचना गरिएको यो गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । प्रत्येक गजलमा क्रमशः १७, ११, १५, १३, १४ गरी जम्मा ८१ शब्दहरूको प्रयोग गजलमा गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले असल र खराव काम के हो ? त्यो छुट्ट्याउन नसकेर पीडा भोग्दै बाँचिरहेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा अन्यायी र अत्याचारीका विरुद्धमा आक्रोश पोख्ने अन्य माध्यम नभएको र गजलको माध्यमबाट गरिने शाब्दिक प्रहारले मात्र केही नहुने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा यो स्वार्थी समाजका प्रायःजसो स्वार्थमै चुर्लुम्म भएकोले असल र खराब छुट्ट्याउन पनि गाऱ्हो भएको कुरा उल्लेख छ ।

चौथो सेरमा अन्याय, अत्याचार, असल, खराब छुट्ट्याउनको लागि आँखामा पट्टी बाँधेर बस्न नहुने कुरा उल्लेख छ । पाँचौं सेरमा सेरमा जीवनमा आइपर्ने अनेक समस्या र बन्धनहरू तोड्दै अगाडि बढे तापनि आर्थिक समस्या जीवितै रहेकोले भोको पेट र नाङ्गो शरीर लिएर उद्देश्य प्राप्त गर्न कठिन भएको कुरा उल्लेख छ । अन्तिम सेरमा कलमवीर मात्र बनेर आफ्नो प्राण धान्न पनि गाऱ्हो हुने सत्यलाई स्पष्ट पारेका छन् ।

## ६.९. यथार्थता कति तितो

यो गजल **यो मौसम** गजलसङ्ग्रहको नवौँ गजल  हो । जुन **यो मौसम**को पृष्ठ २७ मा सङ्कलित गरिएको छ । हुँदो, लुटिँदो, गरीँदो, छुँदो, नबुझिँदो जस्ता शब्दांश काफियाको प्रयोग गरिएको छ । 'घनु' तखल्लुसको प्रयोग गरिएको यस गजलमा १६ अक्षरको लय विधान प्रयोग गरिएको छ । यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ । गजलका प्रत्येक सेरमा क्रमशः ११, १२, ११, १२, १३, ११ गरी जम्मा ७० वटा शब्दहरूको प्रयोग गरिएको छ ।

समाजमा बढ्दै गएको विकृति, विसङ्गति र अमानवीय व्यवहारको बारेमा व्याख्या गरिएको यस गजलको पहिलो सेरमा गजलकार समाजको यथार्थताको चित्रण गर्दै जो अपाङ्ग, अशक्त छ, उसको नै वैसाखी अर्थात् टेक्ने सहारा नै लुटिन्छ भन्दै समाजको यथार्थ साँच्चिकै तितो हुने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा अन्यायी र अत्याचारीका षड्यन्त्रले सामान्य मानिसका मीठा सपना र सुन्दर कल्पना सबै भताभुङ्ग पारिदिने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा गजलकारले लोभ र मोहले गर्दा एकातर्फ मानिसमा अमानवीय व्यवहार बढ्दै गएको छ भने अर्को तर्फ अश्लील र चरित्रहीन मानिस नै सबैको प्रियपात्र बनेको कुरा उल्लेख गरेका छन् ।

सामाजिक विकृतिप्रति व्यङ्ग्य गर्दै गजलकारले नराम्रो काम गर्नेहरू खुलेआम अगाडि बढिरहेका छन्, किनकि उनीहरू सबैतिरबाट स्वतन्त्र छन् । द्रष्टाले पनि उनीहरूको कार्यप्रति आँखा चिम्लिएको छ भन्ने कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा मानिसको व्यवहार बुझ्नै नसकिने छ र उसले गरेको व्यवहारलाई हेर्दा मानिसलाई मानिस भन्न नसुहाउने अवस्था छ भन्ने कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा गजलकारले इमानदारी नै नचाहने यो समय र समाजमा आफूलाई धेरै दिलदार नबन भन्दै मानिसको अमानवीय व्यवहारप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

## ६.१०. धुरीमा पुग्ने रहर

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ २८ मा सङ्कलित दसौं गजल हो । ६ सेरमा संरचित यस गजलमा नगर्नुस्, नमर्नुस्, नपर्नुस्, नहर्नुस्, नछर्नुस् जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा 'हजुर' शब्दको प्रयोग गरिएको छ , तखल्लुस विहीन यस गजलमा १२ अक्षरको लय विधान प्रयोग गरिएको छ । यसमा तृतीय पुरुष र द्वितीय पुरुष दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ। गजलका प्रत्येक सेरमा क्रमशः १०, ९, ११, ९, ११, १२ गरी जम्मा ६२ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

राजनैतिक क्षेत्रमा देखिएको परिवर्तन अर्थात् नेपाली जनतामा चेतनाको लहर छाइसकेको र देशमा प्रजातन्त्रको उदय भएको सङ्केत गर्दै लेखिएको यस गजलको पहिलो सेरमा प्रजातन्त्रको उदय पश्चात् पनि जनतालाई पूर्ण हक नदिँदा आफै समस्यामा पर्नुपर्ला भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा जनतालाई दुःख दिन अनेक जालझेल र षड्यन्त्र रच्ने भ्रष्ट व्यक्तिहरू स्वयं नै षड्यन्त्रमा फस्नुपर्ला भन्ने कुराको उल्लेख गरेका छन् । तेस्रो सेरमा हिजोसम्म गरिबको श्रम र सीपमा भोगविलास गर्नेहरू अव आफ्नै अधिकारबाट समेत वञ्चित हुनुपर्ने कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा गजलकारले साङ्केतिक रूपमा पञ्चायतमा आफ्नो शक्ति खुला रूपमा प्रदर्शन गर्दै जनतामाथि अन्याय अत्याचार गर्नेले आज लुकेर जनतालाई मार्ने षड्यन्त्र नगर्न आव्हान गरेका छन् । पाँचौं सेरमा अतीतमा गरेका कुकर्महरूलाई सम्झेर फेरि त्यही काम गर्न अगाडि नबढ्न आग्रह गरेका छन् । अन्तिम सेरमा प्रजातन्त्रको प्राप्ति पश्चात् त अन्यायी, अत्याचारीहरू पनि शक्तिहीन बन्ने अर्थात् अन्याय अत्याचार बन्द गर्न र जनताको रगत र पसिना नचुस्नुस् भन्ने कुरालाई साङ्केतिक रूपमा गजलको सेरको माध्यमबाट यसरी व्यक्त गरेका छन्:

खसे होलान् नि अब त धारिला दाँत
पिस्तोलमा गोली बेकार नर्भुस् हजूर ।

## ६.११. भोक छ जताततै

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ १९मा सङ्कलित एघारौं गजल हो । ६ सेरमा संरचित यस गजलमा कोलाहल, खलबल, कल, बादल, बल जस्ता मिश्रित काफियाको प्रयोग गरिएको यस गजलमा १४ अक्षरमा विश्राम हुने लय विधानको गरिएको छ । गजलका प्रत्येक सेरमा क्रमशः १३, १२, १०, ११, ११, गरी जम्मा ६८ शब्दहरूको प्रयोग गरिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ ।

समाजमा व्याप्त विविध समस्याहरूको चित्रण गरिएको यस गजलको पहिलो सेरमा गजलकारले परिवार, समाज र सिङ्गो देशमा नै भोक, रोग, शोक, विवाद, खलबल र द्वन्द्व विद्यमान रहेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा मानिस विस्तारै अमानवीय बन्दै गएको उसमा सहिष्णुता र मानवताका गुणहरू हराउँदै गएको दिनप्रति दिन लडाईं झगडा बढिरहेको कुराप्रति वर्गीय असमानताको खाडल बढिरहेको छ । धनी र सामन्ती वर्गले करोडौं निम्नवर्गीय जीवनमाथि हालीमुहाली चलाइरहेका छन् भन्ने कुरालाई गजलकारले निम्न सेरबाट स्पष्ट पारेका छन् :

महलमा बस्नेहरू मस्तछन् भोग विलासमा
झुपडी ओरिपरि वादल छ जतातती

चौथो सेरमा धनीमानी र पैसावालाहरू सबै ठाउँमा अगाडि बढिरहेका र बिचरा गरिबहरू निरीह बन्दै बस्नुपरेको कुरा उल्लेख छ । पाँचौं सेरमा सहयोगी मानिसहरूमा स्वार्थी प्रवृत्ति बढ्दै गएकोले सहयोगी भावनाको मुहान नै सुकेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा गजलकारले आफूलाई समाजमा बढ्दै गएको स्वार्थी र अमानवीय प्रवृत्तिले गर्दा सत्य र असत्य छुट्याउन नसक्ने अवस्था सृजना भएको कुरा उल्लेख गरेका छन् ।

## ६.१२. तपाईको नुहे जस्तो

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ३० मा सङ्कलित बाह्रौं गजल हो । ६ सेरमा संरचित यस गजलमा शिर, पिर, अमिर, भिर, बधिर जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा 'साहेब' शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । द्वितीय पुरुषलाई सम्बोधन गरेर लेखिएको यस गजलमा १२ अक्षरको लयविधान प्रयोग गरिएको छ । सामन्ती, शोषक, र फटाहाहरूको खिल्ली उडाउँदै लेखिएको यो गजल विषयवस्तुका दृष्टिले मुसलसल गजल हो । प्रत्येक सेरहरूमा क्रमशः १२, ९, १३, ११, १०, ९ गरी जम्मा ६४ शब्दहरूको प्रयोग गरिएको छ ।

प्रजातन्त्रको आगमन अगावै शक्तिशाली बनेर सामान्य जनताहरूमाथि अन्याय, अत्याचार गर्ने व्यक्तिहरू प्रजातन्त्रको आगमन सङ्गै निरीह बन्नुपरेको कुराको उल्लेख पहिलो सेरमा छ । दोस्रो सेरमा अन्याय र अत्याचार गर्ने व्यक्तिहरूलाई गजलकारले तपाईहरू सोझासाधा र इमान्दार व्यक्तिहरूको पसिना र रगत चुसेर महान् बन्न सक्नुभएन कि भन्दै व्यङ्ग्य प्रहार गरेका छन् । तेस्रो सेरमा अत्याचार गर्दै मोजमस्ती गर्नेहरूले आज सबैतिर भीर अर्थात् अप्ठ्यारो स्थिति देख्नुपरेको कुरा उल्लेख गरेका छन् ।

प्रजातन्त्रको आगमन सङ्गै जनताले आफ्नो हक अधिकार प्राप्त गरिसकेको कुरालाई स्पष्ट पार्दै चौथो सेरमा गजलकारले हिजोसम्म जनताको कुरा पटक्कै नसुन्ने उच्च पदमा आसीन व्यक्तिहरूलाई व्यङ्ग्य गर्दै वधिर हुनुहुन्थ्यो कि ? भन्ने प्रश्न उठाएका छन् । पाँचौं सेरमा हिजोसम्म छद्मभेष धारण गरी जनताका सपना, कल्पना, चाहना र इच्छालाई ध्वस्त पार्ने षड्यन्त्रकारी व्यक्तिहरूलाई व्यङ्ग्य गरेका छन् । अन्तिम सेरमा गजलकारले देशभक्तिको नक्कली मुकुट धारण गरेका व्यक्तिहरू झुटो देशभक्तिको खिल्ली उडाएका छन् ।

## ६.१३. वसन्तमा पालुवाले

यो गजल **यो मौसम** गजलसङ्ग्रहको १३औं गजलको रूपमा पृष्ठ ३१ मा सङ्कलित रहेको छ । ६ सेरमा संरचित यस गजलमा परेको, झरेको, मरेको, छरेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा एक अक्षरको 'छ' शब्दको प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमिक रूपमा १३, १३, १२, १४, १३, १२ गरी जम्मा ७७ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजल हो ।

प्रजातन्त्रको आगमन पश्चात् पनि जनताले पूर्ण हक र स्वतन्त्रताको अनुभूति गर्न नपाएका कुरालाई सङ्केत गर्दै लेखिएको यस गजलको पहिलो सेरमा बसन्तमा पनि पालुवाहरू ओइलिएको र कोपिलापनि फुल्दाफुल्दै झरेको छ भन्दै प्रजातन्त्र पश्चात् पनि जनताका सपनाहरू पूरा हुन नसकेको कुराको उल्लेख गरेका छन् । दोस्रो सेरमा रङगीविरङ्गी फूल फुल्न नदिन दुष्ट किराले विष छरेको भन्दै गजलकारले प्रजातन्त्रको आगमन पश्चात् पनि जनतालाई पूर्ण स्वतन्त्रता नदिन कतिपय खराब प्रवृत्तिका व्यक्तिहरू सक्रिय छन् भन्दै त्यस्ता खराब व्यक्तिहरूलाई विषालु किराको रूपमा हेरेका छन् । तेस्रो सेरमा प्रतिकूल हावापानीले प्रकृतिको सुन्दर सृष्टि नै विगारेको छ भन्दै गजलकारले प्रजातन्त्रलाई पूर्ण रूपमा मौलाउन नदिन कतिपय दुष्ट व्यक्तिहरूले षड्यन्त्र गरेको कुरालाई स्पष्ट पारेका छन् ।

चौथो सेरमा प्रजातन्त्रलाई अझ मौलाउन दिनको लागि त्यस्ता षड्यन्त्रकारीको षड्यन्त्रलाई जरैदेखि उखेलेर फ्याक्नु पर्ने कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा स्वतन्त्रता चाहने देशभक्तहरू जसले देशलाई स्वतन्त्र बनाएर राख्न चाहेका छन् । तिनीहरूको बलिदान र त्यागलाई कतिपय षड्यन्त्रकारीले भित्रभित्रै विनाश गरिरहेका छन् भन्ने कुरालाई पुतली र साँढेको माध्यमबाट व्यक्त गरेका छन् । अन्तिम सेरमा देशलाई सही बाटोमा अगाडि बढाउने जिम्मेवारी बहन गरेर उच्च पदमा बसेका व्यक्तिहरूले आफ्नो काम र कर्तव्यप्रति वेवास्ता गरेको कुरालाई साङ्केतिक रूपमा व्यङ्ग्य गरेका छन् ।

## ६.१४. उज्यालो रोशनी

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ३ मा सङ्कलित चौधौं गजल हो । छ सेरमा संरचित यस गजलमा अँध्यारो, प्यारो, उधारो, घारो जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । १६ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । गजलका सेरहरूमा क्रमशः १४, १३, १५, १७, १२, १२ गरी

जम्मा ८३ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलकारले गजलमा शैल्पिक चमत्कार प्रदान गर्न 'आङको छारो, हाँचोको मुखमा घोचो' जस्ता नेपाली उखान टुक्काहरूको समेत प्रयोग गरेका छन् ।

प्रजातन्त्रको प्राप्तिपछि पनि जनताले स्वतन्त्रता र समानताको अनुभूति गर्न नसकेको अवस्था देख्दा गजलकारले भ्रष्ट नेताहरूलाई प्रजातन्त्रको उदय नभएर त्यस अघिको अन्धकार रात नै मन परेको कुरा गजलको पहिलो सेरको माध्यमबाट व्यक्त गरेका छन् । दोस्रो सेरमा प्रजातन्त्रको प्राप्तिपछि समानता र स्वतन्त्रताको इच्छा राख्नु जनताको अपराध होइन तर हाम्रो देशका कतिपय पार्टीका नेताहरूले प्रजातन्त्रलाई छोपेर राखेका छन्, जसले गर्दा प्रजातन्त्रले फैलिने अवसर पाएको छैन । त्यसैले समानताको कुरा गर्नु आज जनताको लागि 'आकाशको फल आँखातरी मर' भएको छ भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा सामान्य जनताहरू आफ्ना सानातिना समस्याहरू समाधान गर्न पनि नेताहरूको घर धाउनुपर्ने सत्यताको उल्लेख गरेका छन् ।

चौथो सेरमा गजलकारले प्रजातन्त्रको प्राप्तिपछि पनि वर्गीय असमानता नहटेपनि स्वतन्त्रताको अनुभूति गर्न पाएको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा 'होचोको मुखमा घोचो' सत्य रै'छ भन्ने उखानलाई प्रस्ट्याउँदै शक्तिशाली मानिसहरू निर्दोष अपराधी भए तापनि भनसुन र घुसपैठको माध्यमबाट निर्दोष भएका छन् भने कमजोर मानिसहरू भएतापनि अपराधी बन्न बाध्य भएको कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा इमान, नैतिकता र मानवीयता जस्ता गुणहरूको कुनै मूल्य नभएको यो समयमा यसको अस्तित्व जोगाएर बाँच्न गाऱ्हो हुन लागेको कुरा व्यक्त गरेका छन् ।

## ६.१५. कालो बादल हुरीले

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ३३ मा सङ्कलित पन्धौं गजल हो । ६ सेरमा संरचित यस गजलमा हटाइसकेको उदाइसकेको पाइसकेको फर्फराइसकेको जस्ता मिश्रित काफियाको प्रयोग प्रयोग गरिएको छ । 'छैन साथी' नामक दुई शब्दको काफियाको प्रयोग गरिएको छ । १६ अक्षरको लयविधानको प्रयोग गरिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ । गजलका सेरहरूमा क्रमश : १२, १३, १३, १०, ११, १२ गरी जम्मा ७१ वटा शब्दहरूको प्रयोग गरिएको यस गजलमा देशमा पूर्ण रूपमा प्रजातन्त्र आइसकेको अवस्था छैन भन्ने कुराको उल्लेख गरिएको छ ।

सयौं नेपालीहरूको बलिदानपूर्ण क्रान्तिले देशमा प्रजातन्त्रको उदय भए तापनि औँसीको कालो बादल पूर्णरूपमा हट्न नसकेकोले न्यानो सूर्य उदाइसकेको अनूभूति गर्न नपाएको कुरा पहिलो सेरमा व्याख्या गरेका छन् । दोस्रो सेरमा गजलकारले पूर्ण रूपमा

औँसीको कालो रात हटेर पूर्णिमाको जुनेली रात आइसकेको छैन भन्दै अझैपनि अन्याय अत्याचार कायमै रहेको कुरा व्यक्त गर्न खोजेका छन् । तेस्रो सेरमा गरिब र निमुखा जनताहरूमाथि अन्यायी अत्याचारीहरूले शोषण दमन गरीरहेकोले आन्दोलनले विश्रान्ति नचाहेको कुरा उल्लेख गर्न खोजेका छन् ।

चौथो सेरमा वीर सहिदको क्रान्ति र वलिदानको अगाडि क्रूर तानाशाही शोषणले घुँडा टेके पनि जनताहरूले पूर्णरूपमा स्वतन्त्रता पाइसकेको अवस्था नभएको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा गजलकारले शोषक, सामन्त र फटाहाहरूको षड्यन्त्रले फेरि तानाशाही शासन उक्सन सक्छ किनकि जनताले पूर्ण रूपमा आफ्नो हक पाइसकेको अवस्था छैन त्यसैले हामी ढुक्क परेर बस्न नहुने कुरा उल्लेख गरेका छन् । छैटौं सेरमा तानाशाही शासनको विरुद्धमा प्रजातन्त्रले पूर्ण रूपमा विजय प्राप्त नगरेकोले क्रान्ति गर्न अझै आवश्यक रहेको देखेका छन् ।

## ६.१६. खुसीका प्यालाहरू

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ३४ मा सङ्कलित सोर्‍हौँ गजल हो । ५ सेरमा संरचित यस गजलमा तुरिन, साँगुरिन, दिन, पुजिन जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । काफिया प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल  हो । १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, १२, ११, १०, १२, ११ गरी जम्मा ६६ वटा शब्दहरूको प्रयोग गरिएको छ । गैरमुसलसल विषयवस्तु रहेको यस गजलले समाजको विविध पक्षलाई समेटेको छ ।

यो गजलको पहिलो सेरमा गजलकारले आफू जीवनदेखि निरास बन्दै आफ्नो जीवनको रमाइलो र खुसीका क्षणहरू सबै सकिइसकेको, आफ्ना इच्छा एवं आकाङ्क्षाहरू विस्तारै लोप भइरहेका कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफू आफन्तहरूबाट अपहेलित एवम् तिरस्कृत बन्नु परेको र पराईबाट दयाको भीक प्राप्त गरेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा वेइमानहरू नै मान सम्मानसहित अगाडि बढेको देखेर अहिले मानवमा मानवीय गुणको आवश्यकता नै नरहेको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा दुष्ट र खराबहरूले जताततै आफ्नो शक्ति प्रर्दशन गरीरहेका तर असल र सज्जनहरू पछाडि परिरहेको सत्यतालाई प्रष्ट पारेका छन् । पाँचौं सेरमा सक्षम र योग्य र व्यक्तिको योग्यताको कदर नै नभएको वास्तविकतालाई छर्लङ्ग पारेका छन् । गजलको अन्तिम सेरमा मानिसमा स्वच्छ, शुद्ध र पवित्र विचार क्रमशः लोप हुँदै गएको र अपवित्र एवम् अशुद्ध विचार भरिँदै गएको छ भन्ने विचार व्यक्त गरेका छन् ।

## ६.१७. अभिशप्त जिन्दगी

यो गजल **यो मौसम** गजलसङ्ग्रको पृष्ठ ३५ मा सङ्कलित गजल हो । ६ सेरमा संरचित यस गजलमा जिउँदै, पिउँदै, रुँदै जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'कसरी' नामक तीन अक्षरको शब्द रदिफको रूपमा प्रयोग गरिएको यो गजल मुरद्दफ गजल हो । 'घनु' तखल्लुसको प्रयोग गरिएको यस गजलमा उच्चारणका आधारमा १२ अक्षरको लय विधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः १०, ११, ९, १०, ९, १० गरी जम्म ५९ वटा शब्दहरू प्रयोग गरिएको छ । गजलकारको आत्मलापीय शैलीमा लेखिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । गजलकारले आफ्नो समस्यापूर्ण जिन्दगीको वास्तविकतालाई लिएर लेखिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ ।

गजलकारले पहिलो सेरमा जीवन अनेकौँ चोट व्यथा र समस्याले ग्रसित बनेको बनेकोले जिउँने चाहना नहुँदाहुँदै पनि जिउन वाध्य हुनुपरेको तथा ती चोट र व्यथालाई शान्त पार्नको लागि पिउन समेत वाध्य भएको सत्यतालाई स्पष्ट पारेका छन् । दोस्रो सेरमा अन्याय र अत्याचारबाट घायल बने तापनि धैर्यका साथ घायल मुटुलाई निको पार्न लागेको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफूभित्रका अनेकौँ चोट व्यथा र पीडालाई सम्झिएर एक्लै हुँदा रोएपनि सबैको अगाडि नक्कली अथवा बनावटी हाँसो हाँसेको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा सत्य र न्याय खोज्दा सत्य र न्यायका वकालत गर्ने ठूलावडा व्यक्तिहरूबाटनै पीडित बन्नु परेको तितो सत्यतालाई स्पष्ट पारेका छन् । पाँचौं सेरमा आफ्नो जीवनका खुसीहरू सबै खोसिइसकेको र फेरि खुसी प्राप्त गर्ने नवीन सपनामा आफू बाँचिरहेको कुरा व्यक्त गरेका छन् भने अन्तिम सेरमा आफ्नो मुटुको अव्यक्त पीडालाई बुझ्ने मानिस कोही नभएकोले आफ्नै आँसुले आफ्नो मुटु धुन बाध्य हुनुपरेको कुरा स्पष्ट पारेका छन् ।

## ६.१८. हास्ने हाँसिरहेछन्

यो गजल **यो मौसम गजल** गजलसङ्ग्रहको पृष्ठ ३६ मा सङ्कलित अठारौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा रुँदै, ज्यूदैँ, छेकिँदै, प्युँदै, सहँदै जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफको रूपमा 'छन्' शब्दको प्रयोग गरिएको छ । १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, १२, १२, ९, ९, १० गरी जम्मा ६२ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलको विषयवस्तु मुसलसल रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले समाजमा अन्याय अत्याचार बढिरेहको छ । अन्याय, अत्याचार गर्नेहरू मोजमस्तीमा व्यस्त छन् भने अन्याय अत्याचार सहनेहरू निरीह बन्न वाध्य छन् भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा प्रजातन्त्र आएपछि सामान्य जनताले स्वतन्त्रता नपाएको र ठूला बडा भनाउँदा सामन्त र शोषकलेनै अन्याय अत्याचार बढाइरहेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा सामान्य जनताहरू पानी समेत पिउन नपाउने अवस्थामा छन् भने ठूला वडाहरू तिनै सामान्य मानिसको पसिना र रगत चुसेर महफिल पिइरहेका छन् भन्ने कुरा स्पष्ट पारेका छन् । चौथो सेरमा आफ्नो जीवन नै बन्धकी राखेर कामगर्नेहरूमाथि शोषक सामन्त र फटाहाहरूले अन्याय अत्याचार गरिरहेको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा देशमा प्रजातन्त्र आए तापनि परिवर्तन आएको छैन किनकि अन्याय अत्याचार गर्नेहरूले भित्र आफ्नो अधिकार जमाइरहेका छन् भन्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा प्रजातन्त्रको उदय भएतापनि शोषक सामन्तहरू प्रजातन्त्रलाई हटाउने प्रयासमा एकत्र भइरहेको कुरा व्यक्त गरेका छन् ।

### ६.१९. मृत्यु मलाई नजिस्क्या

यो गजल **यो मौसम** गजलसङ्ग्रको पृष्ठ ३७ मा सङ्कलित उन्नाइसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा लड्दै, चढ्दै, बढ्दै, खप्दै, झगड्दै, जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'छु' नामक एक अक्षरी शब्द रदिफका रूपमा आएको छ । १४ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १५, १३, १०, १६, १२, १३ गरी जम्मा ७९ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलकारको स्वाभिमानपूर्ण विचार व्यक्त गरिएको यो गजलको विषयवस्तु मुसलसल हरेको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफूलाई जति पछाडि पार्न खोजेका छन् त्यति अगाडि बढेको छु भन्दै आफ्नो उन्नति र प्रगतिमा डाह गर्नेहरूका विरुद्ध व्यङ्ग्य प्रहार गरेका छन् । दोस्रो सेरमा जिन्दगीको लडाइँमा हार खाएतापनि हार नमानेर अझ साहस र बहादुरीका साथ अगाडि बढिरहेको छु भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा चारैतिर आफ्नो प्रगति नचाहनेहरूले गर्दा आफूले हिड्नुपर्ने बाटो एकदमै अप्ठ्यारो भएको महसुस गर्दै त्यही कष्टपूर्ण जीवनको तितो अनुभव बटुल्दै अगाडि बढिरहेको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा आफूमाथि कयौँ पटक समस्याहरू आइरहेको तर ती सबै समस्याहरूसँग लड्दै अगाडि बढेको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा आफ्नो जीवनमा कहिल्यै खुसी र रमाइलो नआउँदा प्रकृतिलाई नै पक्षपाती देख्न थालेका छन् ।

अन्तिम सेरमा जिन्दगीमा अनेक समस्या आए तापनि ती सबैको विरुद्ध लड्दै आफ्नो लक्ष्यमा अगाडि बढ्नुपर्ने सन्देश दिएका छन् ।

## ६.२०. म एउटा आफैसँग

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ३८ मा सङ्कलित बीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा कलाकार, तार, कारागार, भार, जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफविहीन यस गजलमा १२ अक्षरको लयविधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः १०, ९, १२, ९, ११, १० गरी जम्मा ६१ वटा शब्दहरूको प्रयोग गरिएको छ । गैरमुसलसल विषयवस्तु रहेको यस गजलमा गजलकारले आत्मालापीय शैलीमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् ।

गजलकारले यो गजलको पहिलो सेरमा आफू एउटा कलाकार भएको र कलाकारको गरीखाने साधन गीतारको तार चुँडिएकोले आफू भोकभोकै बाँच्नु परेको कुराको सङ्केत गरेका छन् । दोस्रो सेरमा आफू अन्याय र अत्याचारबाट पिल्सँदै यसबाट छुटकारा पाउने चाहनामा बसिरहेको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा आफू हिड्ने भीर काडैकाडा अथवा चारैतिर समस्यै समस्याले घेरिएकोले जीवन जिउन ज्यादै जटिल भएको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा आफ्ना कल्पना र सपनाहरू त्यतिकै विलीन भइरहँदा पनि सफल बन्ने आशा बाँकी रहेको कुरा स्पष्ट पारेका छन् । पाचौँ सेरमा आफू गरिबीको समस्याबाटमाथि उठ्न नसकेको यथार्थ स्थितिलाई व्यक्त गरेका छन् भने अन्तिम सेरमा चारैतिरबाट समस्यै समस्याले घेरिदा वाक्क परिसकेका गजलकार आफ्नो दुःख, पिर, व्यथा विसाउने ठाउँको खोजीमा रहेको कुरा उल्लेख गरेका छन् ।

## ६.२१. उड्ने रहर मेरो

यो गजल यो **मौसम गजल** सङ्ग्रहको पृष्ठ ३९ मा सङ्कलित एक्काइसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा चाहना, घना, यातना, कल्पना, वेदना जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा 'छ' को प्रयोग गरिएको छ । १३ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, ११, १२, ११, १३, १३ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ । आफ्नो जीवनका विविध समस्यालाई समेटेर लेखिएको यो गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । गजलकारको आत्मलापीय शैलीमा लेखिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफूलाई स्वतन्त्र रूपमा आफ्ना चाहनाहरू पूरा गर्ने अथवा स्वतन्त्र रूपमा बाँच्ने चाहना भएको तर जतातर्तै कालोबादल अथवा जालझेल षड्यन्त्र, अन्याय र अत्याचारले गर्दा आफू बाँधिनु परेको कुरालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा विभिन्न समस्याले गर्दा आफूभित्रको प्रतिभा, क्षमता र चाहनालाई स्वतन्त्र रूपमा व्यक्त गर्न नपाएर आफूभित्रै कुण्ठित गर्नुपर्दा अपाङ्ग भई पीडा भोगिरहेको जस्तो अनुभव गरेका छन् । तेस्रो सेरमा आफ्नो जीवनको लक्ष्य प्राप्त गर्न गर्ने कल्पनाहरूलाई वास्तविकतामा परिणत गर्न नसकेकोमा चिन्ता व्यक्त गरेका छन् ।

चौथो सेरमा आफूले जसको विश्वास गर्‍यो उसैबाट विश्वासघात पाएपछि त्यही विश्वासघातको पीडामात्रै आफूसँग बाँकी रहेको कुरा उल्लेख गरेका छन् । पाचौँ सेरमा चारैतिर समस्या अभाव, विश्वासघात, जालझेल, छलकपटबाट ग्रसित बन्नुपरेकोले गर्दा आफ्नो जीवन कुनै लक्ष्य उद्देश्य योजना विहीन बनेर परजीवी जस्तो भएको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा बदनामी र बेइमानी मानिसहरूनै सफलताको शिखर चुम्न सफल छन् र तिनीहरू नै सबैका प्रियपात्र बनेका छन् भन्ने तितो सत्यप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

## ६.२२. सुनौलो भविष्यको कल्पना

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४०मा सङ्कलित बाइसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा गर्दै, मर्दै, भर्दै, झर्दै जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । १५ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका 'छु' नामक एक अक्षरको शब्द रदिफको रूपमा प्रयोग गरिएको छ । गैरमुसलसल विषयवस्तुमा संरचित यो गजलङ्ग्रहको आत्मलापीय शैलीमा लेखिएको छ । यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः १४, १२, १६, १३, १२, १२ गरी जम्मा ६९ शब्दहरूको प्रयोग गरिएको छ ।

गजलकारले यस गजलको पहिलो सेरमा आफ्नो जिन्दगीलाई सुनौलो र सुन्दर बनाउने मीठो कल्पना र सुन्दर सपना साच्दै बाँचेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्ना ईच्छा पूरा गर्न नसक्दा त्यसबाट उत्पन्न पीडाले आफ्नो जिन्दगी नै अलपत्र परेको जस्तो ठान्दै बाँचेका छन् । तेस्रो सेरमा गजलकार कहिले यता कहिले उता कहिले सफल र कहिले असफल बन्दै हिड्नुपरेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा गजलकारले धनी र गरिब बीचको खाडल गहिरो रहेको देखाउँदै ठूलासँग सानाले सङ्गत गर्न नहुने कारणले आफूलाई जीवित राख्न गाह्रो भएको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा गरिब जनतालाई जीवन जिउन साह्रै अप्ठ्यारो भएको कुरा उल्लेख गरेका छन् ।

अन्तिम सेरमा गजलकारले आफू बाच्नको लागि खानुपर्ने, खानको लागि काम गर्नुपर्ने बाध्यता भएको र काम दामको खोजीमा विभिन्न ठाउँमा डेरा सरिरहनुपर्ने बाध्यतालाई प्रष्ट पारेका छन् ।

### ६.२३. बेइमानहरूलाई मान चाहिन्छ

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४१ मा सङ्कलित तेइसौँ गजल हो । ६ सेरमा संरचित यसगजलमा मान, खान, सुरापान जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । १५ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ६, ८, ११, १०, १२, १० गरी जम्मा ५७ वटा शब्दहरूको प्रयोग गरिएको छ । समाजका विभिन्न विकृति विसङ्गतिलाई विषयवस्तु बनाएर लेखिएको यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ ।

यो गजलको पहिलो सेरमा गजलकारले जो बेइमान छ उसलाई मान चाहिने र जो खराब बदमास छ उसलाई शान चाहिने वर्तमानको विकृतिप्रति व्यङ्ग्य गरेका छन् । दोस्रो सेरमा हरेक क्षेत्रमा बढ्दै गएको विकृति र विसङ्गतिलाई देख्दा जमाना नै उल्टियो कि भन्दै असल व्यक्तिको लागि पनि सुरापान चाहिने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा मानिसको व्यवहार पतीत बन्दै गइरहेको छ । वर्तमान समयमा अरू कसैको विश्वास गर्नु नै अपराध बन्न पुग्दछ । मानिसमा मानवीय गुण नै हराइसकेको छ । त्यसकारण विश्वासिलो मित्र शैतान अर्थात् राक्षस चाहिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा वर्तमानको वास्तविकतालाई छलर्ङ्ग पार्दै गजलकारले पैसाभए सबैथोक पाइने र पैसा कमाउन मिसावटी दुकान अथवा षड्यन्त्रकारी विचार हुनुपर्छ भन्ने कुरा व्यक्त गरेका छन् । पाँचौँ सेरमा योग्यता र क्षमताको कुनै कदर नहुने वर्तमान समयमा सोझा सिधा व्यक्तिहरू जतिसुकै प्रतिभावान् भए तापनि पछाडि पर्नुपर्ने तर ठूलावडा भ्रष्ट व्यक्तिहरू अगाडि बढेको कुरालाई व्यङ्ग्य गर्दै उच्च पदमा अन्धा अर्थात् अन्जान चाहिन्छ भनेका छन् । अन्तिम सेरमा समाजमा व्याप्त अन्याय अत्याचार शोषण र दमन जस्ता नराम्रा विचर हटाएर स्वच्छ, शान्त, समाज र मानवीय भावको जागृत गर्नको लागि क्रान्तिको आवश्यकता रहेको बताएका छन् ।

### ६.२४. बढ्न थाले उत्साहका

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४२ मा सङ्कलित चौविसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा विगुलहरू फूलहरू, शुलहरू, काकाकूलहरू, तुलहरू जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले गैरमुरद्दफ रहेको यस

गजलमा १५ अक्षरको लय विधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः ११, १२, ११, १३, १०, १२ गरी जम्मा ६९ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलको विषयवस्तु गैरमुसलसल रहेको छ ।

गजलकारले पहिलो सेरमा प्रजातन्त्रको प्राप्ति पश्चात्का जनताका इच्छा र आकाङ्क्षाहरू कल्पना मै विलीन भएको कुरालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा गजलकारले आफ्नो जिन्दगीलाई कैदखानासँग तुलना गर्दै जिन्दगीमा सफलता र रमाइलोको सट्टा अनेकौं शूलहरू रोपिएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा आफ्नो लक्ष्यमा पुग्ने आशा पनि त्यतिकै विलीन भएको र जिन्दगीका हाँसो र खुसीका मुलहरू नै सुकिसकेको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा आकाशमा कालो बादल मडारिरहेको छ तर पानी पर्न सकेको छैन त्यसकारण काकाकुलहरू पानी खान नपाएर चित्कार गरीरहेका छन् भन्दै प्रजातन्त्र प्राप्ति पछि पनि जनताहरूले स्वतन्त्रता भन्ने कुरा 'आकाशको फल आखातरी मर' जस्तै भएको कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा आफ्नो जिन्दगीको लक्ष्यमा पुग्नको लागि कुनै सहारा नभएको कुरा उल्लेख गरेका छन् ।

## ६.२५. औँसीको रात बित्यो

यो गजल **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ४३ मा सङ्कलित पच्चिसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा निम्न, गुम्न, रम्न, डुब्न जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । १४ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा 'नदेउ' काफिया रदिफको रूपमा प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः १२, १०, १०, १०, १०, ९ गरी जम्मा ६१ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले प्रजातन्त्र आएतापनि जनताले आफ्नो हक अधिकार अझ प्राप्त गरिसकेको छैन त्यसकारण क्रान्ति रोक्नुहुन्न भन्ने कुरालाई साङ्केतिक रूपमा व्यक्त गरेका छन् । दोस्रो सेरमा मानिसमा स्वार्थीपन बढ्न थालेमा उसले मान सम्मान पनि गुमाउनुपर्ने भएकाले स्वार्थको फोहोरमा मन डुलाउन नहुने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा मानिसले जीवनमा सफलता प्राप्त गर्नको लागि आँट र साहसका साथ काम गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा निरन्तरको मिहिनेत र लगनशीलताबाट मात्र जीवनमा सफल बन्न सकिने कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा देशमा परिवर्तन आउनको लागि गाउँ गाउँ र बस्ती बस्तीमा चेतनाको किरण पुग्नुपर्छ भन्ने कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा अत्याचारीहरूले अनेकौ प्रलोभन देखाएर षड्यन्त्र र जालझेलमा फसाउन खोजेतापनि आफ्नो स्वाभिमानलाई कत्ति पनि गल्न दिनु हुँदैन भन्ने कुरा उल्लेख गरेका छन् ।

### ६.२६. जनतालाई आज पनि

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४४ मा सङ्कलित गरिएको छब्बिसौँ गजल हो । गजलका ६ सेरमा संरचित यस गजलमा झुक्याइयो, निभाइयो, सियो, बदलियो जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल अर्न्तगत  पर्दछ । गजलका सेरहरूमा क्रमिक रूपमा १०, ११, ११, ११, ११, ११ गरी जम्मा ६५ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले सयौँ वीरहरूको बलिदानपूर्ण आन्दोलन पश्चात् देशमा प्रजातन्त्र आयो तर जनताले आफ्नो हक अधिकार पूर्ण रूपमा प्राप्त गर्न सकेका छैनन् । जनताहरू माथि विश्वासघात गरिएको छ भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा मुलद्वार खुलेपनि प्रवेश निषेध छ भन्दै प्रजातन्त्र आएपनि सामान्य जनताले स्वतन्त्रताको अनुभूति गर्न पाएका छैनन् उल्टै उनीहरू क्रान्ति गरेको आरोपमा पीडित बन्नुपरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आर्थिक असमानताको खाडल बढिरहेको छ धनीहरू दिनप्रतिदिन धनी बनेका र गरिबहरू झन् दुःखी बनिरहेका छन् । त्यसकारण त्यस्तो असमानता देशमा कायम रहदा रहदै कसरी प्रजातन्त्र आयो भन्ने अर्थात् इतिहास कसरी बदलियो भन्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा सामान्य गरिब जनताहरूलाई बाँच्न साह्रै गाह्रो छ किनकि उनीहरूको पसिना र सीप सामन्त र शोषक द्वारा चुसिएको लुटिएको छ भन्ने कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा अन्यायी र अत्याचारीहरूले रातारात अनेक षड्यन्त्र गरेर प्रजातन्त्रको दुरुपयोग गरेको कुरा उल्लेख छ भने अन्तिम सेरमा यस्ता षड्यन्त्रकारीहरूलाई धम्की दिदैं प्रजातन्त्रमा आँच आउने काम गरेमा मसानघाटमा पुऱ्याउने कुरा उल्लेख गरेका छन् ।

### ६.२७. मिर्मिरे भो पन्छीहरू

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४५ मा सङ्कलन गरिएको सत्ताइसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा गर्न, खुल्न, बोल्न, जल्न जस्ता पूर्ण काफियाको प्रयोग गरिएको छ । 'छन्' नामक शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो गजल मुरद्दफ गजल हो । गजलका सेरहरूमा क्रमशः १४, १२, १३, ११, ११, १२ गरी जम्मा ७३ वटा शब्दहरूको प्रयोग गरिएको छ । प्रजातन्त्रको उदयको सङ्केत गरिएको यस गजलको विषयवस्तु मुसलसल रहेको  छ ।

प्रगतिशील विचार व्यक्त गरिएको यस गजलको पहिलो सेरमा जनताहरू सचेत भइसकेका छन् । उनीहरू अन्याय अत्याचार सहेर होइन, अन्याय अत्याचारका विरुद्ध

लड्न एकजुट भइसकेका छन् भन्ने कुरा व्यक्त छ । दोस्रो सेरमा बाध्यतावश हिजोसम्म अन्याय र अत्याचार सहेर बस्नेहरू आज अन्याय र अत्याचारको विरुद्धमा आवाज उठाउन अगाडि बढेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा जनताको शक्तिले अन्यायी अत्याचारीहरूका षड्यन्त्रहरू पनि भताभुङ्ग हुन लागेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा सबै जनताहरू एकजुट भएर अन्याय अत्याचारको विरुद्धमा क्रान्ति गरेका छन् जसले अन्धविश्वास, अन्याय, अत्याचारका जालहरूलाई जलाएको कुरा उल्लेख छ । पाँचौं सेरमा जनताको बलिदानीपूर्ण क्रान्ति पश्चात् देशमा प्रजातन्त्र आएको छ । जनताले आफ्नो हक अधिकार प्राप्त गरेर आनन्द साथ जीवन बिताउन पाएका छन् भन्ने कुरालाई पहरामा लालीगुँरास र मैदानमा लालुपाते फुलेको प्रसङ्ग जोडेका छन् । गजलको अन्तिम सेरमा प्रजातन्त्रको आगमन हुँदैछ र प्रजातन्त्रको स्वागतको लागि स्वागतगीतको भाका मीठो मिलाउँदै गरे प्रिये भन्दै देशमा प्रजातन्त्र आएको कुराको सङ्केत गरेका छन् ।

## ६.२८. विश्वासका दियाहरू

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४६ मा सङ्कलित अट्ठाइसौं गजल हो । ६ सेरमा संरचित यस गजलमा जलाउँदै, फुलाउँदै, चलाउँदै, व्युझाउँदै जस्ता शब्दाशं काफियाको प्रयोग गरिएको छ । द्वितीय पुरुषलाई सम्बोधन गर्दै लेखिएको यस गजलमा 'प्रिये' रदिफका रूपमा प्रयोग गरिएको छ । १६ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलको सेरहरूमा क्रमशः १०, १५, १०, १२, १३, १३ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ । जुठो, चुल्हो जस्ता ठेंट नेपाली मौलिक शब्दहरूको प्रयोग गरिएको यस गजलमा मुसलसल विषयवस्तुको प्रयोग गरिएको छ ।

नारीवादी स्वर प्रस्तुत गरिएको यस गजलको पहिलो सेरमा नारीलाई आफ्नो हक अधिकार प्राप्तिको लागि सचेत हुँदै हक अधिकार प्राप्त गर्न विश्वासका साथ अगाडि बढ्न आह्वान गरेका छन् । दोस्रो सेरमा नारीलाई घरको जुठो चुलो चौकोमात्र नगरेर आफ्नो मुक्तिको लागि आन्दोलन पनि गर्न आग्रह गरेका छन् । तेस्रो सेरमा नारी आफू नै आफ्नो अधिकारको लागि सचेतकासाथ जागरुक भएर अगाडि बढ्नुपर्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा सधैंभर दास भएर बाच्ने स्वभाव हटाएर स्वतन्त्र रूपमा अगाडि बढ्नका लागि सम्पूर्ण बन्धनहरू तोड्नुपर्छ भन्ने आह्वान गरेका छन् । पाँचौं सेरमा गाउँ गाउँमा चेतनाका बत्तीहरू बालेर अन्याय अत्याचारलाई हटाउन सक्रिय बन्न अनुरोध गरेका छन् । अन्तिम सेरमा नारीहरू पनि सचेत भएर आफ्नो हक अधिकार प्राप्त

गरिसकेकाले नारी स्वतन्त्रताको स्वागत गर्नको लागि स्वागत गीतको मीठो भाका मिलाउन आह्वान गरेका छन् ।

### ६.२९. सुरक्षाको प्रत्याभूतिमा

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४७ मा सङ्कलन गरिएको उनतिन्सौ गजल हो । ६ सेरमा संरचित यस गजलमा आतङ्कित, कुण्ठित, भयभीत, जीत जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । एक अक्षरको 'छ' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो गजल मुरद्दफ गजल हो । यो गजलको विषयवस्तु मुसलसल रहेको छ । गजलका सेरहरूमा १२, १२, १४, १४, १३, १४ गरी जम्मा ७९ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलमा उच्चारणको आधारमा १७ अक्षरमा विश्राम हुने लय विधानको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले देशमा प्रजातन्त्र आउँदा जनताले आफूलाई सुरक्षित भएको महसुस गरेका थिए तर प्रजातन्त्र सङ्गै आएको स्वतन्त्रता केही सत्तासीन व्यक्तिहरूले आफ्नो मुठीमा बाँधेको कारणले सामान्य जनताहरू झन् त्रसित बन्नुपरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा समाजका जतिपनि न्याय दिने समाजवादी धारणा अनुसार बनेका नीतिनियम छन् तिनीहरू पनि शोषक र सामन्तको चाल र खेल मै चल्ने प्रसङ्ग उल्लेख गरेका छन् । तेस्रो सेरमा हजारौँ सहिदले स्वतन्त्रताका निम्ति आफ्नो प्राणको बलिदान दिए तापनि ती सहिदहरूको रगत र बलिदानको कुनै अस्तित्व नरहेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा हाम्रो प्यारो सुन्दर शान्त र विशाल देश सधै शोषक र शामन्तको अन्याय अत्याचारमा पिल्सिएको छ भन्ने कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा राष्ट्रप्रेमी व्यक्तिहरूमाथि अन्याय अत्याचार भएको कुरा व्यक्त गरेका छन् र अन्तिम सेरमा देशमा अन्याय अत्याचार कायमै छ अन्यायी अत्याचारीहरू विषालु सर्पजस्तै बन्दै सामान्य जनतालाई डस्नको लागि सल्बलाइरहेको कुरा स्पष्ट पारेका छन् ।

### ६.३०. अटाइनसक्नु छन्

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४८ मा सङ्कलित तीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा चाहनाहरू, उदारमनाहरू, योजनाहरू, गभनाहरू जस्ता शब्दांश काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल हो भने विषयवस्तुका दृष्टिले मुसलसल गजल हो । यस गजलमा १६ अक्षरको लय

विधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा १२, ११, १२, १३, ११, १२ गरी जम्मा ७१ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफूभित्र नअटाएका आफ्ना भावना र चाहनाहरूलाई व्यक्त गर्ने कुनै माध्यम नभएको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा विभिन्न समस्याले गर्दा आफ्ना चाहनाहरूलाई बन्धकी राख्नुपरेको र आफूले आफन्तहरूबाट सधैं सहयोग अपेक्षा राखेको तर सहानुभूति मात्रै प्राप्त गरेको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा आर्थिक समस्याका कारण सङ्घर्षपूर्ण बनेको आफ्नो जीवनका सबै योजनाहरू सिसा फुटेजस्तै चकनाचुर भएको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा आफू चारैतिरबाट समस्याको दलदलमा फसेको तर त्यो दलदलबाट उम्कने कुनै माध्यम नभएको कुरा स्पष्ट पारेका छन् । पाँचौँ सेरमा आफूलाई जस्तोसुकै समस्या आइपरेपनि कसैबाट पनि कहिल्यै सहयोग नपाएकोले अब कसैसँग पनि सहयोग माग्न नजाने बाचा गरेका छन् । अन्तिम सेरमा आफू सक्षम योग्य, कर्तव्यपरायण, अनुशासित र मिहिनेती भएर आफ्नो कर्तव्यपथमा लाग्दा पनि उद्देश्य प्राप्त गर्न नसक्दा सबै व्यर्थ जस्तो लागको कुरा उल्लेख गरेका छन् ।

## ६.३१. म आउथैं अनायास

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ४९ मा सङ्कलित एकतीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा गरेजस्तो, मरेजस्तो, झरेजस्तो, परेजस्तो, सेरजस्तो जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल हो, किनकि यसमा ‘लाग्छ’ एकल रदिफका रूपमा प्रयोग गरिएको छ । आत्मपरक शैलीमा लेखिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अक्षरको उच्चारणको आधारमा १६ अक्षरको लय विधानको प्रयोग गरिएको छ । ‘धनु’ तखल्लुसको प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १४, १३, १३, १४, १५, १२ गरी जम्मा ८१ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ ।

प्रणय भाव विषयमा आधारित यस गजलको पहिलो सेरमा गजलकारले आफूलाई घृणाको दृष्टिले हेर्ने प्रमिकाको व्यवहारले गर्दा उनले क्रमशः आफूप्रति माया मार्दै गएको अनुभव गरेका छन् । दोस्रो सेरमा आफ्नो आशा र भरोसाको रूपमा रहेकी प्रेमिकाबाट धोका र विश्वासघातपूर्ण व्यवहार पाएकोले आफूलाई अनायासै मरुभूमिमा पानी खोज्न गएको जस्तो ठानेका छन् । तेस्रो सेरमा काम वासनामा लिप्त प्रेमिकाको व्यवहार बुझ्न नसक्दा आज आफू अलपत्र परेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा चोखो माया

प्रेमको वास्तविक अर्थ नबुझ्ने प्रेमिकाप्रति व्यङ्ग्य गरेका छन् । अन्तिम सेरमा आफ्नो जीवनको सम्पूर्णता नै प्रेमिकालाई सुम्पिए पनि उनी आफू देखि टाढा हुन गइरहेकी छन् जस्तो अनुभूति व्यक्त गरेका छन् ।

## ६.३२. द्वन्द्व किन हुन्थ्यो

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ५० मा सङ्कलित बत्तीसौँ गजल हो । ४ सेरमा संरचित यस गजलमा आसान, मैदान, बिहान, पहिचान, समान जस्ता शब्दांश काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा 'भैदिफ' शब्दको प्रयोग गरिएकोले यो गजल मुरद्दफ गजल हो भने विषयवस्तुका दृष्टिले मुसलसल गजल हो । उच्चारण अक्षरको आधारमा १३ अक्षरको लय विधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः ११, १२, ११, १३ गरी जम्मा ४७ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलमा आसान, मजदुरी, मैदान, दुस्मनी, सामद, आपस, पहिचान, गरिब, दरार, धनी जस्ता आगन्तुक प्रयोग भएको छ भने द्वन्द्व, जीवन, अगम, अन्धकार, स्वर्ग जस्ता तत्सम र मान्छे आँखा, सब, ठूला जस्ता तद्भव शब्द प्रयुक्त छन् ।

समतामूलक समाजको साथै सुन्दर, सरल र सहज जीवनको कामना गरिएको यस गजलको पहिलो सेरमा गजलकारले जीवनमा आउने बाध्यात्मक परिस्थितिहरू हटेर जीवन सरल र सहज बनेमा लडाइ झगडा पनि हुँदैनथ्यो होला भन्ने कल्पना गरेका छन् । दोस्रो सेरमा सबै मानिसहरू अशिक्षित छन् । उनीहरूमा चेतनाको कमी छ । त्यसकारण उनीहरू अज्ञानरूपी अन्धकारमा निदाएका छन् । उनीहरूलाई व्युँझाउनका लागि चेतना र ज्ञानरूपी बिहान हुनुपर्छ भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा मानिसले मानिससँग दानवीय व्यवहार नगरी मानवीय व्यवहार गरेमा शत्रुतापूर्ण व्यवहार हटेर एक आपसमा मित्रताको भाव बढ्ने कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा मानिसहरूको बीचमा रहेको सानो, ठूलो, धनी, गरिब भन्ने सोचाइ हटेर सबै मानिस एकै हौँ भन्ने सोचमा यही धर्ती नै स्वर्ग बन्थ्यो भन्ने कामना गरेका छन् ।

## ६.३३. प्रतीक्षामा बसेँ निकै

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ५१ मा सङ्कलित तेत्तीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा बेकार, दोधार, प्रहार, जंघार, असार, भार, दिक्दार जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । उच्चारण अक्षरको आधारमा १२ अक्षरको लय विधान प्रयोग गरिएको विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा

रहेको छ । गजलका सेरहरूमा क्रमशः १२, १०, ११, ११, ९ जम्मा ६४ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

जीवनको जटिलता र संघर्षलाई देखाइएको यस गजलको पहिलो सेरमा आफूलाई प्रतीक्षामा राखेर छल गर्ने मानिसहरूको व्यवहारबाट आफू दोधारमा परेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्नो चोखो माया र प्रेममा धोका दिने प्रमिकालाई विश्वास माथि प्रहार गऱ्यौ भन्दै विश्वासघातीको रूपमा चित्रण गरेका छन् । तेस्रो सेरमा सबैतिरबाट जटिल बनेको आफ्नी जीवन-प्रेमिकाको व्यवहारबाट झनै जटिल बनेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा जिन्दगीको हरेक क्षणमा समस्याहरू मात्रै हात लाग्दा जीवन जिउन पनि ज्यादै कठिन भएको कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा घातमाथि घात बढ्दै गएपछि त्यसको पीडा सहन पनि अत्यन्त भार भएको कुरा उल्लेख छ । अन्तिम सेरमा सधैंभरि समस्या पीर, व्यथा र चिन्ताबाट मुक्ति पाउनको लागि सङ्घर्ष गर्दागर्दै सङ्घर्षै सङ्घर्षले जीवन दिक्दार बनेको कुरा स्पष्ट पारेका छन् ।

### ६.३४. साजिश रच्दै साख्खै

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ५२ मा सङ्कलित चौँतीसौँ गजल हो । ६ सेरमा संरचित यस गजलमा नआऊ, नदेखाऊ, नगाऊ, दाऊ नसुनाऊ जस्ता मिश्रित माफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा ‘अब’ द्व्यक्षरी शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । उच्चारणको आधारमा १५ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा द्वितीय पुरुषलाई सम्बोधन गरिएको छ र प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । गजलका सेरहरूमा क्रमशः १२, ११, १५, १२, १३, १४ गरी जम्मा ७७ वटा शब्दहरूको प्रयोग गरिएको छ । धोकादिने व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दै लेखिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ ।

यो गजलको पहिलो सेरमा गजलकारले आफ्नो प्रगतिमा बाधा पुऱ्याउने व्यक्तिहरू जो मनमनै अनेक षड्यन्त्र रच्छन् र बाहिरी रूपमा नजिक बन्न चाहन्छन् तिनीहरूलाई अब प्रलोभनका चारा देखाउन पर्दैन भन्दै त्यस्ता मानिसको व्यवहार बुझिसकेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा छद्मभेषी बनेर अब आफ्नो अस्मिता लुट्ने कुनै बहाना बनाउन पर्दैन भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफ्नो छुट्टै अडान भएकाले अन्यायी अत्याचारी षड्यन्त्रमा नलाग्ने कुरा उल्लेख गरेका छन् । चौथो सेरमा धोका दिने आफ्ना मित्रहरूलाई सहृदयी मित्र भएको भए भित्रभित्रै अनेक जाल र षड्यन्त्र गरेर बाहिर सहयोगको नाममा धोका दिँदैनथ्यौ होला भन्ने कुरा उल्लेख गरेका छन् । पाँचौं सेरमा आफ्नो छलकपट रहित, सरल, सहज, इमान्दारीपूर्ण जीवन र षड्यन्त्रकारीहरूको

धोका, छलकपटपूर्ण, अन्याय, अत्याचारपूर्ण जीवनका बीच धेरै फरक भएको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा त्यस्ता विश्वासघाती मित्रहरू जसले अझै विश्वासिलो मित्रजस्तै बन्दै आफ्नो प्रगतिमा खुट्टा तान्न पछि पर्दैनन्, त्यस्ता व्यक्तिहरूलाई आफ्नो दृष्टिदेखि टाढा हुन आग्रह गरेका छन् ।

### ६.३५. आँगनीमा ताप्न

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित ३५औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा घाम, आराम, याम, काम, दाम, लगाम, खाम जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'पाइन' तीन अक्षरको शब्द रदिफका रूपमा आएकोले यो मुरद्दफ गजल हो । गजलकारको आत्मालापीय शैलीमा रचना गरिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सेरहरूमा क्रमशः ९, १०, ११, १०, ९, ११, गरी जम्मा ६० वटा शब्दहरूको प्रयोग गरिएको यस गजलमा उच्चारणका आधारमा १२ अक्षरको लय विधान प्रयोग गरिएको छ । निराशाजनक स्वर प्रस्तुत गरिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ ।

गजलको पहिलो सेरमा गजलले सधैँ अनेकौँ किसिमका समस्याहरूबाट ग्रसित बनेको आफ्नो जिन्दगीदेखि थाकिसकेर निरास बनेको कुरा व्यक्त गर्दै जिन्दगीमा आफूले कहिल्यै आनन्द र रमाइलो अनुभव गर्न नपाएको प्रसंग उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्नो जीवनलाई औँसीको रातसँग तुलना गरेका छन् । तेस्रो सेरमा सपनीमा पनि आफ्नो पेट भर्न पुग्ने कुनै काम नपाएको गुनासो पोखेका छन् । चौथो सेरमा आफू शोषक र सामन्तहरूबाट शोषित पीडित बनेको कुरालाई आफ्नो पसिनाको दाम पनि नपाएको कुराको माध्यमबाट प्रष्ट पारेका छन् । पाँचौँ सेरमा जिन्दगीदेखि निरास भएर आफ्नो दुःख पीर-व्यथा बिसाउने ठाउँ नभएको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा समस्याहरू पार लगाउँदै अगाडि बढ्न खोज्दा कुनै न कुनै समस्या तगारो बनेको कुरालाई कलम, कापी खोजेर बल्लतल्ल चिठी लेखे पनि पठाउने खाम नभएर अड्किनु परेको कुराको माध्यमबाट प्रष्ट पारेका छन् ।

### ६.३६. रोइरहेछ यो समाज

यो गजल **यो मौसम** गजलसङ्ग्रहका पृष्ठ ५४ मा सङ्कलित ३६औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा वातावरण, चीरहरण, शरण, समीकरण जस्ता काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल हो । यो गजलमा उच्चारणको आधारमा १५ अक्षरको लयविधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा

क्रमशः १२, १३, ११, १३, ९, ११ गरी जम्मा ६९ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको छ ।

सामाजिक समस्यालाई प्रस्तुत गरिएको यस गजलको पहिलो सेरमा अन्यायी अत्याचारीहरूले सोझा-सिधा गरिबहरू माथि आज पनि अन्याय अत्याचार गरेको कुरालाई द्रौपदीको चीरहरण भएको छ भन्ने कुराको माध्यमबाट स्पष्ट पारेका छन् । दोस्रो सेरमा अन्यायी, अत्याचारी र शोषकहरूलाई विषालु सर्प र सोझा-साझा गरिब जनतालाई भ्यागुतासँग तुलना गरेका छन् । तेस्रो सेरमा धनी र गरिब बीचको खाडल बढेको कारण गरिबहरू बिचरा समस्यामा बाँच्नुपरेको कुरालाई उल्लेख गरेका छन् । चौथो सेरमा अझै पनि समाजमा छलकपटपूर्ण व्यवहार भइरहेको छ भन्ने कुरा उल्लेख गरेका छन् । पाँचौँ सेरमा समाजमा विद्यमान धनी र गरिब बीचको असमान व्यवहारले गर्दा साना मानिसहरू सधैं ठूलाबडाको खुट्टा समाउन बाध्य हुनुपरेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा आर्थिक अभावको कारण समस्याको सागर तर्न नसक्दा जिन्दगीको दौडानमा स्थानान्तरण हुन परिरहेको कुरालाई स्पष्ट पारेका छन् ।

## ६.३७. जिन्दगीको हरेक पल

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ **५५** मा सङ्कलित ३७औं गजल हो । ६ सेरमा संरचित यस गजलमा झरी, दुधखेरी घरी, सधैंभरी, सरि, चरी जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'भयो' रदिफका रूपमा प्रयोग गरिएकोले यो गजल मुरद्दफ गजल हो । अक्षरको उच्चारणको आधारमा १३ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, ११, १३, १०, १३, ११ गरी जम्मा ६९ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ ।

गजलकारले पहिलो सेरमा आफ्नो जिन्दगीको हरेक क्षण साउने झरीजस्तै पीडादायक अनि लेख्दालेख्दै खिइसकेको दुधखेरी जस्तै भएको छ भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा जीवनमा आफूले ठूलो उपलब्धि अथवा सफलता हात पारे भनेको त्यो त केवल जाडोमा पसाएको केराको घरीजस्तै निरर्थक र बेकार भएको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा जिन्दगीमा कहिल्यै सुख, शान्ति र सन्तोषको अनुभव गर्न नपाएर पीडै-पीडामा बाँच्नुपरेको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा गजलकार आफू कहिल्यै पनि उद्देश्य प्राप्तिमा पुग्न नसकिने ठान्दै जीवनका सुन्दर सपनाहरू त्यतिकै लथालिङ्ग भएको अनुभव गरेका छन् । पाँचौँ सेरमा आफूले थुप्रै लक्ष्य र उद्देश्य लिए तापनि त्यो पूरा गर्न नसक्दा जसरी आकाशमा स्वतन्त्र रूपमा उड्ने चरी चोट लागेर

बस्नुपर्दा पीडित बन्छ त्यस्तै पीडित भएर बाँच्नुपरेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा समाजमा बढ्दै गएको चाकरी, चाप्लुसीको प्रसङ्गलाई जोड्दै व्यक्तिगत काम विशेषले कसैलाई भेट्दापनि चाकरी नै सम्झने समाजप्रति व्यङ्ग्य गरेका छन् ।

## ६.३८. मान्छे सक्रिय छन्

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ५६ मा सङ्कलित ३८औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा अचेल, खेल, जालझेल, भेल, तेल, सेल जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'जतातत‍ै' नामक चार अक्षरको शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो गजल मुरद्दफ गजल हो । उच्चारणको आधारमा १२ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, ९, ११, १०, १० गरी जम्मा ६१ वटा शब्दहरूको प्रयोग गरिएको छ । राजनैतिक, सामाजिक, आर्थिक आदि विविध विषयवस्तुलाई समेटिएकोले यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल रहेको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले मान्छेहरू अहिले राजनीतिको फोहोरी खेल खेल्न सक्रिय रहेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा बाहिर इमान्दारीको कुरा गरेतापनि भित्रभित्रै छलकपट र जालझेल कायमै रहेको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा सबै मानिसहरू आ-आफ्नो स्वार्थ पूरा गर्ने क्रममा व्यस्त छन् । जतातत‍ै ठेलाठेल छ, एकान्त ठाउँ कतै पनि भेट्न सकिदैन । चौथो सेरमा हाम्रो देशको असमान नीति र व्यवहारलाई देखाउन कतै जमिन सुख्खा र जर्जर छ भने कतै बर्षाको भेलजस्तै छ भन्ने प्रसङ्गको माध्यमद्वारा स्पष्ट पारेका छन् । पाँचौं सेरमा कमलपित्त रोग गाउँतिर सेरकोले तेल विक्री हुदैन भन्ने बिम्ब-प्रतीकलाई उठाएर गाउँ घरका मानिसहरू पनि क्रमशः अन्यायी, अत्याचारी बन्दै गएको कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा केको खुसियालीमा सेल पाकेको छ बुझिएन भन्दै भ्रष्ट मानिसहरूको छलकपटपूर्ण व्यवहारको खिल्ली उडाएका छन् ।

## ६.३९. केही गुमाएको छु

नामक गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ५७ मा सङ्कलित ३९औं गजल हो । गजलको पाँच सेरमा संरचित यस गजलमा पाएको, बगाएको, उडाएको, खाएको, जमाएको, पल्टाएको, जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ, जसमा मिश्रित काफियाको प्रयोग गएिको छ । रदिफका रूपमा एक अक्षरको 'छु' शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । उच्चारण अक्षरको आधारमा १४ अक्षरको लयविधान

प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, ११, १३, १२, १३ गरी जम्मा ६२ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलकारको आत्मलापीय शैलीमा रचना गरिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ ।

पहिलो सेरमा गजलकारले स्वाभिमानपूर्ण जिन्दगी जिउनको लागि केही गुमाएर केही प्राप्त गरेका अथवा पसिना बगाएर पसिनाको मूल्य पाएको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्नै मिहिनेत र पसिनाले केही आय आर्जन गर्न लाग्दा आफ्ना समस्याहरू केही कटौती हुँदै गएको महसुस गरेका छन् । त्यस्तै यही सेरको माध्यमबाट जाँगरको समिरमा मनको चङ्गा उडाएर आफ्नो लक्ष्य प्राप्त गर्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफैले परिश्रम गरेर आर्जन गर्दा रिस गर्नेहरूप्रति व्यङ्ग्य गर्दै अर्काको प्रगतिमा कसैले पनि रिस नगर्न अनुरोध गरेका छन् । चौथो सेरमा आफू आर्थिक लगायत अन्य विविध हिसाबले कमजोर हुँदा बेवास्ता गर्नेहरू आज आफू सबल बन्दा पछाडि लागेको देख्दा तिनीहरूलाई स्वागतका साथ आदर सम्मान गर्न चाहेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा धेरै मानिसहरू आफ्नो प्रगतिमा तगारो बने, अगाडि बढ्न खोज्दा खट्टा ताने पनि धेरै मिहिनेत र लगनशीलताका साथ अगाडि बढेर तिनीहरूलाई पछाडि पार्न सफल भएको छु भन्ने सत्यतालाई स्पष्ट पारेका छन् ।

### ६.४०. हावा चल्दाचल्दै

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित ४० औँ गजल हो । गजलका ६ सेरमा संरचित यस गजलमा आउँदै, दिइँदै, छुँदैछ, हुँदैछ, रचिँदै जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा 'कतैबाट' प्रयोग गरिएकाले रदिफ प्रयोगका दृष्टिले यो मुरद्दफ गजल हो । गजलका सेरहरूमा क्रमशः १२, १०, १२, ११, १२, ११ गरी जम्मा ६८ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारण अक्षरहरूको प्रयोग १५ अक्षरको लयविधान प्रयोग गरिएको छ । यो गजल विषयवस्तुका दृष्टिले गैरमुसलसल गजल अन्तर्गत पर्दछ ।

गजलको पहिलो सेरमा देशमा प्रजातन्त्र आगमन भएको छ तर जनताका स्वतन्त्रताका चाहनाहरू पूरा हुन पाएका छैनन् । किनकि षड्यन्त्रकारीहरूले अनेक जालझेल गरीरहेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा वसन्तमा पनि धर्ती उजाड देखिएको छ भन्ने लाक्षणिक अर्थका माध्यमद्वारा प्रजातन्त्र आए तापनि सामान्य जनताले स्वतन्त्रता पाएका छैनन् भन्ने कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा पानी बिनाका बगरहरू जस्तै गरी प्रजातन्त्रमाथि पनि कसैले विश्वासघात गरेको छ । अर्थात्

प्रजातन्त्र पनि स्वतन्त्रताविहीन बनेको छ भन्ने कुरा स्पष्ट पारेका छन् । चौथो सेरमा शिशु प्रजातन्त्रले फुल्न-फल्न नपाएकोले अझै पनि अन्यायकै पक्षमा जीत हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा प्रजातन्त्र पछि स्वतन्त्रता पाउने आशा पनि षड्यन्त्रकारीहरूको षड्यन्त्रले गर्दा पूरा नहुने कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा इमानदारीको जङ्गलमा डढेलो लागेको, मानवता रोएको आवाज सुनिएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

## ६.४१. कठै ! धेरैको मन

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहमा सङ्कलित ४१ औं गजल हो । गजलका पाँच सेरमा संरचित यस गजलमा वैलाउन, हुन, रुन, जून, छुन, ज्युन, जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'थालेछ' रदिफका रूपमा प्रयोग मुरद्दफ गजल हो । अक्षरको उच्चारणको आधारमा १२ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, १०, १०, ९, १० गरी जम्मा ४९ वटा शब्दहरूको प्रयोग गरिएको छ । सामाजिक र राजनैतिक विषयवस्तुलाई समेटेर लेखिएको यो गजल विषयवस्तुको दृष्टिले गैरमुसलसल गजल हो ।

सबैतिरबाट समस्यै-समस्याले जेलिएको सामान्य मानिसको मन शिशिरको वनजस्तै उराठाग्दो भएको छ भन्ने कुरा गजलको पहिलो सेरको माध्यमद्वारा व्यक्त गरेका छन् । दोस्रो सेरमा न्याउली चरी पनि समय आफ्नो अनुकूलमा बसेर रुन थालेको छ । भन्ने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा अन्धकार रातमा धर्तीमा उज्यालो छर्ने जूनपनि अहिले कलङ्क जस्तो देखिएको छ भन्दै असल मानिसहरू विरोधी व्यक्तिहरूको आँखामा दुस्मन बनेको कुरालाई स्पष्ट पारेका छन् । चौथौ सेरमा अहिले सन्देशयुक्त र असल साहित्य  घृणित बनेको र अश्लिल साहित्यले सबैको मन छुन थालेको सत्यलाई स्पष्ट पारेका छन् । अन्तिम सेरमा अनेकौं समस्याबाट आहत बन्दै छटपटिएका कवि, गजलकारहरू आफ्नो समस्याको भोक मेटाउन नसक्दा सोमरस पिउन थालेको प्रसङ्ग जोडेका छन् ।

## ६.४२. मुक्ति पाउने विश्वासमा

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६० मा सङ्कलित ४२औं गजल हो । ६ सेरमा संरचित यस गजलमा उठ्दै, जुट्दै, बढ्दै, लड्दै, चढ्दै जस्ता पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ रदिफका रूपमा 'हामी' शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । प्रथम पुरुषलाई सम्बोधन गरीएर लेखिएको यो

गजलको विषयवस्तुको दृष्टिले गजल मुसलसल गजल अन्तर्गत पर्दछ । गजलका सेरहरू क्रमशः १२, १०, १३, १२, १२, ९ गरी जम्मा ६८ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

प्रगतिशील विचार व्यक्त गरिएको यस गजलको पहिलो सेरमा जनताहरू अव मुक्ति पाउने अथवा स्वतन्त्रता प्राप्त गर्ने आफ्नो लक्ष्य पूरा गर्न विश्वासका साथ एकजुट भएर उठेको कुरालाई व्यक्त गरिएको छ । दोस्रो सेरमा प्रजातन्त्र प्राप्त गर्ने क्रममा अनेकौं ठक्करहरू खान परे तापनि कत्ति विचलित भइसकेका छैनन् । त्यसकारण आफ्ना हक-अधिकार लिनको लागि जस्तोसुकै सङ्घर्ष गर्न पनि पछि नपर्ने कुरालाई व्यक्त गरेका छन् । चौथौ सेरमा जनताहरू भनेका शक्तिका हिम्मतिला पहाड भएकोले चुनौती विकट पहाड चढ्दा पनि पछि नपर्ने कुरा स्पष्ट पारेका छन् । पाँचौं सेरमा अब आफ्नो हक अधिकारबिहीन बनेर बन्दीको जस्तो जिन्दगीको विरुद्धमा स्वतन्त्रता र समानता प्राप्त गर्नको लागि जस्तोसुकै समस्यासँग पनि चिरागहरू बाल्दै अथवा अन्याय अत्याचारका विरुद्ध लडेर प्रजातन्त्रको स्थापना गर्ने छौं भन्ने कुरामा विश्वस्त देखिएको कुरालाई स्पष्ट पारेका छन् ।

### ६.४३ बाँच्ने रहर गर्थें

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६१ मा सङ्कलित ४३ औं सेरमा संरचित यस गजलमा लास, पर्दाफास, आस, आकाश, उठिवास जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'भएछ' रदिफका रूपमा प्रयोग गरिएकोले रदिफ प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल अन्तर्गत पर्दछ । आत्मपरक शैलीमा लेखिएको यस गजलमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने विषयवस्तुका दृष्टिल यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । गजलका सेरहरूमा क्रमशः १५, ११, १६, १५, ११, १५ गरी जम्मा ८३ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

गजलकारले पहिलो सेरमा सुखको खोजी गरेतापनि जीवन दुःखै-दुखको सागर सरी जिउँदो लास भएर बाँच्नुपरेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्ना पीर व्यथाहरूलाई कसैलाई नभनी गोप्य राख्छु भन्दा पनि सबैतिर पर्दाफास भइसकेको कुरालाई व्यक्त गरेका छन् । तेस्रो सेरमा अर्काको आस र भरमा पर्दा आफ्नो जीवन नै बर्वाद भएको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा जीवनमा कहिल्यै सुख रमाइलो देख्न नपाएको कुरालाई खुसीको जून उदाउने आसमा बस्दाबस्दै कालो बादलले घेरिएको आकाश देखेको कुराको माध्यमद्वारा व्यक्त गरेका छन् । पाँचौं सेरमा पीर-व्यथा र चोटहरूले आफ्नो जीन्दगी नै समाप्त पार्न लागेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा बल्लतल्ल समस्याहरू पार लगाउँदै अगाडि बढ्दा पनि अरूबाट तिरस्कृत र

अपहेलित बन्नुपरेको कुरालाई अनेक रङ्गका फूलहरू टिपेर बल्लबल्ल माला उन्दा प्रशंसित बन्छुकि भन्ने आशा हुँदा उल्टै उपहासको पात्र बन्नुपरेको कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् ।

## ६.४४. मलाई प्रीतिका गीत

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित ४४ औं गजल हो । ६ सेरमा संरचित यस गजलमा सुनाउने, लट्ठ्याउने, आउने, जिस्क्याउने, ब्युँझाउने जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'नगर' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजल हो । प्रेमप्रणय सम्बन्धी विषयवस्तुलाई लिएर लेखिएको यस गजलको विषयवस्तु मुसलसल रहेको छ । द्वितीय पुरुषलाई सम्बोधन गरेर लेखिएको गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः ९, १०, १०, ११, १०, १३ गरी जम्मा ६२ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणको आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा घनु तखल्लुसको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफूलाई धोका दिने प्रेमिकालाई संबोधन गर्दै आफ्नो स्वार्थपूर्तिकालागि प्रेमप्रणयका गीत सुनाउँदै मात्तिएका नजरले नलठ्याउन आग्रह गरेका छन् । दोस्रो सेरमा बनावटी माया देखाउँदै आफ्नो नजिकमा साख्खै बन्न नआउन अनुरोध गरेका छन् । तेस्रो सेरमा आफूलाई एकान्त मनपर्ने भएकोले बैसालु स्वभाव देखाएर नजिस्क्याउ भन्ने कुरा उल्लेख गरेका छन् । चौथो सेरमा आफ्नो सिमित स्वार्थपूर्तिका लागि साख्खै बन्न आउने प्रेमिकाको नजरनै आफ्नो लागि तीर जस्तो लाग्ने भएकाले विपनीमा मात्र नभएर सपनीमा पनि ब्युझाउन नआउ भन्ने कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा आफूलाई चोट पुऱ्याएर टाढा हुने प्रेमिकालाई निको हुन लागिसकेको घाउ कोट्याउने कोशिस नगर्न आग्रह गरेका छन् । अन्तिम सेरमा माया लाउने रहर भएमा अरूसँग नै जाउ र आफूलाई पाउने आशा लिएर फेरि फेरि धाउन नपर्ने कुरा उल्लेख गरेका छन् ।

## ६.४५. अपराधीले छुट

यो गजललाई घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मोसम** गजलसङ्ग्रहको केन्द्रिय गजलका रूपमा लिन सकिन्छ । 'परिश्रमी'ले यही गजलको शीर्षकबाट नै यस सङ्ग्रहको शीर्षक राखेको पाइन्छ । ४५ औं गजलको रूपमा रहेको यो गजल **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ६३ मा सङ्कलित गरिएको छ । ६ सेरमा संरचित यस गजलमा पत्याउन,

लाउन, गुडाउन, छक्काउन, आउन, पियाउन, बाउन जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । चाहेजस्तो **यो मौसम** रदिफका रूपमा प्रयोग गरिएकाले यो मुरद्दफ गजलका रूपमा रहेको छ । उच्चारणका आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, १३, १०, १३, ११, १३ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल हो ।

**यो मौसम** गजलसङ्ग्रहको केन्द्रिय गजलका रूपमा रहेको यस गजलको पहिलो सेरमा 'मौसम' शब्दलाई खराब समयको रूपमा सङ्केत गर्दै अपराधीले छुट पाउन चाहेजस्तो र बेइमानहरूले मीत लाउन चाहेजस्तो भन्दै अपराधी र बेइमानहरूको हितमा मौसम रहेको कुरा स्पष्ट पारेका छन् । दोस्रो सेरमा योग्य सक्षम व्यक्तिलाई अयोग्य र असक्षम गवार ठानेर समाजको रथ तिनै अयोग्य र असक्षम अथवा लाटो बुड्गाले हाक्न चाहेजस्तो मौसम रहेका कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा दर्शकहरूले हेर्दाहेर्दै जादुगरले छक्काए जस्तो सामान्य जनतालाई अन्यायी अत्याचारीहरूले वर्वाद पार्न चाहेजस्तो मौसमको रूपमा यो मौसमको व्याख्या गरेका छन् ।

चौथो सेरमा आफ्नो स्वार्थ पूर्तिका लागि साख्खै बनेर सर्वस्व लुट्न चाहेजस्तो मौसमको बारेमा बताएका छन् । पाँचौं सेरमा नराम्रो सङ्गतको कारण मातेर बेहोस बनेकोलाई उल्लेख गरेका छन् । अन्तिम सेरमा हनुमानलाई निल्नको लागि सुरसाले मुख बाउन चाहेको जस्तो अन्यायी अत्याचारीहरूले आफ्नो हैकम जमाएको यो खराब मौसम सामान्य सोझा सिधा जनताहरूको हित विरुद्धमा रहेको कुरा स्पष्ट पारेका छन् ।

## ६.४६. खोइ कहाँ छ ?

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६४ मा सङ्कलित ४६औं गजल हो । ६ सेरमा संरचित यस गजलका सबथोक, चोक, लोक, भोक, अशोक, तोक, कोक जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'पुरानै' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले रदिफ प्रयोगका दृष्टिले यो मुरद्दफ गजल अन्तर्गत पर्दछ । विषयवस्तुका दृष्टिले मुसलसल गजलका रूपमा रहेको यस गजलका सेरहरूमा क्रमशः १६, १३, १४, १२, १२, १३ गरी जम्मा ८० वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १४ अक्षरको लयविधान प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा देशमा प्रजातन्त्र आएपनि परिवर्तन आएको छैन भन्ने कुरालाई यहाँका गाउँ, नगर, चोक, बस्ती सबै पुरानै छन् नयाँ केही पनि छैन भन्ने कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । दोस्रो सेरमा प्रजातन्त्र आएपनि सामान्य जनताको दिनचर्यामा परिवर्तन आउन नसकेको कुराको सङ्केत गरेका छन् । तेस्रो सेरमा प्रजातन्त्र त

आयो तर केही पार्टीका भ्रष्ट नेताहरूले नै प्रजातन्त्रलाई छोपेर राखेका छन् । जसले गर्दा धनी र गरिब बीचको पर्खाल झन् बढिरहेको छ । भोका र नाङ्गाहरू भोकभोकै र नाङ्गै छटपटिन बाध्य हुनुपरेको छ भन्ने सत्यतालाई स्पष्ट पारेका छन् ।

चौथो सेरमा देशमा बाहिरी रूपमा राजनैतिक परिवर्तन देखिएता पनि राजनीति गर्ने व्यक्तिहरू पुरानै भएकाले उनीहरूको भ्रष्ट व्यवहारमा परिवर्तन आउन सकेको छैन भन्ने कुरालाई व्यक्त गरेका छन् । पाँचौं सेरमा शत्तासिन व्यक्तिहरू आफ्ना आफन्त र भाइभतिजालाई नै अगाडि सारिरहेका छन् अथवा उनीहरूलाई नै तोक लगाइरहेका जसले गर्दा देशमा विकास निर्माणका योजनाहरू पनि कल्पनामै सीमित रहेका छन् भन्ने कुरालाई देखाएका छन् । अन्तिम सेरमा देशमा राजनैतिक परिवर्तन आएतापनि राजनीति गर्ने ठूलाबडा व्यक्तिहरू परिवर्तन भएका छैनन् जसले गर्दा सामान्य जनताहरू अन्याय अत्याचारमा परिरहेका छन् भन्ने कुरालाई पुराण साहित्य, शास्त्र जे भएपनि ती सबैको आरम्भकर्ता भनेका होम र व्यास वात्सयन कोक छन् भन्ने कुराको माध्यमद्वारा स्पष्ट पारका छन् ।

### ६.४७. समयले चाहेको छ

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६५ मा सङ्कलित ४७ औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा थाल्नुपर्छ, चाल्नुपर्छ, झम्टिहाल्नुपर्छ, पाल्नुपर्छ, ढाल्नुपर्छ, बाल्नुपर्छ, पखाल्नुपर्छ जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गैरमुद्दरफ गजल हो । उच्चारणका आधारमा १६ अक्षरको लयविधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १२, ९, ११, १०, १४, ११ गरी जम्मा ६७ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजलका रूपमा रहेको छ ।

प्रगतिशील विचार व्यक्त गरिएको यस गजलको पहिलो सेरमा समयले क्रान्ति र परिवर्तन चाहेको छ त्यसकारण परिवर्तनको लक्ष्य प्राप्त गर्नको लागि सबै मिलेर कदम चाल्नुपर्छ भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नो लक्ष्य प्राप्तिको लागि सिंह जस्तै सजग र सचेत भएर अगाडि बढ्नुपर्ने र अगाडि बढ्नेक्रममा बाधा पुऱ्याउनेहरूलाई त्यतिकै छाड्न नहुने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा प्रजातन्त्र प्राप्तिका लागि आँटिलो र साहसिलो बनेर लडाइको मैदानमा उत्रिन आवश्यक रहेको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा समाजमा अन्याय अत्याचार बढाउने व्यक्तिहरू अथवा सामाजिक वातावरणलाई विषाक्त बनाउने विषवृक्षरूपी अन्यायी अत्याचारी व्यक्तिहरूलाई

समाजबाटै निकाल्नुपर्ने कुरा उल्लेख गरेका छन् । चौथो सेरमा समग्र देश विकासका लागि शहरमात्र नभएर गाउँ-गाउँ वस्ती वस्तीमा पनि चेतनको लहर पुऱ्याउँदै खुसीयालीको दिप बाल्नुपर्छ भन्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा स्वार्थी व्यक्तिहरूको घृणित कार्यले गर्दा जुठिएको समाजलाई सफा पानीले पखाल्नुपर्छ भन्दै अन्याय अत्याचारले पिल्सिएको समाजमा परिवर्तन ल्याउनको लागि सबै जनताहरू मिलेर क्रान्ति गर्नुपर्ने आवश्यकता  रहेको कुरालाई स्पष्ट पारेका छन् ।

## ६.४८. आहत मनको पीडा

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६७ मा सङ्कलित ४८औँ गजल हो । ५ सेरमा सङ्कलित यस गजलमा कोही विरही, मही, गोही, सही, बही जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'रहनेछ' शब्द रदिफका रूपमा प्रयोग गरिएको यो गजल रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजलका रूपमा रहेको छ । गजलकारको आत्मलापिय शैलीमा लेखिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः १२, १२, ९, ११, ११ गरी जम्मा ५५ वटा शब्दहरूको प्रयोग गरिएको छ । मतलबी, दुनियाँ, इमा, बही जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको गजलको विषयवस्तु गैरमुसलसल रहेको छ ।

गजलकारले यस गजलको पहिलो सेरमा आफ्नो मनको पीडा बुझिदिने कोही मानिस देखेका छैनन् । त्यस्तै उनको आफूजस्तो सामान्यले जेलिएर दुःखपूर्ण जीवन जीउन बाध्य मानिस अर्को कोही नभएको कुरा स्पष्ट पारेका छन् । दोस्रो सेरमा देशमा प्रजातन्त्र आयो त कसलाई आयो गजलकारले थाहा पाएनन् । के-केन पाइएला भन्ठान्ने सामान्य नेपाली जनताहरूलाई ठूलो विषय बनाइएको प्रजातन्त्र "हात्ती आयो हात्ती आयो फुस्सा" जस्तै भयो भन्ने कुरालाई भैसी त ल्याइयो भन्ठानियो तर दुध कम हुनाले महि मिलेन भन्ने सुन्दर बिम्ब प्रतीकको माध्यमले व्यक्त गरेका छन् । तेस्रो सेरमा प्रजातन्त्रको आगमन पश्चात् सबै जनताले स्वतन्त्रता पाउनुपर्ने तर त्यो पूरा हुन सकेन भन्ने कुरालाई चिडियाखानामा पसेर सबै जनावर हेर्ने ईच्छा हुँदाहुँदै पनि गोही हेर्न नपाएको प्रसङ्गसँग जोडेका छन् ।

चौथो सेरमा प्रजातन्त्र आएपनि सामान्य जनताहरूमाथि जालझेल र छलकपटपूर्ण व्यवहार भैरहेको कुरालाई व्यक्त गरेका छन् । अन्तिम सेरमा सबै मानिसहरू आफ्नो स्वार्थ पूर्तिमा लागेकाले इमान र नैतिकता जस्ता मानवीय गुण मानवबाट हतिसकेकोले भेट्न गाऱ्हो भएको कुरालाई व्यक्त गरेका छन् ।

## ६.४९. अलिकति रात पाएँ

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहमा सङ्कलित ४९औं गजल हो । ६ सेरमा संरचित यस गजलमा निदाउन, उडाउन, रमाउन, तर्साउन, बताउन, हटाउन, उठाउन जस्ता शब्दांश काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले गैरमुरद्दफ गजलका रूपमा रहेको यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । गजलका सेरहरूमा क्रमशः १३, १४, १४, ११, ११, ११ गरी जम्मा ७४ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलका १६ अक्षरको लय विधान प्रयोग गरिएको छ ।

समाजमा विद्यमान असमानतालाई स्पष्ट पारिएको यस गजलको पहिलो सेरमा गजलकारले आफूलाई आनन्दसँग निदाउन अलिकति आकाश पाए हुनथ्यो भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफूलाई जिन्दगीमा एकपटक भएपनि रमाएर बाँच्न मन भएको तर आफ्नो अभाव र पीडा बुझ्ने मानिस कोही नहुँदा त्यो संभव नभएको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा अनेकौं समस्याहरू आफ्ना अगाडि चुनौती बनेर खडा भइरहेको अप्ठयारो अवस्था देखेर आफन्तहरू अनेकौं बाहनामा उल्टै झन् भूतजस्तै तर्साउदै पीडामाथि पीडा थपिरहन्छन् भन्ने कुरा स्पष्ट पारेका छन् ।

चौथो सेरमा आफ्नो अभावमय जिन्दगी पनि जिउन नपाउने अवस्था देख्दा मनमनै उब्जिएको आक्रोश व्यक्त गर्ने अवस्था पनि नभएको परिस्थितिको बारेमा उल्लेख गरेका छन् । पाँचौं सेरमा प्रजातन्त्र आएपनि स्वतन्त्रता प्राप्तिका लागि अझै संघर्ष गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा व्यवस्था बदलिदैमा मानसिकता बदलिँदैन अथवा प्रजातन्त्र आउँदैमा वर्गीय द्वन्द्व र चरित्र पनि समाप्त हुन सक्छ भन्ने कुनै निश्चितता हुँदैन । त्यसकारण केही उच्च वर्गले शासनसत्ता समालुन्जेल तल्लोवर्ग उठ्न सक्दैन भन्ने प्रगतिवादी चेतनाको अभिव्यक्ति गरेका छन् ।

## ६.५०. आकाशलाई मुट्ठीभित्र

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६८ मा सङ्कलित ५० औं गजल हो । ६ सेरमा संरचित यस गजलमा थुन्न, ढाल्न, भाँच्न, रोक्न, बुन्न लुक्न, छेक्न जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएकोछ । रदिफका रूपमा छन् शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजलका रूपमा रहेको छ । यस गजलमा उच्चारण अक्षरको आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको छ । तृतीय पुरुषलाई सम्बोधन गरीएर लेखिएको यस गजलका सेरहरूमा क्रमशः १२, १०, १४, ११, १३, ११

गरी जम्मा ७१ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल मुसलसल गजल हो ।

यस गजलको पहिलो सेरमा गजलकारले आकाशलाई मुट्ठीभित्र थुन्न खोज्ने र विचारका खम्बालाई ढाल्न खोज्ने यहाँ छन् भन्दै प्रजातन्त्र र स्वतन्त्रताको चाहाना गर्नेहरूलाई पछि पार्न चहाने व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ । दोस्रो सेरमा सपनाका संभावनाहरू बढ्न नपाउदै अथवा सिर्जनाका टुसा लाग्न नपाउँदै भाच्ने व्यक्तिहरू यहाँ छन् भन्दै प्रजातन्त्रलाई फुल्न फल्न नदिने दुष्प्रवृत्तिका व्यक्तिहरूको कपटपूर्ण व्यवहारलाई देखाउन खोजिएको छ । तेस्रो सेरमा जनतालाई चेतनशील बनाएर आफ्नो हक अधिकार दिलाउन खोज्दा उल्टै समस्यामा अल्झिनु पर्ने कुराको बारेमा व्याख्या गरेका छन् । चौथो सेरमा शान्तिको प्रतीकका रूपमा रहेको परेवा जो स्वतन्त्र रूपमा उड्न चाहन्छ त्यसलाई थुन्न महाजाल अर्थात् अनेक षड्यन्त्र गरींदै छ भन्दै प्रजातन्त्रलाई फुल्न फल्न नदिन अनेक षड्यन्त्र रचिँदै छ भन्ने कुरा देखाउन खोजेका छन् । पाँचौं सेरमा बाहिरी रूपमा प्रजातन्त्रको समर्थक बन्ने तर आन्तरिक रूपमा प्रजातन्त्र विरोधी बन्दै समाजलाई दुःख दिने व्यक्तिहरूले समाजलाई अगाडि बढ्न नदिएको कुरालाई स्पष्ट पारिएको छ । अन्तिम सेरमा हुटिट्याउँले सगरलाई धान्न खोजेजस्तै सूर्यलाई हत्केलाले छेक्न खोज्ने यहाँ छन् भन्दै जनताहरू चेतनशील र जागरूक बनिसकेका छन् अब उनीहरूलाई रोक्नु छेक्नु भनेको सूर्यलाई हत्केलाले छेक्न सकिन्छ भन्ने भ्रम जस्तै हो भन्ने कुरा स्पष्ट पारेका छन् ।

## ६.५१. सपनाका सुख टिप्दै

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६९ मा सङ्कलित ५१औं गजल हो । ६ सेरमा संरचित यस गजलमा साँच्नुपरेको, हाँस्नुपरेको, भाँच्नुपरेको, बाँच्नुपरेको, गाँस्नुपरेको, टाँस्नुपरेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा छ मैले शब्दहरूको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो मुसलसल गजल  हो । गजलका सेरहरूमा क्रमशः १३, ११, १२, १२, १२, १३, १६ गरी जम्मा ७७ वटा शब्दहरूको प्रयोग गरिएको छ । गजलकारको आत्मलापीय शैलीमा रचिएको यस गजलमा प्रथमपुरुष दृष्टविन्दुको प्रयोग गरिएको छ ।

निराशाजनक स्वर प्रस्तुत गरिएको यस गजलको पहिलो सेरमा गजलकारले आफूले बाँचिरहेको जीवनको यथार्थता तितो भएकोले सुन्दर सपना सोचेर बाच्नु सिवाय अर्को उपाय नभएको र मनमा जस्तोसुकै पीडा भएतापनि त्यसलाई लुकाएर बनावटी

हाँसो हाँस्न बाध्य हुनुपरेको कुरालाई स्पष्ट पारेका छन् । दोस्रो सेरमा अनेक पीडा र समस्याबाट पिल्सिएको जीवनलाई आफूले बजाउने बाँसुरी आफैले भाँच्नुपरेको कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । तेस्रो सेरमा आफ्नो मनभित्रको पीर व्यथालाई कसैले पनि देख्न सक्दैनन् जसले गर्दा आफू न्यूनतताको कारणबाट उत्पन्न अनेक घाउँ चोटहरू सहेर बाच्नुपरेको कुरा स्पष्ट पारेका छन् ।

चौथो सेरमा आफ्नो जिन्दगी आफ्नै लागि अभिशाप बनेको तर अर्काको लागि भएपनि बाँच्नुपर्ने बाध्यतालाई स्पष्ट पारेका छन् । पाँचौं सेरमा आफ्ना व्यथा र पीडाहरू कसैलाई बताएरै सक्ने अवस्था नै नभएकोले आफ्नो अभावमय जीवनको बारेमा विज्ञापन नै बनाएर टास्नुपर्ने बाध्यता भएको कुरालाई स्पष्ट पारेका छन् । अन्तिम सेरमा जीवन एउटा परीक्षा भएकोले परीक्षामा सफल हुन सक्ने नसक्ने आफैले जाच्नुपर्ने अवस्था भएको कुरा स्पष्ट पारेका छन् ।

### ६.५२. खतराका घण्टीहरू

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ७० मा सङ्कलित ५२औं गजलका रूपमा रहेको छ । ६ सेरमा संरचित यस गजलमा बज्दै, खोज्दै, फुट्दै, बढ्दै, उद्दै, चढ्दै, लड्दै जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा छन् अचेल शब्दहरूको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । उच्चारणका आधारमा १३ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ११, १०, १२, ११, ११, ९ गरी जम्मा ६४ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले प्रजातन्त्रको चाहना गर्नेहरूका लागि जीवन खतरापूर्ण बनेकोले उनीहरू सुरक्षाको लागि उचित स्थानको खोजीतर्फ लागेको कुरालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा मानिसहरू आतङ्कित भएर बाँच्नुपरेकोले गर्दा भित्रभित्रै विद्रोहको ज्वाला फुट्दै गरेको प्रसङ्गलाई जोडेका छन् । तेस्रो सेरमा नौलो विहान अर्थात् प्रजातन्त्रको स्थापना र स्वतन्त्रताको चाहनालाई पछाडि पारेर अन्धकार रात्री अथवा प्रजातन्त्र विहिन शासन व्यवस्था मन पराउनेहरू झन् बढिरहेको कुरालाई स्पष्ट पारेका छन् । चौथो सेरमा जल्लादहरू अर्थात् मूर्ख बदमासहरू अन्यायी अत्याचारीहरू नै सम्मानित हुँदै स्वतन्त्रता पूर्वक डुलिरहेको कुरालाई स्पष्ट पारेका छन् । पाँचौं सेरमा देशमा दिनप्रतिदिन बढ्दै गएको हत्या हिंसा, अन्याय, अत्याचारका कुराको बारेमा स्पष्ट पारेका छन् भने गजलको अन्तिम सेरमा मानिसहरू बढ्दै गएको स्वार्थीपन र दुर्भावना

जस्ता कुराहरूले मानिस-मानिसको बीचमा पशुवत् व्यवहार भइरहेको लडाई, झगडा बढिरहेको छ भन्ने सत्यतालाई स्पष्ट पारेका छन् ।

## ६.५३. मान्छेहरू जब होशियार

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ७१ मा सङ्कलित ५३ औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा हुँदै, ब्युँझदै, उफ्रिदै, पल्हाँउदै, झ्यामिदै जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । सुस्त सुस्त रदिफका रूपमा प्रयोग गरिएकाले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले गैरमुसलसल यस गजलका सेरहरूमा क्रमशः १२, ११, १४, १२, १२, १२ गरी जम्मा ७३ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलमा उच्चारण अक्षरको आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको छ ।

प्रगतिशील विचार व्यक्त गरिएको यस गजलको पहिलो सेरमा मान्छेहरू अब आफ्नो हक अधिकारको लागि होसियार बन्दै अगाडि बढेको कुरा स्पष्ट पारका छन् । दोस्रो सेरमा समाजसेवीको नक्कली मुकुण्डोधारी व्यक्तिहरूका नक्कली जालझेल र षड्यन्त्रको रहस्योदघाटन भैरहको कुरालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा सबै जनताहरू एकजुट भएपछि अन्याय अत्याचारले घुडा टेक्न बाध्य हुनुपरेको कुरालाई बर्षाको भेल र साजिस स्रष्टाको प्रसङ्गसँग जोडेका छन् । चौथो सेरमा शिशिरमा उजाडिएको वन मधुमास अर्थात् बसन्तको आगमनसँगै पलाउदै छ भन्दै प्रजातन्त्रको अगमनसँगै जनताहरू पनि हर्षित बनेको कुरालाई स्पष्ट पारेका छन् । पाँचौं सेरमा अन्याय अत्याचार शोषण र दमनमा पिल्सिएका जनताहरू पनि स्वतन्त्रता र प्रजातन्त्रसँग रमाउन लागेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा अझै पनि अन्यायी अत्याचारीहरूलाई त्यसै छाड्यो भने प्रजातन्त्रमा तगारो बन्न पछि पर्दैनन भन्ने कुरालाई व्यक्त गरेका छन् ।

## ६.५४. जब जब विपरीत

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ७२ मा सङ्कलित ५४औँ गजलका रूपमा रहेको छ । ५ सेरमा संरचित यस गजलमा चल्न, जल्न, ढल्न, छल्न, फल्न, बल्न जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएकोले यो मुद्दरफ गजल  हो । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको यस गजलमा उच्चारणका आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको छ । गजलका सेरहरूमा क्रमशः १३, १०, १३, ९, १० गरी जम्मा ५५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

निराशाजनक स्वर व्यक्त गरिएको यस गजलको पहिलो सेरमा गजलकारले परिस्थिति आफ्नो अनुकूल नबनिदिँदा आफू पीडाले भित्रभित्रै छटपटिएको कुरालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूले सोच्दै नसोचेका घटनाहरू जब आफ्नो जीवनमा घट्छन् ती घटनाले आफ्नो साहसलाई दुर्बलतामा परिणत गर्ने गरेको यथार्थलाई व्यक्त गरेका छन् । तेस्रो सेरमा सबै मानिसहरू क्रमशः विश्वासघाती बन्दै गएकोले अर्काको विश्वास नगरी केवल आफ्नै विश्वासमा मात्र काम गर्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा आफूले गरेको काममा सफलता प्राप्त आफू भित्रभित्रै अत्यन्तै आनन्दित बन्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा आफूले गरेको काममा थोरै मात्रामा भएपनि सफलता प्राप्त हुँदा काम गर्न जाँगर, आँट र हौसला बढ्ने कुरा व्यक्त गरेका छन् ।

## ६.५५. आफ्नै बास नहुनाले

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ७३ मा सङ्कलित ५५औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा घरमा, खबरमा, बगरमा, सफरमा, प्रहरमा, तर्खरमा जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'छु' नामक एकाक्षरी शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको यस गजलका सेरहरूमा क्रमशः १३, १२, १३, १४, १४ गरी जम्मा ५६ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १७ अक्षरको लयविधान यस गजलमा प्रयोग गरिएको छ ।

आफ्नो कठिन र जटिल परिस्थितिले घोरिएको जिन्दगीको बारेमा लेखिएको यस गजलको पहिलो सेरमा गजलकारले आफू घरबाट विहीन भएकोले अर्काको शरणमा बस्नुपरेको बाध्यतालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा जिन्दगीमा आफूले कहिल्यै कसैबाट पनि दयामाया पाउन नसक्दा अर्थहीन जिन्दगी बाँचिरहको कुरालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा एउटा गन्तव्यहिन बटुवा जसलाई अलमल्याउन अनेक गोरेटाहरू तगारो बनेर यात्रालाई कष्टपूर्ण बनाएका छन् । चौथो सेरमा उज्यालोको प्रतिक्षा गर्दागर्दै धेरै समय बिताइसके जस्तो लागेतापनि अन्धकार रातको बीचमा बल्ल पुगेको अनुभव गर्दै आफूले जीवनमा अझैपनि धेरै समस्याहरू झेल्न बाँकी रहेको कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा सहँदासहँदै थाकिसकेकाले अव त धैर्यताको बाँध भत्काउने तयारीमा लागेको कुरालाई व्यक्त गरेका छन् ।

### ६.५६. किन साह्रो अचेल मेरो

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ७४ मा सङ्कलित ५६औं गजल हो । ६ सेरमा संरचित यस गजलमा मन जीवन, आलिङ्गन, चुम्बन, बन्धन, मनन, स्पन्दन जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'दुख्छ' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले गैरमुसलसल विषयवस्तुको प्रयोग गरिएको यो गजल गजलकारको आत्मलापीय शैलीमा लेखिएको छ भने प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । मौलिक नेपाली (न्याउली) अरबी (दिल), संस्कृत तत्सम (स्पन्दन) जस्ता शब्दहरूको प्रयोग गरिएको यो गजलको भाषा सरल र सहजनै छ । गजलका सेरहरूमा क्रमशः १४, १२, १३, १०, ११, १२ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले अनेकौ किसिमका चोट व्यथा र समस्याले गर्दा आफ्नो जीवनमै दुःखेको अनुभव गरेका छन् । दोस्रो सेरमा आफ्नी मायालुबाट पाएको चोटको कारण एकान्तमा हराउन मन लागेतापनि एकान्तमा बस्दा मायालुको सम्झनाले झन् सताउने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आर्थिक समस्याको कारण आफ्नो जीवन हाँसो, खुसी, माया, मोहदेखि टाढा भएको र जसले गर्दा मायालुको मायापनि टाढिदै गएको र आफूमा पीडा उत्पन्न भएको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा आफ्नो भावना र कल्पनामा आउने सुन्दर संसारमा रमाएतापनि बाध्यता र विवशताले गर्दा यथार्थमा आफूभित्र गहिरो चोट पुऱ्याउने कुरा स्पष्ट पारेका छन् । पाँचौं सेरमा कल्पनाको सुन्दर संसारबाट सफलताको शिखर चढेपनि यथार्थमा त्यो पूरा नहुँदा अत्यन्त पीडा भएको अनुभव व्यक्त गरेका छन् । अन्तिम सेरमा न्याउलीको वीरहको गीत आफ्नो जीवनको पीर व्यथासंग मेल खाएकोले न्याउलीको गीतले आफ्नो मुटुको ढुकढुकीलाई छोएको कुरा व्यक्त गरेका छन् ।

### ६.५७. मौसमको दमन सह्य

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ७५ मा सङ्कलित ५७ औं गजल हो । ५ सेरमा संरचित यस गजलमा झर्न, चर्न, पर्न, गर्न, छर्न, सर्न जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । 'थालेछ' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले या मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । उच्चारणका आधारमा १६ अक्षरको लय विधान प्रयोग

गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, १३, १३, १३, १३ गरी जम्मा ६५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

अन्यायी अत्याचारीहरूको शोषणपूर्ण व्यवहारको बारेमा स्पष्ट पारिएको यस गजलको पहिलो सेरमा मौसमी प्रतिकुलताका कारण फूल झर्न थालेछ र वनमा रमाउने हरिण मरुभूमिको हरियालीमा चर्न थालेछ भन्ने कुराको माध्यमद्वारा प्रजातन्त्र फेरि लोप हुन लागेको र स्वतन्त्रताको चाहना गर्ने जनताहरू फेरी निरंकुश शासन व्यवस्थामै रमाउनुपर्ने वाध्यता हुन लागेको कुरालाई स्पष्ट पारेका छन् । दोस्रो सेरमा देश राजनीतिक पूर्वाग्रहबाट नराम्रोसंग ग्रसित छ । कुनै न कुनै पार्टीको समर्थक बन्नै पर्ने, नत्र सबैतिरबाट प्रताडित र सशङ्क बन्नुपर्ने दुःखदायी वातावरण बनेको छ । यहाँ तटस्थ बस्छु भन्नेले सबैभन्दा बढी अप्ठयारो भोग्नुपरेको वर्तमानको यथार्थलाई सङ्केत गरेका छन् । तेस्रो सेरमा इमान्दार र नैतिकवान् बन्दा उल्टै तल झर्नु पर्ने स्थिति भएकोले मानिस अहिले विस्तारै इमानदार र नैतिकताहीन कार्यगर्न अग्रसर भएको सत्यतालाई स्पष्ट पारेका छन् । चौथो सेरमा आफ्नो प्रगतिमा वाधा पुऱ्याउने व्यक्तिहरू प्रशस्तै छन् जसले आफूलाई अगाडि बढ्न नदिन तगारो बन्दै मुलबाटोमा काढा छरेका छन् भन्ने कुरा व्यक्त गरेका  छन् । अन्तिम सेरमा गजलकारले भ्रष्टचारी व्यक्तिहरूको अन्यस्थिति र अपरिपक्क कार्यको नमुना जहातही देख्न पाइन्छ  भन्दै निर्माणकार्य पूरा नहुँदै भत्किन र उक्किन थालेको सडकलाई विफर लागेको मानिसको रूपमा हेरेका छन् ।

## ६.५८. वृक्षरोपण भइरहेछ

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ७६ मा सङ्कलित ५८ औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा हराउँदै, गाउँदै, आउँदै, लाउँदै जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । '६' रदिफको रूपमा प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषय वस्तुका दृष्टिले यो गैरमुसलसल गजल हो । गजलका सेरहरूमा क्रमशः १२, १४, १३, १२, ११ गरी जम्मा ७२ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको  छ ।

यस गजलको पहिलो सेरमा गजलकारले देशमा प्रजातन्त्र आएको छ तर जनताहरूलाई स्वतन्त्रता र समानता नपाएर झन् दुःखी बनेको कुरालाई वृक्षरोपण भैरहेपनि हरियाली हराउँदै छ भन्ने कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । दोस्रो सेरमा आकाशमा बादल लागेपछि पानी पर्न सकेको छैन र अब यस्तै गरी जाडो सुरु हुने सङ्केत देखिएको छ भन्दै प्रजातन्त्र आएपनि जनताहरू असमानता, अन्याय, अत्याचार सहन बाध्य हुनुपरेको कुरालाई व्यक्त गरेका छन् । तेस्रो सेरमा देशमा प्रजातन्त्र

आएतापनि आर्थिक असमानताको खाडल झन् बढिरहेको छ । हरेक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिले गर्दा गरिबीले धेरैसंग मितेरी लगाएको छ भन्ने कुरा स्पष्ट पारेका छन् । चौथो सेरमा आफूमाथि परेको समस्या र चोटहरूले गर्दा पेट भोको राख्न बाध्य हुनुपरेको छ । भोको पेट अर्थात् सारङ्गी पेटले केवल समस्याकै गीत गाएको कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा जनताको हितको लागि जनताका समस्या समाधानका लागि भन्दै बनेको समाजवादी सरकार जसले सामान्य गरिब जनतालाई झुप्राबाट हटाउदै छ भन्दै यहाँका भ्रष्ट नेताहरू जनताको रगत र पसिना चुसिरहेका छन् भन्ने कुरा स्पष्ट पारेका छन् ।

## ६.५९. केही भन्ने रहर थियो

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ७७मा सङ्कलित ५९ औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा बोल्न, खोल्न, पिरोल्न, विथोल्न, घोल्न, मोल्न जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'सुकिब' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो मुसलसल गजल हो । गजलका सेरहरूमा क्रमशः ११, ८, ११, ११, १२ गरी जम्मा ५३ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १३ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा द्वितीय पुरुषलाई सम्बोधन गरिएको छ भने प्रथम पुरुषलाई दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारको बाध्यता र विवशताले गर्दा केही कुरा भन्ने रहर हुँदाहुँदै पनि भन्न नसकेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्नो अभावमय जीवनको पीडा अरूलाई सुनाएर पिरोल्न नचाहेको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा आफ्नो बेसहारा जिन्दगीमा कसैको साथ पाउँदा अत्यन्त रमाइलो अनुभव हुने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा आफन्तहरू केही पाउने आशाका साथ आफूकहाँ आएको भएपनि आफूसँग दिनको लागि केही नभएको कुरालाई चिसो पानीमा गुलियो घोल्न सकिन भन्ने कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । अन्तिम सेरमा अव्यक्त रूपमा कसैप्रति आफ्नो माया लागेकोले त्यसको स्वभाव नै बुझ्न नसकेको कुरा उल्लेख गरेका छन् ।

## ६.६०. अनजानमै आज एउटा

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ६८ मा सङ्कलित ६० औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा भूल, फूल,

फजूल, हूल, असुल, काकाकुल जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'भएछ' रदिफका रूपमा आएकोले यो मुरद्दफ गजल हो । उच्चारणका आधारमा १३ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १०, १०, १०, १२, १० गरी जम्मा ५२ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुको दृष्टिले यो गजल गैरमुसलसल गजल हो ।

यस गजलको पहिलो सेरमा गजलकारले अन्जानमा कागजभनि काटेको त फूल काटेर गल्ती गरेछु भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफूले सबैको हितको लागि भनि कुरा गरेको तर त्यो कुरा कसैले नसुनेर बेकार भयो भन्दै सामान्य जनताका कुरा सुनने र बुझिदिने कोही मानिस नभएको सत्यतालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा भीकमाग्न आएको लाटो मानिसलाई जिस्क्याउने मानिसहरूको हुल भएछ भन्ने कुराको माध्यमबाट अशक्त र कमजोर मानिसलाई दया माया दिनुको सट्टा उल्टै उपहासको पात्र बनाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । चौथो सेरमा सधै आइरहने मानिस अचेल आफ्नो हिसाब किताब पूरा भएकोले आउँदैनन् भन्ने कुराको माध्यमद्वारा दुष्ट नेताहरू जो आफ्नो स्वार्थ पूरागरेपछि सामान्य जनतालाई विर्सन्छन् । तिनै नेताहरूको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । अन्तिम सेरमा स्वतन्त्रता र समानता भन्ने कुरा सपनामा मात्र संभव भएको कुरालाई स्पष्ट पारेका छन् ।

### ६.६१. जवाफ खोज्छु

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ७८ मा सङ्कलित ६१औं गजलका रूपमा रहेको छ । ५ सेरमा संरचित यस गजलमा १२, १३, १०, ९, १० गरी जम्मा ५४ वटा शब्दहरूको प्रयोग गरिएको छ । केहो, हाँसो, यो, वेदनाको भैगो यस्तो जस्ता एकाक्षरी काफियाको प्रयोग गरिएको गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । उच्चारणका आधारमा १३ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ जहाँ गजलकारको आत्मलापीय शैलीको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफ्नो जीन्दगीको वास्तविक अर्थ थाहा नभएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा शारीरिक रूपले स्वस्थ देखिएपनि मानसिक रूपले अस्वस्थ भएकोले आफूलाई कसैले स्वस्थ र अस्वस्थ छौ भनेर नसोध्न आग्रह गरेका छन् । तेस्रो सेरमा बाहिरबाट हेर्दा चोट व्यथाहरू केही नदेखिने तर भित्रिरूपमा आफूलाई वेदनाको गहिरो चोट लागेको कुरा स्पष्ट पारेका छन् । चौथो सेरमा निरासै निराशाको वादलले घेरिएको जिन्दगी जता गएपनि समस्यै-समस्याको दलदलमा फसेको

कुरा व्यक्त गरेको छन् । अन्तिम सेरमा आफ्नो जिन्दगीदेखि आफै थाकिसकेको यो जिन्दगी कस्तो जिन्दगी हो भनि बुझ्न चाहाना राखेका छन् ।

## ६.६२. वहार आयो तर

यो गजल **यो मौसम** गजलसङ्ग्रहको ६२औं गलजका रूपमा पृष्ठ ८० मा सङ्कलित छ । ६ सेरमा संरचित यस गजलमा पाखाहरू, नाकाहरू, चाकाहरू, आँखाहरू, बुढापाकाहरू, भाकाहरू, शाखाहरू जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका आधारमा यो गजल गैरमुरद्दफ गजल हो । गजलका सेरहरूमा क्रमशः १५, १३, ११, १३, १२, १० गरी जम्मा ७४ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल हो ।

यस गजलको पहिलो सेरमा गजलकारले वहार आएपनि पाखाहरू उजाड छन भन्दै प्रजातन्त्र आएपनि सामान्य जनताको जीवनस्तरमा परिवर्तन आएको छैन । उनीहरूको जीवन झन् जटिल बन्दै गएको छ भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा बसन्त ऋतुमा पनि घारभरि माहुरीहरू बसेपनि चाकाहरू मह बिनाका रित्ता छन् भन्दै प्रजातन्त्र पनि स्वतन्त्रताविहिन भएको कुरालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा आफ्ना जटिलतामय जिन्दगीको बारेमा स्पष्ट पारेका छन् ।

चौथो सेरमा सामाजिक एवम् राजनैतिक विकृति विसङ्गतिको प्रस्तुति स्वरूप सक्षम र योग्य व्यक्तिहरूको योग्यताको कदर नगरी केवल असक्षम र अयोग्य व्यक्तिहरू उच्च पदमा पुगेका छन् भन्ने कुरालाई देश हाक्ने युवाहरू अस्वस्थ भएको र जिम्मेवारी बहन गर्न बुढापाकाहरू अगाडि बढेको कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । पाँचौ सेरमा श्रृङ्गाररसका गीत गाउनेहरू ठूलावडा गायक बन्ने गरेको तर वीरहका गीतहरू कसैले पनि सुन्न नचाहने कुराको माध्यमद्वारा ठूलावडा व्यक्तिहरू नै हरेक क्षेत्रमा अगाडि बढिरहेको र सामान्य जनताहरू पछि परेको यथार्थलाई स्पष्ट पारेका छन् । अन्तिम सेरमा शान्त शीतलता दिने चौतारीहरू पनि पालुवाविहीन बनेकोले शीतलता दिन नसकेको करा व्यक्त गरेका छन् ।

## ६.६३. कोही गाउँ खोज्न

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८१ मा सङ्कलित ६३ औं गजल हो । ५ सेरमा संरचित यस गजलमा शहर, जहर, लहर, रहर, डहर, ठहर जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा हिडे शब्दको प्रयोग गरिएको छ त्यसकारण यो गजल रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजल हो । गैरमुसलसल

विषयवस्तुको प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १५, १४, १२, १२, १४ गरी जम्मा ६७ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

वर्तमान समाजको यथार्थतालाई प्रस्तुत गरिएको यस गजलको पहिलो सेरमा मानिसका इच्छा, आकांक्षा, रहर र उद्देश्यहरू फरक फरक छ भन्ने कुरालाई कोही शहर कोही गाउँ त कोही अमृत त कोही विष खोज्न हिडे भन्ने कुराको माध्यमबाट व्याख्या गरेका छन् । दोस्रो सेरमा अहिलेको अस्तव्यस्त समाजमा मानिस योग्य भइकनपनि परनिर्भर बन्नुपरेको सत्यतालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा सधै एकसरो खान र लाउनको समस्याबाट पिरोलिन बाध्य मानिसहरू अब आफ्ना रहरहरू पूरागर्न अगाडि बढेको कुरालाई स्पष्ट पारेका छन् । चौथो सेरमा आजभोलि मानिसहरू क्रमशः शहरमुखी बनेको शहरमा भिडभाड बढेतापनि गाउँ भने अहिलेसम्म स्वच्छ, खुला र शान्त रहेको यथार्थलाई स्पष्ट पारेका छन् । अन्तिम सेरमा जता गयो त्यतै भीड, छलकपट, धोका जस्तो लाग्ने यो समाजमा खुला र छलकपटपूर्ण व्यवहार नभएको ठाउँ भेट्न गाह्रो हुने कुरा उल्लेख गरेका छन् ।

### ६.६४. हाँसोजति बाल्यकालमा

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८२ मा सङ्कलित ६३ औं जगल हो । ५ सेरमा संरचित यस गजलमा हाँसिएछ मासिएछ, भाँचिएछ, बाँचिएछ, भाँचिएछ, काटिएछ जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल हो । उच्चारणका आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः ११, १३, १०, ११, १० गरी जम्मा ५५ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

निराशाजनक स्वर प्रस्तुत गरिएको यस गजलको पहिलो सेरमा गजलकारले आफ्नो जीवनमा आएको परिपक्कता सङ्गै सुख आनन्द र रमाइलो अनुभव गर्न नपाउदा हाँसो र खुसी सबै बाल्यकालमा नै सकिसकेको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा आफ्नो जीवनको कहालिलाग्दो सुनिदिने कोही पनि नभएको र लेख्नको लागि पनि कलमको निम भाचिएको भन्दै आफ्नो अभावमय जीवनको सजिव चित्रण गरेका छन् । तेस्रो सेरमा आफ्नो जीवन दुर्घटनै दुर्घटनाको बिचमा परेर भाचिएको कुरा उल्लेख गरेका छन् । चौँथो सेरमा जीवन हाँसो खुसी र रमाइलोका साथ विताउने चाहना भएपनि समस्या र अभावले त्यो पूरा हुन नसकेको कुरालाई आकाशमा उडाएको चङ्गालाई आफ्नै हातले तान्ने इच्छा भएपनि बादलमा भासिएकोले थियो तर अहिले त टेक्ने हागो

पनि भाचिएछ भन्दै जीवन टेक्ने डाली र समाउने हाँगो भएको छ भन्ने कुरा व्यक्त गरेका छन् ।

## ६.६५. शान्ति विनाको दिल

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८३ मा सङ्कलित ६५ औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा अभिलाषि, प्रत्याशी, बासी, व्यासी, काशी, उदासी, निवासी जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । शास्त्रीय वहरको १६ मात्रामा लेखिएको यस गजलमा रदिफको प्रयोग गरिएको छैन त्यसकारण यो गैरमुद्दरफ गजल हो । उच्चारणका आधारमा ९ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः ८, ७, ८, ९, ८, ७ गरी जम्मा ४७ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजल हो ।

यस गजलको पहिलो सेरमा गजलकारले जीवनमा अनेक किसिमका रहरहरू पैदा भएपनि त्यो पूरा गर्ने सामर्थ्य आफूमा नभएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूले जीवनमा केही नवीन उन्नति प्रगति गर्न नसक्दा जीवनमा कुनै ताजापनको आभाष नभएको बासीजस्तो ठानेका छन् । तेस्रो सेरमा रातदिन आँसु बगाइ रहने आफ्ना ती नयनहरू अझैपनि केही पाउने चाहनामा प्यासी देखिएको कुरा स्पष्ट पारेका छन् । चौथो सेरमा केही पुरानै विचार र वस्तु छ त केही नबिन विचार र वस्तुहरू छन् त्यसैले यसलाई बनारस भन्नेकी कासी भन्ने दोधारमा परेको कुरा स्पष्ट पारेका छन् । पाँचौँ सेरमा बनावटी हाँसो देखाउन खोजे तापनि आफ्नो मन रोइरहेकोले देखाउन नसकेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा काठमाडौ बासीले पशुपति मन्दिर खोजीरहेछन् भन्दै सबै जनताहरू शान्ति र स्वतन्त्रताका चाहना राखेको कुरा व्यक्त गरेका छन् ।

## ६.६६. काँढे झ्याङमा

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८४ मा सङ्कलित ६५ औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा लहरो, चरो, खरो, लरो, एकसरो, जरो जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले यो गजल गैरमुरद्दफ गजल हो । उच्चारणका आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १२, १३, १०, ११, ९ गरी जम्मा ५५ वटा शब्दहरूको प्रयोग गरिएको छ । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजल हो ।

प्रगतिशील विचार व्यक्त गरिएको यस गजलको पहिलो सेरमा गजलकारले आफ्नो जीवन एउटा काँढाको झ्यालमा फालिएको लहरोजस्तै छ जसले दर्दनाक चोट सहदै अगाडि बढिरहेको छ भन्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा जीवनमा आउने समस्याहरू एकपछि अर्को गर्दै झन् बढिरहेकोले समस्या पार लगाउनै नसकेको कुरालाई अत्यन्त तातो हावा चलेकोले जति चिसो खाएपनि खरो घुसेको छ भन्ने कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । तेस्रो सेरमा आफूले पीडा र वेदनाको चित्कार निकाल्दा आफन्त एवं शक्ति सम्पन्न व्यक्तिहरू रुनुको कारण नबुझी केवल नरो मात्र भन्दछन् । एकपेट खान र एकसरो लाउनको समस्यालाई सहन गर्न नसक्ने अवस्था भएको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा समाजमा जरा गाडेर बसेको शोषक र सामन्तको जरा नै उखेलेमा मात्र सामान्य जनताको भलाइ हुने कुरा व्यक्त गरेका छन् ।

### ६.६७ बोल्न पनि नहुने

यो गजल गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८५ मा सङ्कलित ६७ औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा अचेल, खेल, जालझेल, तेल, गएल, मेल जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा तिमीसित शब्दको प्रयोग गरिएकोले यो मुद्दरफ गजल हो । विषयवस्तुका दृष्टिले मुसलसल रहेको यस गजलका प्रत्येक सेरहरूमा क्रमशः १३, १०, १३, १३, १५ गरी जम्मा ६४ वटा शब्दहरूको प्रयोग गरिएको छ । १४ अक्षरको लय विधान प्रयोग गरिएको यो गजल द्वितीय पुरुषलाई सम्बोधन गरेर लेखिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नी प्रेमिकासँग बोल्न खेल्न केही गर्न पनि नहुने कुरा स्पष्ट पारेका छन् । दोस्रो सेरमा आफूले कहिल्यै जालझेल र छलकपट नगरी इमान्दार बन्दै उनीमाथि विश्वास गरेपनि प्रेमिकाबाट विश्वासघातपूर्ण व्यवहार पाएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा लोभी लालची प्रमिकाको व्यवहार निकै निच रहेकोले अब ऊसँग सँगै बस्दा उसले गरेका घात प्रतिघातले पीडा झन् बल्झिने भएकाले आफ्नो पीडा शान्तपार्न ऊदेखि टाढा हुनुपर्ने कुरा व्यक्त गरका छन् । अन्तिम सेरमा दुई मनमुटु मिलेर मित्रताको साइनो गासिसकेपछि पनि विवाद भएकाले अब फेरि ऊसंग मिलन हुन सक्दैन कि भन्ने कुराप्रति शङ्का प्रकट गरेका छन् ।

### ६.६८. हृदय छ भित्र भने

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८७ मा सङ्कलित ६८ औँ गजल हो । ६ सेरमा संरचित यस गजलमा सुक्न, लुक्न, रुक्न, ढुक्न,

चुकन, भुक्न जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । ‘हुदैन’ शब्द रदिफका रूपमा प्रयोगका दृष्टिले यो गजल मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले गैरमुसलसल विषयवस्तुको प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १०, १०, १०, १०, ९ गरी जममा ५९ वटा शब्दहरूको प्रयोग गरिएको छ । यस गजलमा अक्षरको उच्चारणका आधारमा १३ अक्षरको लय विधान प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले मानिस सही रूपमा मानिस भएर बाँच्नको लागि आफ्नो अस्मितामा आँच आउने कुनै पनि काम गर्न नहुने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा जसरी प्रकृतिमा अनेक किसिमका आधिवेरी, हुरीबतास जस्ता समस्या आउँछन् । त्यस्तै गरी मानिसको जीवनमा पनि अनेक समस्याहरू आइपर्छन तर हामी त्यस्ता समस्यासँग डराएर होइनकी समस्यालाई चुनौती दिदै अगाडि बढ्नुपर्ने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा आफ्नो लक्ष्य पूरा गर्ने क्रममा आइपर्ने समस्यालाई पार गर्दै अगाडि बढ्नुपर्ने कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा कसैको लोभलालसामा परेर आफ्नो अस्मिता नै विगार्ने काम कहिल्यै गर्न नहुने कुरा व्यक्त गरेको छन् । पाँचौं सेरमा बाध्यता र परिस्थितिले जस्तो स्थितिमा पुऱ्याएपनि आफ्नो कर्तव्यलाई कहिल्यै भूल्न नहुने कुरा स्पष्ट पारेका छन् । अन्तिम सेरमा हामीले सधै सोच विचार गरेर मात्र काम गर्नुपर्छ तर विवेकहिन बनेर अनावश्यक काम कुराहरू कहिल्यै गर्न हुँदैन भनि आफ्नो काम र कर्तव्यप्रति सचेत गराएका छन् ।

### ६.६९ लेखूँ लेखूँ लाग्छ केही

यो गजल गजलकार घनश्याम न्यौपाने ‘परिश्रमी’को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८७ मा सङ्कलित ६९ औँ गजल हो । छ सेरमा संरचित यस गजलमा लेख्नै, भेट्नै, टेक्नै, छेक्नै, सेक्नै, देख्नै जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । सकिएन शब्द काफियाका रूपमा प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । गैरमुसलसल विषयवस्तुको प्रयोग गरिएको यस गजलको प्रत्येक सेरहरूमा क्रमशः १२, १०, ११, १३, ९ गरी जम्मा ५६ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलमा प्रथम पृष्ठ दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफ्नो मनले चाहेको मानिस अर्थात् प्रेमिकालाई केही लेख्न मन लागेर पनि लेख्न नसकेको र भेट्न मन लागेपनि भेट्न नसकेको कुरा स्पष्ट पारेका छन् । दोस्रो सेरमा आफ्नो संषर्णमा जीवनको यात्रा पूरा गर्न धेरै हिड्नुपर्ने तर सडक तातेकोले हिड्न सकिएन भन्दै आफ्नो यात्रापथमा अनेक बाधा अड्चन आएको कुरालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा प्रकृतिमा आउने हुरी

बतासलाई छेक्न नसकेजस्तै आफ्नो जीवनमा आउने समस्यालाई पनि हटाउन नसकेको कुरा स्पष्ट पारेका छन् । चौथो सेरमा चिसोको कारण छाती दुःखेको तर त्यसलाई निकोपार्न तातो बाफले सेक्न सकिएन भन्ने कुराको माध्यमबाट आफ्नो जीवनमा आउने समस्याहरू समाधान गर्ने कुनै माध्यम नभएको कुरालाई देखाउन खोजेका छन् । अन्तिम सेरमा बादलले आकाशलाई छोपेर पूर्णिमाको जून छेकेजस्तै समस्यै समस्याले जेलेर जीवनमा खुसी र रमाइलो भन्ने देख्न भोग्न नपाएको कुरा व्यक्त गरेका छन् ।

## ६.७०. मुस्कुराउने रहर

यो गजल **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ८८ मा सङ्कलित ७० औँ गजलका रूपमा रहेको छ । ५ सेरमा संरचित यस गजलमा परेको, झरेको, सेरको छरेको, मरेको, गरेको जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा '६' शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजलका रूपमा रहेको छ । गजलका सेरहरूमा क्रमशः १३, १४, १५, १६, १३ गरी जम्मा ७१ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १६ अक्षरको लय विधान यस गजलमा प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले बाध्यता र परिस्थितीले गर्दा हास्ने रहर हुँदाहुँदै पनि रुनुपरेको र माथि चढ्ने प्रयास गर्दापनि तल झर्नुपरेको कुरालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा अर्काको उन्नति र प्रगति हेरेर आफूले व्यर्थमा बालुवाको महल बनाएर बसिरहेको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफ्ना आशाहरू सबै निराशामा परिणत भएको र आफू सधैं अन्धकार रात सहेर बाँच्नुपरेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा दिनमा घाम र रातमा जून पनि देख्न नसकेको भन्दै आफ्नो जीवन अत्यन्त दर्दनाक पीडा सहेर बाँच्नुपरेको कुरालाई व्यक्त गरेका छन् । अन्तिम सेरमा आफूलाई नामर्द वा हुतिहारा जे भनेपनि बीज छर्दै हिड्ने एउटा सङ्घर्षशील व्यक्ति भएको कुरा स्पष्ट पारेका छन् ।

## ६.७१. पिए तापनि सुरा

यो गजलसङ्ग्रहको पृष्ठ ८९ मा स्ङ्कलित ७१ औँ गजल हो ५ सेरमा सङ्कलित यस गजलमा मात, रात, सौगात, औकात, हात, आघात जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा 'थिएन' शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तु दृष्टिले गैसमुलसल गजलका रूपमा रहेको यस गजलका सेरहरूमा क्रमशः १३, १४, १३, १२, ११ गरी जम्मा ६३ वटा शब्दहरूको प्रयोग गरिएको छ । 'घनु'

तखल्लुसको प्रयोग गरिएको यो गजल गजलकारको आत्मलापीय शैलीमा लेखिएको छ र प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले सुरापान गरेपनि प्रेमिकालाई भेट्ने रहर भएको कारण आफूलाई मात नलागेको र मनमा खुसियाली छाएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा प्रेमिकालाई भेट्ने रहर भएको तर उपहार दिने केही कुरा नभएकोले भेट्न आउन नसकेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा प्रेमिकालाई सरसापटी यताउता गरेर केही उपहार दिने ईच्छा भएपनि सरसापटी चलाउने कुनै औकात आफूसँग नभएकोले दिलदार मात्र भएको तर वास्तवमा औकात नभएको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा बाहिरबाट हेर्दा केही सम्पन्नसाली भएजस्तो देखिएतापनि वास्तवमा आफूसँग केही नभएको यथार्थलाई व्यक्त गरेका छन् । अन्तिम सेरमा जतिसुकै पीडा र चोट सहनुपरे तापनि आफूले कसैलाई चोट नपुऱ्याएको कुरा स्पष्ट पारेका छन् ।

## ६.७२. नजिस्क्या ए अन्धकार

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ९० मा सङ्कलित ७२ औं गजल हो । ४ सेरमा संरचित यस गजलमा मलाई, सलाई, कलाई, भलाई, ढलाई जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । रदिफका रूपमा अब शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गजल गैरमुसलसल गजलका रूपमा रहेको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस गजलमा घनु तखल्लुसको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १३, १०, १५, ११ गरी जम्मा ४९ वटा शब्दहरूको प्रयोग गरिएको छ ।

अन्याय अत्याचारको विरुद्धमा सशक्त आवाज उठाइएको यस गजलको पहिलो सेरमा गजलकारले अन्याय अत्याचार गरेर आफ्नो पीडालाई अझै बढाउने काम गर्ने अन्यायी अत्याचारीलाई चेतावनी स्वरूप अब जनताहरू तिमीहरूको विरुद्धमा उठ्ने तयारी भैरहेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा मानवताको खोल ओढेर मानवकै रगत र पसिना चुस्नेहरूको मानवताको खोल हटाउन जनताहरू एकजुट भएको कुरालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा जनताको काम गर्न भनि गएका नेताहरू जनताको भलाइको नारामात्र दिन्छन् काम भने आफ्नै मात्र गर्छन् त्यसकारण यस्तो पाराले सामान्य गरिब जनताको भलाई सम्भव नहुने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा दिवास्वप्न देखेर होइनकि परिश्रम र मिहिनेत गरेर देशको उन्नति र प्रगतिमा सबै मिलेर लाग्नुपर्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

### ६.७३. मैले मीठो माया

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ९० मा सङ्कलित ७३ औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा बोली, गोली, पोली, खोलि, झोली, घोलि जस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको  छ । रदिफका रूपमा दियौ शब्दको प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । यो गजलको विषयवस्तु मुसलसल रहेको छ । गजलका सेरहरूमा क्रमशः १६, १२, ११, १५, १२ गरी जम्मा ६६ वटा शब्दहरूको प्रयोग गरिएको छ । द्वितीय पुरुषलाई सम्बोधन गरिएको यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । उच्चारणको आधारमा १६ अक्षरको लय विधान प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफूले चोखो प्रेम गर्दागर्दै पनि प्रेमिकाको छलकपटपूर्ण व्यवहारबाट आफूमा उत्पन्न शारीरिक एवम् मानसिक पीडाको अभिव्यक्ति गरेका छन् । दोस्रो सेरमा प्रेमिकाको विश्वासघातबाट आफ्नो सपनाको सुन्दर संसारमै चकनाचुर भएको कुरा स्पष्ट पारेका छन् । तेस्रो सेरमा प्रेमिकालाई विश्वासीलो मित्र ठानेर आफूले गोप्य राख्नुपर्ने वास्तविकता समेत सबै बताएको तर पनि प्रेमिकाले सबैको सामू त्यो गोप्यता भङ्ग गरी यर्थाथता खोलेर आफूलाई सबैको सामू बर्वाद बनाएको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा प्रेमिका दानी र इमानी बन्दै आएर आफूलाई ललाई फकाई गरेर रित्तो बनाएर छाडेको कुरा उल्लेख गरेका  छन् । अन्तिम सेरमा अनेक जाल र षड्यन्त्र रचेर आफूलाई अलपत्र पार्ने व्यवहार देखेर गजलकारले प्रेमिकाले अमृतभन्दै पानीमा विष घोलेर दिनेजस्तो निच व्यवहार गरेकोले कसरी उसलाई आफ्नो भनुँ भन्ने कुरा उल्लेख गरेका छन् ।

### ६.७४. खुनखराबी जति

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको पृष्ठ ९२मा सङ्कलित ७४औँ गजल हो । ५ सेरमा संरचित यस गजलमा जिम्मेवार, सरकार, घरबार, धार, हिम्मतदार, संभार जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । 'छैन' शब्द रदिफका रूपमा प्रयोग गरिएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले गैरमुसलसल गजलका रूपमा रहेको यस गजलका प्रत्येक सेरहरूमा १४, १२, १२, १२, १४ गरी जम्मा ६४ वटा शब्दहरूको प्रयोग गरिएको छ । उच्चारणका आधारमा १५ अक्षरको लय विधान यस गजलमा प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले प्रजातन्त्रको प्राप्तिपछि प्रशासन र सुरक्षा व्यवस्था ज्यादै खजमजिएको छ । जिम्मेवार पक्ष अर्कामाथि जिम्मेवारी पन्छाएर र

अरूलाई दोष देखाएर पन्छिने गर्न थालेको छ । यहाँ प्रजातन्त्र मनपरीतन्त्र बनेको छ जसले गर्दा यहा दिनप्रतिदिन नराम्रा घटनाहरू बढिरहेका छन् जसले गर्दा यहाँ कानुनी सरकार नै छैन जस्तो लाग्छ भन्ने कुरालाई व्यक्त गरेका छन् । दोस्रो सेरमा नराम्रो काम गर्नेहरू रातारात करोडपति बन्दै चरित्रवान् कहलिन्छन् भने जसले रातदिन पसिना बगाउँछ मिहिनेत गर्छ उसले घरवार जमाउन नसकेको सत्यतालाई स्पष्ट पारेका छन् । तेस्रो सेरमा जनताहरू सधै प्रगति र उन्नति चाहन्छन् तर देश विकासको जिम्मा लिएर जिम्मेवार पदमा पुगेका व्यक्तिहरू अयोग्य र असक्षम हुनाले त्यो पूरा हुन नसकेको कुरालाई हतियार धारिलो नभएको कारण सिढि बन्न नसकेको कुराको माध्यमद्वारा स्पष्ट पारेका छन् । पाँचौं सेरमा सामान्य गरिब जनताहरू अन्याय अत्याचारले च्यापिएका छन् तर पनि तिनीहरूको पक्षमा आवाज उठाउने हिम्मत कसैले गर्न नसकेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा जनताको आशा र भरोसाको केन्द्रबिन्दु बनेको प्रजातन्त्रको प्राप्तिपश्चात् पनि देशको सामाजिक आर्थिक लगायत कुनै पनि पक्षमा सुधार नआएर सबै पक्ष झन् बिग्रदै गएको प्रति चिन्ता व्यक्त गरेका छन् ।

### ६.७५. भनिदेउ प्रिये ! मैले

यो गजल घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रहको पृष्ठ ९३ मा रहेको अन्तिम गजल हो । ५ सेरमा संरचित यस गजलमा बुझिन, बैलिन, टड्पिन, हीन, दिन जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । रदिफ हिन यो गजल गैरमुरद्दफ गजल हो भने विषयवस्तुका दृष्टिले मुसलसल गजलका रूपमा रहेको छ । गजलका प्रत्येक सेरमा क्रमशः ११, १०, १०, १०, ९ गरी जम्मा ५० वटा शब्दहरूको प्रयोग गरिएको यस गजलमा उच्चारणका आधारमा १४ अक्षरको लय विधान प्रयोग गरिएको छ । यस गजलमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफ्नी प्रेमिका आफूदेखि टाढा बन्नुको कारण अर्थात् प्रेमिकाको सुन्दर अनुहार मलिन बन्नुको कारण आफूलाई थाहा नभएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा सामान्य कुरालाई लिएर चित्त दुःखाउन नहुने कुरालाई कहिले काहीको चर्को घामले वसन्तमा फूलले वैलिन नसुहाउने कुराको माध्यमद्वारा व्यक्त गरेका छन् । तेस्रो सेरमा प्रेमिकाले प्रतिक्षामा राखेर आफूलाई मरूभूमिको तिर्खासरी तड्पाएको कुरा व्यक्त गरेका छन् । चौथो सेरमा प्रेमिकाको साथ पाउनु भनेको सुकेको आराको खेती गर्नु जस्तै संभव नहुने कुरा हो भन्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा आफ्नो प्रेमिकादेखि टाढा बन्नको लागि अनेक प्रयत्न गर्दा पनि उनको सम्झनाले सताउँदा त्यो संभव नभएको कुरा स्पष्ट पारेका छन् ।

## ६.७. निष्कर्ष

यो मौसम गजलसङ्ग्रहमा सङ्कलित गजलहरूमा गजल सिद्धान्तको पूर्ण पालना गरिएको छ । जम्माजम्मी ६५वटा विभिन्न विषय, परिवेश र पृष्ठभूमिमा संरचित यी गजलहरूमा गजलकार परिश्रमीले गजलका परिनिष्ठित तत्वहरूको पूर्ण निर्वाह गरेका छन् । जीवन र जगत्का अझभनौँ समकालीन नेपाली जीवनका विभिन्न पाटाहरूको सजीव चित्र प्रतिविम्बित अधिकांश गजलमा मूलतः प्रथमपुरुष दृष्टिविन्दु रहेको छ भने मूलतः मिश्रित काफियाको प्रयोग गरिएको छ । विषय हेरौँ १२, १४, १५ र १६ अक्षरको लयविधान भएका यी गजलमा गजलकारले प्रेम-प्रणय, व्यङ्ग्य विद्रोह र समसामयिक जीवनका विविध समस्याको चित्रण गरेका छन् । देशभक्ति, सामाजिक रूपान्तरण, सङ्घर्षशीलता, अन्याय-अत्याचार, विकृति-विसङ्गतिप्रति रोस प्रकट गरिएका यी गजलले गजलका घनश्याम न्यौपाने 'परिश्रमी'लाई एक नेपाली गजल परम्परा एक सशक्त प्रगतिवादी गजलकारका रूपमा स्थापित गरेका छन् ।

**यो मौसम** घनश्याम न्यौपाने 'परिश्रमी'को प्रथम प्रकाशित गजलसङ्ग्रह हो । गजल संरचनाका सम्पूर्ण तत्वहरू सशक्त रहेको यस गजलसङ्ग्रहमा सामाजिक, आर्थिक, राजनैतिक आदि विविध विषयवस्तुलाई समेटिएको छ । विषयवस्तुका आधारमा गजलको वर्गीकरण गर्दा मुसलसल र गैरमुसलसल दुवै खालका विषवस्तु प्रयोग गरिएको छ भने रदिफ प्रयोगका दृष्टिले मुरद्दफ गजलको साथै केही गैरमुरद्दफ गजलहरू रहेका छन् । पूर्णशब्द, शब्दांश र मिश्रीत काफियाको प्रयोग गरिएको यस गजलसङ्ग्रहका केही गजलहरूमा 'घनु' 'घनश्याम', 'परिश्रमी' जस्ता सङ्क्षिप्त नाम वा उपनाम रूपमा आएका छन् । रस, अलङ्कार, शब्दप्रयोग, भाषाप्रयोग आदिका दृष्टिले समेत सफल रहेको यो गजलसङ्ग्रह नेपाली गजल साहित्यमा एक महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

सारमा भन्नुपर्दा **यो मौसम** घनश्याम न्यौपाने 'परिश्रमी'को लेखन र प्रकाशन दुवै दृष्टिले पहिलो गजलसङ्ग्रह हो । यो कृति नेपाली गजल परम्परामा एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ र यसले 'परिश्रमी'लाई एक विशिष्ट र पृथक पहिचान भएका स्थापित गजलकारका रूपमा उभ्याएको छ ।

# परिच्छेद सात
# शोध निष्कर्ष

## ७.१ शोधसार

"घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजल सङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षक रहेको यस शोधपत्र अन्तर्गत परिच्छेद एकमा शोध प्रस्तावलाई पूर्ण वर्तमान कालमा परिवर्तन गरी शोधपत्रको परिचय शीर्षकमा प्रस्तुत गरिएको छ । यसमा शोधशीर्षक, शोधपत्रको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन र शोधविधि जस्ता बुँदाहरू रहेका छन् ।

परिच्छेद दुईमा घनश्याम न्यौपाने 'परिश्रमी'को सङ्क्षिप्त परिचय र साहित्यिक यात्रा शीर्षक प्रस्तुत गरिएको छ । जसमा घनश्याम न्यौपाने 'परिश्रमी'को परिचय, साहित्य लेखनका लागि प्रेरणा र प्रभाव, नेपाली साहित्यमा लेखन र प्रकाशनको थालनी, साहित्यिक यात्राको विकासका चरणहरू र निष्कर्ष जस्ता उपशीर्षक रहेका छन् ।

परिच्छेद तीनमा गजलसिद्धान्त र नेपाली गजल परम्परा शीर्षक रहेको छ । यसमा गजलको परिचय, गजलको परिभाषा, गजलका तत्त्वहरू, नेपाली गजल परम्परा अन्तर्गत प्रथम र द्वितीय चरणसँग सम्बद्ध गजलकारका तालिका र निष्कर्ष जस्ता बुँदाहरू रहेका छन् ।

परिच्छेद चारमा घनश्याम न्यौपाने 'परिश्रमी'का मूलभूत प्रवृत्ति र विशेषताहरू प्रस्तुत गर्ने क्रममा रतिरागात्मकता, राष्ट्रप्रेम अर्थात् राष्ट्रियताको भाव, निराशाजनक स्वर, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, जीवनवादी तथा मावतावादी दृष्टिकोण, राजनैतिक दृष्टिकोण, नारीवादिता, आत्माभिमानी प्रवृति, प्रगतिवादी दृष्टिकोण, गजलमा स्वयम् परिश्रमी, शैलीशिल्पको प्रयोगका दृष्टिले गजलकार घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू, गजलहरूमा प्रयुक्त रसभावहरू, अलङ्कार विधान, भाषा प्रयोग र निष्कर्ष जस्ता बुँदाहरू रहेका छन् ।

**"यो मौसम** गजल सङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षक रहेको यस शोधपत्रको पाँचौं परिच्छेदमा **यो मौसम** गजलसङ्ग्रहका गजलहरूको संरचनाका साथै यसको शीर्षक, विषयवस्तु शैली-शिल्प, रसविधान, अलङ्कार विधान, भाषा प्रयोग र निष्कर्ष प्रस्तुत गरिएको छ ।

परिच्छेद छमा गजल सिद्धान्तका आधारमा **यो मौसम** गजलसङ्ग्रहका गजलहरूको संरचनात्मक अध्ययन गर्ने क्रममा यस सङ्ग्रहमा सङ्कलित पचहत्तर वटा

गजलहरूको विषयवस्तु, सेर सङ्ख्या, काफिया प्रयोग, रदिफ प्रयोग, दृष्टिविन्दु, लयविधान, भाषाशैली, अक्षरसङ्ख्याका साथ-साथै गजलमा प्रयुक्त भावको अध्ययन गरिएको छ ।

परिच्छेद सातमा शोध निष्कर्ष अन्तर्गत शोधसार र निष्कर्षका साथै सम्भावित शोधशीर्षकहरू प्रस्तुत गरिएको छ ।

## ७.२. निष्कर्ष

२०१५ साल आषाढ १४ गते जन्मिएका घनश्याम न्यौपाने 'परिश्रमी'ले बाल्यकालदेखि २०४२ साल पूर्वसम्म पनि अभावमय जीवन बिताउनु परेको थियो । आर्थिक समस्याका कारण पूर्व-मध्यमाको अध्ययन पछि उत्तर-मध्यमाको अध्ययनका लागि स्वदेश फर्की आफ्नै गाउँको विद्यालयबाट शिक्षणकार्य आरम्भ गरेका न्यौपाने वि.सं. २०४२ आषाढ महिनासम्म विद्यालय स्तरीय शिक्षण कार्यमा कार्यरत रहेका थिए । वि.सं. २०४० मा नेपाली विषयमा एम.ए. गरेपछि २०४२ श्रावण १ गतेदेखि बन्दीपुर क्याम्पस तनहुँबाट आरम्भ भएको क्याम्पस स्तरीय प्राध्यापन कार्य अझैं यथावत् नै रहेको छ । २०४२ देखि क्याम्पस स्तरीय प्राध्यापन कार्यको आरम्भ पश्चात् उनको परिवारको आर्थिक अवस्थामा क्रमशः सुधार आउनुको साथै उनका दिनहरू उन्नतिशील बन्दै गएको देखिन्छ । २०४२ देखि वर्तमानसम्मको समयसम्म आउँदा 'परिश्रमी'को परिवार आर्थिक रूपले समुन्नत बनिसकेको थियो । आफ्नो प्राध्यापन कार्यबाट भएको आम्दानी र पिताको निवृत्तिभरणबाट प्राप्त रकमको सहयोगबाट २०५२ सालमा नवलपरासीको बर्दघाटमा घर बनाई बसाइ सरेका 'परिश्रमी'को परिवार मेलमिलाप र शान्तिपूर्ण वातावरणमा सुखद रहेको देखिन्छ ।

२०३१ सालमा **जाग-जाग** शीर्षकको कविता नेपाली छात्रसंघ गोरखपुरको **सिम्रिक**मा प्रकाशित गरेपछि नेपाली साहित्यमा औपचारिक रूपमा देखापरेपछि घनश्याम न्यौपाने 'परिश्रमी'को पुस्तकाकार कृतिको प्रकाशन भने २०३६ मा **अन्त्यमा** खण्डकाव्यको प्रकाशनपछि मात्र आरम्भ भएको देखिन्छ । २०३६ देखि २०४१ सम्म न्यौपानेका कुनै पनि पुस्तकाकार कृतिको प्रकाशन नभए पनि दृढता, लगनशीलता, साधना र सहनशीलताका कारण २०४२ पछि यिनका फुटकर रचनाका साथै कृतिहरू समेत प्रकाशित हुन थाल्छन् । साहित्यप्रतिको निरन्तर साधनाले 'परिश्रमी' नेपाली साहित्यलाई प्रशस्त कृतिहरू प्रदान गर्न सक्षम भएका देखिन्छन् । २०३१ देखि वर्तमानसम्म आउँदा 'परिश्रमी'ले **यो मौसम** (२०५०) **घामको छहारीमा** (२०५३) **जुनुमामा** (२०६०), **जून चुहेको रात** (२०६०) र **राम्रा चाचा मीठा पापा** (२०६३) गजलसङ्ग्रह प्रकाशित

गरिसकेका छन् भने कयौं फुटकर गजलका साथै कृतिहरू पनि प्रकाशोन्मुख अवस्थामा रहेका छन् । गजलसङ्ग्रहको अतिरिक्त उनले **साहित्य सन्दर्भ**(२०५५) समालोचना सङ्ग्रह **गजल भूमिकावली** (२०६३) समीक्षा र **गजल सौन्दर्य मीमांसा** (२०६४) जस्ता सैद्धान्तिक समालोचनाका कृतिहरू पनि प्रकाशित गर्नुका साथै कथा, एकाङ्की, गजल, निबन्ध एवम् समालोचनाका लेखहरू पनि प्रकाशित गरिसकेको देखिन्छ ।

२०३१ बाट नेपाली साहित्यमा प्रवेश गरेका घनश्याम न्यौपाने परिश्रमीको साहित्यिक यात्रा तीन चरणमा विभाजन भएको पाइन्छ । प्रथमचरण वि.सं. २०३१-२०४४को समय लेखनकार्यको विकास र कृति प्रकाशनको आरम्भकालका रूपमा देखिन्छ भने दोस्रोचरण २०४५-२०५४ को समय गजल तथा समालोचना लेखन र प्रकाशन कालका रूपमा रहेको देखिन्छ । तेस्रोचरण २०५४ देखि वर्तमानसम्मको समय लेखनमा प्रौढको रूपमा रहेको पाइन्छ । पहिलो चरणमा **अन्त्यमा** (२०३६) खण्डकाव्य मात्र प्रकाशित भएको छ भने दोस्रो चरणमा **यो मौसम** (२०५०) र **घामको छहारीमा** (२०५३) गजलसङ्ग्रह प्रकाशित भएको देखिन्छ । तेस्रो चरणमा **साहित्य सन्दर्भ** (२०५५), **जुनुमामा** (२०६३), **जून चुहेको रात** (२०६०), **राम्रा चाचा मीठा पापा** (२०६३), **गजल भूमिकावली** (२०६३), **गजल सौन्दर्य मीमांसा** (२०६४) आदि कृतिहरू प्रकाशित भएको देखिन्छ । तेस्रो चरणमा 'परिश्रमी' गजलका अतिरिक्त समालोचनात्मक कृतिको प्रकाशनसँगै प्रौढ लेखोन्मुखीका रूपमा देखापरेका छन् । मूलतः गजलकार र अंशतः समालोचकका रूपमा रहेका घनश्याम न्यौपाने 'परिश्रमी' नेपाली साहित्यको फाँट अन्तर्गत गजल र समालोचनाका क्षेत्रमा पुऱ्याएको योगदान वापत् विभिन्न साहित्यिक परिवार, संघ-संस्था एवम् पत्रपत्रिकाद्वारा सम्मानित, पुरष्कृत एवम् अभिनन्दित समेत भएका 'परिश्रमी' बाँकी जीवन पनि साहित्यमै समर्पित गर्न चाहन्छन् ।

साहित्यका अन्य विधाजस्तै गजल विधाले नेपाली साहित्यमा व्यापकता पाएको छ । गजल अरबमा जन्मेपछि फारसी भाषामा पुष्पित, पल्लवित भई, हिन्दी, उर्दु भाषा हुँदै नेपाली भाषामा पनि भित्रियो । १९४० मोतीराम भट्टदेखि 'इन्दु, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी उपेन्द्रबहादुर 'जिगर' हुँदै हालसम्म आइपुगेको छ । नेपाली गजललाई १९४० देखि २०३४ सम्म प्रथम चरण र २०३५ द्वितीय चरण गरी विभाजन गरिएको छ । ज्ञानुवाकर पौडेलले रूपरेखामा २०३५ सालमा गजल प्रकाशन गरेपछि पुनर्जागरण काल वा द्वितीय चरण सुरु भएको हो । यसपछि ललिजन रावल, बूँद राना, मनु ब्राजाकी, घनश्याम न्यौपाने परिश्रमी, कृष्णहरि बराल, रवि प्राञ्जल, गोविन्दराज विनोदी, श्रेष्ठ प्रिया 'पत्थर' आदि गजलकारहरू सक्रिय रहेका छन् ।

आधुनिक नेपाली गजलको पुनर्जारण कालका प्रतिनिधि गजलकारका रूपमा स्थापित घनश्याम न्यौपाने 'परिश्रमी'को **यो मौसम** गजलसङ्ग्रह पहिलो गजलसङ्ग्रहका रूपमा रहेको छ । यस सङ्ग्रहमा सङ्कलित गजलहरू परिश्रमीको लेखनारम्भका गजलहरू भएकाले केही कमीकमजोरी भए तापनि गजल लेखन र रचना विधानका दृष्टिले उत्कृष्ट रहेका देखिन्छन् । काफिया गजलको अनिवार्य तत्त्व भएकाले यसको प्रयोगविना गजल लेख्न सकिँदैन भन्ने मान्यता अनुरूप गजलकार 'परिश्रमी' काफियाको प्रयोगमा सजग र सचेत देखिएका छन् । रदिफ गजलको अनिवार्य तत्त्व नभएको हुँदा यसको प्रयोगविना पनि गजल लेख्न सकिन्छ भन्ने मान्यतालाई गजलकार न्यौपानेले रदिफको प्रयोग नगरी गजलको रचना गरेर स्पष्ट पारेका छन् । छन्दको प्रयोगमा उनले उच्चारण प्रक्रियालाई आधार बनाएको देखिन्छ । केही शृङ्गारिक गजलहरू बाहेक आमनेपाली जनताका पीडा, व्यथा वेदना र चाहनाहरूलाई गजलकार 'परिश्रमी'ले गजलका विषयवस्तुको रूपमा आत्मसात् गरेको देखिन्छ । सामाजिक अनमेल, अपराध केन्द्रित राजनीति, आर्थिक विभेद, वर्गीय विभेद, नैतिकताहीन मानवीय प्रवृत्ति राजनीतिकरण, शैक्षिक विकृति, संस्कृतिको हत्या, प्रेमको हार्दिक पक्ष, वातावरणीय प्रदूषण आफू अन्यायमा पर्नुपर्दाको व्यथाबाट सिर्जित निराशापूर्ण अभिव्यक्ति, प्रजातन्त्रको दुरुपयोग, सहिदप्रति अनास्था, सभ्यताको सर्वेसर्वा ठान्ने सहरियाहरूको असभ्य व्यवहार, नातावाद र कृपावादले योग्य व्यक्तिहरू अवसरबाट वञ्चित हुनुपरेको स्थिति एवम् समसामयिक विकृति विसङ्गतिलाई **यो मौसम** गजलसङ्ग्रहका गजलहरूको विषयवस्तुको रूपमा अङ्गीकार गरेका छन् । समतायुक्त समाजको अपेक्षा राख्ने गजलकार 'परिश्रमी' स्वतन्त्रता, मानवतावादी, प्रगतिवादी र भातृत्त्वको पक्षमा आवाज उठाउँदै शोषणमुक्त र समतायुक्त समाजको स्थापनामा जोड दिएका छन् । उज्यालो संसार र न्यायपूर्ण जीवनप्रतीको प्रतिवद्धतामा देखापरेका 'परिश्रमी'ले यस गजलसङ्ग्रहका सेरहरू मार्फत् आम नेपाली जनतालाई मानवीय धरातलमा हिड्ँन आग्रह गरेका छन् । गजलको शैलीशिल्पमा पनि गजलकार सजग देखिएका छन् । सरल, सहज, सुकोमल शब्दहरूको प्रयोगले सुन्दर एवम् कोमल भावको अभिव्यक्तिका साथै गजललाई प्रभावकारी सम्प्रेषणयोग्य, लयात्मक, गेयात्मक, सङ्गीतात्मक र रहस्योद्घाटन बनाउन 'परिश्रमी'ले विभिन्न उखान- टुक्का र बिम्बप्रतीकको प्रयोगद्वारा गजलमा सौन्दर्य प्रदान गरेका छन् । कविता विधाकै उपविधाको रूपमा रहेकोले गजलमा पनि रसको अनिवार्यता भएको हुँदा गजलकार 'परिश्रमी'ले उक्त गजलसङ्ग्रहभित्र सङ्कलित गरिएका गजलहरूमा शृङ्गारिक रस अन्तर्गत संयोग र वियोग शृङ्गार, वीररस र

शान्तरसको प्रयोग गरेका छन् । शब्दहरूको स्रोत र भाषिक व्यवस्थामिश्रित रहेको यस गजलसङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएको छ ।

**यो मौसम**का गजलहरूमा प्रगतिवादी मानवतावादी सापेक्ष समतामुखी मानवीय जीवन चाहना आवश्यकताहरू अभिव्यञ्जित भएका देखिन्छन् । गजलको संरचना अन्तर्गत गजलकार 'परिश्रमी' वाह्यपक्षमा परिष्कारवादी सचेतना स्वयम् आन्तरिक पक्षमा स्वच्छन्दतावादी प्रवृत्ति भएका देखिन्छन् । जीवनका कष्टप्रद अवस्थाहरूमा पनि कत्ति विचलित नभई दृढता, लगनशीलता, साधना र साहित्यप्रतिको मोहले उनलाई उच्चताको शिखरमा पुऱ्याएको छ । स्वतन्त्रता, भ्रातृत्त्व, प्रगतिवादी, मानवतावादी समानतापूर्ण व्यवहारको अपेक्षा राख्ने गजललाई निर्दिष्ट दिशा प्रदान गर्ने 'परिश्रमी' प्रगतिवादी, एवम् मानवतामुखी गजलकारका रूपमा देखापरेका छन् ।

"घनश्याम न्यौपाने परिश्रमीको **यो मौसम** गजलसङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षकमा शोधपत्र  तयार गरीएजस्तै  उनको गजल तथा समालोचनाका विविध पक्षमा शोधपत्र तयार गर्न सकिन्छ । परिश्रमीका गजल तथा समालोचनाका विषयमा केन्द्रित रहेर तयार गर्न सकिने केही सम्भाव्य  शोध शीर्षकहरू निम्न अनुसार हुन सक्छन् -

### ७.३ सम्भावित शोधशीर्षकहरू

(क) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा जीवनबोध ।

(ख) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा युगबोध ।

(ग) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा प्रगतिवादीचेत ।

(घ) गजलसिद्धान्तका कसीमा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरूको अध्ययन ।

(ङ) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा राजनीतिक चेतना ।

(च) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा व्यङ्ग्य चेतना ।

(छ) घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा विद्रोहका स्वर ।

(ज) प्रेम र प्रणयका दृष्टिमा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरू ।

# सन्दर्भसूची


अधिकारी हेमाङ्गराज (सम्पाः) **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाडौँ : विद्यार्थी प्रकाशन २०६० ।

आचार्य, बालिका, "घनश्याम न्यौपाने 'परिश्रमी' को जीवनी व्यक्तित्व र जून चुहेको रात गजलसङ्ग्रहको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्र बहुमुखी क्याम्पस, बाँके २०६५ ।

उदासी, टीकाराम, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** दाङ : अतिरिक्त प्रकाशन २०५९ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश** ललितपुरः साझा प्रकाशन, २०५९ ।

एटम नेत्र, **भित्र कतै दुख्छ भने** काठमाडौँ : दोभान प्रकाशन २०६० ।

ओझा घनेन्द्र, **बहरमाला**, काठमाडौँ : अनाममण्डली २०६३ ।

काफ्ले, माधव 'परिश्रमीको सार्थक परिश्रमको ज्वलन्त उदाहरण', **नवप्रज्ञापन** (वर्ष ६ पूर्णाङ्क २८, २०५५) पृष्ठ ३६-३९

किरण प्रभाती (सम्पा.) **नेपाली गजल : विगत र वर्तमान** काठमाडौँ : अनाममण्डली, २०६४ ।

क्षेत्री, दुवसु, **समसामयिक नेपाली गजल** काठमाडौँ : बसुन्धरा प्रकाशन २०५० ।

गिरी, मधुसूदन, 'घामको छहारीमा तुषारोको अनुभूति' **मिर्मिरे** (वर्ष २५ अङ्क ९, २०५३) पृष्ठ ३६-१३७

गोर्खाली, रमेश, 'विकासवादी नेपाली गजल र अब्बल प्रतिभा घनश्याम परिश्रमी' **गजल** (पूर्णाङ्क ४, २०५४) पृष्ठ १०

गौतम, कृष्ण 'नेपाली गजल : पृष्ठभूमि, परम्परा र मूल्याङ्कन' **गरिमा** (वर्ष १२, अङ्क ५, २०५१) पृष्ठ १४-२५)

त्यागी, अमर 'नेपाली गजल परम्परा र प्रवृत्ति' **मधुपर्क** (वर्ष ३१ अङ्क ४, २०५५) २४०-२४४ ।

**______,_______,** त्यागी अमर, 'आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता' **वन्दना** (वर्ष १७, अङ्क ३, २०५५) पृष्ठ ५९-६५

ज्ञवाली रामप्रसाद 'सामाजिक यथार्थको धरातलमा यो मौसम' **सुनकोशी** : (सुनकोशी साहित्य प्रतिष्ठान पूर्वाञ्चल, वर्ष ८, अङ्क ६, २०५३)

दाहाल खेम, 'घामको छहारीमा न्यानो ताप्दा' **सगर** (वर्ष २, अङ्क ३, २०५४) पृष्ठ ४-६

नेपाल, वसन्तकुमार 'शर्मा' **नेपाली शब्दसागर** काठमाडौँ : भाभा पुस्तक भण्डार २०६३ (पाँचौँ संस्करण)

न्यौपाने घनश्याम 'परिश्रमी' **यो मौसम** (गजल सङ्ग्रह) सौदामिनी प्रकाशन : नवलपरासी, २०५०

**______,_______, साहित्य सन्दर्भ** समालोचना सङ्ग्रह वीरगञ्ज : नारायणी बुक्स एण्ड स्टेशनर्स २०५५ ।

**______,_______, जून चुहेको रात**, काठमाडौँ : भूँडीपुराण प्रकाशन, काठमाडौँ २०६० ।

**______,_______, जुनुमामा** नेपाल : विविध वाङ्मय प्रकाशन, २०६० ।

**______,_______,** 'गजलको स्वरूप र बहरहरूको चिनारी' **गजल प्रवाह** (वर्ष १, अङ्क १, पूर्णाङ्क १ २०६१ चैत २१ गते नेपालगञ्जका प्रस्तुत कार्यपत्र

**______,_______,** २०६३ **गजल भूमिकावली**, काठमाडौँः भाभा पुस्तक भण्डार

**______,_______, घामको छहारीमा** काठमाडौँ : पम्फा नेपाल २०६३ ।

**______,_______, राम्रो चाचा मीठो पापा** काठमाडौँ : विवेक सृजनशील प्रकाशन, २०६३ ।

**______,_______,** 'गजलको पहिलो सर्त गायन हो', **प्यास** (वर्ष ३, अङ्क १२२, पूर्णाङ्क ९, २०६३ माघ-२०६४ आषाढ)

**______,_______,** २०६४ **गजल सौन्दर्य मीमांसा**, सिद्धार्थनगरः सनसाइन आवासीय उच्च मा.वि.

**______,_______,** 'सबै गजलहरू गेयगुणयुक्त हुनुपर्छ' **नौलो किरण** (वर्ष ४, अङ्क ४ २०६५)

**______,_______,** 'गजल परिचय र नेपाली गजल विकाशक्रमको सङ्क्षिप्त अभिलेख' **नवलपरासीका समसामयिक गजल** (वर्ष १, अङ्क १ २०६५)

न्यौपाने श्यामप्रसाद (सम्पा.) **नवलपरासीका समसामयिक गजल** : नवलपरासी साहित्य परिषद् २०६१ ।

पन्त, भरतराज, 'नेपाली गजल प्रारम्भदेखि वर्तमानसम्म' **मधुपर्क** (वर्ष २७, अङ्क ६, २०५१) पृष्ठ ५-९

पन्थी, देवी, **गजल सिद्धान्त र समालोचना** विराटनगर : विविध वाङ्मय प्रकाशन २०५९ ।

प्राञ्जल, रवि 'नेपाली गजल लेखनमा साङ्गीतिकता' **मधुपर्क** (वर्ष २३, अङ्क ६, पूर्णाङ्क २९३, २०५६) पृष्ठ ५०-५४

प्रभाती किरण 'परिश्रमीको परिश्रमः जून चुहेको रात' **पलाँस** द्वैमासिक (वर्ष २, अङ्क १, पूर्णाङ्क ७ वैशाख-जेष्ठ २०६१)

पुन, प्रतिभा, "घनश्याम न्यौपाने परिश्रमीको समालोचनाकारिता", अप्रकाशित स्नातकोत्तर शोधपत्र, भैरहवा बहुमुखी क्याम्पस, २०६५

पौडेल, अर्जुनप्रसाद, "घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५८

बस्याल, कृष्णप्रसाद 'जून चुहेको रातः एक विश्लेषण' **अनुराग** (वर्ष १, अङ्क ४, बुटवल २०६१) पृष्ठ ३४

**______,_______,** "घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा २०६२

बराल, कृष्णहरि 'मोतीराम भट्टको गजलकारिता' **वाङ्मय** (पूर्णाङ्क ६, २०४९/५०) पृष्ठ ७१-८१

**______,_______, गजल : सिद्धान्त र परम्परा** ललितपुर साझा प्रकाशन २०५९ ।

बास्तोला होमशङ्कर 'जून चुहेको रात' **मिर्मिरे** वर्ष ३३ अङ्क ८, पूर्णाङ्क २३१ २०६१ मङ्सिर) पृष्ठ १०९-११०

ब्राजाकी, मनु 'गजलगाथा' **समकालीन साहित्य** (वर्ष ३, अङ्क २, २०५०) पृष्ठ ४९-५५

**______,_______,** 'नेपाली गजलको विषय र स्वरूप' **मिर्मिरे** (वर्ष २४, अङ्क ११, २०५२) पृष्ठ ११-१५

भट्टराई, धर्मेन्द्र 'यो मौसममा डुबुल्की मार्दा' **मिर्मिरे** (वर्ष २५, अङ्क ६, २०५३) पृष्ठ १०३-१०४

**______,_______, सृष्टि-दृष्टि** वीरगञ्ज : प्रतीक प्रकाशन : २०५४ ।

राना बूँद, 'गजलमा गिजलगाजल' **पल्लव** (वर्ष ४, पूर्णाङ्क १३, २०६४ कार्तिक) पृष्ठ ५०-५४

रावल ललिजन (सम्पा.) **समकालीन नेपाली गजल** काठमाडौँ : वगर प्रकाशन (२०४७) ।

लामिछाने कपिल, **नेपाली साहित्यको सेरोफेरो** रूपन्देही : कलासदन २०५८ ।

______,_______, ‘जून चुहेको रात’ **रचना** (वर्ष ४४, पूर्णाङ्क ८१, कार्तिक-मंसिर २०६१) पृष्ठ ६४

शर्मा, रमा, ‘गजलबारे केही कुरा’ **मधुपर्क** (वर्ष ४, अङ्क ६-७, २०३८) पृष्ठ १७७-१७९

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, **शोधविधि** काठमाडौँः साझा प्रकाशन, २०५२

शर्मा, सुकुम, ‘घामको छहारीमा उभिएका गजलहरूको गाँठो फुस्काउँदा’ **गोलार्द्ध** (वर्ष ४, अङ्क ७, २०५६)

साउद, भरत, ‘परिश्रम मै ज्यून चाहन्छन् गजल विशेषज्ञ परिश्रमी’ **अनुराग** (वर्ष १, अङ्क ३ बुटवल) २०६१

सुब्बा विजय, **गजल समीक्षा** काठमाडौँ : दोभान प्रकाशन २०६६ ।

______,_______, ‘नेपाली गजल लेखनमा देखिएका द्विविधाहरू’ **मधुपर्क** (वर्ष ३५, अङ्क ८, २०५९) पृष्ठ ३७-४४

______,_______, ‘जुनुमामा बालगजल सङ्ग्रहका केही सन्देशहरू’ **ज्योति** (अङ्क १, पूर्णाङ्क १, २०६१ भद्र) पृष्ठ ५७-६४

## ३.४.१.१ प्रथम चरणमा सम्बद्ध गजलकार एवम् उनका गजलमा पाइएका संरचनात्मक सामान्य जानकारी

| क्र.सं. | गजलकार | प्रकाशित गजल सङ्ख्या | गजल सङ्ग्रहित पुस्तक तथा पत्रिका | लेखक सम्पादक प्रकाशक | गजलमा प्रमुख सेर सङ्ख्या | संरचनाका दृष्टिले पूर्ण निर्वाह | आंशिक निर्वाह | उपनाम | गजलमा प्रयुक्त विषयवस्तु वा भाव | विशेषता | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोतीराम भट्ट (१९२३-१९५३) | ३३ | सङ्गीत चन्द्रोदय १९६३ मोती ग्रन्थावली २०४७ | गोपीनाथ सम्पा. रमा शर्मा | ३-११ | १५ | १८ | मोती | शृङ्गार, भक्ति र व्यङ्ग्य | नेपाली गजलका प्रथम प्रयोक्ता | १. दामोदर रिजाल, गजलकार भीमनिधि तिवारी, त्रि.वि.वि. काठ. शोध (२०४५) २. तोयनाथ सापकोटा, गजलकार शम्भुप्रसाद ढुङ्गेल त्रि.वि.वि. काठ. शोध २०५४ |
| २ | लक्ष्मीदत्त पन्त (१९२२-१९६२) | २० | सङ्गीत चन्द्रोदय | गोपीनाथ | २-७ | ५ | १५ | इन्दु | शृङ्गार, करुण, भक्तिभाव | प्रयोकालीन गजलकार | " " |
| ३ | नरदेव पाण्डे .................. | ५ | " | " | ३-१६ | - | - | सुधा | शृङ्गार र विप्रलम्भ | " | " " |
| ४ | गोपीनाथ लोहनी १९३०-१९७४) | ३३ | " | " | ३-७ | १० | २३ | नाथ | " | " | " " |
| ५ | रत्नलाल (रत्न) .................. | ८ | " | " | २-५ | २ | ६ | रत्न | शृङ्गार | " | " " |
| ६ | मिया अन्जान हुसेन ...................... | १ | " | " | | | | मिया अन्जान | शृङ्गार विपलम्भ | " | १. मा दुई गजलको उल्लेख २. मा आठ गजलको उल्लेख |
| ७ | गजब ...................... | ५ | " | " | ३-७ | ४ | १ | गजब | शृङ्गार, भक्ति | " | " " |

| क्र.सं. | गजलकार | प्रकाशित गजल सङ्ख्या | गजल सङ्ग्रहित पुस्तक तथा पत्रिका | लेखक सम्पादक प्रकाशक | गजलमा प्रमुख सेर सङ्ख्या | संरचनाका दृष्टिले | | उपनाम | गजलमा प्रयुक्त विषयवस्तु वा भाव | विशेषता | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ण निर्वाह | आंशिक निर्वाह | | | | |
| ८ | शम्भुप्रसाद ढुङ्गेल १९४६-१९८६ | ४६९ | ” | गजलकार स्वयम् | १-२५ | १४४ | √ | शम्भु | शृङ्गार, भक्ति, नीति, राजस्तुति, राष्ट्रप्रेम, व्यवहारिक जीवन, व्यङ्ग्य र प्रकृति | प्रयोगकालीन र नेपाली गजलका उत्थान | तोयनथ सापकोटा गजलकार शम्भुप्रसाद ढुङ्गेल, शोधपत्र त्रि.वि. काठमाडौँ (०४५) |
| ९ | भीमनिधि तिवारी १९६८-२०३० | १२३ | नयाँ गजल १०९१ बयासी र बीस गजल मेरी १९९३+२००२ | गजलकार स्वयम् | ४-२५ | २५ | बाँकीमा आंशिक निर्वाह | ‘भीमु’ ‘मेरी’ | शृङ्गार, संयोग र विप्रलम्भ, करुण, देशभक्ति, भक्तिभाव, सामाजिक व्यंग्य र शासक स्तुति | आधुनिक नेपाली गजलका सुत्रधार | १. दामोदर रिजाल पूर्ववत<br>२. तोयनाथ सापकोटा पूर्ववत् |
| १० | उपेन्द्रबहादुर ‘जिगर’ ……………… ……. | १०१ | एकसय एक गजल-सङ्ग्रह (१९९६) | प्रकाशक हिमाच प्रेस वनारस (१९९६) | ३-७ | २३ | ” | ‘जिगर’ | शृङ्गार (संयोग र विप्रलम्भ), भक्तिभाव र करुणभाव | उल्लेखनीय गजलकार | ” ” |
| ११ | पहलमान सिंह स्वाँर (१९३५-१९९१) | ४ | अटलब्हादुर नाटक सङ्ग्रह सन् १९८९ | | २-७ | २ | ” | | करुण, शृङ्गार र भक्तिभाव | ” | ” ” |
| १२ | रामप्रसाद सत्याल ……………… | | भक्त प्रल्हाद अथवा फूलमा भमरा र वनमाला नाटक | लेखक स्वयम् १९८१-१९८६ | | | | श्रीराम | शासक स्तुती विद्रोहात्मक र भक्तिभावपरक | ” | ” ” |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | प्रभुनाथ अधिकारी ............... | | सङ्गीत लहरी | सम्पादक ज्ञानमणि नेपाल २०१५ | | | | | भक्तिभाव | उल्लेखनीय गजलकार | १. दामोदर रिजाल पूर्ववत्<br>२. तोयनाथ सापकोटा, पूर्ववत् |
| १४ | लेखनाथ पौड्याल (१९४१-२०२२) | ५ | भर्तृहरिनिर्वेद, लक्ष्मीपूजा नाटक र लालित्य भाग- | | ५-७ | - | - | - | शृङ्गार र करुण | प्रभावपरक गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत् |
| १५ | बालकृष्ण सम (१९५९-२०३८) | २ | चिसो चुल्हो र मेरो कविताको आराधना | | ४-७ | - | - | - | विप्रलम्भ शृङ्गार, न्यायमार्गीपन | ” | ” ” |
| १६ | लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) | १ | मनोरञ्जन कविता सङ्ग्रह | नेपाल सांस्कृतिक संघ, काठ | १३ | - | - | - | सामाजिक व्यङ्ग्य | ” | ” ” |
| १७ | गुरुप्रसाद मैनाली (१९५७-२०२८) | १ | गोरखापत्र वर्ष-२७, अङ्क-९ | | | | | | सामाजिक चेतना | प्रभावपरक गजलकार | रमा शर्मा पूर्ववत् |
| १८ | पारसमणि प्रधान (१९५५-२०४२) | १ | मधुपर्क | | | | | | व्यङ्ग्यजन्य | ” | ” ” |
| १९ | म.वि.वि. शाह (१९७७-२०२८) | ४ | फेरी उसैका लागि कविता सङ्ग्रह | | ३-४ | - | - | - | संयोग र वियोग | ” | तोयनाथ सापकोटा पूर्ववत्, पृष्ठ-२९ |

### ३.४.२.१ द्वितीय चरणमा अर्थात् पुनर्जागरणकाल अन्तर्गत सम्बद्ध वर्तमानसम्म जाकारीमा आएसम्मका गजलकारहरू

| क्र.सं. | गजलकार | गजल-सङ्ग्रह | प्रकाशक | गजलमा प्रयुक्त सेर संख्या | संरचनाका दृष्टिले | | उपनाम तखल्लुस | गजलमा प्रयुक्त विषयवस्तु वा भाव | विशेषता | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण निर्वाह | आंशिक निर्वाह | | | | |
| १ | आर.बी.फ्लेम | ज्वालाका रापहरू (०५४) | कल्पना घिमिरे | ४-६ | केहीमा | केहीमा | ज्वाला | समसामयिक विसङ्गति र विकृति | युवा गजलकार | १. मधुपर्क २०५५ भाद्र-<br>२. शोधनायकबाट प्राप्त जानकारी |
| २ | उत्सव खरेल | टाढिएको बसन्त (२०५७) | नेपाल साहित्यकार संघ, काठ | ४-७ | ३८ | १३ | उत्सव | सामाजिक द्वन्द्वको विरोध पाखण्डपन, असफल प्रेम निराशा एवम् राजनैतिक व्यङ्ग्य | आशा लाग्दा गजलकार | टाढिएको बसन्त |
| ३ | काशीराम विरस | जिन्दगीका रेखाहरू (२०५५) | प्रवाह साहित्यिक परिवार | ४-५ | केहीमा | केहीमा | विरस | समसामयिक समाज र मानव | युवा गजलकार | मूर्च्छना गजलप्रदान द्वैमासिक वर्ष-१, अङ्क-१, १,(०५७ पुस-माघ) |
| ४ | कुमार शिशिर | शिशिरका गीतहरू (२०५०) | | | | | | | " " | मधुपर्क, ०५५, भाद्र |
| ५ | के.बी.उदय | जेलभित्रको मुटु (०५४) | धामन अधिकारी | ४-६ | केहीमा | केहीमा | उदय | निराशा, कुण्ठा र सामाजिक विसङ्ति | समसामयिक गजलकार | मधुपर्क पूर्ववत्<br>२. शोधनायकबाट प्राप्त जानकारी |
| ६ | खगेन्द्रप्रसाद वस्याल | दैलातुङ्गको फाँटबाट शुरु भएको यात्रा (२०४९) | | ४-९ | केहीमा | केहीमा | | सामाजिक विसङ्गति र उज्याला पक्ष | समसामयिक गजलकार | १. तोयनाथ सापकोटा, गजलकार शम्भुप्रसाद ढुङ्गेल काठ, २०५४, पृष्ठ -४३ र मधुपर्क पूर्ववत् |
| ७ | खड्गसेन ओली | बादलको गुफा (२०५४) | स्वयम् | ४-६ | केहीमा | केहीमा | खडक | वर्तमानका अमिल्दा पक्ष र प्रेम | साधनारत गजलकार | १.शोधनायकबाट प्राप्त<br>२.मधुपर्क, पूर्ववत् |
| ८ | गोपाल 'अश्क' | जीवनको लेक र बेसी (२०५४) | सौरभ प्रकाशन | ४-६ | केहीमा | केहीमा | अश्क गोपु | प्रेम, वर्तमान विकृति र विसङ्गति | चर्चित गजलकार | १. शोधनायकबाट प्राप्त |

| क्र.सं. | गजलकार | गजल-सङ्ग्रह | प्रकाशक | गजलमा प्रयुक्त सेर संख्या | संरचनाका दृष्टिले | | उपनाम तखल्लुस | गजलमा प्रयुक्त विषयवस्तु वा भाव | विशेषता | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण निर्वाह | आंशिक निर्वाह | | | | |
| ९ | गोविन्दराज 'विनोद' | निर्मम निर्मम घडीहरू (०५६) | चितवन साहित्य परिषद् | ४-६ | ३३ | बाँकीमा अंशत: | विनोदी | अभाव, महंगी भ्रष्टाचार र नेताका सत्तालोलुपात एवम् मानवीय प्रेम | स्तरीय गजलका निम्ति साधनारत | निर्मम निर्मम घडीहरू |
| १० | गोविद नेपाल | ढुङ्गानाको मन (२०५५) | उपेन्द्र नेपाल | ४-५ | केहीमा | केहीमा | - | प्रेम, मानव र समाज | युवा गजलकार | १. मूच्छर्ना पूर्ववत्<br>२. शोधनायकबाट प्राप्त |
| ११ | गोवर्द्धन पूजा | धर्तीको धुलो (२०५५) | आकार परिवार | ४-७ | केहीमा | केहीमा | पूजा | प्रेमपरक अभिव्यक्ति | युवा गजलकार | १. मूच्छर्ना पूर्ववत्<br>२. शोधनायकबाट प्राप्त |
| १२ | डा. घनश्याम न्यौपाने 'परिश्रमी' | १. यो मौसम (२०५०)<br>२.घामको छाहारीमा (०५३)<br>३. जुनुमामा -बालगजल) (२०६०)<br>४. जून चुहेको रात (०६०)<br>५. राम्रा चाचा मीठा पापा बालगजल (०६३) | सौदामिनी प्रकाशन, पम्फा नेपाल, विविध बाङ्मय प्रकाशन, भूँडी पूराण प्रकाशन | ४-८ | बहुलत | अंशत | घनु, घनश्याम र परिश्रमी | मानवीय मूल्य र मान्यताको प्रतिस्थापना र वर्तमानप्रतिको व्यङ्गय एवम् अंशत शृगारपरक अभिव्यक्ति | उल्लेखनीय र स्तरीय गजलकार | १. यो मौसम<br>२. घामको छहारीमा<br>३. जुनुमामा<br>४. जून चुहेको रात एवम् प्रसंगित पत्रपत्रिकाहरू |
| १३ | चन्द्र पोखरेल | धरती र आकाश (२०५१) | नौलो साहित्यिक विहानी | ४-७ | केहीमा | केहीमा | प्रभात | सामन्ती प्रवृत्ति र रुढीवादी परम्पराको विरोध | युवा गजलकार | १. मधुपर्क पूर्ववत्<br>२. शोधनायकबाट |
| १४ | टीकाराम | परिवेशका धुनहरू | - | - | - | - | | | युवा | मूर्च्छना पूर्ववत् |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उदासी | (०५६) | | | | | | | गजलकार | |
| १५ | दिव्य गिरी | सागर लहर किनार (२०५४) | शकुन्तला गिरी | ४-७ | केहीमा | केहीमा | - | प्रेम, विछोड, व्यङ्ग्य र वर्तमान समय | युवा गजलकार | १. मधुपर्क, पूर्ववत्<br>२. शोधनायकबाट |
| १६ | दिव्यसागर उदासी | एउटा लहर सागरको | आदर्शदीप रावल | ३-९ | - | - | उदासी | धर्म, समाज, नीति, प्रेम र व्यङ्ग्य | युवा गजलकार | १. मधुपर्क, पूर्ववत्<br>२. शोधनायकबाट |
| १७ | देवी पन्थी | मनको बह (०५६) | वाणी प्रकाशन | ४-६ | " | " | देवी | मावीय पीडा | युवा गजलकार | १.मूर्च्छना पूर्ववत्<br>२.शोधनायकबाट |
| १८ | धर्मागत शर्मा 'तुफान' | १. तुफानका गजलहरू (२०४२)<br>२. देशको माटो दुख्ने गर्छ (०५५) | विप्लव प्रकाशन<br>- | ४-६<br>४-६ | " | " | तुफान | सामाजिक विकृतिप्रेम व्यङ्ग्य, प्रगतिवादी चेत र प्रेमभाव | प्रगतिवादी गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मूर्च्छना पूर्ववत् |
| १९ | धर्म प्रधान 'अकिञ्चन' | मृग-मरीचिका (०५२) | नारायणगढ जुनियर जेसिज | ४-७ | | | अकिञ्चन | प्रेम विरह, अभाव, विवस्ता सत्तास्वार्थ | ओझेलमा परेका युवा गजलकार | मृग मरीचिका गजल-सङ्ग्रह |
| २० | पूर्ण भण्डारी पंकज | सङ्कल्प शिक्षा (०५६) | | ५ | बहुलत | अंशतः | पंकज | मानवता | | मूर्च्छना पूर्ववत् |
| २१ | बूँद राना | रातो मलाई प्यारो (०५६) | राष्ट्रिय जन-सांस्कृतिक मञ्च | ५ | बहुलत | अंशतः | बूँद | मानवीयता, प्रेम एवम् वर्तमानप्रति चिन्ता | अग्रज गजलकार | रातो मलाई प्यारो एवम् स्वयम् बूँद राना |
| २२ | मनु ब्राजाकी | १.गजल गंगा ( ०५१)<br>२. काँडाका फूहरू (०५६) | साझा प्रकाशन<br>" | ४-१३<br>" | केहीमा | केहीमा | मनु | शृगारिकता, सामाजिक संस्कृतिक विचलनप्रति तीक्ष्ण व्यङ्ग्य मूलक प्रस्तुति रुढीवादी, अन्धविश्वास प्रति विरोध | स्थापित विशष्ट गजलकार | १. गजल गंगा (२०५१)<br>२. काँडाका फूलहरू (२०५६) |
| २३ | मनु पौडेल | गजलोत्सव (०५३) | परमानन्द ट्रष्ट जनकपुरधाम | ४-७ | केहीमा | केहीमा | 'मुनी पौडेल | सामाजिक विकृति, मानवीय मूल्यको विचलनप्रति व्यङ्ग्य, प्रेम | युवा गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मधुपर्क पूर्ववत्<br>३. गजलांश |
| २४ | यज्ञबिक्रम शाही | बाँच्ने रहरहरू (०५०) | | ४-६ | केहीमा | केहीमा | यज्ञ | परम्परित प्रेम भाव, सामाजिक विकृति, जीवनवादी | युवापुस्ताका गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मधुपर्क पूर्ववत् |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ३. गजलांश |
| १७ | देवी पन्थी | मनको बह (०५६) | वाणी प्रकाशन | ४-६ | ” | ” | देवी | मानवीय पीडा | युवा गजलकार | १.मूर्च्छना पूर्ववत्<br>२.शोधनायकबाट |
| १८ | धर्मागत शर्मा 'तुफान' | १. तुफानका गजलहरू (२०४२)<br>२. देशको माटो दुख्ने गर्छ (०५५) | विप्लव प्रकाशन<br>- | ४-६<br>४-६ | ” | ” | तुफान | सामाजिक विकृतिप्रेम व्यङ्ग्य, प्रगतिवादी चेत र प्रेमभाव | प्रगतिवादी गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मूर्च्छना पूर्ववत् |
| १९ | धर्म प्रधान 'अकिञ्चन' | मृग-मरीचिका (०५२) | नारायणगढ जुनियर जेसिज | ४-७ | | | अकिञ्चन | प्रेम विरह, अभाव, विवस्ता सत्तास्वार्थ | ओझेलमा परेका युवा गजलकार | मृग मरीचिका गजल-सङ्ग्रह |
| २० | पूर्ण भण्डारी पंकज | सङ्कल्प शिक्षा (०५६) | | ५ | बहुलत | अंशतः | पंकज | मानवता | | मूर्च्छना पूर्ववत् |
| २१ | बूँद राना | रातो मलाई प्यारो (०५६) | राष्ट्रिय जन-सांस्कृतिक मञ्च | ५ | बहुलत | अंशतः | बूँद | मानवीयता, प्रेम एवम् वर्तमानप्रति चिन्ता | अग्रज गजलकार | रातो मलाई प्यारो एवम् स्वयम् बूँद राना |
| २२ | मनु ब्राजाकी | १.गजल गंगा (०५१)<br>२. काँडाका फूहरू (०५६) | साझा प्रकाशन<br>” | ४-१३<br>” | केहीमा | केहीमा | मनु | शृगारिकता, सामाजिक संस्कृतिक विचलनप्रति तीक्ष्ण व्यङ्ग्य मूलक प्रस्तुति रुढीवादी, अन्धविश्वास प्रति विरोध | स्थापित विशष्ट गजलकार | १. गजल गंगा (२०५१)<br>२. काँडाका फूलहरू (२०५६) |
| २३ | मनु पौडेल | गजलोत्सव (०५३) | परमानन्द ट्रष्ट जनकपुरधाम | ४-७ | केहीमा | केहीमा | मनु पौडेल | सामाजिक विकृति, मानवीय मूल्यको विचलनप्रति व्यङ्ग्य, प्रेम | युवा गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मधुपर्क पूर्ववत्<br>३. गजलांश |
| २४ | यज्ञबिक्रम शाही | बाँच्ने रहरहरू (०५०) | | ४-६ | केहीमा | केहीमा | यज्ञ | परम्परित प्रेम भाव, सामाजिक विकृति, जीवनवादी | युवापुस्ताका गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मधुपर्क पूर्ववत्<br>३. गजलांश |
| २५ | रवि प्राञ्जल | तारिदेउन माझीदाई (२०४८)<br>२. उही बाढी, उही | -<br>वासुशशी स्मृति प्रतिष्ठान | ४-७<br>” | केहीम<br>” | केहीमा<br>” | रवि<br>” | सामाजिक विसङ्गति, मानवीय पीडा प्रेम र सूक्ष्म राजनैतिक व्यङ्ग्य | गजलविधामा समर्पित गजलकार | १.तारिदेउन माझीदाई (२०४८)<br>२.उही बाढी उही |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भेल (०५०) | | | | | | | | भेल |
| २६ | राममान तृषित | प्रेमसीसित पिरतीका कुरा ( ०५४) | नेपाल साहित्यकार संघ | ३-३ | केहीमा | केहीमा | - | शृङ्गारपरक | उदीयमान गजलकार | १. शिवपुरीसन्देश, गजल विशेषाङ्क, वर्ष-७ पूर्णाङ्क-१८ त्रैमासिक ०५७ वैशाख-असार |
| २७ | रामलाल जोशी | हत्केलामा आकाश (०५७) | | ४-६ | केहीमा | - | रामु | घातप्रतिघात, मानवीय व्यथा र विवशता | युवा गजलकार | पूर्ववत् |
| २८ | रोशनकुमार भण्डारी | पुष्पाञ्जली (२०५४) | | | बहुलत | अंशतः | | | युवा गजलकार | मधुपर्क, पूर्ववत् |
| २९ | ललिजन रावल | १. केही गजलहरू (०४२)<br>२. विरानो यो ठाउँमा (०४६) | | २-७ | केहीमा | केहीमा | ललि | प्रेम, प्रकृति, जीवनका घामछायाँ र मानवीयता | वर्तमान पुस्ताका गजलकार | १. तोयनाथ सापकोटा पूर्ववत्<br>२. मधुपर्क, पूर्ववत् |
| ३० | विजय सुब्बा | विजय सुब्बाका गीत र गजलहरू (०४६) | स्वर अभियान तेह्रथुम | ४-७<br>” | बहुलत | अंशतः | सुब्बा विजय | सामाजिक विसङ्गति र प्रेम | मूलतः कवि अनि गजलकार | १. विजय सुब्बाका गीत र गजलहरू |
| ३१ | वियोगी बुढाथोकी | आफन्तका चोटहरू (०५२) | | ५-७ | | | वियोगी | मानवीयता, वर्तमानप्रतिको व्यङ्ग्य, रुढीबादी प्रवृत्तिप्रति विरोध र प्रगतिवादी चेत | समसामयिक गजलकार | १. पूर्ववत्<br>२. पूर्ववत् |
| ३२ | शान्तिनारायण श्रेष्ठ | स्पन्दन (०५६) | | | | | - | - | समसामयिक गजलकार | मूर्च्छना पूर्ववत् |
| ३३ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू (०५२) | | ५ | केहीमा | केहीमा | | मानवता, समसामयिक विकृति र विसङ्गति | समसामयिक गजलकार | १.बन्दना गजल विशेषंक, ०५५, वैशाख |
| ३४ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ (०४९) | साझा प्रकाशन | ४-७ | बहुलत | अंशतः | ज्ञानु | सामाजिक, सांस्कृतिक, राजनैतिक एवम् मानवीय मूल्य र मान्यतामा देखिएको विचलनको उद्घाटन एवम् मानवता र प्रजातन्त्रवादी | पूनर्जागरण आधुनिक नेपाली गजलका सुत्रधार एवम् प्रथम प्रतिनिधि | १. खण्डहर नयाँ नयाँ<br>२. तोयनाथ सापकोटा पूर्ववत्<br>३. मधुपर्क पूर्ववत् |